आयुर्वेद श्रृङ्खला-३

आयुर्वेद
कासरोग (खोकी)

सङ्कलन एवं नेपालीमा भावानुवाद : मोहनप्रसाद सापकोटा

परिभाषा खण्ड
खोकीको परिभाषा

(क) अष्टाङ्ग सङ्ग्रह :

आशुकारी यतः कासः स एवातः प्रचक्षते ।

चाँडै निस्कने हुनाले खोकीलाई “कास” भनिन्छ ।

(ख) चरक संहिता :

अधःप्रतिहतो वायुरूर्ध्वस्रोतःसमाश्रितः ।
उदानभावमापन्नः कण्ठे सक्तस्तथोरसि ॥
आविश्य शिरसः खानि सर्वाणि प्रतिपूरयन् ।
आभञ्जन्नाक्षिपन् देहं हनुमन्ये तथाऽक्षिणी ॥
नेत्रे पृष्ठमुरःपार्श्वे निर्भुज्य स्तम्भयंस्ततः ।
शुष्को वा सकफो वाऽपि कसनात्कास उच्यते ॥

तलतिरबाट रोकिन पुगेको वायु शरीरका माथिल्ला स्रोतमा रहेको उदान नामक वायु भएका ठाउँमा पुगी घाँटी र छातीमा रोकिएर टाउकाका मसिना प्वाल, स्रोत वा रस बहने नसामा छिरी ती सबैलाई भरेर शरीरलाई विशेषगरी चिउँडो, मन्या नामक नाडी र आँखालाई थङथिलो पार्दै हुत्याउने खालको बनाउँदछ । आँखा, ढाड, छाती र दुवै कोखलाई बाङ्गो र त्यसपछि लाटो पार्दछ । सुक्खा होस् वा कफसहितको दुवै खालको खोकीमा वायुको माथितिर जाने गति (कस गतौ) हुने कारणले खोकीलाई “कास” भनिएको हो । अथवा गति बाहेक विध्वंश गर्नु पनि कस धातुको अर्थ हुने गर्दछ । अर्थात् सुक्खा वा कफ सहितको वायु उत्पन्न भई बढेर शरीरको वर्ण, ओज आदिलाई नाश गर्ने हुनाले खोकीलाई “कास” नाम दिइएको हो ।

प्रतिघातविशेषेण तस्य वायोः सरंहसः ।
वेदनाशब्दवैषम्यं कासानामुपजायते ॥

यसरी निस्कने तिव्र वेगको वायु रोकिने वा बाधा हुने तरिकामा फरक हुने आधारमा खोकीले दिने पीडा र निस्कने आवाजमा समेत भिन्नता हुने गर्दछ । अवरोध बढी भए धेरै दुख्ने र शब्द पनि कडा निस्कने गर्दछ । अवरोध कम भए कम दुख्ने र आवाज पनि सानो आउने गर्दछ ।

(ग) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

प्राणो ह्युदानानुगतः प्रदुष्टः स भिन्नकांस्यस्वनतुल्यघोषः ।
निरेति वक्त्रात् सहसा सदोषो मनीषिभिः कास इति प्रदिष्टः ॥

विभिन्न कारणले दूषित भएको प्राण वायु उदान वायुसँग मिलेर फुटेका काँसका भाँडा बज्दा निस्कने आवाज जस्तो आवाज निकालेर कफ र पित्त सहित (वा रहित) मुखबाट एक्कासी बाहिर आउँदछ, यस्तो अवस्थाविशेषलाई "कास" वा खोकी भनिन्छ ।

(घ) राजनिघण्टु :

खोकीलाई कास वा क्षवथु भनिन्छ ।

खोकी लाग्ने कारण

(क) अष्टाङ्ग सङ्ग्रह :

कषायविज्जलासात्म्यकटूवम्ललवणोषणैः ॥
रूक्षशीतगुरुस्निग्धोत्क्लेदिपर्युषिताशनैः । धारणोदीरणायासरात्र्यह:स्वप्नजागरैः ॥
अन्यैश्च तद्विधैर्धातुक्षयावरणकारिभिः । क्रुद्धः प्रतिहतोऽपाने यदाऽपानः प्रपद्यते ॥
ऊर्ध्वं रसस्य स्वस्थाने तिष्ठासरुपपद्यते । उदानेन संजस्तत्र कण्ठे चानुप्रपूर्य च ॥
वाहिनीर्गलमूर्धस्थास्ततोऽङ्गान्युत्क्षिपन्निव । क्षिपन्निवाक्षिणी पृष्ठमुरःपार्श्वे च पीडयन् ॥
विवृतत्वान्मुखेनैति भिन्नकांस्योपमध्वनिः । यस्मात्तस्मात्स वर्णौजोबलमांसक्षयावहः ॥

टर्रा, लेस्याइला अचार आदि, शरीरले नसहने कुरा, पिरो, अमिलो, नुनिलो, तातो, रुखो, चिसो, पचाउन किठन, चिल्लो, जीउ दुखाउने वा वान्ता गराउन खोज्ने र बासी खाने कुरा अत्यधिक खानाले; दिसापिसाब आदिको वेग रोक्ने गर्नाले वा बलपूर्वक गर्न खोज्नाले, परिश्रमले, रातमा नसुत्नाले, दिउस सुत्नाले आदि जस्ता धातु (विशेषतः वायु) नाश हुने र वायुको बाटो रोक्ने कुरा गर्नाले उत्तेजित र विकृत भएको वायु जब अपान वायु रहने स्थानमा अवरुद्ध भई माथितिर पुग्दछ तब यो अपानवायु रसको स्थान छातीमा बसी उदानवायुले पीडित हुन पुग्दछ । यो वायु घाँटी र छातीमा अवरुद्ध भई घाँटी र टाउकामा रहेका शिरामा भरिन थाल्दछ । त्यसपछि अङ्गलाई मास्तिर हुत्याउँदै, आँखालाई बाहिरतिर निकाल्न खोज्दै, ढाड छाती र कोखमा दबाव दिँदै मुख खुला हुने हुनाले त्यहाँबाट बाहिर आउने गर्दछ । यसको कारणले गर्दा काँसका फुटेका भाँडा बजेजस्तो आवाज आउने गर्दछ । यसैले यो (खोकी) शरीरको वर्ण, ओज, बल र मासुलाई समेत नाश गर्ने गुणको हुने गर्दछ ।

अतिस्थिरं मूत्रशकृद्विबन्धमतृप्तिमव्याप्तिमशीघ्रपक्तिम् ।
अतिद्रवं पीनसमेहकासस्यन्दान्करोत्यग्निबलं च हन्ति ॥

ठोस कुरा धेरै खानाले दिसापिसाबमा अवरोध आउँदछ, तृप्ति हुँदैन, शरीरमा फैलँदैन र चाँडो पच्दैन । झोल कुरा धेरै खानाले पिनास, प्रमेह, खोकी, अभिष्यन्द र पाचनशक्ति नाश हुने रोग हुन्छ ।

एवंगुणोऽपि स सदात्युपयुज्यमानः स्थौल्याग्निसादगुरुताऽलसकातिनिद्राः ।
श्वासप्रमेहगलरोगाविसंज्ञताऽऽस्यमाधुर्यलोचनगलार्बुदगण्डमालाः ॥
छर्द्युदर्दमूर्धरुक्कासपीनसक्रिमीन् श्लीपदज्वरोदरष्ठीवनानि चावहेत् ॥

धेरै गुण भएर पनि जब गुलियो रस धेरै सधैं खाइन्छ तब यसले मोटोपन, पाचनशक्ति कमजोर पार्ने, शरीरलाई भारी बनाउने, अलसक नामक एक प्रकारको अजीर्ण रोग निकाल्ने, निद्रा धेरै लगाउने, दम हुने, प्रमेह हुने, घाँटीका रोग हुने, बेहासीपना हुने, मुख गुलियो भइरहने, आँखाका रोग हुने, अर्बुद (क्यान्सर आदि) हुने, घाँटीको भागमा गण्डमाला नामक खटिरा आउने, वाकवाकी लाग्ने, उदर्द (शिशिर ऋतुमा आउने एक किसिमको दादुरा जसको बीच भाग गहिरो र छेउतिर अग्लो हुन्छ । यी

राता हुन्छन् र चिलाउने गर्दछ । यो कफ बढी भएका कारण हुन्छ ।) हुने, टाउको दुख्ने, **खोकी लाग्ने,** पिनास हुने, पेट वा घाउखटिरामा कीरा पर्ने, हात्तीपाइले रोग हुने, जरो आउने, पेटका रोग हुने, मुखबाट थुक आइरहने जस्ता रोगहरू निकाल्न सक्दछ ।

श्वैत्यशैत्यस्थौ-ल्यालस्यगौरवाङ्गसादस्रोतःपिधानमूर्च्छातन्द्रानिद्राश्वासकासप्रसेकहृल्लासाग्निसादसन्धिविश्ले-षादिभिः श्लेष्मा ॥

शरीरलाई चाहिनेभन्दा बढी कफ शरीरमा थुप्रियो भने छाला सेतो हुन थाल्ने, चिसो भइरहने, मोटोपन, आलस्य, शरीरमा भारीपन, अङ्गमा शिथिलता, शरीरका स्रोतमा अवरोध, बेहोसी, निद्रा लागिरहने, उँग आइरहने, दम, **खोकी**, थुक वा राल चुहिने, पाचनशक्ति कमजोर हुने, जोर्नी शिथिल हुने खुकुलो हुने जस्ता समस्या उत्पन्न भई शरीरलाई पीडा दिन्छ ।

तथा पराऽनुशिष्यात् । अनागतायां वेदनायां मा प्रवाहिष्ठाः । अकालप्रवाहणं हि विण्मूत्रादिवेगा-नामिवोदीरणमनर्थकरमहितं च गर्भस्य श्वासकासशोषकुब्जतादिकारित्वात् । तथा तेषामेव विधारणमिव वेदनायामप्रवाहणमुपघाताय ॥

सँगसँगै अन्य स्त्रीले गर्भवतीलाई यी कुरा आदेश दिऊन्- "व्यथा नलागिकन गर्भलाई बाहिर निकाल्न भनी तिमीले जोड नगर्नू । किन कि बेला नभई बल गर्नाले दिसा, पिसाब आदिको वेग रोक्दा हुने जस्तै यो पनि दुःखदायी र अहितकर हुन्छ । व्यथा नलागी बलपूर्वक बच्चा जन्माउनाले तिमीलाई दम, **खोकी**, सुकेनास, कुप्रोपन आदि जस्ता रोग हुन सक्दछ । यस्तै दिसा, पिसाब लाग्दा रोकेमा हुने हानी जस्तै व्यथा लाग्दा बच्चा जन्माउन बल नगर्दा पनि हानि हुने गर्दछ । यसैले गर्भवतीले सुत्केरी हुने व्यथा लागेपछि मात्र बच्चा जन्माउन बल गर्नू अन्यथा नगर्नू ।"

(ख) धन्वन्तरिनिघण्टु :

रामरी नजमेको दहीको मोहीले खोकी निकाल्दछ ।

(ग) भावप्रकाश निघण्टु :

दूषित पानी र नयाँ सखरले खोकी लाग्दछ ।

(घ) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

धूमोपघाताद्रसतस्तथैव व्यायामरूक्षान्ननिषेवणाच्च ।
विमार्गगत्वाच्च हि भोजनस्य वेगावरोधात् क्षवथोस्तथैव ॥

(मुख, नाक वा घाँटीमा) धुवाँ छिर्नाले, धुलाम्मे बाटामा हिँड्नाले, हावाले बोकिरहेको आमरस मुखतिर छिर्नाले, रुखो अन्न धेरै खानाले, खाएको खाना अर्कै नलीमा जानाले (सर्कनाले) तथा हाच्छिउँको वेग

रोक्नाले लाग्ने रोगलाई बुद्धिमान् मानिस कास वा खोकी भन्दछन् ।

(ङ) भेलसंहिता :

उदावर्तादभीघाताद् व्यायामाच्चापि कर्शनात् । संभोजनाद्दिवास्वप्नाद् द्रुतपानात्प्रलम्बनात् ॥
कर्शितानां च रोगेभ्यो दोषासात्म्यकृतात्क्षयात् । तीक्ष्णोष्णगुरुसेवाभिर्नृणां कासा भवन्ति ते ॥

उदावर्त रोगले, चोटपटक लागेर, कसरले, शरीर सुकाउनाले, भोजभतेरमा गरिने खानपिनका कारणले, दिउस दिउस सुत्ने कारणले, छिटोछिटो तरल पदार्थ पिउनाले, ढिलो गरेर पानी पिउनाले वा अल्छीपनले, लागेका रोग निको पार्न शरीर सुकाउनाले, शरीरले नसहने आहारविहारले, क्षयरोगले तथा तिक्खर, ताता र पचाउन कठिन खानपिन गर्नाले मानिसलाई खोकी लाग्दछ ।

(च) मदनपाल निघण्टु :

खोकी लागेका बेलामा कसरत नगर्नू । खोकी बढ्दछ ।

(छ) रसरत्नसमुच्चय :

दोषाः शोषमनोऽभिताप्रकुपिताः कुर्वन्ति कासं ततः ।
पीतं पूतिकफं प्रतीपनयनः पूयोपमं ष्ठीवति ।

शरीर सुक्ने खालका रोग लाग्नाले, मनमा पिर गरिरहनाले, धेरै परिश्रमले तथा रुखा पदार्थ धेरै खानपिन गर्नाले आदि कारणले मानिसको शरीर भित्र रहेका वात, पित्त आदि दोष उत्तेजित र दूषित हुन्छ । दोष दूषित भएपछि खोकी लाग्न थाल्दछ ।

(ज) राजनिघण्टु :

वर्षा ऋतुको नदीको पानीले खोकी लाग्दछ । सबै जनावरको काँचो दूधले खोकी लगाउँदछ । नियमित रूपमा धेरै अमिलो खाएमा खोकी लाग्दछ ।

(झ) राजबल्लभनिघण्टु :

खोकी लागेका बेलामा व्यायाम नगर्नू । धेरै व्यायाम गरे वा धेरै ग्राम्यधर्ममा संलग्न हुने गर्नाले खोकी लाग्दछ ।

(च) वङ्गसेन आयुर्वेद :

धूमोपघातादजसस्तथैव व्यायामरूक्षान्ननिषेवणाच्च ।

विमार्गगत्वादपि भोजनस्य वेगावरोधात्षवथोस्तथैव॥
प्राणोह्युदानानुगतः प्रदुष्टः संभिन्नकांस्यस्वनतुल्यतुल्यघोषः ।
निरेति वक्त्रात्सहसा सदोषो मनीषिभिः कास इति प्रदिष्टः॥

मुख, नाक आदिमा धूलो र धुवाँ छिर्नाले; अति धेरै कसरत आदि जस्ता परिश्रमका कार्य गर्नाले, रुखो अन्न खानाले, खाँदा वा पिउँदा सर्किनाले, दिसा पिसाब आदिको वेग रोक्नाले तथा हाच्छिउँ रोक्नाले दूषित हुन पुगेको शरीर भित्रको प्राणवायु (सास) उदानवायुसँग मिलेर एक्कासी फुटेका काँसका भाँडा बजेजस्तो आवाज निकाल्दै मुखबाट बाहिर निस्कने गर्दछ । यसलाई वैद्यजन कासरोग अर्थात् खोकी भन्दछन् ।

(छ) शार्ङ्गधर संहिता :

खोकी हुँदा बान्ता गराउन सकिन्छ । खोकीमा निरूहवस्ति दिनू, अनुवासन वस्ति नदिनू । नाकमा नस हालेपछि टाउको नहल्लाउनू, नरिसाउनू, कसैसँग नबोल्नू, बल गरी गरी हाच्छिउँ नगर्नू, नहाँस्नू । यदि यी काम गरियो भने खोकी लाग्ने आदि हुन्छ । खोकी निको पार्न धूपमानको विधि पनि हुन्छ । खोकी लागेका मानिसको शरीरबाट रगत ननिकाल्नू । धेरै रगत निकाल्दा खोकी पनि लाग्न सक्दछ ।

(ज) सुश्रुत संहिता :

उक्ता ये हेतवो नृणां रोगयोः श्वासहिक्कयोः । कासस्यापि च विज्ञेयास्त एवोत्पत्तिहेतवः॥

दम र बाडुली रोग लाग्नुका जेजस्ता कारणहरू हुन्छन् तिनै कारणले खोकी पनि लाग्ने गर्दछ ।

(झ) हारीत संहिता :

हास्यात्प्रहास्यरजसानिलसन्निरोधाद्विमार्गगत्वाच्च हि भोजनस्य ।
वेगावरोधात्क्षवथोस्तथैव सञ्जायतेऽपि मनुजां प्रतिधाम कासः॥

हाँस्नाले, हाँसो रोक्नाले, वायुको वेग रोक्नाले, थकित हुनेगरी पैदल यात्रा गर्नाले, भोक रोक्नाले र हाच्छिउँको वेग रोक्नाले मानिसलाई खोकी लाग्दछ ।

उदान ऊर्ध्वगतिवैपरीत्यात्कफेन प्राणानुगतेन दीर्घः ।
हृदं निरेत्य कफकासकण्ठे करोति तेनापि च कास संज्ञाम्॥

घाँटीमा रहने उदान नामक वायु माथितिर उल्टो चल्नाले, कफसँग प्राणवायुको लामो समयसम्म मेल हुनाले मुटुमा भएको कफ खोकीसँगै घाँटीमा पुग्दछ । यसले खोकी रोग लाग्दछ ।

कासो न श्लेष्मणा विना ।

कफविकार नभई खोकी लाग्दैन ।

पाण्डुरोगे तथा यक्ष्मे गुल्मे वापि क्षतक्षये॥
शोफार्शसां प्रतिश्याये चावश्यं काससम्भवः । एतेषां चानुमानेन कासं संलक्षयेद्भृशम्॥
स्थविराणां रक्तकासः सोऽपि याप्यः प्रकीर्त्तितः । बालानां जायते कासो धात्रीवैकल्ययोगतः॥

पाण्डुरोग, राजयक्ष्मा, गुल्म, क्षतक्षय, सुजन, हर्सा र पिनास हुँदा अवश्य नै खोकी लाग्ने गर्दछ । यी रोगमा तथा अन्य रोगमा कडा खोकी लाग्दछ भनी लक्षण थाहा पाउनू । यस्तै बूढाबूढीलाई जुन् रगतसहितको खोकी लाग्दछ त्यो याप्य (नियन्त्रण मात्र गर्न सकिने पूरा निको नहुने) हुन्छ । आमा वा धाईआमाको दोषका कारण बालबालिकालाई खोकी हुने गर्दछ ।

ईशान (पूर्वोत्तर) दिशाको वायु शीतल, चञ्चल तथा कफ र वात बढाउने गुणको हुन्छ । रुघाखोकी लागेका यो वायु हीतकारी हुँदैन । चिनीले खोकी लगाउँदछ । खोकी लाग्दा फुको सखर (सखर मात्र) नखानू । सेतो चामलको माडले रुघाखोकी बढाउँदछ । भण्टा मात्र खानाले खोकी बढाउँदछ । चुगलीखोरलाई खोकी लाग्दछ । दिउस सुत्नाले रुघा लाग्दछ, रुघाले खोकी र खोकीले पिनास हुन्छ ।

नोटः अन्य अनेक थरी रोगको सह-रोगकारूपमा पनि खोकी लाग्दछ । ती विवरणहरू यहाँ समेटिएका छैनन् ।

खोकीको पूर्वलक्षण

(क) अष्टाङ्ग हृदय, गरुड महापुराण :

तेषां भविष्यतां रूपं कण्ठे कण्डूररोचकः ॥ शूक(ष्क)पूर्णाभकण्ठत्वमस्वास्थ्यं हृदयस्य च ।

घाँटी चिलाउनु (वा सुक्खा हुनु), अरुचि हुनु, घाँटीमा केही कुराको टुँडो बिजेजस्तो भान हुनु र हृदय अस्वस्थ हुनु : यी खोकीका पूर्वलक्षणहरू हुन् ।

(ख) चरक संहिता, भावप्रकाश संहिता, माधव निदान, वङ्गसेन आयुर्वेद, सुश्रुत संहिता :

पूर्वरूपं भवेत्तेषां शूकपूर्णगलास्यता । कण्ठे कण्डूश्च भोज्यानामवरोधश्च जायते ॥

घाँटी र मुखका धानको टुँडो अड्किएको जस्तो भान हुनु, घाँटी चिलाउनु र खाएपिएका कुरा निल्न समस्या हुनु : यी खोकीका पूर्वलक्षणहरू हुन् ।

(ग) सुश्रुत संहिता :

भविष्यतस्तस्य तु कण्ठकण्डूर्भोज्योपरोधो गलतालुलेपः ।
स्वशब्दवैषम्यमरोचकोऽग्निसादश्च लिङ्गानि भवन्त्यमूनि ॥

खोकी लाग्नुभन्दा पहिले घाँटीमा खसखस भएर चिलाउँदछ, गाँस निल्न कठिन हुन्छ, घाँटी र तालुमा मल (कफ) बढ्दछ, प्राकृतिक किसिमले शब्द वा स्वर उच्चारण गर्न केही असजिलो हुन्छ, खान मन लाग्दैन र पाचनशक्ति कमजोर हुन्छ ।

खोकी लाग्ने प्रकृया

(क) अष्टाङ्ग हृदय :

...तत्राधो विहतोऽनिलः । ऊर्ध्वं प्रवृत्तः प्राप्योरस्तस्मिन् कण्ठे च संसजन् ॥
शिरःस्रोतांसि सम्पूर्य ततोऽङ्गान्युत्क्षिपन्निव । क्षिपन्निवाक्षिणी पृष्ठमुरः पार्श्वे च पीडयन्॥
प्रवर्तते स वक्रेण भिन्नकांस्योपमध्वनिः । हेतुभेदात्प्रतीघातभेदो वायोः सरंहसः॥
यद्रुजाशब्दवैषम्यं कासानां जायते ततः ।

शरीरको तल्लो भागबाट विरोध गरिएको वायु शरीरको माथ्लो भागतिर जानेक्रममा मुटु र फोक्सोमा पुगी त्यहाँ केही समय रोकिएर सासनलीमा (वा घाँटीमा) पुनः रोकिई टाउकाका ग्रन्थिलाई भर्दै अङ्गहरूमा झट्कार्दै, आँखालाई समेत हुत्याउन खोज्दै ढाड, फोक्सो, मुटु र कोख दुखाउँदै मुखबाट बाहिर निस्कन्छ । यसबेला त्यसको आवाज (छाती समेत बजेर) फुटेका काँसका भाँडा बजेजस्तो हुने गर्दछ ।

(ख) गरुड महापुराण :

...तत्राधोविहितोऽनिलः । ऊर्ध्वं प्रवृत्तः प्राप्योरस्तस्मिन्कण्ठे च संसृजन्॥
शिरास्रोतांसि संपूर्य्य ततोऽङ्गान्युत्क्षिपन्ति च । क्षिपन्निवाक्षिणी क्लिष्टस्वरः पार्श्वे च पीडयन्॥
प्रवर्त्तते सवक्त्रेण भिन्नकांस्योपमध्वनिः । हृत्पार्श्वोरुशिरः शूलमोहक्षोभस्वरक्षयान्॥
करोति शुष्ककासञ्च महावेगरुजास्वनम् । सोंगहर्षो कफं शुष्कं कृच्छ्रान्मुक्त्वाल्पतां व्रजेत्॥

खोकी लाग्दा घाँटी चिलाउने र खान मन नलाग्ने हुन्छ । कान मुख र घाँटीमा सुक्खापन आउँदछ । शरीरको वायु अरुबेलामा प्रायः अधोगामी (तलतिर जाने) हुन्छ । तर यो रोगमा ऊर्ध्वगामी (माथितिर सर्ने) भएर छातीमा पुग्दछ । त्यहाँ ठक्कर दिँदै वायु घाँटीमा रोग निकाल्दै मस्तिष्क तथा रक्तवाहिनी आदि शरीरका १३ वटा स्रोतमा पुग्दछ । त्यसपछि सबै अङ्ग-प्रत्यङ्गमा छिरी पीडा दिन थाल्दछ । यसले गाँजेपछि आँखामा दनक दिँदै ढाड तथा मुटु र कोख दुखाउँदै मुखबाट बाहिर निस्कने गर्दछ । बोल्न पनि गाह्रो हुन्छ । मुखबाट चर्केका काँसका भाँडा बजेजस्तो स्वर निस्कन्छ । छातीका दायाँबायाँ र टाउको दुख्न थाल्दछ । मोह एवं दिग्दारी हुन्छ र स्वरभङ्ग हुन्छ । यसले रोगीलाई अती कडा दर्दसहीतको सुक्खा खोकी खोक्न बाध्य पार्दछ । रोगीलाई रोमाञ्चित पार्दछ । खोक्दा बल्लतल्ल अलिकति कफ बाहिर निस्कन्छ, जसले गर्दा रोगीलाई खोकी केही कम हुन्छ ।

खोकीमा कफको उत्पत्ति

(क) हारीत संहिता :

संसेवनान्मधुरपिच्छलजागरेण स्वप्नैर्दिवातिदधिगौल्यहिमाशनेन ।
सञ्जायते मदनतैलमथाल्पकन्दो मद्येन वा भावि जनुः कफस्य ॥

गुलिया र पिँजयुक्त पदार्थ खानाले, रातमा नसुत्नाले, दिउस सुत्नाले; धेरै दही, गुलिया पदार्थ र चिसा पदार्थ खानाले तथा मैनफल, तेल र क्षुद्र कन्दमूल खानाले एवं मदिरा पिउनाले खोकीमा कफ उत्पन्न हुन्छ ।

खोकीको प्रकार

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

हेतुभेदात्प्रतीघातभेदो वायोः सरंहसः । यद्रुजाशब्दवैषम्यं कासानां जायते ततः ॥

खोकी लागेको अवस्था हेर्दा खोकी एउटै किसिमको हुने देखिन्छ । तर पनि वायुले हिर्काउने र हुत्याउने तरिकामा भिन्नता हुने कारणले गर्दा यसका पाँच प्रकार हुन पुग्दछ । यी पाँच वटै खोकीमा कष्ट र निस्कने आवाजमा असमानता हुने गर्दछ ।

(ख) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, गरुड महापुराण, भावप्रकाश संहिता, माधव निदान :

पञ्च कासाः स्मृता वातपित्तश्लेष्मक्षतक्षयैः ॥ क्षयायोपेक्षिताः सर्वे बलिनश्चोत्तरोत्तरम् ।

वातविकार हुने, पित्तविकारले हुने, कफविकारले हुने, छातीमा घाउ भएर हुने र शरीरमा रहेका रस, रगत आदि धातु क्षय भएर हुने गरी खोकी पाँच किसिमका हुन्छन् । यी खोकीको बेलैमा उपचार भएन भने अन्तमा क्षयरोग हुन्छ । यी पाँचथरी खोकीमध्ये क्रमशः पछिल्ला बलिया वा कडा हुन्छन् ।

(ग) काश्यप संहिता :

...कास...पञ्चविधाः प्रोक्ताः...।

खोकी पाँच किसिमका हुन्छन् ।

(घ) चरक संहिता :

वातादिजास्त्रयो ये च क्षतजः क्षयजस्तथा । पञ्चैते स्युर्नृणां कासा वर्धमानाः क्षयप्रदाः ॥

वातजन्य, पित्तजन्य, कफजन्य, क्षतजन्य र क्षयजन्य गरी मानिसलाई पाँच प्रकारका खोकी हुने गर्दछ । यिनलाई वास्ता नगर्दा क्षयरोग हुन्छ ।

(क्षतज खोकी भन्नाले छातीमा घाउ भएर लाग्ने खोकी तथा क्षयज भन्नाले क्षयरोगले हुने वा शरीरका धातु क्षय भएर लाग्ने खोकीलाई जनाउँदछ) ।

(ङ) भेलसंहिता :

वातात्पित्तात्कफाच्चैव क्षताद्वाथ क्षयादपि । पञ्च कासा भवन्ति...॥

वातजन्य, पित्तजन्य, कफजन्य, क्षतजन्य र क्षयजन्य गरी खोकी पाँच प्रकारका हुन्छन् ।

पञ्च कासाः समुद्दिष्टा वातपित्तकफात्मकाः । क्षतजः क्षयजश्चेति तेषां वक्ष्यामि लक्षणम्॥

वातजन्य, पित्तजन्य, कफजन्य, क्षतजन्य र क्षयजन्य गरी पाँच प्रकारका खोकी हुन्छन् ।

(च) वङ्गसेन आयुर्वेद :

पञ्चकासाः स्मृता वात पित्तश्लेष्मक्षतक्षयैः । क्षवायोपेक्षिताः सर्वे बलिनश्चोत्तरोत्तरम्॥

वातजन्य, पित्तजन्य, कफजन्य, क्षतजन्य र क्षयजन्य गरी खोकी पाँच किसिमका हुन्छन् । यी क्रमशः बलिया हुन्छन् ।

(छ) शार्ङ्गधर संहिता :

कासाः पञ्च समुद्दिष्टास्ते त्रयस्तु त्रिभिर्मलैः ॥ उरः क्षताच्चतुर्थः स्यात्क्षयाद्धातोश्च पञ्चमः ।

वात, पित्त, कफ, छातीमा आघात भएर हुने र धातु क्षय भएर हुने गरी खोकी पाँच प्रकारका हुन्छन् ।

(ज) सुश्रुत संहिता :

स वातपित्तप्रभवः कफाच्च क्षतात्तथाऽन्यः क्षयजोऽपरश्च ।
पञ्चप्रकारः कथितो भिषग्भिर्विवर्धितो यक्ष्मविकारकृत् स्यात्

त्यो खोकी वायुविकारजन्य, पित्तविकारजन्य, कफविकारजन्य, क्षतजन्य र क्षयजन्य गरी पाँच प्रकारका हुन्छन् भनी वैद्यजनले बताएका छन् । खोकी बढ्दै गएपछि यसले क्षयरोग उत्पन्न गर्दछ ।

(झ) हारीत संहिता :

कासाश्चाष्टौ समुद्दिष्टाः क्षतजाऽन्यः प्रकीर्त्तितः । वातिकः पैत्तिकश्चैव श्लैष्मिकः सान्निपातिकः ॥
वातपित्तसमुद्भूतः श्लेष्मपित्तसमुद्भवः । सप्तमो लोहितेनात्र चाष्टमो जायते क्षयात्॥

वातजन्य, पित्तजन्य, कफजन्य, सन्निपातजन्य, वातपित्तजन्य, कफपित्तजन्य, रक्तजन्य र क्षयरोगजन्य गरी खोकी आठ प्रकारका हुन्छन् । (तर व्याख्या गर्ने क्रममा अन्य प्रकारका खोकीको समेत यो ग्रन्थमा वर्णन भएको पाइन्छ) ।

एते कासाः समुद्दिष्टा दशभिर्भिषगुत्तमैः ।

यी दश थरी लक्षण भएका आधारमा बैद्यजनले खोकीहरू (दश थरी) बताएका छन् ।

खोकीले गर्ने असर

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, गरुड महापुराण, रसरत्नाकर :

कासाच्छ्वासक्षयच्छर्दिस्वरसादादयो गदाः । भवन्त्युपेक्षया यस्मात्तस्मात्तं त्वरया जयेत्॥

बेलैमा उपचार नगर्दा खोकीले दम, क्षयरोग, वाकवाकी, स्वर बस्ने र पिनास हुने जस्ता रोग निकाल्दछ । यसैले खोकीको जतिसक्यो चाँडो उपचार गर्नुपर्दछ ।

(ख) भावप्रकाश संहिता :

ज्वरारोचकहृल्लासस्वरभेदक्षयादयः । भवन्त्युपेक्षया यस्मात्तस्मात्तं त्वरया जयेत्॥

खोकीलाई बेवास्ता गर्नाले जरो, अरुचि, छातीका घाउ, स्वरभेद र क्षयरोग हुन सक्दछ । यसैले खोकीको तुरुन्त उपचार गर्नू ।

(ग) रसरत्नसमुच्चय :

शीतोष्णेच्छुरकारणेन बहुभुक्स्निग्धप्रसन्नाननः । पर्श्वार्त्यल्पबलक्षयाकृतिरपि प्रादुर्भवन्यथा॥

खोकी लागेका मानिसका आँखा विकृत हुन्छन् । उसले पहैँलो, गनाउने र पीपजस्तो खकार थुक्दछ । रोगीलाई कहिले तातो त कहिले चिसो पदार्थ खान मन हुन्छ । उसले कुनै कारण बिना नै कहिलकाहीँ धेरै खाना खाने गर्दछ । मुखमा चिल्लोपन र प्रसन्नता देखिन्छ । पिडौंला दुख्दछ र अलिअलि बल पनि कम हुन्छ । यस बाहेक रोगीको प्रकृति जस्तो छ सोही अनुसारका अन्य लक्षणहरू पनि देखिने गर्दछन् ।

खोकीको वेग रोक्दा हुने रोग

(क) अष्टाङ्ग सङ्ग्रह :

कासस्य रोधात्तद्वृद्धिः श्वासारुचिहृदामयाः । शोषो हिध्मा च कार्योऽत्र कासहा सुतरां विधिः ॥

खोकीको वेग रोक्नाले खोकी अझ बढ्ने, दम हुने, अरुचि हुने, मुटु (हृदय) का रोग हुने, सुकेनास वा क्षयरोग हुने र बाडुली रोग हुने गर्दछ । यसैले पूर्णरूपमा खोकीको उपचार गर्नुपर्दछ ।

निको हुने र नहुने खोकी

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, गरुड महापुराण :

इत्येष क्षयजः कासः क्षीणानां देहनाशनः । याप्यो वा बलिनां तद्वत् क्षतजोऽभिनवौ तु तौ ॥
सिध्येतामपि सामर्थ्यात् साध्या दोषैः पृथक् त्रयः ।
मिश्रा याप्या द्वयात्सर्वे जरसा स्थविरस्य च ॥

यसरी लाग्ने यो क्षयरोगजन्य खोकी कमजोर र दुर्बल मानिसका लागि निको नहुने गर्दछ भने बलियालाई पनि कहिलेकाहीँ रोक्न मात्र सकिने बन्न पुग्दछ । यसैगरी घाउजन्य खोकी पनि कमजोरलाई निको नहुने र बलियोलाई रोक्न सकिने हुने गर्दछ । तर यी दुवै खालको खोकी नयाँ छ र उपचारका चारै उपाय गुनिला छन् भने कहिले काहिँ ठिक पनि हुने गर्दछ । अरु तीन थरी खोकी उपचारले निको हुन्छ । दुई थरी दोष मिलेर लागेको खोकी र बृद्धावस्थामा लाग्ने खोकी रोक्न सकिने खालको मात्र हुन्छ ।

(ख) चरक संहिता :

इत्येष क्षयजः कासः क्षीणानां देहनाशनः । साध्यो बलवतां वा स्याद्याप्यस्त्वेवं क्षतोत्थितः ॥
नवौ कदाचित् सिध्येतामेतौ पादगुणान्वितौ । स्थविराणां जराकासः सर्वो याप्यः प्रकीर्तितः ॥

क्षयजन्य खोकी दुब्लो मानिसलाई लागेमा यो मृत्युको कारण हुने गर्दछ । बलिया मानिसलाई यस्तो खोकी उपचारले निको हुन्छ । बलियो भएपनि क्षतजन्य खोकी शान्तपार्न सकिने खालको मात्र हुन्छ । क्षतजन्य र क्षयजन्य खोकी भर्खर भर्खर लाग्न थालेको भए चार थरी उपायले उपचार गर्दा कहिलेकाहीँ निको पनि हुने गर्दछ । बूढा मानिस (शरीर जीर्ण भएपछि) लाई लाग्ने सबै खालका खोकी शान्त पार्न मात्र सकिने हुन्छन्, निको पार्न सकिँदैन ।

त्रीन्साध्यान्साधयेत्पूर्वान् पथ्यैर्याप्यांश्च यापयेत् ।

पाँच प्रकारका खोकीहरूमध्ये शुरुमा बताइएका तीन प्रकारका खोकी उपचार गरेर निको पार्नू । अन्य दुई खोकी पथ्य खानपिनका माध्यमले नियन्त्रण गर्नुपर्दछ ।

(ग) भावप्रकाश संहिता, माधव निदान, वङ्गसेन आयुर्वेद :

इत्येष क्षयजः कासः क्षीणानां देहनाशनः । साध्यो बलवतां वा स्याद्याप्यस्त्वेवं क्षतोत्थितः ॥
नवौ कदाचित्सिध्येतामपि पादगुणान्वितौ । स्थविराणां जराकासः सर्वो याप्यः पकीर्तितः ॥
त्रीन् पूर्वान् साधयेत् साध्यान् पथ्यैर्याप्यांस्तु यापयेत् ॥

क्षयरोगजन्य खोकीले कमजोर शरीरलाई त नाश गर्दछ नै । बलियो शरीर हुनेलाई भने कहिले यो निको हुने र कहिले रोगथाम मात्र गर्न सकिने अवस्थाको हुने गर्दछ । यसैगरी घाउजन्य खोकी पनि कमजोरका लागि निको नहुने तथा बलियोका लागि सजिलै निको हुने वा रोक्न मात्र सकिने खालको हुने गर्दछ । भर्खर लागेको क्षयरोगजन्य र घाउजन्य खोकी वैद्यका चार उपायले कहिलेकाहीँ सजिलै निको पनि हुने गर्दछ । यी खोकीमध्ये पहिला तीन थरी खोकीको उपचार गर्नू । रोक्न मिल्ने खोकीलाई त्यस्तै खालका ओखती खुवाएर रोक्नू र निको नहुने बन्न नदिनू ।

(घ) सुश्रुत संहिता :

वृद्धत्वमासाद्य भवेत्तु यो वै याप्यं तमाहुर्भिषजस्तु कासम्॥

बुढेसकालमा लाग्ने जुनसुकै खोकी पनि नियन्त्रण मात्र गर्न (बढ्न नदिई शान्त पार्न मात्र) सकिने हुन्छ निको हुँदैन भनेर वैद्यजन भन्दछन् ।

खोकीमा बार्नुपर्ने कुरा

(क) वैद्यरहस्य :

मैथुनस्निग्धमधुरदिवास्वापं पयोदधि । पिष्टान्नपयसादीनिकासी धूमं विवर्जयेत् ॥

खोकी लागेका मानिसले मैथुन, चिल्लो, गुलियो, दिउस सुत्ने काम, दूध, दही, पिठोले वा मैदाले बनेका परिकार, दूधले बनेका परिकार र धुवाँ (वा धूलो) परित्याग गर्नू ।

उपचार खण्ड
खोकी नाशगर्ने गुण भएका पदार्थ

(क) अष्टाङ्ग सङ्ग्रह :

कण्टकारिका कासघ्नानाम् ।

खोकी नाश गर्नमा कण्टकारी श्रेष्ठ हुन्छ ।

(ख) आयुर्वेद महोदधि :

बाख्रीको घिउ खोकीमा लाभकारी हुन्छ । पुरानो घिउले खोक निको पार्दछ । सेतो सठिया कालो सठियाभन्दा धेरै नै गुणकारी र सधैँ खान योग्य हुन्छ । यो चामलले खोकी आदिलाई पनि नाश गर्दछ । तातो भातमा खोकी निको पार्ने गुण हुन्छ । चठेल, ओल, पकाइएको मूला, वनतोरियाँ (कर्कोटक), वनभण्टा (वार्ताक), परबर (पटोल) र करेलोमा खोकी नाश गर्ने गुण हुन्छ । बाख्रीको दही खोकीमा फाइदाजनक हुन्छ । साना (स्थानीय) जातका बाख्राको दही दम र खोकी ठिक गर्ने गुणको हुन्छ । अमिलो दही खोकीमा पनि लाभदायक हुन्छ । कफजन्य रोग (खोकी आदि) मा वा पित्तजन्य रोग (कमलपित्त आदि)मा दही पिउनु हानिकारक हुन्छ । गहतले खोकी निको पार्दछ । रहरले खोकी नाश गर्दछ । भर्खर निकालिएको भैँसीको नौनी खानाले खोकी ठिक गर्दछ । दिनहुँ बिहान खालि पेटमा पानी पिउने गर्नाले खोकी निको हुन्छ । उमालेर चार भागको एक भाग बाँकी रहेको पानी खोकी नाशक हुन्छ । रुघाखोकी लागेका बिरामीलाई उमालेर चिसो भएको पानी थोरै थोरै मात्रामा पिउन दिनु पर्दछ । कपुर आदिका दाउराले तताइएको शुभ जलले खोकीमा धेरै फाइदा गर्दछ । बाख्रीको मूत्रमा खोकी निको पार्ने गुण हुन्छ । अङ्गूर, बिमिरोको केस्रा र सिन्दोल (केराविशेष) मा खोकी नाशगर्ने गुण हुन्छ ।

(ग) धन्वन्तरिनिघण्टु :

अतीस, असुरो, खयर, चिराइतो, कपुरहलेदो, गन्धपलाश (कपुरहलेदोविशेष), पुष्करमूल, नेपाले उशीर (कत्तृण), कर्कटशृङ्गी, भेडासिङ्गी, सतिबयर, कण्टकारी, टटलो, डल्ले लौका, वनघिरौँलो, गोलकाँक्री, फ्याक्सेकन्द वा गाईतिहारे, पुनर्नवा, दूधेकल्छेलहरो, ऐरेलुविशेष, सुहागा, सुकुमेल, सुनपाती, वंशलोचन, वंशलोचनविशेष (पलाशगन्धा), धनियाँ, कैथ, कचूर, सेतो तुलसी, शङ्खपुष्पी, ओल, बिमिरो, मुनक्का, कदम, शिरीष, वैक्रान्तमणि, पन्ना, मुगा, जौ, गहत, बाख्रीको घिउ, पुरानो घिउ, बाख्रीको दूध, गधाको दूध, बाख्रीको दही, मह, सुरा, मध्वासव, कोइलीको मासु, बाख्रीको मूत्र, त्रिजातक, चातुर्भद्रक, लघुपञ्चमूल र दशमूलमा खोकी नाशगर्ने गुण हुन्छ । तताइएको पानीमा खोकी नाशगर्ने गुण हुन्छ ।

(घ) भावप्रकाश निघण्टु :

हर्रो, पाकेको बर्रो, सुठो, पिप्ला, त्रिकटु, चितू, धनियाँ, सुप, महाभरी बोभ्को, वंशलोचन, मेदा, महामेदा, वृद्धि, पिर्रे, चिराइतो, गाईतिहारे वा फ्याक्सेकन्द, तेजस्विनी, कूट, कर्कटश्रृङ्गी, काफल, चिन्डे, बकुची, ताप्रे, अतीस, लसुन, देवदार, जाइफल, ल्वाङ, अलैँची, सुकुमेल, कचूर, कालो जटामसी, सुनपाती वा गोब्रेसल्लो, सिलटिमुर, पुदीना, गुर्जो, साकिनु, बिहीँ, कण्टकारी, ओदानेकाँडो, दशमूल, अँडिर, सेतो आँकको फूल, नीम, कोइरालो, रोहिषभ्कार, सिस्नु, अनन्तमूल, भृङ्गिराज, भेडासिङ्गी, घोडताप्रे, हुर्हुरे, वन परबर, जभ्रेटो, स्थलकमल, शिरीष, खयर, दबदबे, शमी, खजूर, बिमिरो, मधुबिमिरो, ज्यामिर, पदमचाल्नु, ताम्रभस्म, सारलोहभस्म, मनशिला, नुनढिकी, परबरको साग, ठूलो ताप्रेको साग, डल्ले लौका, परबर, कण्टकारी, बेतलौरी, बाख्रीको दूध, भेडीको दूध, बाख्रीको दही, ताजा नौनी, बाख्रीको घिउ, गहुँत, मह, माक्षिक मह, पर्णमृगको मासु, मुण्डीमृगको मासु, तित्राको मासु, कुमारी पाठीको मासु र अति साना माछाको मासुमा खोकी नाशगर्ने गुण हुन्छ । काँचो तक्रले पेटको कफ नाश गर्दछ तर घाँटीमा कफ जम्मा गर्दछ । यसैले पकाएको तक्र नै पिनास, दम, खोकी आदिमा प्रयोग गर्नु उचित र लाभदायक हुन्छ । रुघाखोकीमा चिसो पानी भुलेर पनि नपिउनू । खोकीमा अलि अलि गरेर पानी पिउनू एकैपटक धेरै पानी नपिउनू ।

(ङ) मदनपाल निघण्टु :

हर्रो, बर्रो, भुइँअमला, असुरो, पाडरी, टटेलो, ओदानेकाँडो, साकिनु, बिहीँ, कण्टकारी, दशमूल, वृद्धि, जीवक, ऋषभक, अँडिर, दुई थरी अनन्तमूल, चिराइतो, कोइरालो, भेडासिङ्गी, तेजवती (टिमुर), कूट, कर्कट?ङ्गी, काफल, चिण्डे, चरपोटा, घोडताप्रे, जभ्रेटो, सिमलको खोटो, काँस भ्कार, सुठो, अदुवा, मरिच, पिप्ला, त्रिकटु, चितु, वनसुप, धनियाँ, वंशलोचन, जाइफल, ल्वाङ, सुकुमेल, अलैँची, सुनपाती, कचूर, कपूरहलेदो, तामभस्म, मनशिला, खयर, दबदबे, बिमिरोको फूल, पान, तिते लौका, भन्टा, फल नफल्ने चठेल, नुनढिकी, ठूलो ताप्रे, लसुन, भेडीको दूध, बाख्रीको दही, बासी नौनी, मह, गहत, मूलाको पकाइएको रस, चना पकाइएको रस, वनमुगी पकाइएको रस, सिखर्नी, मुडुली मृगको मासु, दुम्सीको मासु, बिरालाको मासु, तित्राको मासु, सुँगाको मासु, कोइलीको मासु, भुरा माछाको मासु, दिनहुँ गरिने स्नान र ओखती खाएर गरने बान्तामा खोकी नाशगर्ने गुण हुन्छ । रुघाखोकी लाग्दा चिसो पानी नपिउनू । थोरै थोरै पानी पिउनू ।

(च) राजनिघण्टु :

वनमुगी, तिते लौका, सानो वनतोरियाँ, रुद्रजटा, नीलो अपराजिता, बोके भ्कार, बस्तान्त्री लहरो, सानो जातको बाटुल्पाते, कालो ऐँसेलु, बिहीँ, कण्टकारी, सतिबयर, असुरो, सानो दुरालभा, नीर, अश्वगन्धा, सेतो फुल्ने सिमाली, ठूलो ताप्रे, सानो गोरखमुण्डी, मेदा, सुर्ती, घिउकुमारी, सेतो पुनर्नवा, पिप्ला, धनियाँ, चाँवो, फ्याक्सेकन्द वा गाईतिहारे, कचूर, अतीस, चिण्डे, पुष्करमूल, कर्कटश्रृङ्गी, दालचिनी, तवक्षीर, सुनपाती, कपरहलेदोविशेष, सुहागाभस्म, सेतोसुहागाभस्म, कलिलो मूला, ओल, अम्लवल्ली, लुँडेको साग, गोलकाँक्री, बालुकी नामक काँक्रोविशेष, खयर, बबुर, अरिमेद नामक खयर, सेतो अँडिर, सेतो दूबो, काफल, भेडासिङ्गी, अगस्ति, मुचुकुन्द, माधवी लता, त्रिसन्धि नामक फूल, रातो कटसरैया, नीलो कटसरैया, कालो तुलसी, कमलको गानु, उत्पलिनी, जामुनु वा फणिर, दारिम, अङ्गुर, बिमिरो, पाकेको बिमिरो, कागती, पान, रक्तचन्दन, गोब्रेसल्लो, केशर, ल्वाङ, गोकुलधूप, कपुरपाती, धातुमाक्षिक, पुष्पाञ्जन, सिँदुरे, खरी वा सिङ्गमर्मर, चन्द्रकान्ताबाट निस्कने पानी, बाख्रीको दही, दही, मस्तु नामक मोही, गाईको नौनी, ठूलो जातका बाख्रीको नौनी, ताजा नौनी,

बाख्रीको घिउ, आलसको तेल, तिलवासिनी नामक मार्सी धान, कालो चना, चनाको दाल, ढिला हिँड्ने जनावरको मासु, दुलोमा बस्नने जीवको मासु, दुम्सीको मासु, गोहोरोको मासु, खरायोको मासु र तितो रसमा खोकी नाश गर्ने गुण हुन्छ ।

(छ) राजवल्लभ निघण्टु :

कपुरहलेदो, कोदो, चिनिया धान, गहत, घोडताप्रे विशेषको साग, असुरको फूल, अगस्तिको फूल, भन्टा, बिमिरोको फल, नीलगाईको मासु, सुँगाको मासु, सेतो सुरा, सर्सिउँको तेला भुटिएको तुषोदक, मह, बाख्रीको दूध, बाख्रीको दही, बाख्रीको घिउ, सुकेको पिप्ला, लाजा, गहत, कण्टकारी, जीवन्ती, झान्तका, गिरिकर्णिका, भेडासिङ्गी, चिन्डे, अदुवा, कूट, काफल, असुरो, तुलसी र सत्यानाशीमा खोकी नाश गर्ने गुण हुन्छ । तातोपानीले खोकी नाश गर्दछ

(ज) शार्ङ्गधर संहिता :

कास...हरं पीतमुष्णोदकं निशि ॥

रातमा सुत्नुअघि तातोपानी पिउने गरे खोकी नाश गर्दछ ।

(झ) हारीत संहिता :

टर्रो रस, अंशूदक जल, आरोग्योदक जल, बाख्राको दूध, बाख्रीको दही, बाख्रीको घिउ, पकाइएको उखुको रस, पुरानो सखर, लामो समय पिइने गहुँत वा बाख्रीको मूत्र वा घोडीको मूत्र, जौ, रहर, बिमिरो, सुन्तला, अङ्गुर, कैथ, मह, क्षौद्रमह, मत्स्यण्डी, सुरा, ताडको मदिरा, एण मृगको मासु, खरायोको मासु, गोहोरोको मासु, कन्याङकुरुङको मासु, केलाइएको नयाँ युगन्धर चामलको भात, गहत, तथा घोडा वा साँढेको दान गरिने कार्यमा खोकी नाश गर्ने गुण हुन्छ । खोकीमा बाख्रीको बाहेक अन्य दही हितकर हुँदैन । धेरै पानी हालिएको तक्र खोकीमा पनि पिउन हुन्छ । खोकी लागेका बेलामा चिसो पानी नपिउनू । रुघाखोकी लागेको बेलामा थोरै थोरै पानी पिउनू ।

कफजन्य खोकी

कफजन्य खोकी लाग्ने कारण

(क) चरक संहिता :

गुर्वभिष्यन्दिमधुरस्निग्धस्वप्नाविचेष्टनैः । वृद्धःश्लेष्माऽनिलं रुद्ध्वा कफकासं करोति हि ॥

पचाउन कठिन हुने खालका खानपिन गर्नाले, शरीरका नसा अवरोध गर्ने दही आदि पदार्थ धेरै खाने गर्नाले, गुलिया र चिल्ला कुरा धेरै खाइरहने गर्नाले, धेरै सुत्नाले र शरीर चरमर गर्ने खालका काम नगरी अल्छी भएर एकैठाउँमा बस्ने वा सुत्ने गर्नाले शरीर भित्र बढेको कफले शरीर भित्र बहने वायुलाई रोकी कफजन्य खोकी उत्पन्न गराउँदछ ।

(ख) भेल संहिता :

यस्सदा श्लेष्मलो जन्तुः श्लेष्मलं भजतेऽशनम् । पिबत्यश्नाति मधुरं मधुरं वापि खादति ॥
अव्यायाम रतश्चापि दिवास्वप्नं च सेवते । तस्य श्लेष्मा प्रकुपितो गृहीत्वा हृदयं ततः ॥
ऊर्ध्वं सम्प्राप्य धमनीस्ततः कासाय कल्पते ।

जुन् कफ प्रकृतिको मानिस कफ बढाउने कुरा प्रयोग गर्दछ, कफकारक पदार्थ खानपिन गर्दछ, गुलियो कुरा खाने गर्दछ, परिश्रमका कार्य गर्दैन, दिउस दिउस सुत्ने गर्दछ, उसको शरीर भित्र रहेको कफ उत्तेजित र दूषित भई फोक्सोमा पुगेर सासनली हुँदै माथितिर गएपछि कफजन्य खोकी लाग्दछ ।

अभिष्यन्दिगुरुस्निग्धशीतमेद्यान्नसेविनः । दिवास्वप्नप्रसक्तस्य वेगांश्चापि निरुन्धतः ॥
कफप्रसेको बहलः कासस्तस्योपजायते ।

कफ बढाउने, पचाउन कठिन, चिल्लो र चिसो खानपिन गर्नाले; दिउस खिउस सुत्ने गर्नाले, दिसापिसाब आदिको वेग रोक्ने गर्नाले धेरै कफ बहने खालको कफजन्य खोकी लाग्ने गर्दछ ।

कफजन्य खोकीको लक्षण

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, गरुडमहापुराण :

कफादुरोऽल्परुङ्मूर्धहृदयं स्तिमितं गुरु । कण्ठोपलेपः सदनं पीनसच्छर्द्यरोचकाः ॥
रोमहर्षो घनस्निग्धश्वेतश्लेष्मप्रवर्तनम् ।

मुटु र फोक्सो अलिअलि दुख्नु, टाउको र मुटु गिलो र भारी हुनु, घाँटी लेस्याइलो हुनु, टाउको गल्नु, पिनास हुनु, वाकवाकी लाग्नु, अरुचि हुनु, शरीर रोमाञ्चित हुनु तथा बाक्लो, चिल्लो र सेतो कफ आउनु : यी कफजन्य खोकीका लक्षण हुन् ।

(ख) चरक संहिता :

मन्दाग्नित्वारुचिच्छर्दिपीनसोत्क्लेशगौरवैः । लोमहर्षास्यमाधुर्यक्लेदसंसदनैर्युतम् ॥
बहुलं मधुरं स्निग्धं निष्ठीवति घनं कफम् । कासमानो ह्यरुग्वक्षः सम्पूर्णमिव मन्यते ॥

कफजन्य खोकी हुँदा पाचनशक्ति कमजोर हुन्छ, खानपिन गर्न मन लाग्दैन, पिनास हुन्छ, जीउ दुखेर बटार्न मन लाग्दछ, शरीर भारी हुन्छ, शरीर रोमाञ्चित हुन्छ, मुखको स्वाद गुलियो हुन्छ, स्रोत गिला भइरहन्छन् र शरीर शिथिल हुन्छ । रोगीले अति गुलियो (जिब्रोले थाहा पाउँदछ), चिल्लो र गाढा कफ थुक्ने गर्दछ । खोक्दा छातीमा विशेष किसिमको पीडा महशूष हुँदैन तर रोगीलाई छातीमा (कफले गर्दा) केही कुरा थुप्रेर भारी भइरहेको जस्तो महशूष हुन्छ ।

(ग) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

प्रलिप्यमानेन मुखेन सीदञ्छिरोरुजार्तः कफपूर्णदेहः ।
अभक्तरुग्गौरवकण्डुयुक्तः कासेद्भृशं सान्द्रकफः कफेन ॥

कफजन्य खोकीमा रोगीको मुख जतिखेर पनि कफले भरिने गर्दछ, शरीर शिथिल हुन्छ, टाउको दुखिरहन्छ, शरीरभरी कफ नै कफ भरिएको जस्तो भान हुन्छ, खान मन लाग्दैन, शरीर भारी हुन्छ, चिलाउँदछ र खोकीसँगै बाक्लो कफ मुखबाट बाहिर आउने गर्दछ ।

(घ) भेल संहिता :

ग्रथितं श्लेष्मणा कासं निष्ठीवति सपूतिकम् ॥ दुष्टश्लेष्मप्रतिश्यायः श्लेष्मकासेन जायते ।

ढिक्का ढिक्का पीपजस्तो पहेँलो कफ निस्कनु र खराब पिनास हुनु : यी कफजन्य खोकीका लक्षणहरू हुन् ।

गुरुत्वं शिरसोऽत्यर्थं माधुर्यं वदनस्य च॥ कफात् स्त्यानं च हृदयं भक्तस्यानभिनन्दनम्।
स्तम्भश्चैवाविपाकश्च कफकासस्य लक्षणम्॥

टाउको भारी हुनु, मुखको स्वाद गुलियो भइरहनु, छाती कफले गर्दा भारी वा चिल्लो भइरहनु, खाना खान मन नलाग्नु, लाटोपन र चाँडै नपाक्नु : यी कफजन्य खोकीका लक्षणहरू हुन्।

(ङ) रसरत्नाकर :

शिरोऽर्त्तिः कफपूर्णास्यतारुचिर्गौरवं ज्वरः। कासेत्सान्द्रकफः कण्ठे श्लेष्मकासस्य लक्षणम्॥

टाउको दुख्नु, कफले मुख भरिइ रहनु, अरुचि, शरीर भारी हुनु, जरो आउनु , पटकपटक खोकी लाग्नु र घाँटीमा बाक्लो कफ बस्नु : यी कफजन्य खोकीका लक्षणहरू हुन्छन् ।

(च) वङ्गसेन आयुर्वेद :

प्रलिप्यमानेन मुखेन सीदन् शिरोरुजार्त्तः कफपूर्णदेहः।
अभक्तरुग्गौरवसादयुक्तः कासेद्भृशं सान्द्रकफः कफेन॥

कफजन्य खोकीमा रोगीको मुख जतिखेर पनि कफले भरिने गर्दछ, शरीर शिथिल हुन्छ, टाउको दुखिरहन्छ, शरीरभरी कफ नै कफ भरिएको जस्तो भान हुन्छ, खान मन लाग्दैन, शरीर भारी हुन्छ, लाटोपन हुन्छ र खोकीसँगै बाक्लो कफ मुखबाट बाहिर आउने गर्दछ ।

(छ) हारीत संहिता :

जाड्यं वमिः पाण्डुभवं च कासं निष्ठीवते यः सघनं कफं वा।
भक्तारुचिर्वा कफपूर्ण देहे घनः स्वरः श्लेष्मभवे च कासे॥

शरीर लाटो जस्तो हुनु, वाकवाकी लाग्नु, हल्का पहेँलो बाक्लो वा जमेको कफ आउनु, खान मन नलाग्नु, कफले भरिएको शरीर हुनु र स्वर भारी (धोत्रो) हुनु : यी कफविकारजन्य खोकीका लक्षण हुन्।

कफजन्य खोकीको प्रारम्भिक उपचार

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कफकासी पिबेदादौ सुरकाष्ठात् प्रदीपितात्॥ स्नेहं परिश्रुतं व्योषयवक्षारावचूर्णितम् ।

कफविकारजन्य खोकी लागेका रोगीले सबभन्दा पहिले देवदारको चिल्लो पान गर्नू । यसको काठलाई बाल्दा चिल्लो झर्ने गर्दछ । पिउँदा त्यसमा त्रिकटु र जवाखारको धूलो छर्केर पिउनू ।

स्निग्धं विरेचयेदूर्ध्वमधो मूर्ध्नि च युक्तितः॥
तीक्ष्णैर्विरेकैर्बलिनं संसर्गी चास्य योजयेत् । यवमुद्गकुलत्थान्नैरुष्णरूक्षैः कटूत्कटैः॥
कासमर्दकवार्ताकव्याघ्रीक्षारकणान्वितैः । धान्वबैलरसैः स्नेहस्तिलसर्षपनिम्बजैः॥

कफजन्य खोकीमा विधिपूर्वक चिल्लो खाई बान्ता गराउने, दिसा लगाउने र नाकमा नस हाल्ने कार्य गरी शरीरलाई शुद्ध बनाउनु पर्दछ । रोगी बलियो भए तिक्खर ओखती खुवाएर दिसा लगाउनु पर्दछ । शरीर प्रशोधन भएपछि निम्नलिखित ओखती मिसाइएको पेया वा यूष (जुस वा सूप) पिउन लगाई उसको दोष निखार्न उपचार गर्नुपर्दछ । जौ, मुगी, गहत आदि जस्ता गर्मीगर्ने र रुखा अन्नमा मरिच जस्ता पिरा पदार्थ हालिएको ओखती अनि कसौंदी, भण्टा, कण्टकारीको रस र जवाखार तथा पिप्ला मिसाइएको होस् यो र यस्तै जाङ्गलजीवको तथा दुलामा बस्ने जीवको मासुको रस एवं तिल, सर्सिउँ र नीमको तेल : यी कुरा मिसाएर बनाइएका पदार्थसँग खाना खुवाउनु पर्दछ ।

दशमूलाम्बु घर्माम्बु मद्यं मध्वम्बु वा पिबेत् । मूलैः पौष्करशम्याकपटोलैः संस्थितं निशाम्॥
पिबेद् वारि सहक्षौद्रं कालेष्वन्नस्य वा त्रिषु ।

कफजन्य खोकीमा दशमूलको काँढापानी, तातोपानी, मद्य अथवा मह मिसाइएको पानी पिउनका लागि दिनु पर्दछ । खाना खानु अघि, खाना खाँदा सँगै र खाना खाएपछि जब तिर्खा लाग्दछ तब पुष्करमूल, राजवृक्ष वा परबरको जराको शीतपेय पिउन दिनुपर्दछ ।

(ख) चक्रदत्त, चरक संहिता :

पिप्पलीक्षारिकैर्यूषैः कौलत्थैर्मूलकस्य च ।
लघून्यन्नानि भुञ्जीत रसैर्वा कटुकान्वितैः॥
धान्वबैलरसैः स्नेहैस्तिलसर्षपबिल्वजैः ।

पिप्ला र जवाखार आदि क्षार हालेर पकाइएको गहत वा मूलाको यूष (सुप) ले अथवा कालो मरिच, सुठो, पिप्ला जस्ता पिरा पदार्थ हालेर पकाइएको जाङ्गल जीवको वा दुलामा बस्ने जीवको मासुको रस तथा तिलको तेल, सर्सिउँको तेल वा बेलका बीजको तेल सहितको पचाउन सहज हुने अन्न खानू ।

(ग) चक्रदत्त, चरक संहिता, भैषज्य रत्नावली :

बलिनं वमनैरादौ शोधितं कफकासिनम् । यवान्नैः कटुरूक्षोष्णैः कफघ्नैश्चाप्युपाचरेत्॥

यदि कफजन्य खोकी लागेको मानिस बलियो छ भने उसलाई सबभन्दा पहिला बान्ता गराउने ओखती खुवाएर बान्ता गराउनू । त्यसपछि कफ नाश गर्ने पिरा, रुखा र ताता वा उष्णवीर्यका जौ आदि पथ्य अन्न खुवाउनू ।

(घ) चरक संहिता :

मध्वम्लोष्णाम्बुतक्रं वा मद्यं वा निगदं पिबेत्॥

अनुपानका लागि महको सर्बत, काँजी आदि अमिला पदार्थ, तातो पानी वा स्वच्छ मद्यको प्रयोग गर्नुपर्दछ ।

(ङ) भैषज्य रत्नावली, रसरत्नाकर :

बलिनं वमनेनादौ शोधितं कफकासिनम् ।
यवान्नैः कटुरूक्षोष्णैः कफघ्नैश्चाप्युपाचरेत्॥

यदि कफजन्य खोकी लागेको मानिस बलियो छ भने उसलाई सबभन्दा पहिला बान्ता गराउने ओखती खुवाएर बान्ता गराउनू । त्यसपछि कफ नाश गर्ने पिरा, रुखा र ताता वा उष्णवीर्यका जौ आदि पथ्य अन्न खुवाउनू ।

पिप्पलीक्षारकैर्यूषैः कौलत्थैर्मूलकस्य च ।
लघून्यन्नानि भुञ्जीत रसैर्वा कटुकान्वितैः ॥

पिप्ला, जवाखार आदि क्षार हालेर गहतको अथवा मूलाको रस पिउनु; पचाउन सहज हुने खालका खानपिन गर्नु अथवा मरिच आदि पिरा ओखती हालेर पकाइएको मासुको रस पिउनू ।

(च) वङ्गसेन आयुर्वेद :

कफजे छर्दनं कार्य्यमामे लङ्घनमेव च ।
शस्तं यवान्नविकृतियूषांश्च कटुतिक्तकान्॥

कफजन्य खोकीमा पहिले बान्ता गराउनु पर्दछ । कफ पाकेन भने पहिले उपवास बसाएर त्यसपछि जौ वा जौका परिकार तथा पिरा र तिता पदार्थ हालेर पकाइएको यूष खुवाउनु हितकर हुन्छ ।

(छ) सुश्रुत संहिता :

प्रच्छर्दनं कायशिरोविरेकास्तथैव धूमाः कवलग्रहाश्च॥
उष्णाश्च लेहाः कटुका निहन्युः कफं विशेषेण विशोषणं च ।

ओखती खुवाएर बान्ता गराउनु, ओखती खुवाएर दिसा लगाउनु, नस हाल्न लगाउनु, धूमपान, मुख कुल्ला गर्न लगाउनु; उष्णवीर्यका र पिरा ओखती हालेर बनाइएका चटनी चाट्न लगाउनू तथा पचाउन सहज, रुखा र कम खानपिन जस्ता कुराले विशेषगरी कफविकारजन्य नाश गर्दछ ।

उपचार
अदुवा आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली, रसरत्नाकर : श्रृङ्गवेरस्वरसः

स्वरसं श्रृङ्गवेरस्य माक्षिकेण समन्वितम् । पाययेच्छ्वासकासघ्नं प्रतिश्यायकफापहम् ॥

दम, खोकी, पिनास र कफ नाश गर्नका लागि अदुवाको रसमा मह मिसाएर चटाउने गर्नू ।

(ख) वैद्यरहस्य :

स्वरसः श्रृङ्गवेरस्य पेयः क्षौद्रसमन्वितः । कफकासप्रतिश्यायश्वासानाशु विनाशयेत् ॥ (वर्द्धमानपिप्पली चात्रदेया । ज्वरोपद्रवप्रसङ्गे कासघ्नायोगाः ज्वराधिकारे उक्तास्तेपि विधेयाः सामान्यकासे ॥)

अदुवाको रसमा मह मिसाएर खाने गर्नाले कफजन्य खोकी, दम र पिनास चाँडै ठिक हुन्छ । (खोकीका रोगीलाई वर्द्धमानपिप्पलीको योग पनि प्रयोग गर्नू । खोकी सँगसँगै जरो पनि आइरहेको अवस्थामा ज्वराधिकारमा बताइएका खोकीको ओखती प्रयोग गर्नू ।) ।

असुरो आदिको प्रयोग

(क) हारीत संहिता :

आटरूषकपत्राणि पिचुमन्ददलानि च । तुलसीस्वरसश्चैव शठी शृङ्गी मरीचकम्॥
शुण्ठीचूर्णं गुडे युक्तं लिह्यात्कासे कफात्मके ।
भाङ्गर्याश्च नागपिप्पल्याः पिबेत्क्वाथं सुखोष्णकम्॥

असुरोका पात, नीमका पात, तुलसीका पातको रस, कचूर, कर्कटशृङ्गी, मरिच र सुठो मिसाएर लेदो बनाई सक्खरमा मिसाएर चाट्नाले कफविकारजन्य खोकी नाश हुन्छ । यसपछि चिण्डे र गजपिप्लाको मनतातो काँढापानी पिउने गर्नू ।

इन्द्रेनीलहरो आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

विशाला पिप्पलीमूलं त्रिवृता च मधुद्रवाः ॥ कफकासहरा लेहाः...।

कफजन्य खोकी लागेका रोगीलाई इन्द्रेनीलहरो, पिप्लाको जरा र निसोतको धूलो महमा मिसाएर चटाउनु पर्दछ ।

(ख) चरक संहिता :

विशाला पिप्पली मुस्तं त्रिवृता चेति लेहयेत् । ... मधुना लेहान् कफकासहरान् भिषक् ॥

इन्द्रेनीलहरोको जरा, पिप्ला, नागरमोथे र निसोत (१ मासाको दरले) महमा मिसाई कफजन्य खोकीमा वैद्यले रोगीलाई चटाउने गर्नू ।

कचूर आदिको प्रयोग

(क) योग रत्नाकर : शट्याद्यवलेह

सटी सातिविषा मुस्तश्रृङ्गी कर्कटकस्य च । अभया श्रृङ्गबेरं च समं सटचादि पेषयेत्॥
हिङ्गुसैन्धवसंयुक्तं तक्रोदकपरिप्लुतम् । श्लेष्मकासी लिहेदेतमवलेहं मुहुर्मुहुः॥

कचूर, अतीस, नागरमोथे, कर्कटशृङ्गी, हर्रो र अदुवा बराबर भाग लिई हिङ र सिँधेनुन मिसाई मोहीपानीमा पिसेर कफजन्य खोकी नाशगर्न रोगीले पटकपटक चाट्ने गर्नू ।

(ख) वङ्गसेन आयुर्वेद :

शठीसातिविषा मुस्तं श्रृङ्गी कर्कटकस्य च । अभया श्रृङ्गबेरञ्च समान्दृषदि पेषयेत्॥
हिङ्गुसैन्धवसंयुक्तं सुखोदकपरिप्लुतम् । काले पानाय दातव्यं श्लेष्मकर्म्मनिबर्हणम्॥

कचूर, अतीस, नागरमोथे, कर्कटशृङ्गी, हर्रो र अदुवा बराबर भाग लिई हलका पिसेर हिङ र सिँधेनुन मिसाई मनतातो पानीसँग कफजन्य खोकी नाशगर्न रोगीलाई खान दिनू ।

कण्टकारी आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद : बृहत्कण्टकारिघृत

समूलपत्रशाखायाः कण्ठकार्य्यारसाढके । घृतप्रस्थं बलाव्योषविडङ्गशठिचित्रकैः ॥
सौवर्चलयवक्षारबिल्वामलकपुष्करैः । वृश्चीरबृहतीपथ्यायवानीदाडिमादिभिः ॥
द्राक्षापुनर्नवाचव्यदुराम्भाम्लवेतसैः । श्रृङ्गीतामलकीभार्ङ्गीरास्नागोक्षुरकैः पचेत् ॥
कल्कैस्तु सर्वकासेषु हिक्काश्वासे च शस्यते । कण्टकारीघृतं सिद्धं कफकासनिषूदनम् ॥

कण्टकारीको पाँच वटै अङ्गको रस एक आढक, त्यसमा एक प्रस्थ घिउ तथा बलु, सुठो, मरिच, पिप्ला, वायुविडङ्ग, कचूर, चितू, सौंचरनुन, जवाखार, बेल, अमला, पुष्करमूल, सेतो पुनर्नवा, बिहीँ, हर्रो, ज्वानु, अनार आदि ओखती, दाख, पुनर्नवा, चाभो, दुरालभा, अम्लवेत, कर्कटश्रृङ्गी, भुइँअमला, चिन्डे, फ्याक्सेकन्द र ओदानेकाँडोको धूलो वा लेदो हालेर घिउ पकाउनू । यो घिउ खाने गर्नाले सबै प्रकारका खोकी, बाडुली र दमरोगमा फाइदा गर्दछ । यो कण्टकारीघृतले विशेषगरी कफजन्य खोकी नाश गर्दछ ।

कसौंदी आदिको प्रयोग

(क) चरक संहिता :

कासमर्दाश्वविट्भृङ्गराजवार्ताकजा रसाः । सक्षौद्राः कफकासघ्नाः सुरसस्यासितस्य च ॥

कसौंदी, घोडाको लिदी, भृङ्गिराज, भण्टा वा ठूलो कण्टकारीको फल र कालो तुलसी : यीमध्ये कुनै एकको रसमा मह मिसाएर खाने गर्नाले कफजन्य खोकी नाश हुन्छ ।

काफल आदिको प्रयोग

(क) रसरत्नाकर :

कट्फलं पौष्करं भार्ङ्गी विश्व पिप्पलि साधितम् । पिबेत्क्वाथे कफोद्रेके कासे श्वासे गलग्रहे ॥

कफजन्य खोकी, दम र गलग्रह रोगमा काफल, पुष्करमूल, चिन्डे, सुठो र पिप्ला : यी ओखतीको धूलो हाली विधिपूर्वक काँढापानी पकाएर पिउने गर्नू ।

गहत आदिको प्रयोग

(क) चरक संहिता : कुलत्थादिघृतम्

कुलत्थरससंयुक्तं वा पञ्चकोलशृतं घृतम् । पाययेत्कफजे कासे हिक्काश्वासे च शस्यते ॥

गहतको रस तथा पञ्चकोल (पिप्ला, पिप्लाको जरा, चाभो, चितू र सुठो) हालेर पकाइएको घिउ कफजन्य खोकीमा, बाडुली रोगमा र दममा हितकर हुन्छ । (मात्रा-०.२५ तोला) ।

गुन्दरगानु आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, चरक संहिता :

पाठां शुण्ठीं शटीं मूर्वां गवाक्षीं मुस्तपिप्पलीम् । पिष्ट्वा घर्माम्बुना हिङ्गुसैन्धवाभ्यां युतां पिबेत् ॥

गुन्दरगानु, सुठो, कचुर, मरुई लहरोको जरा, ऐरेलुको जरा, नागरमोथे र पिप्ला पिसी तातोपानीमा घोलेर त्यसमा उचित मात्रामा हिङ र सिँधेनुन मिसाई १-२ मासासम्म पिउने गर्नू ।

घिउ आदिको प्रयोग

(क) सुश्रुत संहिता :

...घृतं कृमिघ्नस्वरसे विपक्वम्॥
निर्गुण्डिपत्रस्वरसे च पक्वं सर्पिः कफोत्थं विनिहन्ति कासम्।

वायुविडङ्गको रसमा अथवा रस नपाउँदा काँडापानीमा पकाइएको घिउ अथवा बैजनी रङको फूल फुल्ने सिमालीका पातको रसमा पकाइएको घिउले कफविकारजन्य खोकी चाँडै निको हुन्छ ।

ज्वानु आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

अथवा दीप्यकत्रिवृद्विशालाघनपौष्करम्॥ सकणं क्वथितं मूत्रे कफकासी जलेऽपि वा ।

अथवा कफजन्य खोकीमा ज्वानु, निसोत, इन्द्रेनीलहरोको जरा, नागरमोथे र पुष्करमूललाई गहुँतमा पकाएर त्यसमा पिप्लाको धूलो मिसाएर अथवा पानीमा मात्र पकाएर पिउनू ।

तेल आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

तैलभृष्टं च वैदेहीकल्काक्षं ससितोपलम्॥ पाययेत् कफकासघ्नं कुलत्थसलिलाप्लुतम् ।

एक तोला पिप्लाको धूलो तेलमा भुटेर एक तोला मिश्री मिसाई गहतको काँढापानीसँग पिउन दिनाले पनि कफजन्य खोकी ठिक हुन्छ ।

(ख) चरक संहिता :

तैले भृष्टं च पिप्पल्याः कल्काक्षं ससितोपमम् । पिबेद्वा श्लेष्मकासघ्नं कुलत्थरससंयुतम्॥

पिप्लाको धूलो एक कर्ष तिलको तेलमा भुटी त्यसमा त्यति नै मात्रामा मिस्री मिसाएर गहतको सुपमा घोली १-४ रत्तीसम्म कफजन्य खोकीका रोगीले पिउने गर्नू ।

(ग) रसरत्नाकर :

तैलयुक्तञ्च पिप्पल्याः कल्कार्थं ससितोत्पलम् । पिबेद्वा कफकासघ्नं कुलत्थसलिलाप्लुतम्॥

तेलमा पिप्लाको धूलो, मिश्री र कमल पिसी खाने गर्नाले अथवा गहतको काँढापानीमा मिसाएर पिउने गर्नाले कफजन्य खोकी नाश हुन्छ ।

(घ) वङ्गसेन आयुर्वेद :

तैलभृष्टञ्च पिप्पल्याः कल्काक्षं ससितोपलम् । पिबेद्वा कफवातघ्नं कुलित्थं सलिलप्लुतम्॥

पिप्लाको धूलो तेलमा भुटेर खाने गर्नाले, बर्रोको धूलो मिश्री मिसाएर खाने गर्नाले अथवा गहतको काँढापानीमा मिसाएर पिउने गर्नाले कफ-वातजन्य खोकी नाश हुन्छ ।

त्रिकटु आदिको प्रयोग

(क) सुश्रुत संहिता :

कटुत्रिकं चापि वदन्ति पथ्यं .... ।

कफविकारजन्य खोकीमा त्रिकटु पनि हितकर हुन्छ ।

(ख) योगरत्नाकर : व्योषाद्यघृत

व्योषाजमोदचित्रकषड्ग्रन्थचव्यकल्कितम् सर्पिः । कफकासश्वासहरं वासकरससाधितं मधु॥

त्रिकटु, जङ्गली ज्वानु, चितू, बोझो, चाभो, घिउ र असुरोको रस हालेर पकाइएको घिउ सेलाएपछि मह मिसाएर खाने गर्नाले कफजन्य खोकी र दम नाश हुन्छ ।

(ग) वङ्गसेन आयुर्वेद :

व्योषपुष्करमृद्वीका त्रिफलाशठिचित्रकैः । मधुतैलयुतो लेहः श्लेष्मकासनिबर्हणः॥

त्रिकटु, पुष्करमूल, मुनक्का, त्रिफला, कचूर र चितू पिसी मह र तेल मिसाएर चाट्ने गर्नाले कफजन्य खोकी शान्त हुन्छ ।

व्योषाद्यघृत

व्योषाजमोदचित्रकजीरकषड्ग्रन्थिकचव्यकल्कितम् ।
सर्पिः कफकासहरं वासकरससमधितं समधु॥

त्रिकटु, जङ्गली ज्वानु, चितू, जीरा, बोझो र चाभोको धूलो असुरोको रसमा हाली पकाइएको घिउमा मह मिसाएर खाने गर्नाले कफजन्य खोकी नाश हुन्छ ।

दशमूल आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली, रसरत्नाकर : दशमूलक्वाथः

पार्श्वशूले ज्वरे श्वासे कासे श्लेष्मसमुद्भवे । पिप्पलीचूर्णसंयुक्तं दशमूलीजलं पिबेत्॥

दशमूलको काँढापानीमा पिप्लाको धूलो हालेर पिउने गर्नाले कफजन्य : कोखाको शूल, जरो, दम र खोकी नाश हुन्छ ।

(ख) वङ्गसेन आयुर्वेद :

पार्श्वशूले ज्वरे श्वासे कासे श्लेष्मसमुद्भवम् । पिप्पलीचूर्णसंयुक्तं दशमूलीजलं पिबेत्॥

कोखो दुख्दा, जरो आउँदा, दम हुँदा र कफजन्य खोकी हुँदा पिप्लाको धूलो दशमूलको काँढापानीमा हालेर पिउने गर्नू ।

देवदार आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

देवदार्वभया मुस्तं पिप्पलीविश्वभेषजम्॥ गुडूची पिप्पलीभार्ङ्गीशृङ्गीकर्कटकस्य च ।
व्योषदारुविडङ्गानि त्रिफलाशर्कराबलाः॥ निदिग्धिकाया मूलत्वङ्मरिचैः सह योजिता ।

देवदार, हर्रो, मोथे, पिप्ला र सुठो; गुर्जो, पिप्ला, चिण्डे र कर्कटशृङ्गी; त्रिकटु, देवदार, वायुविडङ्ग, त्रिफला, मिश्री र बलु तथा कण्टकारीको जरा र बोक्रा अनि मरिच : यी मिश्रणका ओखती महसँग खानो गर्नाले कफजन्य खोकी नाश गर्दछ ।

(ख) चरक संहिता :

देवदार्वभयामुस्तं पिप्पली विश्वभेषजम्॥
... लेहयेत्। ... मधुना लेहान् कफकासहरान् भिषक्॥

देवदार, हर्रो, मोथे, पिप्ला र सुठो (१ मासाका दरले) महमा मिसाई कफजन्य खोकीमा वैद्यले रोगीलाई चटाउने गर्नू ।

(ग) वङ्गसेन आयुर्वेद :

देवदारु शठी रास्ना श्रृङ्ग धन्वयवासकम्। तैलक्षौद्रयुतं लिह्याच्छ्लेष्मकासे सुदारुणे॥

देवदार, कचूर, फ्याक्सेकन्द, कर्कश्रृङ्गी र दुरालभाको धूलो तेल र मह मिसाएर कडा खालको कफजन्य खोकीमा खाने गर्नू ।

धूमपानको प्रयोग

(क) चरक संहिता :

धूमांस्तानेव दद्याच्च ये प्रोक्ता वातकासिनाम् । कोशातकीफलान्मध्यं पिबेद्वा समनःशिलम् ॥

वातजन्य खोकीमा बताइएको धूमपान नै कफजन्य खोकीमा पनि प्रयोग गर्नुपर्दछ । अथवा सुकेको पाटेघिरौँलोको बियाँको बीचको भाग र मनशिला मिसाएर धूमपान गराउनु पर्दछ ।

पशुपंक्षीको प्रयोग

(क) अष्टाङ्ग हृदय :

शिखिकुक्कुटपिच्छानां मषी क्षारो यवोद्भवः । ... मधुद्रवाः ॥ कफकासहरा लेहाः...।

कफजन्य खोकी लागेका रोगीलाई मयुर र कुखुराको प्वाँख डढाएर त्यसको खरानीमा जवाखार मिसाई महमा फिटेर चटाउनु पर्दछ ।

पिप्ला आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

पिप्पली पिप्पलीमूलं शृङ्गवेरं विभीतकम्॥ ... मधुद्रवाः॥ कफकासहरा लेहा...।

कफजन्य खोकी लागेका रोगीलाई पिप्ला, पिप्लाको जरा र सुठो तथा बर्रोको धूलो महसँग फिटेर चटाउनु पर्दछ ।

(ख) चरक संहिता :

पिप्पली पिप्पलीमूलं चित्रको हस्तिपिप्पली॥ ...मधुना लेहान् कफकासहरान् भिषक्॥

पिप्ला, पिप्लाको जरा, चितू र गजपिप्लाको मिश्रण (४ रत्तीका दरले) महमा मिसाई कफजन्य खोकीमा वैद्यले रोगीलाई चटाउने गर्नू ।

(ग) भावप्रकाश संहिता, भैषज्य रत्नावली : पिप्पलादि क्वाथ

पिप्पली कट्फलं शुण्ठी शृङ्गी भार्ङ्गी तथोषणम्। कारवी कण्टकारी च सिन्दुवारो यवानिका॥
चित्रको वासकश्चैषां कषायं विधिवत्कृतम्। कफकासविनाशाय पिबेत्कृष्णारयोयुतम्॥

पिप्ला, काफल (रूखका बोक्रा), सुठो, कर्कटशृङ्गी, चिण्डे, कालो मरिच, कालो जीरा, कण्टकारी, सिमाली, ज्वानु, चितू र असुरो मिसाएर विधिपूर्वक पकाइएको "पिप्पलादि क्वाथ" नामक काँढापानीमा पिप्लाकै धूलो हालेर पिउनाले कफजन्य खोकी नाश हुन्छ ।

पुष्करमूल आदिको प्रयोग

(क) चक्रदत्त, वङ्गसेन आयुर्वेद : पौष्करादिक्वाथ

पौष्करं कट्फलं भार्ङ्गीविश्वपिप्पलिसाधितम् । पिबेत्क्वाथं कफोद्रेके कासे श्वासे च हृद्ग्रहे ॥

पुष्करमूल, काफल, चिन्डे, सुठो र पिप्ला हालेर विधिपूर्वक काँढापानी पिउने गर्नाले कफ धेरै बढेर हुने खोकी, दम र मुटुको अडचन नाश हुन्छ ।

(ख) चरक संहिता :

पौष्करारग्वधं मूलं पटोलं तैर्निशास्थितम् । जलं मधुयुतं पेयं कालेष्वन्नस्य वा त्रिषु ॥

पुष्करमूल, राजवृक्षको जराको बोक्रा र परबरको लहरा मिसाएर रातभर पानीमा डुबाएर राख्नु र बिहान भएपछि त्यो पानीमा मह मिसाएर खाना खानुअघि, खाना खाँदा बीचमा र खाना खाएपछि गरी तीन पटक पिउनू । (यसरी भिजाउँदा ओखतीको ६ गुना बढी पानी हुनुपर्दछ) ।

मह आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

मधुना मरिचं लिह्यान्मधुनैव च जोङ्गकम्॥
पृथग्रसांश्च मधुना व्याघ्रीवार्ताकभृङ्गजान्। कासघ्नस्याश्वशकृतः सुरसस्यासितस्य च॥

कफजन्य खोकीमा (१) मरिच र मह, (२) धूपी र मह, (३) कण्टकारीको रस र मह, (४) वनभण्टाको रस र मह, (५) भृङ्गिराजको (वा दालचिनीको) रस र मह, (६) बर्रो वा कासमर्दको रस र मह (७) घोडाको लिदीको रस र मह वा (८) कालो तुलसीको पातको रस र मह : यी आठ थरी चटनी लाभदायक हुन्छन्।

मुगी आदिको प्रयोग

(क) चक्रदत्त : नवाङ्गयूषः

मुद्गामलाभ्यां यवदाडिमाभ्यां कर्कन्धुना मूलकशुण्ठकेन ।
शटीकणाभ्यां च कुलत्थकेन यूषो नवाङ्गः कफरोगहन्ता ॥

मुगी, अमला, जौ, दारिम, बयर, मूलाका चाना, सुठो, कचूर र पिप्ला हाली पकाइएको गहतको "नवाङ्गयूष" नामक रसले कफजन्य रोगहरू नाश गर्दछ ।

(ख) योग रत्नाकर :

मुद्गामलाभ्यां यवदाडिमाभ्यां कर्कन्धुना शुष्कमूलकेन ।
शुण्ठीकणाभ्यां सकुलत्थकेन यूषो नवाङ्गः कफकासहन्ता ॥

मुगी, अमला, जौ, दारिम, बयर, मूलाका सुकेका चाना, सुठो र पिप्ला हाली पकाइएको गहतको "नवाङ्गयूष" नामक रसले कफजन्य खोकी नाश गर्दछ ।

(ग) वङ्गसेन आयुर्वेद : नवाङ्गयूष

मुद्गामलाभ्यां यवदाडिमाभ्यां कर्कन्धुना मूलकशुण्ठिकेन ।
शुण्ठीकणाभ्यां सकुलित्थकेन यूषो नवाङ्गः कफरोगहर्त्ता ॥

मुगी, अमला, जौ, अनार, बयर (ठूलो जातको), सुकेको मूला, सुठो, पिप्ला र गहत : यी नौ थरी ओखती हालेर पकाइएको यूष (सुप)ले (खोकी आदि) कफजन्य रोगहरू नाश गर्दछ ।

मोथे आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

तद्वन्मुस्ताशठीशुण्ठीनागरातिविषभयाः ।

अथवा मोथे, कचूर, सुठो, अदुवा र अतीस मिसाई पिसेर हिङ र सिँधेनुन मिसाई कफजन्य खोकीमा तातोपानीसँग पिउनू ।

सिमाली आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद : निर्गुण्डीघृत

निर्गुण्डिपत्रस्वरसेन सिद्धं सर्पिः कफोत्थं विनिहन्ति कासम् ।।५३।।

बैजनी रङको फूल फुल्ने सिमालीका पातको रसमा घिउ पकाएर खाने गर्नाले कफजन्य खोकी नाश हुन्छ ।

सुठो आदिको प्रयोग

(क) चरक संहिता :

नागरातिविषे मुस्तं शृङ्गीं कर्कटकस्य च । हरीतकीं शटीं चैव तेनैव विधिना पिबेत्॥

कफजन्य खोकी लाग्दा सुठो, अतीस, नागरमोथे, कर्कटशृङ्गी, हर्रो र कचूर मिसाएर पिसी तातोपानीमा घोलेर उचित मात्रामा हिङ र सिँधेनुन हाली पिउने गर्नू ।

हर्रो आदिको प्रयोग

(क) चरक संहिता :

पथ्यातामलकीधात्रीभद्रमुस्तानि पिप्पली । ...चेति लेहयेत् ।
... मधुना लेहान् कफकासहरान् भिषक्॥

हर्रो, भुइँअमला, नागरमोथे र पिप्लाको मिश्रण (१ मासाको दरले) महमा मिसाई कफजन्य खोकीमा वैद्यले रोगीलाई चटाउने गर्नू ।

पित्तविकारजन्य खोकी लाग्ने कारण

(क) चरक संहिता :

कटुकोष्णविदाह्यम्लक्षाराणामतिसेवनम् । पित्तकासकरं क्रोधः सन्तापश्चाग्निसूर्यजः ॥

पिरो, तातो, डाह गर्ने, अमिलो र क्षारयुक्त खानपिन अत्यधिक गर्नाले; रिसाइरहनाले तथा आगो वा घाम धेरै ताप्नाले पित्तजन्य खोकी हुने गर्दछ ।
व्याख्या: माथि जेजस्ता कारण दिइएका छन् ती सबैले शरीरको रस सोस्ने गर्दछन् । अतः शरीर सुक्खा भएपछि पित्तविकारजन्य खोकी लाग्दछ भनी थाहा पाउँदा समान्यतः सहज हुन्छ ।

(ख) भेलसंहिता :

यस्सदा पित्तलो जन्तुरसात्म्यं वै निषेवते । अम्लमश्नाति पिबति खादत्यास्वादयत्यपि ॥
तस्य पित्तं प्रकुपितं गृहीत्वा हृदयं ततः । ऊर्ध्वं सम्प्राप्य धमनीस्ततः कासाय कल्पते ॥

पित्तप्रकृतिको जुन् मानिस शरीरले नसहने कुरा खाने गर्दछ, अमिलो कुरा खाने पिउने र चाख्ने गर्दछ, उसको शरीर भित्र रहेको पित्त उत्तेजित र विकृत भई फोक्सोमा पुगेर सासनली हुँदै माथितिर गएपछि पित्तजन्य खोकी लाग्न गर्दछ ।

पित्तविकारजन्य खोकीको लक्षण

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, गरुड महापुराण :

पित्तात्पीताक्षिकफता तिक्तास्यत्वं ज्वरो भ्रमः ॥
पित्तासृग्वमनं तृष्णा वैस्वर्यं धूमकोऽम्लकः । प्रततं कासवेगेन ज्योतिषामिव दर्शनम् ॥

आँखा र खोक्दा निस्कने कफ पहेँलो हुनु, मुख तितो हुनु, जरो आउनु, भ्रम हुनु, पित्त र रगत सहितको बान्ता हुनु, तिर्खा लाग्नु, स्वर बस्नु, घाँटीबाट धुवाँ आइरहेको जस्तो भान हुनु, नसा लागे जसरी झुम्म हुनु तथा खोकी लाग्दा आँखा अगिल्तिर ज्योतिजस्तो देखिनु : यी पित्तजन्य खोकीका लक्षण हुन् ।

(ख) चरक संहिता :

पीतनिष्ठीवनाक्षत्वं तिक्तास्यत्वं स्वरामयः । उरोधूमायनं तृष्णा दाहो मोहोऽरुचिर्भ्रमः ॥
प्रततं कासमानश्च ज्योतींषीव च पश्यति । श्लेष्माणं पित्तसंसृष्टं निष्ठीवति च पैत्तिके ॥

पित्तजन्य खोकी लाग्दा थूक वा कफ र आँखाको रङ पहेँलो हुन्छ, मुख तितो भइरहन्छ, स्वर बस्दछ, छातीमा धुवाँ उठेको जस्तो भान हुन्छ, तिर्खा लागिरहन्छ, डाह हुन्छ, मोह हुन्छ, खानपिउन मन लाग्दैन र रिँगटा लाग्दछ । रोगीलाई खोक्दा खोक्दा आँखा अगिल्तिर ताराजस्ता प्रकाशका झिल्का देखिन थाल्दछ । यसबेला रोगीले पित्त मिसिएको कफ थुक्ने गर्दछ ।

(ग) भावप्रकाश संहिता, माधव निदान, वङ्गसेन आयुर्वेद, सुश्रुत संहिता :

उरोविदाहज्वरवक्त्रशोषैरभ्यर्दितस्तिक्तमुखस्तृषार्तः ।
पित्तेन पीतानि वमेत् कटूनि कासेत्स पाण्डुः परिदह्यमानः ॥

पित्तजन्य खोकीमा छाती पोल्दछ वा दुख्दछ, जरो आउँदछ, मुख सुकिरहन्छ, मुखको स्वाद तितो हुन्छ, अत्यधिक तिर्खा लाग्दछ, पित्तसँगै पहेँलो रङको बान्ता हुन्छ, सारा शरीर भतभती पोल्दछ र पाण्डुरोगका लक्षण समेत देखिन थाल्दछन् ।

(घ) भेलसंहिता :

उरो विदह्यते चास्य तथैवाप्यभितप्यते । सोष्मनासश्च भवति दह्येते चाक्षिणी ततः ॥
निष्ठीवति सपित्तं च रक्तं वा ना कदाचन । मुखं भवति वा पीतं पित्तकासेन देहिनः ॥

छाती पोल्नु, मुख तातो हुनु, शरीरको तातोपन नाश हुनु, आँखा पोल्नु, पित्त वा रगत मिसिएको कफ निस्कनु र मुखको स्वाद तितो हुनु : यी पित्तजन्य खोकीका लक्षणहरू हुन् ।

अम्लरूक्षान्नपानादिव्यायामोष्णनिषेवणात् । कटुकक्षाररूक्षान्नतीक्ष्णमद्यनिषेवणात् ॥
सदाहः सज्वरश्चैव पित्तकासः प्रवर्तते ।

अमिला र रुखा खानपिनले; कसरतले, तातो खानाले; पिरो, क्षारयुक्त र रुखो अन्न खानाले; तिक्खर मदिरा पिउनाले, डाह गर्ने र जरो आउने गरी पित्तजन्य खोकी लाग्ने गर्दछ ।

हारिद्रं कटुकोष्णं च पीतं ष्ठीवति चाति सः ॥
मुखस्य कटुकत्वं च तृष्णा चास्योपजायते । हारिद्रे चक्षुषी चास्य लक्ष्येते पित्तकासिनः ॥

हलेदो जस्तो, पिरो, तातो र पहेँलो कफ आउनु; मुखको स्वाद पिरो हुनु, तिर्खा लागिरहनु तथा आँखा र मुख पहेँला हुनु : यी पित्तजन्य खोकीका लक्षणहरू हुन् ।

(ङ) रसरत्नाकर :

उरो दाहो रक्तशोषस्तिक्तास्यश्च ज्वरं तथा । कटु पित्तं वमत्येव पाण्डुत्वं पित्तकासके ॥

छातीमा डाह हुनु, रगत सुक्नु, मुख तितो हुने, पिरो पित्त बान्ता हुनु र शरीर पहेँलो हुनु : यी पित्तजन्य खोकीका लक्षणहरू हुन् ।

(च) हारीत संहिता :

कण्ठे विदाहो ज्वरशोषमूर्च्छातृष्णाभ्रमः पित्तभवे च कासे ।
आस्ये कटुत्वं च शिरोऽर्त्तिपित्तं निष्ठीवते पीतनखानि नेत्रे ॥

घाँटी दुख्नु वा पोल्नु, जरो आउनु, शरीर सुक्दै जानु, बेहोस हुनु, तिर्खा लाग्नु, भ्रम हुनु, मुख पिरो हुनु, टाउको दुख्नु, थुकमा पित्त मिसिएर आउनु तथा नङ र आँखा पहेँला हुनु : यी पित्तविकारजन्य खोकीका लक्षणहरू हुन् ।

उपचार
अदुवा आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

मस्तुना ससितां शुण्ठीं दध्ना वा कणरेणुकाम्॥ पिबेद् बदरमज्ज्ञो वा मदिरादधिमस्तुभिः ।

पित्तजन्य खोकीमा सुठो र मिश्रीको धूलो दहीको पानीसँग पिउनू । अथवा पिप्ला र शीतलचिनीको धूलो दहीसँग पिउनू । अथवा बयरको गुदीको धूलो सुरा, दही वा दहीको पानीसँग पिउनू ।

कचूर आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

शठीह्रीबेरबृहतीशर्कराविश्वभेषजम्॥ पिष्ट्वा रसं पिबेत्पूतं वस्त्रेण घृतमूर्छितम्।

(पित्तजन्य खोकीमा) कचूर, सुगन्धवाल, बिहीँ, मिश्री र सुठो मिसाई जलमा पिसेर त्यसको रस कपडछान गरी घिउ मिसाएर पिउनू।

(ख) वङ्गसेन आयुर्वेद :

शठीह्रीबेरबृहतीशर्कराविश्वभेषजम्। पक्त्वारसं पिबेत्पूतं सघृतं पित्तकासनुत्॥

कचूर, सुगन्धवाल, बिहीँ, मिश्री र सुठो मिसाई काँढापानी पकाएर कपडछान गरी घिउ मिसाएर पिउने गर्नाले पित्तजन्य खोकी नाश हुन्छ।

कण्टकारी आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

दुस्पर्शाकर्कटीशुण्ठीशठीद्राक्षासिताबलाः॥ निदिग्धिकामूलफलं वटबीजं रसाञ्जनम्।
घृतक्षौद्रयुता लेहाः ...पित्तकासिनाम्। पयोऽनुपानां शृङ्गीं वा लिह्यात्साज्यसितामधु॥

पित्तजन्य खोकीका रोगीले बिहीँ, कर्कटशृङ्गी, सुठो, कचूर, दाख, मिश्री र बलु अथवा कण्टकारीको जरा र फल, बरको बीज र रसाञ्जनको मिश्रणमा घिउ र मह मिसाएर खाने गर्नू। त्यसपछि दूध पिउनू अथवा कर्कटशृङ्गीको काँढापानी अथवा घिउ, मिश्री र मह मिसाएर खानू।

(ख) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

दुःस्पर्शां पिप्पलीं मुस्तां भार्ङ्गीं कर्कटकीं शठीम्॥
पुराणगुडतैलाभ्यां चूर्णितान्यवलेहयेत्। तद्वत्सकृष्णां शुण्ठीं च सभार्ङ्गीं तद्ववदेव च॥

बिहीँ (वा दुरालभा), पिप्ला, नागरमोथे, चिन्डे, कर्कटश्रृङ्गी र कचूरको धूलो अथवा पिप्ला र सुठोको धूलो अथवा चिन्डे र सुठोको धूलो पुरानो सक्खर र तेलमा मिसाएर चाट्नु पर्दछ। (१-२ तोला सक्खर वा तेल मिसाएर २-४ मासा ओखती चाट्नू)।

(ग) भावप्रकाश संहिता, भैषज्य रत्नावली :

कण्टकारीयुगंद्राक्षावासाकर्चूरबालकैः। नागरेण च पिप्पल्या क्वथितं सलिलं पिबेत्॥
शर्करामधुसंयुक्तं पित्तकासहरं परम्॥

कण्टकारी, बिहीँ, दाख, असुरो, कचूर, सुगन्धवाला, सुठो र पिप्ला हाली पकाइएको काँढापानीमा मिश्री र मह मिसाएर पिउनाले पित्तजन्य खोकी नाश हुन्छ।

कल्छेलहरो आदिको प्रयोग

(क) चरक संहिता :

काकोलीबृहतीमेदायुग्मैः सवृषनागरैः । पित्तकासे रसान् क्षीरं यूषांश्चाप्युपकल्पयेत् ॥

पित्तविकारजन्य खोकीमा कल्छे लहरो, दूधे कल्छे लहरो, बिहीँ, कण्टकारी, मेदा, महामेदा, असुरो र सुठो : यी ओखतीको काँढापानी अथवा मासुको रस अथवा दूध अथवा मुगी आदिको यूष खुवाउने योजना बनाउनू ।

(ख) वङ्गसेन आयुर्वेद :

काकोलीबृहतीमेदायुग्मैः सवृषनागरैः । पित्तकासे रसक्षीरपेयायूषाश्चाप्युपकल्पयेत् ॥

पित्तजन्य खोकीमा कल्छेलहरो, दुधेकल्छेलहरो, बिहीँ, कण्६कारी, मेदा, महामेदा, असुरो र सुठो हालेर पकाइएको अनेक किसिमको मासुको रस, सागपातको रस, दूध, पेया र यूष खुवाउने योजना गर्नू ।

खजूर (छोकडा) आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

खर्जूरं पिप्पली वांशी श्वदंष्ट्रा चेति ... ॥ घृतक्षौद्रयुता लेहाः ... पित्तकासिनाम् ।
पयोऽनुपानां शृङ्गीं वा लिह्यात्साज्यसितामधु ॥

खजूर, पिप्ला, वंशलोचन र ओदानेकाँडोको मिश्रण खोकीका रोगीले घिउ र मह मिसाएर खाने गर्नू । त्यसपछि दूध पिउनू अथवा कर्कटशृङ्गीको काँढापानी अथवा घिउ, मिश्री र मह मिसाएर खानू ।

(ख) चरक संहिता :

खर्जूरं पिप्पली वांशी श्वदंष्ट्रा चेति ... । घृतक्षौद्रयुता लेहाः ... पित्तकासिनाम् ॥

पिण्डखजूर, पिप्ला, वंशलोचन र गोखुर : यी ओखतीको मिश्रण पित्तविकाररजन्य खोकीमा घिउ र महमा मिसाई चटाउन सकिन्छ ।

(ग) रसरत्नाकर :

खर्जूरपिप्पलीद्राक्षा सितालाजाः समांशिकाः । मधुसर्पिर्युतो लेहः पित्तकासहरः परः ॥

खजूर, पिप्ला, दाख, मिश्री र लाजा बराबर मिसाएर धूलो पारी मह र घिउसँग चट्ने गर्नाले पित्तजन्य खोकी नाश हुन्छ ।

तामा आदिको प्रयोग

(क) भैषज्य रत्नावली : पित्तकासान्तकरस

भस्म ताम्राभ्रकान्तानां कासमर्दत्वचो रसैः । मुनिजैर्वेतसाम्लैश्च दिनं मर्द्यं सुपिण्डितम् ॥
निष्कार्द्धं पित्तकासार्त्तो भक्षयेच्च दिनत्रयम् । कासश्वासाग्निमान्द्यं च क्षयं चापि निहन्त्यलम् ॥

तामा, अभ्रख र कान्तिसारलोह : यी तिनको भस्म बराबर लिई कसौंदीको बोक्राको रस, अगस्तिको रस र अम्लवेतको रसमा एक एक दिन भिजाउनू । त्यसपछि दुई दुई मासाका गोली बनाउनू । पित्तजन्य खोकी लागेका मानिसले तीन दिनसम्म एक एक गोली खानू । यसले पित्तजन्य खोकी, दम, कमजोर पाचक-अग्नि र क्षयरोग चाँडै नाश गर्दछ ।

(ख) रसरत्नाकर : त्रिनेत्ररसः

भस्मताम्राभ्रतीक्ष्णानां कासमर्घत्वचोरसैः । सालजैर्वेतसाम्लेन दिनं मर्द्यं सुपिण्डितम् ॥
द्विगुञ्जं पित्तकासार्त्तो भक्षयेच्च त्रिनेत्रकम् ॥

ताम्रभस्म, अभ्रखभस्म र लोहभस्म बराबर लिई कसौंदीको बोक्राको रसमा, सालको रसमा र अम्लवेतको रसमा एक दिन भिजाएर पिसी दुई दुई रत्तका गोली बनाउनू । यो त्रिनेत्ररस दिनको एक एक गोली खाने गर्नाले पित्तजन्य खोकी नाश हुन्छ ।

दाख आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

मृद्वीकार्धशतं त्रिंशत् पिप्पलीः शर्करापलम् । लेहयेन्मधुना गोर्वा क्षीरपस्य शकृद्रसम् ॥

पित्तजन्य खोकीमा मुनक्का पचास वटा, पिप्ला तीस वटा र मिश्री एक पल मिसाएर महसँग वा गाईको दूधसँग खाने गर्नू ।

(ख) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

द्राक्षां कणां पञ्चमूलं तृणाख्यं च पचेज्जले । तेन क्षीरं शृतं शीतं पिबेत् समधुशर्करम् ॥
साधितां तेन पेयां वा सुशीतां मधुनान्विताम् ।

दाख, पिप्ला र तृणपञ्चमूललाई पानीमा पकाउनू र त्यो काँढापानीमा दूध मिसाएर पुनः पकाउनू । सेलाएपछि मह र मिश्री मिसाएर पिउनू । अथवा त्यो काँढापानीमा पेया बनाएर शीतल भएपछि मह मिसाएर पिउनू ।

(ग) चरक संहिता :

मृद्वीकार्धशतं त्रिंशत्पिप्पलीः शर्करापलम् । लेहयेन्मधुना गोर्वा क्षीरपस्य शकृद्रसम् ॥

५० दाना मुनक्का, ३० वटा पिप्ला र एक पल सक्खर मह मिसाएर चौथाई तोलाका दरले चाट्नू । अथवा दूध मात्र पिउने अवस्थाको गाईको बाच्छाको गोबरको रस महमा मिसाएर चाट्नू । यसले पित्तविकारजन्य खोकी ठिक हुन्छ ।

(घ) भैषज्य रत्नावली, वङ्गसेन आयुर्वेद :

द्राक्षामधुकखर्जूरपिप्पलीमरिचान्वितम् । पित्तकासहरं ह्येतल्लिह्यान्माक्षिकसर्पिषा ॥

दाख, जेठीमधु, खजूर, पिप्ला र कालो मरिचको धूलोमा मह र घिउ मिसाई चाट्ने गर्नाले पित्तजन्य खोकी नाश हुन्छ ।

(ङ) रसरत्नाकर :

द्राक्षामलखर्जूरपिप्पलीमरिचान्वितम् । पित्तकासहरं ह्येतल्लिह्यान्माक्षिकसर्पिषा ॥

दाख, अमला खजूर, पिप्ला र कालो मरिचको धूलोमा मह र घिउ मिसाई चाट्ने गर्नाले पित्तजन्य खोकी नाश हुन्छ ।

दालचिनी आदिको प्रयोग

(क) चरक संहिता : त्वगादि लेह

त्वगेलाव्योषमृद्वीकापिप्पलीमूलपौष्करैः । लाजामुस्तशटीरास्नाधात्रीफलबिभीतकैः ॥
शर्कराक्षौद्रसर्पिर्भिर्लेहः कासविनाशनः । श्वासं हिक्कां क्षयं चैव हृद्रोगं च प्रणाशयेत् ॥

दालचिनी, सुकुमेल, मरिच, पिप्ला, सुठो, मुनक्का, पिप्लाको जरा, पुष्करमूल, लाजा, नागरमोथे, कचूर, फ्याक्सेकन्द, अमला, बर्रो र मिश्रीको धूलो मह र घिउमा मिसाएर चटाउनू । यसले खोकी, दम, बाडुली रोग, क्षयरोग र मुटुका रोग समेत नाश गर्दछ । (कतिपय विद्वान् यसमा अन्य ओखती जति हुन्छ त्यतिनै मिश्री मिसाउनु पर्दछ भन्दछन् । यसको मात्रा चार मासा हो । यसलाई "त्वगादि लेह" भनिन्छ) ।

दुधालु वृक्ष आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

क्षीरिवृक्षाङ्कुरक्वाथे पक्वं क्षीरसमं घृतम्॥ पाययेत् पित्तकासार्तं मधुना वावलेहयेत्।

दुधालु वृक्षका मुना हालेर पकाइएको काँढापानीमा त्यति नै दूध र एक चौथाई घिउ हाली पित्तजन्य खोकी हुनेले मह मिसाएर पिउने गर्नू।

(ख) वङ्गसेन आयुर्वेद : क्षीरघृत

आपोथ्य क्षीरिणां शुङ्गान् पचेत्क्षीरचतुर्गुणे। द्राक्षाकल्के घृतं सिद्धं लिह्यत्तत्पित्तकासनुत्॥

दुधालु वृक्षका मुना चौबर दूधमा हाली काँढा पानी पकाउनू। त्यसमा घिउ र दाखको लेदो हाली घिउ पकाउनू। यो घिउ खाने गर्नाले पित्तजन्य खोकी ठिक हुन्छ।

क्षीरवृक्षाङ्कुरक्वाथं पक्वं क्षीरसमं घृतम्। पाययेत्पित्तकासघ्नं मधुना चावलेहयेत्॥

दुधालु वृक्षको मुना दूधमा हालेर पकाउनू। त्यो दूधमा त्यति नै घिउ हालेर पकाउनू। घिउ मात्र बाँकी भएपछि झिक्नू। सेलाएपछि पित्तजन्य खोकी नाश गर्न मह मिसाएर खाने गर्नू।

दुरालभा आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

दुरालभां शृङ्गवेरं शठीं द्राक्षां सितोपलाम्॥ लिह्यात् कर्कटशृङ्गीं च कासे तैलेन वातजे ।

दुरालभा, अदुवा, सुठो, दाख र मिश्रीको धूलो अथवा कर्कटश्रृङ्गीको धूलो तेलमा पकाएर वातविकारजन्य खोकी लाग्दा चाट्नू ।

दूध आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

महिष्यजावीगोक्षीरधात्रीफलरसैः समैः ॥ सर्पिः सिद्धं पिबेत् ...।

भैंसी, बाख्री, भेडी र गाईको दूध तथा अमलाको रस बराबर हाली विधिपूर्वक घिउ पकाएर पित्तजन्य खोकीका रोगीले खानू ।

(ख) चरक संहिता :

महिष्यजाविगोक्षीरधात्रीफलरसैः समैः । सर्पिः सिद्धं पिबेद्युक्त्या पित्तकासनिबर्हणम् ॥

गाईको घिउ २ प्रस्थ, भैंसीको दूध २ प्रस्थ, बाख्रीको दूध २ प्रस्थ, भेडीको दूध २ प्रस्थ, गाईको दूध २ प्रस्थ र अमलाको रस २ प्रस्थ हाली विधिपूर्वक घिउ पकाउनू । यसलाई जुक्ति लगाएर (आधादेखि एक तोलाका दरले) पिउनू । यसले पित्तविकारजन्य खोकी नाश गर्दछ ।

(ग) वङ्गसेन आयुर्वेद : षट्प्रस्थघृत

महिष्यजाविगोक्षीरधात्रीफलरसैः समैः । सर्पिःप्रस्थं पचेद्युक्त्या पित्तकासनिवारणम् ॥

भैंसी, बाख्री, भेडी र गाईको दूध एक एक प्रस्थ; अमलाको रस एक प्रस्थ र गाईको घिउ एक प्रस्थ हाली विधिपूर्वक घिउ पकाउनू । यो घिउ खाने गर्नाले पित्तजन्य खोकी नाश हुन्छ ।

पिनास समेत भएको पित्तजन्य खोकीको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कासी सपीनसो धूमं स्नैहिकं विधिना पिबेत् । हिध्माश्वासोक्तधूमांश्च क्षीरमांसरसाशनः ॥

पित्तविकारजन्य त्यस्तो खोकीको रोगी जसलाई पिनास समेत भएको हुन्छ उसले विधिपूर्वक स्नेहयुक्त धूमपान गर्नू अथवा बाडुलीको वा दमको उपचारमा बताइएका धूमपान गर्नू र त्यसपछि दूध पिउनू अथवा मासुको रससँग भात खानू । (यसरी धूपमान गरेपछि सक्खर मिसाएको दूध पिउनू नत्र घाँटी पाक्दछ) ।

पिप्ला आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

पिप्पलीमुस्तयष्ट्याह्वद्राक्षामूर्वामहौषधम्॥
घृतक्षौद्रयुता लेहाः ... पित्तकासिनाम्। पयोऽनुपानां शृङ्गीं वा लिह्यात्साज्यसितामधु॥

पिप्ला, मोथे, जेठीमधु, दाख, मरुइलहरो र सुठोको मिश्रण पित्तजन्य खोकीका रोगीले घिउ र मह मिसाएर खाने गर्नू । त्यसपछि दूध पिउनू अथवा कर्कटशृङ्गीको काँढापानी अथवा घिउ, मिश्री र मह मिसाएर खानू ।

पिप्पल्यामलकद्राक्षालाजलाक्षासितोपलाः॥ सञ्चूर्ण्य पक्त्वा पयसा लिह्यात् क्षौद्राष्टभागिकाः ।

पित्तजन्य खोकीमा पिप्ला, अमला, दाख, लाजा, लाहा र मिश्री एक एक पल लिई धूलो बनाएर दूधमा पकाई सेलाईपछि आठ भाग मह मिसाएर खाने गर्नू ।

(ख) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

पिबेच्च कृष्णां कोष्णेन सलिलेन ससैन्धवाम्।

पित्तजन्य खोकीमा पिप्ला र सिँधेनुनको धूलो तातोपानीसँग पिउनू ।

अथवा पिप्पलीकल्कं घृतभृष्टं ससैन्धवम्॥

अथवा पिप्लाको धूलो घिउमा भुटी सिँधेनुन मिसाएर चाट्नू अनि सुरा, दही वा दहीको पानी पिउनू ।

(ग) चरक संहिता :

पिप्पलीमुस्तयष्ट्याह्वद्राक्षामूर्वामहौषधम्॥
पिप्पली पद्मकं द्राक्षा बृहत्याश्च फलाद्रसः॥
घृतक्षौद्रयुता लेहाः ...पित्तकासिनाम्॥

पिप्ला, नागरमोथे, जेठीमधु, मुनक्का, मरुईलहरोको जरा र सुठो अथवा पिप्ला, पैयुँका बोक्रा, मुनक्का र ठूलो बिहीँको फलको रस पित्तविकारजन्य खोकीमा यी दुईमध्ये कुनै एक मिश्रणको धूलो घिउ र महमा मिसाई चटाउन सकिन्छ ।

पिप्पल्यामलकं द्राक्षां लाक्षां लाजान् सितोपलाम् ।
क्षीरे पक्त्वा घनं शीतं लिह्यात् क्षौद्राष्टभागिकम् ॥

पिप्ला, अमला, दाख, काँचो लाहा, लाजा र मिश्री : यी सबै बराबर मात्रमा लिई मिसाएर जति हुन्छ त्यसको चौबर दूधमा हाली पकाउनू । जब लेस्याइलो हुन्छ तश झिकी सेलाएपछि आठौं भाग मह मिसाएर आधाआधा तोलाका दरले रोगीले चाट्ने गर्नू । यसलाई “पिप्पल्यादि लेह” भनिन्छ ।

बलु आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद :

बलाद्विबृहती द्राक्षा वासाभिः क्वथितं जलम् । पित्तकासापहं पेयं शर्करामधुयोजितम् ॥

बलु, अतिबलु, दाख र असुरो हाली पकाइएको काँढापानी सेलाएपछि मिश्रीको धूलो र मह मिसाएर पिउने गर्नाले पित्तजन्य खोकी नाश हुन्छ ।

बिरालेलहरो आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

विदारीक्षुमृणालानां रसान् क्षीरं सितोपलाम्॥ पिबेत् क्षौद्रेण संयोज्य पित्तकासमपोहति ।

बिरालेलहरो, उखु र कमलको डाँठको रस तथा दूध र मिश्री अनि मह मिसाएर खाने गर्नाले पित्तजन्य खोकी नाश हुन्छ ।

(ख) चरक संहिता :

विदारीक्षुमृणालानां रसान् क्षीरं सितोपलाम् । पिबेद्वा मधुसंयुक्तं पित्तकासहरं परम्॥

बिरालेलहरोको कन्द, उखुको रस, कमलको डाँठको रस, दूध र मिस्री : यी बराबर मात्रामा लिई मह मिसाएर खानाले प्रभावकारी तरिकाले पित्तविकारजन्य खोकी नाश हुन्छ ।

मधुरगणका ओखती आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

...तद्वन्मधुरेण गणेन वा । क्वाथीकृतेनेक्षुरसे क्षीरयुक्तेन साधितम् ॥
सशर्करं पिबेत् प्रातर्लिह्याद्वा माक्षिकान्वितम् ।

पित्तजन्य खोकीमा मधुरगणका ओखती हाली काँढापानी तथा उखुको रस र दूध हाली पकाएर बिहान बिहान मिश्री मिसाएर खाने गर्नू अथवा मह मिसाएर खाने गर्नू ।

मिश्री आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

लेहः पैत्ते सिताधात्रीक्षौद्रद्राक्षाहिमोत्पलैः ।

पित्तजन्य खोकीमा मिश्री, अमला, मह, दाख, सेतोचन्दन र कमलको चटनी लाभदायक हुन्छ ।

शर्करां जीवकं मुद्गमाषपर्ण्यौ दुरालभाम्॥ कल्कीकृत्य पचेत्सर्पिः क्षीरिणाष्टगुणेन तत् । पानभोजनलेहेषु प्रयुक्तं पित्तकासजित्॥ लिह्याद्वा चूर्णमेतेषां कषायमथवा पिबेत् ।

(मेदा, बिरालेलहरो, काकोली, काउसोको फल र बलु तथा) मिश्री, जीवक, वनमुगी, वनमास र दुरालभाको धूलो आठगुना दूधमा हाली घृतपाक गर्नू । तयार भएपछि त्यो घिउ पिउनू वा खाना खान वा चटनीमा प्रयोग गर्नू । यो "शर्करादि घृत" नामक घिउले पित्तजन्य खोकी नाश गर्दछ । अथवा उल्लेखित ओखतीको धूलो घिउमा मिसाएर चाट्नू अथवा यी ओखतीको काँढापानी बनाएर पिउनू ।

(ख) चरक संहिता :

शर्करानागरोदीच्यं कण्टकारीं शटीं समाम् । पिष्ट्वा रसं पिबेत्पूतं वस्त्रेण घृतमूर्च्छितम्॥

मिश्री, सुठो, सुगन्धवाल, कण्टकारी र कचूर बराबर मात्रामा पानी मिसाएर लेदो हुने गरी पिसी कपडछान गर्नू । त्यो छानिएको रसमा घिउ हालेर घोल्नू र रोगीले पिउने गर्नू । अथवा सबै ओखती ताजा लिएर रस निचोर्नू र रस घिउमा मिसाएर एक एक तोलाका दरले खानू । घिउ चौथाइ तोला वा आधा तोला गाईको घिउ हुनुपर्दछ ।

(ग) हारीत संहिता :

शर्करा चैव खर्जूरं द्राक्षा लाजा कणा मधु । सर्पिर्युतो हितो लेहः पित्तकासनिवारणः॥

खुँदो (वा सक्खर वा मिश्री), खजूर, दाख, लावा, पिप्ला र महको मिश्रणमा घिउ मिसाएर चटनी बनाई चाट्नाले पित्तविकारजन्य खोकी नाश हुन्छ ।

लाजा आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

लाजामृताफलद्राक्षात्वक्क्षीरीपिप्पलीसिताः । घृतक्षौद्रयुता लेहाः ... पित्तकासिनाम् । पयोऽनुपानां शृङ्गीं वा लिह्यात्साज्यसितामधु ॥

लाजा, अमला, दाख, दालचिनी, वंशलोचन, पिप्ला र मिश्रीको मिश्रण पित्तजन्य खोकीका रोगीले घिउ र मह मिसाएर खाने गर्नू । त्यसपछि दूध पिउनू अथवा कर्कटशृङ्गीको काँढापानी अथवा घिउ, मिश्री र मह मिसाएर खानू ।

(ख) चरक संहिता :

लाजाऽमृतफलाद्राक्षात्वक्क्षीरीपिप्पली सिताः । घृतक्षौद्रयुता लेहाः श्लोकार्धैः पित्तकासिनाम् ॥

लाजा, अमला, मुनक्का, वंशलोचन, पिप्ला र सक्खर मिसाएर पित्तविकारजन्य खोकीमा घिउ र मह मिसाई चटाउन सकिन्छ ।

वनमास आदिको प्रयोग

(क) चरक संहिता :

स्थिरासितापृश्निपर्णीश्रावणीबृहतीयुगैः । जीवकर्षभकाकोलीतामलक्यृद्धिजीवकैः ॥
शृतं पयः पिबेत् कासी ज्वरी दाही क्षतक्षयी ।

शालपर्णी (बनमास वा मासलहरी), चिनी, पृश्निपर्णी (सतिबयर), श्रावणी (सानो गोरखमुण्डी), कण्टकारी, बिहीँ, दूधे कल्छे लहरो, ऋषभ, कल्छे लहरो, भुइँअमला, ऋद्धि, र जीवक : यी हालेर विधिपूर्वक पकाइएको दूध खोकी, जरो वा दाहले पीडित एवं उरःक्षत क्षयरोगीले पिउने गर्नू ।

वंशलोचन आदिको प्रयोग

(क) वैद्यरहस्य :

त्वक्क्षीरीपिप्पलीलाजाद्राक्षाजलदशर्कराः । सर्पिर्मध्वावलेहोऽयं पित्तकासविनाशनः ॥

वंशलोचन, पिप्ला, लाजा, दाख, नागरमोथे र मिश्री पिसेर चटनी जस्तो बनाई त्यसमा घिउ र मह मिसाएर चाट्ने गर्नाले पित्तजन्य खोकी नाश हुन्छ ।

शरादि पञ्चमूल आदिको प्रयोग

(क) चरक संहिता, वङ्गसेन आयुर्वेद :

शरादिपञ्चमूलस्य पिप्पलीद्राक्षयोस्तथा । कषायेण शृतं क्षीरं पिबेत्समधुशर्करम्॥

सखरखण्डको जरा, काँश (झार) को जरा, कुशको जरा, उखुको जरा, मार्सी धानको जरा, पिप्ला र मुनक्का : यी ओखती चारगुना बढी दूधमा हाली पकाउनू । तयार भएपछि मह र सक्खर वा महको चिनीसँग मिसाएर खाने गर्नू ।

सिँगडा आदिको प्रयोग

(क) चरक संहिता :

शृङ्गाटकं पद्मबीजं नीलीसाराणि पिप्पली । घृतक्षौद्रयुता लेहाः ... पित्तकासिनाम्॥

पित्तविकारजन्य खोखी लागेका मानिसलाई सिँगडा, कमलका बीज, नीरको जरा, प्रसारणी र पिप्ला मिसाइएको धूलो घिउ र महमा मिसाई चटाउन सकिन्छ ।

हितकर पदार्थ

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

ग्राम्यानूपौदकैः शालियवगोधूमषष्टिकान् । रसैर्माषात्मगुप्तानां यूषैर्वा भोजयेद्धितान् ॥

ग्राम्य, आनूप र जलचर जीवका मासुको रससँग अथवा मास वा काउसोको जूससँग मार्सी चामलको भात खानू तथा जौ, गहुँ वा सठिया चामलको रोटी आदि खानू पित्तविकारजन्य खोकीमा पथ्य हुन्छ ।

मधुरैर्जाङ्गलरसैर्यवश्यामाककोद्रवाः ॥
मुद्गादियूषैः शाकैश्च तिक्तकैर्मात्रया हिताः । घनश्लेष्मणि लेहाश्च तिक्तका मधुसंयुताः ॥
शालयः स्युस्तनुकफे षष्टिकाश्च रसादिभिः । शर्कराम्भोऽनुपानार्थं द्राक्षेक्षुस्वरसाः पयः ॥
काकोलीबृहतीमेदाद्वयैः सवृषनागरैः । पित्तकासे रसक्षीरपेयायूषान् प्रकल्पयेत् ॥

जाङ्गल जीवको गुलियो मासुको रससँग मुगी आदिको जूस तथा तीता सागपात ठिक्क मात्रामा खानु लाभदायक हुन्छ । कफ गाढा छ भने तिता ओखतीको चटनी महमा मिसाएर चाट्नु लाभदायक हुन्छ । कफ पातलो छ भने उल्लेखित मासुको रस आदिसँगै मार्सी वा सठिया चामलको आहार गर्नु लाभदायक हुन्छ । अनुपानमा मिश्रीको शर्वत तथा दाख र उखुको रस एवं दूध पिउनु लाभदायक हुन्छ । पित्तजन्य खोकीमा काकोली, बिहीँ, मेदा, महामेदा, असुरो र सुठो हालेर पकाइएको अनेक किसिमको मासुको रस, सागपातको रस, दूध, पेया र यूष खुवाउने योजना गर्नू ।

(ख) चरक संहिता :

मधुरैर्जाङ्गलरसैः श्यामाकयवकोद्रवाः । मुद्गादियूषैः शाकैश्च तिक्तकैर्मात्रया हिताः ॥

पित्तजन्य खोकीमा जाङ्गल जीवको गुलियो मासु, मुगी आदिको यूष तथा तितो स्वादका सागपातसँग मात्रा मिलाएर सामाधान, जौ र कोदोका परिकार खुवाउनु हितकर हुन्छ ।

शर्कराम्भोऽनुपानार्थं द्राक्षेक्षूणां रसाः पयः । सर्वं च मधुरं शीतमविदाहि प्रशस्यते ॥

अनुपानका लागि सक्खरको शर्वत, अङ्गुरको रस, उखुको रस, दूध तथा यस्तै खालका गुलिया र शीतल गर्ने एवं डाह नगर्ने कुरा पिउन दिनु हितकर हुन्छ ।

(ग) भैषज्य रत्नावली :

मधुरैर्जाङ्गलरसैः श्यामाकयवकोद्रवाः । मुद्गादियुषैः शाकैश्च तिक्तकैर्मात्रया हिताः ॥

जाङ्गल जीवको गुलियो मासुको रससँग मुगी आदिको जूस तथा तीता सागपात ठिक्क मात्रामा खानु लाभदायक हुन्छ ।

वातविकारजन्य खोकी लाग्ने कारण

(क) चरक संहिता :

रूक्षशीतकषायाल्पप्रमितानशनं स्त्रियः । वेगधारणमायासो वातकासप्रवर्तकाः ॥

रुखा वा चिसा वा शीतल गर्ने वा टर्रा पदार्थ धेरै खानापिन गर्नाले; थोरै खाना खानाले, शरीरले नसहे पनि भोको बस्ने गर्नाले, अत्यधिक ग्राम्यधर्ममा संलग्न हुने गर्नाले; दिसा, पिसाब आदिको वेग रोक्ने गर्नाले अथवा अत्यधिक परिश्रमका कार्य गर्नाले वातविकार जन्य खोकी लाग्ने गर्दछ ।

(ख) भेलसंहिता :

यस्सदा वातलो जन्तुरसात्म्यं वै निषेवते । रूक्षमश्नाति पिबति रूक्षं हि बहु खादति ॥
तस्य वातः प्रकुपितो गृहीत्वा हृदयं ततः । ऊर्ध्वं सम्प्राप्य धमनीरथ कासाय कल्पते ॥

वातप्रकृतिको मानिस सधैं शरीरले नसहने कुरा खाने गर्दछ, रुखा पदार्थ खानपिन गर्दछ र रुखा कुरा नै धेरै खान्छ त्यसको शरीर भित्र रहेको वायु उत्तेजित र विकृत भई फोक्सोबाट सासनली हुँदै मास्तिर सरेपछि वातजन्य खोकी लाग्दछ ।

वातविकारजन्य खोकीको लक्षण

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कुपितो वातलैर्वातः शुष्कोरःकण्ठवक्रताम्॥ हृत्पार्श्वोरःशिरःशूलं मोहक्षोभस्वरक्षयान्।
करोति शुष्कं कासं च महावेगरुजास्वनम्॥
सोऽङ्गहर्षी कफं शुष्कं कृच्छ्रान्मुक्त्वाल्पतां व्रजेत्।

वातविकार बढाउने खालको आहारविहारका कारण उत्तेजित भएको शरीर भित्रको वायुले मुटु, फोक्सो, घाँटी र मुखको सुक्खापन; मुटु, कोख, फोक्सो र टाउकोमा पीडा; मोह, शरीर भरी हलचल सहित स्वरलाई भेदन गर्दछ । यस अवस्थामा ठूलो वेगले सुक्खा खोकी लाग्दछ र उल्लेखित अङ्ग अति दुख्दछ । आवाज पनि ठूलो आउँदछ । शरीर रोमाञ्चित हुन्छ र सुकेको कफ अलि अलि बल्लतल्ल निस्केपछि खोकी पनि केही कम हुन्छ ।

(ख) चरक संहिता :

हृत्पार्श्वोरःशिरःशूलस्वरभेदकरो भृशम्। शुष्कोरःकण्ठवक्त्रस्य हृष्टलोम्नः प्रताम्यतः॥
निर्घोषदैन्यक्षामास्यदौर्बल्यक्षोभमोहकृत्।
शुष्ककासः कफं शुष्कं कृच्छ्रान्मुक्त्वाऽल्पतां व्रजेत्॥
स्निग्धाम्ललवणोष्णैश्च भुक्तपीतैः प्रशाम्यति। ऊर्ध्ववातस्य जीर्णेऽन्ने वेगवान्मारुतो भवेत्॥

वातजन्य खोकी हुँदा शरीर भित्रको वायु मुटु, कोख, छाती र टाउको अति दुखाउँदै स्वर समेत बस्ने गर्दछ । छाती, घाँटी र मुख सुकी शरीर रोमाञ्चित र ग्लानियुक्त हुने गर्दछ । खोकीको आवाज प्रतिध्वनीले युक्त र तीव्र वेगको हुने गर्दछ । दीनता, अनुहार मलीन हुनु, कमजोर हुनु, हडबडी (घरबराहट) हुनु, मोह हुनु, सुक्खा खोकी लाग्नु, अति कष्टपूर्ण तरिकाले सुक्खा कफ निस्केपछि खोकी कम हुनु; चिल्लो, अमिलो, नुनिलो र तातो खानपिन गर्दा खोकी शान्त हुनु र खाएको खाना पचेपछि शरीरको माथितिर जाने वायुको वेग (ऊर्ध्ववात) अति बढ्नु (धेरै खोकी लाग्नु) जस्ता लक्षणहरू देखिन्छन्।

(ग) भावप्रकाश संहिता, माधव निदान, वङ्गसेन आयुर्वेद, सुश्रुत संहिता :

हृच्छङ्खमूर्धोदरपार्श्वशूली क्षामाननः क्षीणबलस्वरौजाः।
प्रसक्तवेगस्तु समीरणेन भिन्नस्वरः कासति शुष्कमेव॥

वातविकारले लाग्ने खोकीमा मुटुको भाग, कञ्चटको भाग, टाउको, पेट र कोखो सुन्निने गर्दछ । खोक्नेको मुख (अनुहार) सुक्खा र तेजहीन देखिन्छ । शारीरिक बल, स्वर र ओज पनि खिइन्छ । लगातार खोकी खाइरहन्छ । यो सुक्खा हुन्छ । कफ आदि प्रायः आउँदैन । आवाज धोद्रो हुन थाल्दछ वा स्वर बस्दछ ।

(घ) भेलसंहिता :

उरःशूलं पार्श्वशूलं पृष्ठस्तम्भश्च जायते । आटोप्यतेऽस्योदरं च शिरश्चास्यातिमन्थ्यते ॥
उरोऽभिघातात्पार्श्वे च गृह्येते इव देहिनः । कफः प्रकासमानस्य ससंरम्भः प्रवर्तते ॥
प्रततं कासमानस्य मूत्रं वातो रुणद्धि हि । इत्येभिर्लक्षणैर्विद्याद्वातकासं शरीरिणाम् ॥

छाती दुख्नु, कोखा दुख्नु, ढाड लाटो हुनु, पेट फुल्नु, टाउको मडारिनु, छाती र कोखामा घाउ भएको जस्तो आभास हुनु, कफ आएमा बेगले आउने र धेरै खोकी लाग्दा वायुले पिसाब रोक्ने : यी लक्षण वातजन्य खोकीका लक्षणहरू हुन् ।

मारुतात्कासते शुष्कं शूकपूर्णगलो यथा ॥
निष्ठीवति च शुष्कं च तत्र मुक्ते न कासते । प्रताम्येत्कासमानस्य हृदयं चावकृष्यते ॥
पार्श्वे च रुजतोऽत्यर्थं श्वासेन च विकूजति । शङ्खयोर्जायते शूलं तालुशोषस्तथैव च ॥
श्यावे नेत्रे च वीक्ष्येते स्वरो वर्णश्च भिद्यते । विशेषाद्रिक्तकोष्ठश्च कासते वातपीडितः ॥

सुक्खा खोकी लाग्नु, घाँटीमा टुँडो बिझेजस्तो हुनु, सुक्खा कफ निस्कनु, कफ निस्केपछि खोकी बन्दन हुनु, सासको गति कमजोर हुनु, छाती तानिएको महशूष हुनु, कोखा दुख्नु, घरघर हुनु वा पेट कराउनु, कञ्चट दुख्नु, तालु सुक्नु, आँखा काला देखिनु, स्वर र वर्ण बिग्रनु र विशेषगरी छाती खाली भएजस्तो भान हुनु : यी वातजन्य खोकीका लक्षणहरू हुन् ।

(ङ) रसरत्नाकर :

वातान् हृच्छङ्खयोः शूलं मूर्ध्निपार्श्वोदरेऽपि च । क्षामाननं बलं क्षीणं भिन्नकांस्यस्वरस्तथा ॥

छाती, कञ्चट, टाउको, कोख र पेट दुख्ने; मुख मलीन हुने, बल घट्ने तथा फुटेका काँसका भाँडा बझेको जस्तो स्वर निस्कने खालको खोकीलाई वातविकारजन्य खोकी भनिन्छ ।

(च) हारीत संहिता :

क्षीणेन्द्रियः पार्श्वरुजोऽतिवेगः शूलावृतो वा गलके च बद्धः ।
निद्राकृतिर्भिन्नरवो मनुष्यो वातेन कासस्य भवेत्प्रकाशः ॥

इन्द्रिय क्षीण हुनु, कोखा दुख्नु, खोकीको कडा वेग हुनु, शूल हुनु (दुख्नु), घाँटी अवरुद्ध हुनु, निद्रा लागिरहेको जस्तो हुनु र स्वर बस्नु : यी वातविकारजन्य खोकीका लक्षण हुन् ।

वातविकारजन्य खोकीको प्रारम्भिक उपचार

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

केवलानिलजं कासं स्नेहैरादावुपाचरेत् । वातघ्नसिद्धैः स्निग्धैश्च पेयायूषरसादिभिः ॥
लेहैर्धूमैस्तथाभ्यङ्गैः स्वेदसेकावगाहनैः ।

वातविकारजन्य खोकीमा पहिले वातविकार नाश गर्ने पदार्थको काँडापानी र धूलो हालेर पकाइएको चिल्लोले उपचार गर्नू तथा चिल्लोयुक्त पेया, यूष एवं मासुको रस तथा सापातको रससँग खाना खान दिनू । तिनलाई वातविकार नाशक ओखती हालेको चटनी, धूमपान, मालिस, पसिना निकाल्ने कार्य, सेचन र जलमा बसाउने कार्यको प्रयोग गर्नू ।

(ख) चरक संहिता :

वातघ्नसिद्धैः स्नेहाद्यैर्धूमैर्लेहैश्च युक्तितः । अभ्यङ्गैः परिषेकैश्च स्निग्धैः स्वेदैश्च बुद्धिमान् ॥

वातनाशक पदार्थ हाली पकाइएको चिल्लो, धूमपान, चटनी, मालिस, सेचन र चिल्लो सहितको सेकाइ जुक्ति लगाएर प्रयोग गर्नुपर्दछ ।

बस्तिभिर्बद्धविड्वातं शुष्कोर्ध्वं चौर्ध्वभक्तिकैः । घृतैः सपित्तं सकफं जयेत् स्नेहविरेचनैः ॥

जुन् रोगीको दिसा रोकिएको छ वा जसको दिसा अति साह्रो छ वा जसको पेटमा हावा रोकिएको छ उसलाई बस्ति दिनू । जसको दिसा सुक्खा छ र वायुमाथितिर सर्ने गर्दछ उसलाई खाना पछि घिउ पिउन दिनु पर्दछ । यदि वातजन्य खोकीमा कफ पनि मिसिएको छ भने उसलाई चिल्लो सहितको विरेचन दिएर रोगलाई जित्नु पर्दछ ।

(ग) चरक संहिता, वङ्गसेन आयुर्वेद :

रूक्षस्यानिलजं कासमादौ स्नेहैरुपाचरेत् । सर्पिर्भिर्बस्तिभिः पेया क्षीरयूषरसादिभिः ॥

रुखो शरीर हुने मानिसलाई **वातजन्य खोकी लाग्दा** पहिले चिल्लो खुवाउने आदि जस्ता उपचार गर्नुपर्दछ । घिउ पिउन दिने, बस्ति दिने तथा पेया, दूध, मासुको रस आदि रसको प्रयोग गर्नुपर्दछ ।

(घ) रसरत्नाकर :

केवलानिलजं कासं स्नेहैर्वा समुपाचरेत् । लेहेर्यूषैस्तथाभ्यङ्गैः स्नेहसेकावगाहनैः ॥

बस्तिभिरूर्द्ध्वविड्घातं सपित्तं चोर्द्ध्वभक्तिकैः । घृतैः क्षीरैश्च सकलं जयेत्स्नेहविरेचनम्॥

वातजन्य खोकीको मात्र चिल्लोको प्रयोग गरी उपचार गर्नू । चटनी, सुप, मालिस, चिल्लो, सेक्ने कार्य र अवगाहन (ओखती पानीमा बसाउने कार्य) को प्रयोग गर्नू । वातजन्य खोकीमा यदि दिसा रोकिए अथवा अपानवायु अवरुद्ध भए अनुवासन एवं निरूहण वस्तिको प्रयोग गर्नू । घिउ, दूध र चिल्लोयुक्त ओखती खुवाएर दिसा लगाउँदै सबै खालका खोकीको उपचार गर्नू ।

(ङ) सुश्रुत संहिता :

विरेचनं स्नैहिकमत्र चोक्तमास्थापनं चाप्यनुवासनं च ।
धूमं पिबेत् स्नैहिकमप्रमत्तः पिबेत् सुखोष्णं घृतमेव चात्र॥
हिता यवाग्वश्च रसेषु सिद्धाः पयांसि लेह्वाः सघृतास्तथैव ।

वातजन्य खोकीमा अँडिरको तेल आदि हालेर चिल्लो विरेचन दिनू । आस्थापन र अनुवासन वस्ति दिनू । अल्छी नगरी चिल्लोयुक्त धूमपान गर्नू । मनतातो घिउ खानू । मासुको रस हालेर पकाइएको यवागू तथा वातनाशक ओखती हालेर पकाइएको दूध, घिउ वा चटनी पनि खान उपयुक्त हुन्छ ।

उपचार
कचूर आदिको प्रयोग

(क) चरक संहिता : शट्यादिकल्क

शटीनागरकोदीच्यकल्कं वा वस्त्रगालितम् । पाययेत घृतोन्मिश्रं वातकासनिबर्हणम् ॥

<u>वातजन्य खोकीमा</u> कचूर, सुठो र सुगन्धवालको धूलो कपडछान गरेर (६ रत्तीदेखि १.५ मासासम्म) घिउमा मिसाएर रोगीलाई खुवाउनू ।

(ख) भैषज्य रत्नावली, रसरत्नाकर :

शठीश्रृङ्गीकणाभार्ङ्गीगुडवारिदयासकैः । सतैलैर्वातकासघ्नो लेह्योऽयमपराजितः ॥
(गुडतैलाभ्यां लेहः) ।

कचूर, कर्कटश्रृङ्गी, पिप्ला, चिन्डे, नागरमोथे र दुरालभाको धूलो मिसाएर सक्खर र तेलसँग खानाले **<u>वातजन्य खोकी</u>** पराजित हुन्छ ।

(ग) वङ्गसेन आयुर्वेद :

शण्ठीश्रृङ्गीकणाभार्ङ्गीगुडवारिदवासकैः । सतैलैर्वातकासघ्नैर्लेहोयमपराजितः ॥

कचूर, कर्कटश्रृङ्गी, पिप्ला, चिन्डे, सक्खर, नागरमोथे र असुरो मिसाई पिसेर तेल मिसाई खानाले **<u>वातजन्य खोकी</u>** पराजित हुन्छ ।

कण्टकारी आदिको प्रयोग

(क) चरक संहिता : कण्टकारीघृतम्

कण्टकारीगुडूचीभ्यां पृथक् त्रिंशत्पलाद्रसः । प्रस्थः सिद्धाद् घृताद्वातकासनुद्वह्निदीपनः ॥

कण्टकारी ३० पल र गुर्जो ३० पल ४८० पल पानीमा हालेर पकाउनू । १२० पल पानी बाँकी भएपछिको यो घिउले **वातजन्य खोकी** नाश गर्दछ । यसले पाचक-अग्निलाई पनि बाल्दछ । (यो घिउ आधा तोलाका दरले खाने गर्नू ।) ।

कर्कटश्रृङ्गी आदिको प्रयोग

(क) चक्रदत्त : श्रृङ्ग्यादिलेहः

श्रृङ्गीशटीकणाभार्ङ्गीगुडवारिदयासकैः । सतैलैर्वातकासघ्नो लेहोऽयमपराजितः ॥

कर्कटश्रृङ्गी, कचूर, पिप्ला, चिण्डे, सक्खर, मोथे र दुरालभा पिसी तेल मिसाएर चाट्ने गर्नाले वातजन्य खोकी नाश नाश हुन्छ ।

कुरिलो आदिको प्रयोग

(क) हारीत संहिता :

शतमूलिकाक्वथितः कषायः पीतः कणाचूर्णयुतः सुखोष्णः ।
नृणां निहन्यान्मरुतोद्भवं तु कासं सशूलं च विपाचनं स्यात्॥

ठूलो जातको कुरिलोको काँढापानी पकाएर त्यसमा पिप्लाको धूलो मिसाई मनतातो पिउने गर्नाले मानिसलाई हुने **वातविकारजन्य पीडा सहितको खोकी** नाश हुन्छ वा पाक्दछ ।

खयर आदिको प्रयोग

(क) चरक संहिता :

पिबेत्खदिरसारं वा मदिरादधिमस्तुभिः ।

अथवा (वातजन्य खोकीमा) कत्थाको धूलोलाई मदिरा, दही वा दहीको पानीसँग खाने गर्नू ।

गुर्जो आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

गुडूचीकण्टकारीभ्यां पृथक् त्रिंशत्पलाद्रसे॥ प्रस्थः सिद्धो घृताद्वातकासनुद्वह्निदीपनः ।

तीस पल गुर्जोको रस, तीस पल कण्टकारीको रस र एक प्रस्थ घिउ मिसाएर पकाउनू । पाकेपछि खुवाउनू वा चटाउनू । यसले **वातविकारजन्य खोकी** नाश गर्दछ तथा पाचक-अग्निलाई बाल्दछ ।

चितु आदिको प्रयोग

(क) चरक संहिता, चित्रकादिलेह :

चित्रकं पिप्पलीमूलं व्योषं हिङ्गु दुरालभाम् । शटीं पुष्करमूलं च श्रेयसीं सुरसां वचाम्म्॥
भार्गीं छिन्नरुहां रास्नां शृङ्गीं द्राक्षां च कार्षिकान् ।
कल्कान् निदिग्ध्यर्धं तुलां निष्क्वाथ्य पलविंशतिम्॥
दत्त्वा मत्स्यण्डिकायाश्च घृताच्च कुडवं पचेत् । सिद्धं शीतं पृथक् क्षौद्रपिप्पलीकुडवान्वितम्॥
चतुष्पलं तुगाक्षीर्याश्चूर्णितं तत्र दापयेत् । लेहयेत्कासहृद्रोगश्वासगुल्मनिवारणम्॥

चितु, पिप्लाको जरा, सुठो, कालो मरिच, पिप्ला, हिङ, दुरालभा, कचूर, पुष्करमूल, गजपिप्ला, तुलसी, बोझो, चिन्डे, गुर्जो, फ्याक्सेकन्द, कर्कटश्रृङ्गी र मुनक्का एक एक कर्ष लिनू । कण्टकारी आधा तुला (५० पल) लाई एक द्रोण (२५६ पल) पानीमा हालेर पकाउनू । पानी सुकेर ६४ पल बाँकी भएपछि झिकेर छान्नू । त्यसपछि २० पल मत्स्यण्डिका हालेर घोल्नू । घिउ २ कुडव हालेर पुनः पकाउन थाल्नू । जब लदरो हुन थाल्दछ तब पहिले बताइएको चितु आदिको धूलो हाली राम्ररी घोलेर निकाल्नू । सेलाएपछि २ कुडव मह, १ कुडव पिप्लाको धूलो र ४ पल वंशलोचन मिसाउनू । यो चटनी खाने गर्नाले (वातजन्य) खोकी, मुटुका रोग, दम र गुल्मरोग नाश हुन्छ । (मात्रा-आधा तोला) ।

(ख) वङ्गसेन आयुर्वेद : कण्टकार्यावलेह

चित्रकं पिप्पलीमूलं व्योषं मुस्तं दुरालभाम् । शठी पुष्करमूलञ्च श्रेयसी सुरसा वचा॥
भार्ङ्गी छिन्नरुहा रास्ना कर्कटाख्या च कार्षिकान् । कलकान्निदग्धिकार्धस्य कषाये पलविंशति॥
मत्स्यण्डिकाया दत्त्वा तु सर्पिषः कुडवं पचेत् । सिद्धशीते पृथक् क्षौद्रपिप्पली कुडवान्वितम्॥
चतुष्पलं तु गोक्षीर्य्याः चूर्णितं तत्र दापयेत् । लेहयेत्कासहृद्रोगश्वासगुल्मनिवारणम्॥

चितु, पिप्लाको जरा, त्रिकटु, नागरमोथे, दुरालभा, कचूर, पुष्करमूल, गजपिप्पली, तुलसी, बोझो, चिन्डे, गुर्जो, फ्याक्सेकन्द र कर्कटशृङ्गी : एक एक तोला लिनू । पिसेर कण्टकारीको रसको पचास पल काँढापानीमा मिसाउनू । मिश्रीको धूलो ८० तोला र घिउ १६ तोला हालेर पकाउनू । पाकेपछि झिकेर सेलाउन दिनू । सेलाएपछि मह १६ तोला र पिप्लाको धूलो १६ तोला मिसाउनू । त्यसपछि वंशलोचन १६ तोला मिसाउनू । यो अवलेह खाने गर्नाले **खोकी (वातजन्य)**, मुटुका रोग, दम र गुल्मरोग नाश हुन्छ ।

चिन्डे आदिको प्रयोग

(क) चक्रदत्त : भाङ्गर्यादिलेहः

भार्ङ्गीद्राक्षाशटीशृङ्गीपिप्पलीविश्वभेषजैः । गुडतैलयुतो लेहो हितो मारुतकासिनाम्॥

चिण्डे, दाख, कचूर, कर्कटश्रृङ्गी, पिप्ला र सुठोको धूलोमा सक्खर र तेल मिसाएर खाने गर्नाले **वातजन्य खोकी**का रोगीलाई फाइदा गर्दछ ।

(ख) रसरत्नाकर, वङ्गसेन आयुर्वेद :

भार्ङ्गीद्राक्षाशठीश्रृङ्गीपिप्पलीविश्वभेषजैः । गुडतैलयुतो लेहो हितो मारुतकासिनाम्॥

चिन्डे, दाख, कचूर, कर्कटश्रृङ्गी, पिप्ला र सुठो मिसाएर पिसी धूलो बनाएर त्यसमा सक्खर र तेल मिसाएर खाने गर्नाले **वातजन्य खोकी**मा फाइदा गर्दछ ।

(ग) वङ्गसेन आयुर्वेद : भाङ्गर्यादिघृत

भार्ङ्गीकल्कैर्घृतञ्चाथ पचेदध्निचतुर्गुणे । भार्ङ्गीरसं द्विगुणितं वातकासहरं परम्॥

चिन्डेको धूलो, त्यसको चौबर घिउ र चिन्डेकै रस दुई गुना तथा घिउ एक भाग हाली विधिपूर्वक घिउ पकाउनू । यो घिउले **वातजन्य खोकी** नाश गर्दछ ।

(घ) हारीत संहिता :

भार्ङ्गी शठीगोस्तनीशृङ्गवेरशृङ्गीकणाचूर्णयुतोऽवलेहः ।
गुडेन तैलेन हितो नराणां मरुद्भवकासविकारनाशनः॥

चिण्डे, कचूर, दाख, अदुवा, कर्कटशृङ्गी र पिप्लाको धूलो सक्खर र तेलमा हाली चटनी बनाएर चाट्नाले **वातविकारजन्य खोकी** नाश हुन्छ ।

जवाखार आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

क्षाररास्नावचाहिङ्गुपाठायष्ट्याह्वधान्यकैः ॥ द्विशाणैः सर्पिषः प्रस्थः पञ्चकोलयुतैः पचेत् ।
दशमूलस्य निर्यूहे पीतो मण्डानुपायिना ॥ स कासश्वासहृत्पार्श्वग्रहणीरोगगुल्मनुत् ।

जवाखार, फ्याक्सेकन्द, बोझो, हिङ, गानेगुर्जो, जेठीमधु, धनियाँ, पिप्ला, पिप्लाको जरा, चाभो, चितू र सुठो आधा आधा तोला जम्मा पारी धूलो बनाउनू । त्यसपछि ६४ तोला गाईको घिउ तथा यसको चौबर दशमूलको काँढापानी मिसाएर पकाउनू । पाकेपछि पिउन दिनू । यसको अनुपानमा मण्ड पिउन दिनू । यो घिउले **(वातजन्य) खोकी**, दम, मुटुका रोग, कोखका शूल, ग्रहणी र गुल्म नाश गर्दछ ।

(ख) चरक संहिता : द्विक्षारादिचूर्ण

द्वौ क्षारौ पञ्चकोलानि पञ्चैव लवणानि च ॥

वातजन्य खोकी नाश गर्नका लागि जवाखार, सज्जिखार, पञ्चकोल (पिप्ला, पिप्लाको जरा, चाभो, चितू र सुठो) र पञ्चलवण (सिँधेनुन, सौँचरनुन, बिरेनुन, माटेनुन र समुद्रीनुन) बराबर मिसाएर (१.५ मासाका दरले) घिउमा मिसाएर रोगीलाई खुवाउनू ।

ज्वानु आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

यवानी पिप्पली बिल्वमध्यनागरचित्रकैः । रास्नाऽजाजीपृथक्पर्णीपलाशशठिपौष्करैः ॥
सिद्धां स्निग्धाम्ललवणां पेयामनिलजे पिबेत् । कटीहृत्पार्श्वकोष्ठार्तिश्वासहिध्माप्रणाशनीम् ॥

ज्वानु, पिप्ला, काँचो बेलको गुदी, सुठो, चितू, फ्याक्सेकन्द, जीरा, सतिबयर, पलाँशका बीज, कचूर र पुष्करमूलको काँढापानी हालेर पकाइएको घिउ आदि चिल्लो तथा दारिम आदि अमिलो र सिँधेनुन मिसाइएको पेया **वातविकारजन्य खोकी**मा पिउनू । यो पेयाले कम्मर, मुटु, कोख र पेटको रोग तथा दम र बाडुली रोग पनि नाश गर्दछ ।

(ख) चरक संहिता :

यवानीपिप्पलीबिल्वमध्यनागरचित्रकैः । रास्नाजाजीपृथक्पर्णीपलाशशटिपौष्करैः ॥
स्निग्धाम्ललवणां सिद्धां पेयामनिलजे पिबेत् । कटीहृत्पार्श्वकोष्ठार्तिश्वासहिक्काप्रणाशिनीम् ॥

ज्वानु, पिप्ला, काँचो बेलको गुदी, कचूर, चितू, पुष्करमूल, फ्याक्सेकन्द, सेतो जीरा, पृश्निपर्णी, पलाश रूखका बोक्रा र सुठो को धूलो हाली पकाइएको मार्सी आदि चामलको पेया जुन् घिउ आदि हालेर चिल्लो बनाइएको, अनारको रस आदि हाली अमिलो पारिएको र नुन हालिएको हुन्छ त्यो **वातविकारजन्य खोकी**का रोगीले पिउनू । यसले कम्मरको दुखाई, मुटुको दुखाई, कोखाको दुखाई, पेटको दुखाई, दम र बाडुली रोग समेत नाश गर्दछ ।

त्रिकटु आदिको प्रयोग

(क) चरक संहिता : त्र्यूषणाद्यं घृतम्

त्र्यूषणं त्रिफलां द्राक्षां काश्मर्याणि परूषकम् । द्वे पाठे देवदार्वृद्धिं स्वगुप्तां चित्रकं शटीम् ॥
व्याघ्रीं तामलकीं मेदां काकनासां शतावरीम् । त्रिकण्टकं विदारीं च पिष्ट्वा कर्षसमं घृतात् ॥
प्रस्थं चतुर्गुणक्षीरे सिद्धं कासहरं पिबेत् । ज्वरगुल्मारुचिप्लीहशिरोहृत्पार्श्वशूलनुत् ॥
कामलार्शोऽनिलाष्ठीलाक्षतशोषक्षयापहम् । त्र्यूषणाद्यं तु विख्यातमेतद् घृतमनुत्तमम् ॥

त्रिकटु, त्रिफला, दाख, खमारीको फल, फाल्सा, दुई थरी गुन्दरगानु, देवदार, ऋद्धि, काउसो, चितू, कचूर, कण्टकारी, भुइँअमला, मेदा, कौवाठोरी, कुरिलो, ओदानेकाँडो र बिरालेहरोको कन्दको धूलो एक एक कर्ष गाईको घिउ दुई प्रस्थ र गाईको दूध आठ प्रस्थमा हाली विधिपूर्वक घिउ पकाउनू । यो घिउ खानाले **(वातजन्य) खोकी** नाश हुन्छ । जरो, गुल्म, अरुचि, फियोका रोग, टाउको दुख्ने रोग, मुटु दुख्ने रोग, कोखाको शूल, कमलपित्त, हर्सा, वाताष्ठीला, उरःक्षत, सुकेनास र क्षयरोग नाश गर्नमा पनि यो घिउ सर्वश्रेष्ठ भनी प्रसिद्ध छ । (आधुनिक मात्रा आधा तोला) ।

दशमूल आदिको प्रयोग

(ख) चरक संहिता :

दशमूलरसे तद्वत्पञ्चकोलगुडान्विताम् । सिद्धां समतिलां दद्यात्क्षीरि वाऽपि ससैन्धवाम्॥

<u>वातजन्य खोकी रोगीलाई</u> दशमूलको काँढापानीमा विधिपूर्वक पेया बनाएर त्यसमा पिप्ला, पिप्लाको जरा, चाँवो, चितू र सुठोको धूलो एवं सक्खर हाली रोगीलाई पिउन दिनू । अथवा बराबर मात्रामा तिल र मार्सी चामल (वा सठिया चामल) दूधमा पकाएर त्यो खीर रोगीलाई खुवाउनू । अथवा बराबर मात्रामा तिल र चामल एवं सिँधेनुन हाली पेया बनाएर रोगीलाई खुवाउनू ।

अगस्त्यहरीतकी

दशमूलीं स्वयङ्गुप्तां शङ्खपुष्पीं शटीं बलाम् । हस्तिपिप्पल्यपामार्गपिप्पलीमूलचित्रकान्॥
भार्गीं पुष्करमूलं च द्विपलांशं यवाढकम् । हरीतकीशतं चैकं जले पञ्चाढके पचेत्॥
यवे स्विन्ने कषायं तं पूतं तच्चाभयाशतम् । पचेद् गुडतुलां दत्त्वा कुडवं च पृथग्घृतात्॥
तैलात्सपिप्पलीचूर्णात्सिद्धशीते च माक्षिकात् । लिह्याद् द्वे चाभये नित्यमतः खादेद्रसायनात्॥
तद्वलीपलितं हन्ति वर्णायुर्बलवर्धनम् । पञ्च कासान् क्षयं श्वासं हिक्कां च विषमज्वरम्॥
हन्यात्तथाऽर्शोग्रहणीहृद्रोगारुचिपीनसान् । अगस्त्यविहितं श्रेष्ठं रसायनमिदं शुभम्॥

दशमूल, काउसोका बीज, शङ्खपुष्पी, कचूर, बलुको जरा, गजपिप्ला, दतिवन, पिप्लाको जरा, चितू, चिन्डे र पुष्करमूल दुई दुई पल लिनू । जौ एक आढक र उत्तम खालका हर्रो सय वटा लिनू । यी सबैलाई खुकुलो तरिकाले कपडामा पोको पारेर १० आढक पानीमा हाली पकाउनू । जौ गलेपछि झिकेर कपडछान गर्नू । छानिएको काँढापानीमा पुरानो सक्खर एक तुला, तिलको तेल २ कुडव र उसिनेका तिनै हर्रो बीज निकाली हालेर पकाउनू । पाकेपछि झिक्नू । सेलाएपछि पिप्लाको धूलो ४ पल र मह ८ पल मिसाउनू । यो चटनी चाटी दिनहुँ यिनै हर्रो मध्येबाट दुई वटा हर्रो खाने गर्नू । (पाका वैद्यजन पहिले हर्रोलाई घिउ वा तेलमा भुट्ने गर्दछन् । मात्रा-चटनी १ तोला र हर्रो १ तोला) । यो चटनी रसायन हो । यसले उमेर नपुगी छाला चाउरी पर्ने र कपाल फुल्ने रोग नाश गर्दछ । वर्ण र बललाई बढाउँदछ । अगस्त्य मुनिले बताएको यो शुभ र उत्तम रसायन खाने गर्नाले पाँच प्रकारका खोकी, दम, बाडुली, विषमज्वर, हर्सा, ग्रहणी, मुटुका रोग, अरुचि र पिनासलाई नाश गर्दछ । कसैकसैले हर्रोमा टाँसिएको चटनी पहिले चाटेर पछि त्यही हर्रो खाने भनी अर्थ लगाएको पाइन्छ) ।

(ख) भावप्रकाश संहिता :

दशमूलीकृता श्वासकासहिक्कारुजापहा । यवागूर्दीपनी वृष्या वातरोगविनाशिनी॥

दशमूल हालेर बनाइएको यवागू दीपनी हुन्छ । यसले दम, **(वातजन्य) खोकी** र बाडुलीरोग नाश गर्दछ । साथै यो वीर्यवर्धक एवं **वातविकार नाशगर्ने** गुणको पनि हुन्छ ।

(ग) वङ्गसेन आयुर्वेद :

दशमूलीश्रृता कासश्वासहिक्कारुजापहा । यवागूर्दीपनी वृष्या वातरोग विनाशिनी ॥

दशमूलको काँढापानी हालेर बनाइएको पेया वा खोले खाने गर्नाले **(वातजन्य) खोकी**, दम र बाडुली तथा **वातरोग** नाश गर्दछ ।

दशमूलादि घृत

दशमूलीकषायेण भार्ङ्गीकल्कैर्घृतं पचेत् । दक्षतित्तिरनिर्यूहे तत्परं वातकासनुत् ॥

दशमूलको काँढापानी, चिन्डेको धूलो, कुखुराको मासु र तित्राको मासु हालेर विधिपूर्वक घिउ पकाउनू । यो घिउ खाने गर्नाले **वातजन्य खोकी** नाश हुन्छ ।

दाख आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

द्रोणेऽपां साधयेद्द्राक्षादशमूलशतावरीः॥
पलोन्मिता द्विकुडवं कुलत्थं बदरं यवम्। तुलार्धं चाजमांसस्य तेन साध्यं घृताढकम्॥
समक्षीरं पलांशैश्च जीवनीयैः समीक्ष्य तत्। प्रयुक्तं वातरोगेषु पाननावनवस्तिभिः॥
पञ्चकासान् शिरःकम्पं योनिवङ्क्षणवेदनाम्। सर्वाङ्गैकाङ्गरोगांश्च सप्लीहोर्ध्वानिलाञ्जयेत्॥

दाख, दशमूलका दश थरी ओखती र कुरिलो एक-एक पल; गहत, बयर र जौ दुई-दुई कुडव; बोकाको मासु पचास पल, गाईको घिउ एक आढक, गाईको दूध एक आढक, जीवनीय गणका दश थरी ओखती एक-एक पल मिसाएर घिउ पकाउनू। आवश्यकता अनुसार **वातरोग**मा यसलाई पिउन, नस हाल्न र वस्ति दिन प्रयोग गर्नू। यो घिउले **पाँच प्रकारका खोकी**, टाउको काम्ने रोग, स्त्री जननेन्द्रियमा हुने पीडा, कण्डेउलोमा हुने पीडा, सबै अङ्गमा घुसेको **वातरोग**, फियोका रोग तथा डकार आदि रोग नाश गर्दछ।

धूमपान

(क) चरक संहिता :

शिरसः पीडने स्रावे नासाया हृदि ताम्यति । कासप्रतिश्यायवतां धूमं वैद्यः प्रयोजयेत्॥

टाउको भारी हुने र दुख्ने, नाकबाट पानी बगिरहने तथा छातीमा बेचैन हुने खालका खोकी र पिनासका रोगीलाई वैद्यले ओखतीयुक्त धूमपान गराउनू ।

धूमपान विधि

दशाङ्गुलोन्मितां नाडीमथवाऽष्टाङ्गुलोन्मिताम् । शरावसम्पुटच्छिद्रे कृत्वा जिह्मां विचक्षणः ॥
वैरेचनं मुखेनैव कासवान् धूममापिबेत् । तमुरः केवलं प्राप्तं मुखेनैवोद्वमेत्पुनः ॥
स ह्यस्य तैक्ष्ण्याद्विच्छेद्य श्लेष्माणमुरसि स्थितम् । निष्कृष्य शमयेत्कासं वातश्लेष्मसमुद्भवम्॥

एउटा माटाको भाँडामा आगो र धूमपान गर्ने ओखती हाल्नू । अर्को प्वाल भएको माटाको भाँडाले छोप्नू । प्वालबाट १० अमल वा ८ अमल लामो पाइप अलि छड्के हुनेगरी छिराउनू । रोगीले मुखले नै छातीको कफ बाहिर निकाल्ने खालको यस्तो धूमपान तान्ने गर्नू । धुवाँ फोक्सोमा पुगेपछि मुखबाट नै धुवाँ बाहिर निकाल्नू । यो ओखती बालिएको धुवाँमा हुने तिक्खरताले गर्दा कफलाई कोतरेर छातीबाट बाहिर निकाल्दछ र वात-कफजन्य खोकीलाई शान्त पार्दछ ।

(सुल्फामा हालेर तान्ने विधि मिलेको देखिँदैन) ।

मनःशिलादि धूम

मनःशिलालमधुकमांसीमुस्तेङ्गुदैः पिबेत् । धूमं तस्यानु च क्षीरं सुखोष्णं सगुडं पिबेत्॥
एष कासान् पृथग्दोषसन्निपातसमुद्भवान् । धूमो हन्यादसंसिद्धानन्यैर्योगशतैरपि ॥

मनशिला, हरिताल, जेठीमधु, जटामसी, नागरमोथे र चिउली मिसाएर विधिपूर्वक धूमपान गर्नू । धूमपान गरेपछि लगत्तै मनतातो दूधमा सक्खर घोलेर पिउनू । यसरी धूमपान गर्नाले अन्य सैयौं उपाय गर्दापनि ठिक नभएका वातजन्य, पित्तजन्य, कफजन्य र त्रिदोषजन्य खोकीलाई नाश गर्दछ ।

प्रपौण्डरीकाद्य धूमवर्ति

प्रपौण्डरीकं मधुकं शार्ङ्गेष्टां समनःशिलाम् । मरिचं पिप्पलीं द्राक्षामेलां सुरसमञ्जरीम्॥
कृत्वा वर्तिं पिबेद्धूमं क्षौमचैलानुवर्तिताम् । घृताक्तामनु च क्षीरं गुडोदकमथापि वा ॥

धूपीविशेष, जेठीमधु, महाकरञ्ज, मनशिला, कालो मरिच, पिप्ला, मुनक्का, सुकुमेल र तुलसीको मञ्जरी पिसी लेदो बनाएर सनपाटको कपडामा लिप्नू । सुकेपछि बत्ती बनाउनू । यो बत्तीलाई घिउमा चोपेर

धूमपान गर्नू । धूमपान पछि दूध वा सक्खरको शर्बत पिउनू ।

मनःशिलादिधूमवर्ति

मनःशिलैलामरिचक्षाराञ्जनकुटन्नटैः । वंशलोचनसेव्यालक्षौमालक्तकरोहिषैः ॥
पूर्वकल्पेन धूमोऽयं सानुपानो विधीयते ।

मैनशिला, सुकुमेल, कालो मरिच, जवाखार, रसाञ्जन, मोथेविशेष, वंशलोचन, खस, हरिताल, सनपाट, लाहा र गन्धेझार पिसी सनपाटको कपडामा दल्नू । सुकाउनू । सुकेपछि घिउमा भिजाई बत्ती बनाएर धूमपान गर्नू । धूमपान गरेपछि दूध वा सक्खरको शर्बत पिउनू ।

आलं मनःशिला तद्वत्पिप्पलीनागरैः सह ॥

हरिताल, मनशिला, पिप्ला र सुठोको पनि माथि बताइए जसरी नै धूमपान गर्नू ।

इङ्गुदीत्वगादिधूम

त्वगैङ्गुदी बृहत्यौ द्वे तालमूली मनःशिला । कार्पासास्थ्यश्वगन्धा च धूमः कासविनाशनः ॥

चिउलीका फलका बोक्रा, कण्टकारी, बिहीँ, मुसलिकन्द, मनशिला, कपासका बीज र अश्वगन्धा मिसाएर गरिने धूमपानले (वातजन्य) खोकी नाश गर्दछ ।

पञ्चमूल आदिको प्रयोग

(क) चक्रदत्त, रसरत्नाकर, वङ्गसेन आयुर्वेद :

पञ्चमूलीकृतः क्वाथः पिप्लीचूर्णसंयुतः । रसान्नमश्नुतो नित्यं वातकासमुदस्यति ॥११॥

लघू पञ्चमूलको काँढापानीमा पिप्लाको धूलो हालेर पिउनू र मासुको रससँग खाना खाने गर्नू । यसो गर्नाले **वातजन्य खोकी** ठिक हुन्छ ।

पारो आदिको प्रयोग

(क) रसरत्नाकर : भूताङ्कुशरसः

शुद्धसूतस्य भागैकं द्विभागं शुद्धगन्धकम् । भागद्वयं मृतं ताम्रं मरिचं दशभागकम् ॥
मृताभ्रस्य चतुर्भागं भागमेकं विषं क्षिपेत् । भूताङ्कुशस्य भागैकं सर्वमम्लेन भापयेत् ॥
योऽयं भूताङ्कुशो नाम यामैकं वातकासजित् । अनुपानं लिहेत्क्षौद्र विभीतकफत्वचम् ॥

शुद्ध पारो एक भाग, शुद्ध गन्धक दुई भाग, ताम्रभस्म दुई भाग, कालोमरिच दश भाग, अभ्रखभस्म चार भाग, वत्सनाभ एक भाग र भूताङ्कुश रस एक भाग लिनू । सबै मिसाएर एक प्रहरसम्म कागतीको रसमा घोट्नू र एक एक मासाका गोली बनाउनू । यो ओखती एक एक गोली खाने गर्नाले वातजन्य खोकी नाश हुन्छ । यो ओखती खाएपछि बर्रोको बोक्रा पिसी मह मिसाएर चाट्ने गर्नू ।

पिप्ला आदिको प्रयोग

(क) चरक संहिता : पिप्पल्यादिघृतम्

पिप्पलीपिप्पलीमूलचव्यचित्रकनागरैः । धान्यपाठावचारास्नायष्ट्याह्वक्षारहिङ्गुभिः ॥
कोलमात्रैर्घृतप्रस्थाद्दशमूलीरसाढके । सिद्धाच्चतुर्थिकां पीत्वा पेयामण्डं पिबेद्नु ॥
तच्छ्वासकासहृत्पार्श्वग्रहणीदोषगुल्मनुत् । पिप्पल्याद्यं घृतं चैतदात्रेयेण प्रकीर्तितम् ॥

पिप्ला, पिप्लाको जरा, चाभो, चितू, सुठो, धनियाँ, गुन्दरगानु, बोझो, फ्याक्सेकन्द, जेठीमधु, जवाखार र हिङ एक एक कोल लिनू । एक प्रस्थ घिउ र दशमूलको काँढापानी एक आढक लिनू । सबै मिसाएर विधिपूर्वक घिउ पकाउनू । यो घिउ एक पल खाएर रोगीले पेयाको मण्ड पिउनू । यो आत्रेयले बताएको पिप्पलाद्यघृत खाने गर्नाले दम, **(वातजन्य) खोकी**, मुटुका रोग, कोखाको शूल, ग्रहणी रोग र गुल्म रोग नाश गर्दछ । (आधुनिक मात्रा आधा तोला) ।

अथवा पिप्पलीकल्कं घृतभृष्टं ससैन्धवम् ॥

अथवा (वातजन्य खोकीमा) पिप्लाको लेदो घिउमा भुटेर अलिकति सिँधेनुनन मिसाई उल्लेखित मदिरा, दही वा दहीको पानीसँग खानू ।

फ्याक्सेकन्द आदिको प्रयोग

(क) चरक संहिता, वङ्गसेन आयुर्वेद : रास्नाद्यघृत

द्रोणेऽपां साधयेद्रास्नां दशमूली शतावरीम् । पलिकां मानिकांशांस्त्रीन्कुलित्थान्वदरान् यवान्॥
तुलार्द्धं राजमाषस्य पादशेषेण तेन तु । घृताढकं समक्षीरं जीवनीयैः पलोन्मितैः ॥
सिद्धं तद्दशभिः कल्कैः नस्यपानानुवासनैः । समीक्ष्य वातरोगेषु यथावस्थं प्रयोजयेत्॥
पञ्चकासाञ्छिरःकम्पं शूलं वंक्षणयोनिजम् । सर्वाङ्गैकाङ्गरोगांश्च सप्लीहोर्ध्वानिलं जयेत्॥

फ्याक्सेकन्द, दशमूल र कुरिलो चार चार तोला; गहत, बयर र जौ १६, १६ तोला तथा राज्मा ५० पल लिनू । सबै मिसाएर एक द्रोण पानीमा पकाउनू । पाक्दै जाँदा एक चौथाई पानी बाँकी भएपछि भिकेर छान्नू । अनि त्यो छानेको रसमा एक आढक घिउ र एक आढक दूध हाल्नू । जीवनीय गणका हरेक ओखती ४, ४ तोला हाल्नू र विधिपूर्वक घिउ पकाउनू । यो घिउ सबै कुरा विचार गरी वातजन्य रोगमा नस्य दिन, पिउन र अनुवासन वस्ति दिन प्रयोग गर्नू । यो घिउले **पाँच प्रकारका खोकी,** शिरकम्प, काछको शूल, स्त्री-जननेन्द्रियको शूल, सवाङ्गशूल र एकाङ्गशूल तथा फियोका रोग र **उद्धर्वगत वातरोग** नाश गर्दछ ।

(ख) रसरत्नाकर : अमृतार्णरसः

रास्नाविडङ्गत्रिफला रसगन्धं कटुत्रयम् । अमृता पद्मकं क्षौद्रं विष तुल्यं सुचूर्णितम्॥
द्विगुञ्जं वातकासार्तः सेवयेदमृतार्णवम्॥

फ्याक्सेकन्द, वायुविडङ्ग, त्रिफला, पारो, गन्धक, त्रिकटु, गुर्जो, पैयुँ वा पिर्रे, मह र वत्सनाभ बराबर मिसाएर धूलो बनाउनू । यो अमृतार्णवरस दुई दुई रत्ती खाने गर्नाले वातजन्य खोकी नाश गर्दछ ।

मासुको रस आदिको प्रयोग

(क) चक्रदत्त, चरक संहिता, रसरत्नाकर :

ग्राम्यानूपौदकैः शालियवगोधूमषष्टिकान् । रसैर्माषात्मगुप्तानां यूषैर्वा भोजयेद्धितान् ॥

<u>**वातविकारजन्य खोकी**</u>मा रोगीलाई ग्रामिण, आनूप र जलजन्तुको मासुको रस अथवा मास वा काउसोको गेडाको सुपसँग मार्सी चामलको भात, गहुँका परिकार र सठिया चामलको भात खुवाउनु हितकर हुन्छ ।

(ख) चरक संहिता :

मात्स्यकौक्कुटवाराहैरामिषैर्वा घृतान्विताम् । सिद्धां ससैन्धवां पेयां वातकासी पिबेन्नरः ॥

अथवा माछा, कुखुरो र सुँगुरको मासुलाई विधिपूर्वक घिउ र सिँधेनुन हालेर पेया बनाई <u>**वातविकारजन्य खोकीले पीडित**</u> मानिसले पिउने गर्नू । (यसका लागि मासु ४ पललाई १२८ पल पानीमा हालेर पकाउनू । पानी घटेर ५४ पल बाँकी भएपछि झिकेर छान्नू । यसले यवागू वा पेया बनाउनू) ।

(ग) भावप्रकाश संहिता :

ग्राम्यानूपौदकैः शालियवगोधूमषष्टिकान् । रसैर्माषात्मगुप्तानां यूषैर्वा भोजयेद्भिषक् ॥
(ग्राम्यानूपौदकैः रसैरित्यन्वयः । आत्मगुप्ता-आल्कुषी इति लोके ।)

<u>**वातजन्य खोकीमा**</u> वैद्यले रोगीलाई ग्रामीण, सीमसार क्षेत्र र जलमा हुने जीवको मासुको रससँग अथवा मास वा काउसोको गेडाको यूषसँग भात, जौ, गहुँ र सठिया चामलको भात खान दिनू ।

रसः कर्कोटकानां वा घृतभृष्टः सनागरः । वातकासप्रशमनः शृङ्गीमत्स्यस्य वा पुनः ॥

गँगटो वा सिङेमाछाको मासुको रस घिउमा भुटी सुठो हालेर पिउनाले <u>**वातजन्य खोकी**</u> नाश हुन्छ ।

(घ) भैषज्य रत्नावली :

ग्राम्यानूपोदकैः शालियवगोधूमषष्टिकान् । रसैर्माषात्मगुप्तानां युषैर्वा भोजयेद्धितान् ॥

<u>**वातजन्य खोकीमा**</u> रोगीलाई ग्रामीण, सीमसार क्षेत्र र जलमा हुने जीवको मासुको रससँग अथवा मास वा काउसोको गेडाको यूषसँग भात, जौ, गहुँ र सठिया चामलको भात खान दिनु हितकर हुन्छ ।

(ङ) वङ्गसेन आयुर्वेद :

ग्राम्यानूपोदकैः शालियवगोधूमषष्टिकान् । रसैर्मांसात्मगुप्तानां यूषैर्वा भोजयेद्धितान् ॥

<u>वातजन्य खोकीमा</u> ग्रामिण, सिमसार क्षेत्र र जलचर जीवजन्तुको मासुको रस, मार्सी चामलको भात, जौ, गहुँ, सठिया चामलको भात, मासुको रस, काउसोको फलको रस वा यूष खानु हितकर हुन्छ ।

रसं कर्कटकानां वा घृतभृष्टं सनागरम् । वातकासप्रशमनं श्रृङ्गीमत्स्यस्य वा पुनः ॥

गँगटाको अथवा सिडेमाछाको मासुको रस घिउमा भुटी सुठो हालेर खाने गर्नाले **<u>वातजन्य खोकी</u>** शान्त हुन्छ ।

वायुविडङ्ग आदिको प्रयोग

(क) चरक संहिता : विडङ्गादिलेह

विडङ्गं सैन्धवं कुष्ठं व्योषं हिङ्गु मनःशिलाम् । मधुसर्पिर्युतं कासहिक्काश्वासं जयेल्लिहन् ॥

वायुविडङ्ग, सिँधेनुन, कूट, त्रिकटु, हिङ र मनशिला बराबर लिई धूलो बनाएर मह र घिउसँग चाट्ने गर्नाले (वातजन्य) खोकी, बाडुलीरोग र दमलाई जित्दछ । (मात्रा ०.७५-०.५ रत्ती) ।

विदार्यादि गणका ओखतीको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

विदार्यादिगणक्वाथकल्कसिद्धं च कासजित् ।

विदार्यादि गणका ओखतीको काँढापानी वा धूलो हाली विधिपूर्वक पकाइएको घिउले **(वातजन्य) खोकी** नाश गर्दछ ।

सागपात आदिको प्रयोग

(क) चक्रदत्त, चरक संहिता, भैषज्य रत्नावली, रसरत्नाकर :

वास्तुको वायसीशाकं मूलकं सुनिषण्णकम् । स्नेहास्तैलादयो भक्ष्याः क्षीरिक्षुरसगौडिकाः ॥
दध्यारनालाम्लफलप्रसन्नापानमेव च । शस्यते वातकासे तु स्वाद्वम्ललवणानि च ॥

बेथेको साग, कवई, सुकेको वा काँचो मूला, सुनिषण्णक, तिलको तेल घिउ आदि चिल्लो, दूध, उखुको रस, सक्खरले बनेका मिश्री आदिसँग खाना खान दिनू । साथै, दही, आरनाल नामक काँजी, अमिला फलफूलका रस, प्रसन्ना नाम सुरामण्ड र मद्य पिउनु तथा अन्य गुलिया, अमिला र नुनिला पदार्थ खानु **वातविकारजन्य खोकीमा** हितकर हुन्छ ।

(ख) भावप्रकाश संहिता :

वास्तूको वायसीशाकं मूलकं सुनिषण्णकम् । स्नेहास्तैलादयो भक्ष्यास्तथेक्षुरसगौडिकाः ॥
दध्यारनालाम्लफलं प्रसन्नापानमेव च । शस्यते वातकासेषु स्वाद्वम्ललवणानि च ॥
(वायसीशाकं-काकोदुम्बरिका इति लोके । सुनिषण्णकं-सुषुणि इति लोके ।)

वातजन्य खोकीमा बेथेको साग, काठेदुम्रीको साग, मूला, सुनिषण्णक, तेल आदि चिल्लो, उखुको रस, सक्खरले बनेका पदार्थ, दही, काँजी, अमिला फलफूल, प्रसन्ना नामक मदिरा, गुलिया पदार्थ, अमिला पदार्थ र नुनिला पदार्थ खानपिन गर्नू हितकर हुन्छ ।

चाङ्गेरीसदृशैः पत्रैः सुनिषण्णं चतुर्दलम् । शाको जलान्विते देशे चतुष्पत्रीति चोच्यते ॥
(चौपतिया इति लोके) ।

चरीअमिलाको जस्तै चार पात हुने र सीमसार क्षेत्रमा पाइने सागविशेषलाई **सुनिषण्णक** भनिन्छ ।

(ग) वङ्गसेन आयुर्वेद :

वास्तुको वायसीशाकं मूलकं सुनिषण्णकम् । स्नेहात्तैलादयो भक्ष्याः क्षीरिक्षुरसगौडिकाः ॥
दध्यारनालाम्लफलं प्रसन्नापानमेव च । शस्यते वातकासेषु स्वाद्वम्ललवणानि च ॥

बेथेको साग, कवईको साग, मूला र चारपाते झार विशेषको साग; तेल आदि चिल्लो, दूध, उखुको रस, सक्खर हालेर बनाइएका पदार्थ, दही, आरनाल, अमिला फलफूल, प्रसन्ना, गुलिया पदार्थ, अमिला परिकार र नुनिला पदार्थ **वातजन्य खोकीमा** खानु हितकर हुन्छ ।

सिँधेनुन आदिको प्रयोग

(क) चरक संहिता :

सैन्धवं पिप्पलीं भार्गीं शृङ्गवेरं दुरालभाम् । दाडिमाम्लेन कोष्णेन भार्गीनागरमम्बुना ॥

(वातजन्य खोकीमा) सिँधेनुन, पिप्ला, चिन्डे, अदुवा र दुरालभाको धूलो एक एक मासा अमिलो अनारको रसमा मिसाई खाने गर्नू । अथवा (वातजन्य खोकीमा) तातोपानीमा चिन्डे र सुठोको धूलो हालेर खाने गर्नू ।

सिस्नु (दुरालभा) आदिको प्रयोग

(क) चरक संहिता : दुरालभादिलेह

दुरालभां शटीं द्राक्षां शृङ्गवेरं सितोपलाम् । लिह्यात् कर्कटशृङ्गीं च कासे तैलेन वातजे॥

वातजन्य खोकीका रोगीले दुरालभा, कचूर, मुनक्का, अदुवा, मिश्री र कर्कटश्रृङ्गी बराबर लिई पिसेर तिलको तेलसँग चाट्ने गर्नू । (मात्रा-२ मासा) ।

दुःस्पर्शादिलेह

दुःस्पर्शां पिप्पलीं मुस्तं भार्गीं कर्कटकीं शटीम् । पुराणगुडतैलाभ्यां चूर्णितं वाऽपि लेहयेत्॥

वातजन्य खोकी रोगीलाई सिस्नु, पिप्ला, नागरमोथे, चिन्डे, कर्कटशृङ्गी र कचूर बराबर मिसाई धूलो बनाएर पुरानो सक्खर र तिलको तेलसँग चटाउने गर्नू । (मात्रा-१ मासा) ।

सुठो आदिको प्रयोग

(क) चक्रदत्त : विश्वादिलेहः

चूर्णिता विश्वदुस्पर्शश्रृङ्गीद्राक्षाशटीसिताः । लीढास्तैलेन वातोत्थं कासं घ्नन्तीह दारुणम्॥

सुठो, दुरालभा, कर्कटश्रृङ्गी, दाख, कचूर र मिश्रीको धूलो मिसाएर तेलसँग चाट्ने गर्नाले **वातजन्य कडा खोकी** नाश हुन्छ ।

(ख) रसरत्नाकर :

चूर्णिता विश्वदुःस्पर्शाशठीद्राक्षासितोपला । लिह्यात्कर्कटशृङ्गञ्च कासे तैलेन वातजे॥

वातजन्य खोकीमा सुठो, बिर्हीं, कचूर, दाख, मिश्री र कर्कटशृङ्गीको धूलो तेल मिसाएर चाट्ने गर्नू ।

(ग) वङ्गसेन आयुर्वेद :

चूर्णिता विश्वदुःस्पर्शा श्रृङ्गी द्राक्षा शठी सिता । लीढा तैलेन वातोत्थं कासं जयति दुस्तरम्॥

सुठो, दुरालभा, कर्कटश्रृङ्गी, दाख, कचूर र मिश्रीको धूलो तेल मिसाएर चाट्ने गर्नाले कडाखालको **वातजन्य खोकी**लाई पनि जित्दछ ।

(घ) हारीत संहिता :

विश्वा दुःस्पर्शशृङ्गी शडी पुष्करं दारु भार्ङ्गी कणा मुस्तं रास्नायुतम् ।
शर्करायुक्तमनुदिनञ्च चूर्णं कासं निःश्वासवातोद्भवं हन्ति वै॥

सुठो, दुरालभा, कर्कटशृङ्गी, कचूर, पुष्करमूल, देवदार, चिण्डे, पिप्ला, नागरमोथे र रास्नाको धूलोमा सक्खर मिसाई खानाले **दमसहितको वातविकारजन्य खोकी** नाश हुन्छ ।

पित्त-कफजन्य खोकीको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कासे कर्म सपित्ते तु कफजे तिक्तसंयुतम्॥

पित्त-कफजन्य खोकीमा तितो रस मिसाएर उपचार गर्नू ।

तमकः कफकासे तु स्याच्चेत्पित्तानुबन्धजः । पित्तकासक्रियां तत्र यथावस्थं प्रयोजयेत्॥

कफजन्य खोकीसँगै पित्त पनि दूषित भएर यदि तमक नामक दमरोग पनि छ भने आवश्यकता अनुसार पित्तजन्य खोकीको उपचार विधि पनि लामो समयसम्म गर्नुपर्दछ ।

पित्तकासे तु सकफे वमनं सर्पिषा हितम्॥
तथा मदनकाश्मर्यमधुकक्वथितैर्जलैः । फलयष्ट्याह्वकल्कैर्वा विदारीक्षुरसाप्लुतैः॥

पित्तविकारजन्य खोकीमा कफ समेत मिसिने गर्दछ भने घिउ मिसाएको ओखती खाई बान्ता गर्नु हितकर हुन्छ । अथवा मैनफल, खमारी र जेठीमधुको काँढापानीले अथवा विलेलहरोको कन्द र उखुको रसमा घोलिएको जेठीमधुको धूलोले बान्ता गर्न सकिन्छ ।

पित्तकासे तनुकफे त्रिवृतां मधुरैर्युताम् । युञ्ज्याद्विरेकाय युतां घनश्लेष्मणि तिक्तकैः॥

पित्तविकारजन्य खोकीमा आउने कफ केही पातलो छ भने निसोतका टुक्रा आदि मधुर ओखती मिसाएर दिसा लगाउनका लागि खुवाउनू । यदि कफ गाढा आउँदछ भने कटुकी आदि तिता ओखतीमा निसोत मिसाएर खुवाउनू ।

(ख) चक्रदत्त : पथ्यम्

मधुरैर्जाङ्गलरसैः श्यामाकयवकोद्रवाः । मुद्गादियूषैः शाकैश्च तिक्तकैर्मात्रया हिताः॥

गुलिया पदार्थ, जाङ्गल वीवजन्तुको मासुको रस, मुगी आदिको रस र तिता सागपातसँग मात्रा मिलाएर खाना खानु पित्तजन्य खोकीमा हितकर हुन्छ ।

बलादिक्वाथः

बलाद्विबृहतीवासाद्राक्षाभिः क्वथितं जलम् । पित्तकासापहं पेयं शर्करामधुयोजितम्॥

बलु, कण्टकारी, बिहीँ, असुरो र दाख हाली विधिपूर्वक पकाइएको काँढापानीमा मिश्री र मह मिसाएर पित्तजन्य खोकी नाश गर्न पिउने गर्नू ।

शरादिक्षीरम्

शरादिपञ्चमूलस्य पिप्पलीद्राक्षयोस्तथा । कषायेण शृतं क्षीरं पिबेत्समधुशर्करम् ॥

शरादि (तृण) पञ्चमूल, पिप्ला र दाख हालेर विधिपूर्वक पकाइएको काँढापानी सेलाएपछि मह र मिश्रीको धूलो मिसाएर पित्तजन्य खोकीका रोगीले पिउने गर्नू ।

विशिष्टरसादिविधानम्

काकोलीबृहतीमेदायुग्मैः सवृषनागरैः । पित्तकासे रसक्षीरयूषांश्चाप्युपकल्पयेत् ॥

पित्तजन्य खोकी लाग्दा काकोली, बिहीँ, मेदा, महामेदा, असुरो र सुठो हाली विधिपूर्वक पकाइएको काँढापानी हाली बनाइएका रस, खिर वा यूष खानु पर्दछ ।

द्राक्षादि लेहः

द्राक्षामलखर्जूरं पिप्पलीमरिचान्वितम् । पित्तकासापहं ह्येतल्लिह्यान्माक्षिकसर्पिषा ॥

मुनक्का, अमला, छोकडा, पिप्ला र मरिच पिसी चटनी बनाएर घिउ र मह मिसाई पित्तजन्य खोकी नाशगर्नका लागि चाट्ने गर्नुपर्दछ । (यहाँ पित्तजन्य खोकीका लागि प्रयोग गर्ने भनिए पनि यो कफपित्तजन्य खोकीमा खानु उचित हुन्छ । पित्तजन्य खोकीमा उल्लेखित ओखतीहरूमध्ये मरिचका स्थानमा मिश्रीको प्रयोग गर्नू ।)

खर्जूरादिलेहः

खर्जूरपिप्पलीद्राक्षासितालाजाः समांशिकाः । मधुसर्पिर्युतो लेहः पित्तकासहरः परः ॥

छोकडा, पिप्ला, दाख, मिश्री र लाजा बराबर मिसाई पिसेर घिउ वा महसँग चाट्ने गर्नाले पित्तजन्य खोकी नाश हुन्छ ।

शटीह्रीबेरबृहतीशर्कराविश्वभेषजम् । पिष्ट्वा रसं पिबेत्पूतं सघृतं पित्तकासनुत् ॥
मधुना पद्मबीजानां चूर्णं पैत्तिककासनुत् ।

कचूर, सुगन्धवाल, बिहीँ, मिश्री र सुठो पानीमा मसिनो हुने गरी पिसेर त्यसको रस निचोरी घिउसँग खाने गर्नाले पित्तजन्य खोकी नाश हुन्छ । महसँग कमलको बीजको धूलो चाट्ने गर्नाले पनि पित्तजन्य खोकी नाश हुन्छ ।

(ग) चक्रदत्त, भैषज्य रत्नावली :

पित्तकासे तनुकफे त्रिवृतां मधुरैर्युताम् । दद्याद्धनकफे तिक्तैर्विरेकार्थं युतां भिषक् ॥

पित्तविकारजन्य खोकीमा आउने कफ केही पातलो छ भने निसोतका टुक्रा आदि मधुर ओखती मिसाएर दिसा लगाउनका लागि खुवाउनू । यदि कफ गाढा छ भने वैद्यले दिसा लगाउन तिता पदार्थसँग निसोतको प्रयोग गर्नू ।

(घ) चक्रदत्त, रसरत्नाकर :

वासकस्वरसः पेयो मधुयुक्तो हिताशिना ॥ पित्तश्लेष्मकृते कासे रक्तपित्ते विशेषतः ।

असुरोको रसमा मह मिसाएर चाटी शरीरलाई हितकर हुने खानपिन गर्नाले पित्त-कफजन्य खोकी र विशेषगरी रक्तपित्त रोग नाश हुन्छ ।

(ङ) चरक संहिता :

तमकः कफकासे तु स्याच्चेत् पित्तानुबन्धजे । पित्तकासक्रियां तत्र यथावस्थं प्रयोजयेत् ॥

पित्तकफजन्य खोकीमा तमकश्वास नामक दमको रोगविशेष पनि भए रोगको अवस्था हेरी पित्तजन्य खोकीको विधिले उपचार गर्नुपर्दछ ।

कासेऽन्नपानं कफजे सपित्ते तिक्तसंयुतम् ॥

पित्तकफजन्य खोकी भए तिता पदार्थ सहितको खानपिन गराउनु पर्दछ ।

पैत्तिके सकफे कासे वमनं सर्पिषा हितम् । तथा मदनकाश्मर्यमधुकक्वथितैर्जलैः ॥

कफ सहितको पित्तविकारजन्य खोकीमा बान्ता गराउने ओखतीमा घिउ मिसाएर खुवाई रोगीलाई बान्ता गराउनू । अथवा मैनशिल, खमारीको फल र महुवाको काँढापानी पियाएर बान्ता गराउनू ।

यष्ट्याह्वफलकल्कैर्वा विदारीक्षुरसाप्लुतैः । हृतदोषस्ततः शीतं मधुरं च क्रमं भजेत् ॥

जब बान्ता गराएर शरीर प्रशोधन हुन्छ तब जेठीमधु, विदारीकन्द, उखुको रस जस्ता शीतल र गुलिया पदार्थको पेया पिउन दिनू ।

पैत्ते तनुकफे कासे त्रिवृतां मधुरैर्युताम् । दद्याद्घनकफे तिक्तैर्विरेकार्थे युतां भिषक्॥

यदि पित्तविकारजन्य खोकीमा पातलो कफ आउँदछ भने दिसा लगाउनका लागि गुलिया पदार्थ सहिते निसोतको प्रयोग गर्नू । यदि कफ गाढा छ भने वैद्यले दिसा लगाउन तिता पदार्थसँग निसोतको प्रयोग गर्नू ।

स्निग्धशीतस्तनुकफे रूक्षशीतः कफे घने । क्रमः कार्यः परं भोज्यैः स्नेहैर्लेहैश्च शस्यते॥

दिसा लगाउने कार्य सकेपछि पातलो कफ आउने रोगीलाई चिल्लो र शीतपेया आदि क्रमैले तथा गाढा कफ आउने रोगीलाई रुखो र शीतपेया आदि क्रमैले खुवाउनु उपयुक्त हुन्छ ।

शर्कराचन्दनद्राक्षामधुधात्रीफलोत्पलैः । पैत्ते समुस्तमरिचः सकफे सघृतोऽनिले॥

कफसहितको पित्तविकारजन्य खोकीमा मिश्री (वा सक्खर), चन्दन, मुनक्का, मह, अमला र नीलकमल पिसेर चटनी बनाई प्रयोग गर्नुपर्दछ ।

घनश्लेष्मणि लेहास्तु तिक्तका मधुसंयुताः । शालयः स्युस्तनुकफे षष्टिकाश्च रसादिभिः॥

बाक्लो कफ आउँदा तितो रस र मह मिसाइनु पर्दछ । पातलो कफ आउँदा मार्सी चामल वा सठिया चामलको भात मासुको रस आदिसँग खुवाउनु पर्दछ ।

(च) भैषज्य रत्नावली :

वासकस्य रसः पेयो मधुयुक्तो हिताशिना । पित्तश्लेष्मकृते कासे रक्तपित्ते विशेषेतः॥

असुरोको रसमा मह मिसाएर चाटी शरीरलाई हितकर हुने खानपिन गर्नाले पित्त-कफजन्य खोकी र विशेषगरी रक्तपित्त रोग नाश हुन्छ ।

(छ) रसरत्नाकर :

पित्तकासे तनुकफे वमनं सर्पिषा हितम् । तथा मदनकाश्मर्यमधुकक्वाथजैर्द्रवैः॥
यष्ट्याह्वफलकल्कैर्वा विदारीक्षुरसैर्युतैः॥ (सर्पिषावमनद्रव्ययुक्तेन) ।

पातलो कफ आउने पित्तजन्य खोकीमा घिउ मिसाएर खुवाई बान्ता गराउनु हितकर हुन्छ । बान्ता गराउनका लागि मैनफल, खमारी र महुवाको काँढापानी अथवा जेठीमधुको लेदो अथवा बिरालेलहरोको कन्द र उखुको रसमा घिउ मिसाएर खुवाउनु पर्दछ ।

(ज) वङ्गसेन आयुर्वेद :

सिंहास्यामृतसिंहीनां क्वाथं मधुसमायुतम् । पिबेत्सपित्ते कफजे कासे श्वासे ज्वरे क्षये ॥

असुरो, गुर्जो र कण्टकारी हालेर काँढापानी पकाई मह मिसाएर पिउने गर्नाले पित्त-कफजन्य खोकी, दम, जरो र क्षयरोग नाश हुन्छ ।

वासकस्वरसः पेया मधुयुक्तो हिताशिना । पित्तश्लेष्मकृते कासे रक्तपित्ते विशेषतः ॥

असुरोको रसमा मह मिसाएर पिउने र त्यस अवधिमा शरीरलाई हितगर्ने खानपिन गर्नाले पित्त-कफजन्य खोकी तथा विशेषगरी रक्तपित्त नाश हुन्छ ।

(झ हारीत संहिता :

धूमगन्धः पीतवर्णोऽक्षिप्रपाकी सरक्तकः । रक्तनेत्रेः पिपासाद्यः पित्तश्लेष्मान्वितः कफः ॥

धुवाँको जस्तो गन्ध आउनु, पहेँलो वर्ण हुनु, आँखा पाक्नु, कफमा रगत मिसिएर आउनु र आँखा धेरै रातो हुनु : यी पित्तकफजन्य खोकीका लक्षण हुन् ।

वालाबृहत्यौ मधुकं वृषं च तथैव कुष्ठं पिचुमन्दकञ्च ।
गवास्तनीसंयुतकल्कमेतत्पानं हितं पित्तकफात्मके च ॥

सुगन्धवाल, कण्टकारी, बिहीँ, जेठीमधु, असुरो, कूट, नीम र मुनक्काको चटनी बनाई पित्तकफजन्य खोकीमा पिउनु पर्दछ ।

वात-कफजन्य खोकीको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

सौवर्चलाभयाधात्रीपिप्पलीक्षारनागरम् । चूर्णितं सर्पिषा वातकफकासहरं पिबेत्॥

वात-कफजन्य खोकीमा सौँचरनुन, हर्रो, अमला, पिप्ला, जवाखार र सुठो मिसाएर पिसी घिउसँग खाने गर्नू ।

(ख) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

विडङ्गं नागरं रास्ना पिप्पली हिङ्गु सैन्धवम् । भार्ङ्गी क्षारश्च तच्चूर्णं पिबेद्वा घृतमात्रया॥
सकफेऽनिलजे कासे श्वासहिध्माहताग्निषु ।

वायुविडङ्ग, सुठो, फ्याक्सेकन्द, पिप्ला, हिङ, सिँधेनुन, चिन्डे र जवाखार बराबर मात्रामा लिई धूलो बनाउनू । यो धूलो घिउमा मिसाएर चाट्नू अथवा घिउको उत्तम मात्रामा मिलाएर पिउनू । यसको प्रयोग कफ-वातविकारजन्य खोकी, दम, बाडुली र कमजोर पाचन शक्ति हुँदा गर्नू । (प्रायः चाट्न १ तोला र पिउन ४ तोला घिउको प्रयोग हुन्छ) ।

हृतदोषो हिमं स्वादु स्निग्धं संसर्जनं भजेत् । घने कफे तु शिशिरं रूक्षं तिक्तोपसंहितम्॥

बान्ता गराएर वा दिसा लगाएर शरीरको प्रशोधन गरेपछि शीतल, गुलिया र चिल्ला पेया आदि पदार्थ पिउन दिनू । तर कफ गाढा छ भने शीतल, रुखा र तिता ओखती हालिएको पेया खुवाएर शुद्ध बनाउनू ।

लेहः पैत्ते ...सकफे साब्दमरिचः सघृतः सानिले हितः॥

कफ सहितको पित्तजन्य खोकीमा नागरमोथे र मरिच मिसाइएको चटनी तथा वात सहितको पित्तजन्य खोकीमा घिउ मिसाइएको यही चटनी लाभदायक हुन्छ ।

देवदारुशठीरास्नाकर्कटाख्यादुरालभाः । पिप्पली नागरं मुस्तं पथ्या धात्री सितोपला॥
लाजाः सितोपला सर्पिः शृङ्गी धात्रीफलोद्भवा । मधुतैलयुता लेहास्त्रयो वातानुगे कफे॥

(१) देवदार, कचूर, फ्याक्सेकन्द, कर्कटशृङ्गी र दुरालभाको धूलो; (२) पिप्ला, सुठो, नागरमोथे, हर्रो, अमला र मिश्रीको धूलो अथवा (३) धानको लावा, मिश्री, घिउ, कर्कटशृङ्गी र अमलाको धूलो : यी

तीनमध्ये कुनै एक मिश्रणलाई मह र तेलमा मिसाएर चटनी बनाउनू । यी तीन प्रकारका चटनी वात-कफजन्य खोकीमा लाभदायक हुन्छन् ।

दशमूलाढके प्रस्थं घृतस्याक्षसमैः पचेत्॥
पुष्कराह्वाशठीबिल्वसुरसाव्योषहिङ्गुभिः । पेयानुपानं तत्सर्पिर्वातश्लेष्मामयापहम्॥

दशमूलको काँढापानी एक आढक, गाईको घिउ एक प्रस्थ तथा पुष्करमूल, कचूर, काँचो बेलको गुदी, तुलसी, त्रिकटु र हिङ एक-एक कर्ष मिसाई पकाउनू । पाकेपछि घिउ छानेर राख्नू । यो घिउ उचित मात्रामा ख्वाएर, पियाएर वा चटाएर त्यसपछि पेया पिउन दिनाले वात-कफ जन्य सबै रोग त्यसमा पनि विशेषगरी खोकी नाश हुन्छ ।

शमनं च पिबेद् धूमं शोधनं बहले कफे ॥
मनःशिलालमधुकमांसीमुस्तेङ्गुदीत्वचः । धूमं कासघ्नविधिना पीत्वा क्षीरं पिबेदनु॥
निष्ठ्यूतान्ते गुडयुतं कोष्णं धूमो निहन्ति सः । वातश्लेष्मोत्तरान् कासानचिरेण चिरन्तनान्॥

खोकीमा कफको बढी प्रभाव छ भने शमन (शान्तपार्ने) धूमपान गर्नू अथवा मैनशिल, हरिताल, जेठीमधु,, जटामसी, नागरमोथे र चिउलीको रूखको बोक्राको धुवाँ खोकी नाशगर्ने विधिले पिई कफ निस्केपछि अन्तमा सक्खर मिसाइएको मनतातो दूध पिउनू । यसरी गरिने धूमपानले वात-कफजन्य पुरानो खोकी थोरै समयमा नै नाश हुन्छ ।

(यहाँ मैनशिला र हरिताल चार चार मासा र अन्य ओखती एक एक तोला मिसाउनू । चारदेखि छ मासासम्म चिलिममा भरेर पानी बिनाको हुक्कामा हाली धुवाँ पिउनू) ।

कफानुबन्धे पवने कुर्यात्कफहरां क्रियाम् ।

वातजन्य खोकीमा कफजन्य दोष पनि मिसिएको अवस्थामा कफजन्य खोकीको जसरी उपचार गर्नू ।

वातश्लेष्मात्मके शुष्के स्निग्धमार्द्रे विरूक्षणम् ।

वात-कफजन्य खोकी यदि सुक्खा छ भने स्निग्ध उपचार गर्नू । छैन भने रुखो उपचार गर्नू ।

घृतैः क्षीरैश्च सकफं जयेत् स्नेहविरेचनैः ।

अनि कफविकार मिसिएको अवस्थामा (वात-कफजन्य खोकीमा) घिउ, दूध अँडिरको तेल आदि स्नेह-विरेचनमा प्रयोग गर्नू ।

(ग) चक्रदत्त : कट्फलादिक्वाथः

कट्फलं कत्तृणं भार्ङ्गी मुस्तं धान्यं वचाभया । श्रृङ्गी पर्पटकं शुण्ठी सुराह्वा च जले श्रृतम्॥
मधुहिङ्गुयुतं पेयं कासे वातकफात्मके । कण्ठरोगे क्षये शूले श्वासहिक्काज्वरेषु च॥

काफल, रोहिषभार, चिन्डे, नागरमोथे, धनियाँ, बोभो, हर्रो, कर्कटश्रृङ्गी, पित्तपापडा, सुठो र तुलसी हाले विधिपूर्वक काँढापानी पकाउनू । यो पानी सेलाएपछि मह र भुटेको हिङको धूलो मिसाएर पिउनू । वात-कफजन्य खोकी, घाँटीका रोग, क्षयरोग, शूल, दम, बाडुलीरोग र जरो नाश हुन्छ ।

(घ) चरक संहिता :

देवदारु शटी रास्ना कर्कटाख्या दुरालभा । पिप्पली नागरं मुस्तं पथ्याधात्रीसितोपलाः॥
मधुतैलयुतावेतौ लेह्यौ वातानुगे कफे ।

देवदार, कचूर, फ्याक्सेकन्द, कर्कटशृङ्ग र दुरालभा अथवा पिप्ला, सुठो, नागरमोथे, हर्रो, अमला र मिस्री : यी दुई मिश्रणमध्ये कुनै एक मिश्रणलाई मह र तिलको तेलमा मिसाएर २ मासाका दरले खाने गर्नाले वातकफजन्य खोकी नाश हुन्छ ।

आर्द्रे विरूक्षणं शुष्के स्निग्धं वातकफात्मके ।

यदि वातकफजन्य खोकी लाग्दा प्रशस्त कफ आउँदछ भने रुखा अन्नपान तथा सुक्खा खोकी छ भने चिल्ला अन्नपान गराउनु पर्दछ ।

कट्फलादिक्वाथ

कट्फलं कत्तृणं भार्गी मुस्तं धान्यं वचाऽभया । शुण्ठीं पर्पटकं शृङ्गीं सुराह्वं च शृतं जले॥
मधुहिङ्गुयुतं पेयं कासे वातकफात्मके । कण्ठरोगे मुखे शूले श्वासहिक्काज्वरेषु च॥

काफल, सुगन्धि भारविशेष, चिन्डे, मोथे, धनियाँ, बोभो, हर्रो, सुठो, पित्तपापडा, कर्कटश्रृङ्गी र देवदार हालेर विधिपूर्वक काँढापानी पकाई छान्नू । सेलाएपछि मह र हिङ मिसाउनू र वात-कफजन्य खोकीमा खाने गर्नू । यो काँढापानी घाँटीका रोग, मुखका रोग, शूल, दम, बाडुलीरोग र जरोमा पनि प्रयोग गर्नू ।

विडङ्गादिचूर्णम्

विडङ्गं नागरं रास्ना पिप्पली हिङ्गु सैन्धवम् । भार्ङ्गी क्षारश्च तच्चूर्णं पिबेद्वा घृतमात्रया॥

सकफेऽनिलजे कासे श्वासहिक्काहताग्निषु ।

वायुविडङ्ग, सुठो, फ्याक्सेकन्द, पिप्ला, हिङ, सिँधेनुन, चिण्डे र जवाखार बराबर मिसाएर पिसी बनाइएको धूलोमा मात्रा मिलाएर कफ-वातजन्य खोकी, दम, बाडुली र कमजोर पाचनशक्ति हुँदा खाने गर्नू । (आधुनिक मात्रा ४ रत्तीदेखि १ मासासम्म) ।

सौवर्चलादिचूर्ण

सौवर्चलाभयाधात्रीपिप्पलीक्षारनागरम् । चूर्णितं सर्पिषा वातकफकासहरं पिबेत् ॥

सौँचरनुन, हर्रो, अमला, पिप्ला, जवाखार र सुठो पिसी धूलो बनाएर घिउसँग खानाले वात-कफजन्य खोकी नाश गर्दछ । (मात्रा ६ रत्तिदेखि १.५० मासासम्म) ।

दशमूलादिघृतम्

दशमूलाढके प्रस्थं घृतस्याक्षसमैः पचेत् । पुष्कराह्वशटीबिल्वसुरसव्योषहिङ्गुभिः ॥
पेयानुपानं पेयं तत्कासे वातकफात्मके । श्वासरोगेषु सर्वेषु कफवातात्मकेषु च ॥

दशमूल एक आढक र घिउ एक प्रस्थ हाली काँढापानी पकाउनू । एक चौथाई बाँकी भएपछि पुष्करमूल, कचूर, बेलको जराको बोक्रा, तुलसी, कालो मरिच, पिप्ला, सुठो र हिङको धूलो एक एक कर्ष मिसाई पकाउनू । आधा तोलाका दरले खानू । यो खाएपछि पेया पिउनू । यो ओखती वात-कफजन्य खोकी र दममा प्रयोग गर्नू ।

(ङ) रसरत्नाकर : कट्फलादिक्वाथ

कट्फलं च तथा भार्ङ्गी मुस्तं धान्यं वचाभया । श्रृङ्गीपर्पटकं शुण्ठी सुराह्वञ्च जले श्रृतम् ॥
मधुहिङ्गुयुतं पेयं कासे वातकफात्मके । कण्ठरोगे मुखे शूले श्वासहिक्काज्वरेषु च ॥

वात-कफजन्य खोकी लाग्दा, घाँटीका रोग हुँदा, मुखमा रोग हुँदा, शूल हुँदा, दमको रोगमा, बाडुलीरोगमा र जरो आउँदा काफल, चिन्डे, नागरमोथे, धनियाँ, बोझो, हर्रो, कर्कटश्रृङ्गी, पित्तपापडा, सुठो र देवदार हाली पकाइएको काँढापानीमा मह र हिङ हालेर पिउने गर्नू ।

(च) वङ्गसेन आयुर्वेद : कट्फलादिक्वाथ

कट्फलं कत्तृणं भार्ङ्गी मुस्तं धान्यं बलाभया । शुण्ठी पर्पटकं श्रृङ्गी सुराह्वञ्च जले श्रृतम् ॥
मधुहिङ्गुयुतं पेयं कासे वातकफात्मके । कण्ठरोगे मुखे शूले श्वासे हिक्काज्वरेषु च ॥

काफल, रोहिष भार, चिन्डे, नागरमोथे, धनियाँ, बलु, हर्रो, सुठो, पित्तपापडा, कर्कटश्रृङ्गी र देवदार हाली काँढापानी पकाएर मह र हिङ पमसाएर पिउने गर्नाले वात-कफजन्य खोकी, घाँटीका रोग, मुखको शूल, दम, बाडुलीरोग र जरो नाश हुन्छ ।

वातश्लेष्मकृते कासे तालीसाद्यं प्रयोजयेत् ।

वात-कफजन्य खोकीमा (असुरोको रससँगै) तालिशाद्यचूर्णको प्रयोग गर्नू ।

दशमूलाद्यघृत

दशमूलाढके प्रस्थं घृतस्याक्षसमैः पचेत् । पुष्कराक्षशठीबिल्वसुरसाव्योषहिङ्गुभिः ॥
पेयानुपानं तत्पेयं कासे वातकफात्मके । श्वासरोगेषु सर्वेषु कफवातात्मकेषु च ॥

दशमूलको काँढापानी एक आढक, गाईको घिउ एक प्रस्थ; पुष्करमूल, बर्रो, कचूर, बेलगिरी, तुलसी, सुठो, मरिच, पिप्ला र हिङको धूलो एक एक तोला लिनू । सबै मिसाएर विधिपूर्वक घिउ पकाउनू । यो दशमूलाद्यघृत उचित अनुपान सहित खाने गर्नाले वात-कफजन्य खोकी, सबै प्रकारका दम र सबै खालका कफ-वातजन्य रोग नाश गर्दछ ।

भृङ्गराजतैल

भृङ्गराजरसप्रस्थं श्रृङ्गवेररसं तथा । कटुतैलस्य च प्रस्थं गोमूत्रप्रस्थसंयुतम् ॥
दशमूलकुलित्थाश्च शुष्कमूलकशिग्रुकम् । भार्ङ्गी च कुडवांशानि क्वाथयेत्सलिलाढके ॥
पादशेषेण तेनापि कल्कं दत्वा विपाचयेत् । देवदारुवचाकुष्ठं शताह्वालवणत्रयम् ॥
हिङ्गुतुम्बुरुणीव्योषं यवानी जीरकद्वयम् । चित्रकं पिप्पलीमूलं वरो भृङ्गरसस्तथा ॥
कट्फलं चित्रकश्चैव समभागानि कारयेत् । सम्यक् सिद्धश्च विज्ञाय पाने नस्ये प्रयोजयेत् ॥
वातश्लेष्मात्मके कासे प्रतिश्याये च पीनसे । श्वासरोगेषु सर्वेषु कफवातात्मकेषु च ॥
तैलं त्विदं भृङ्गराजं कफव्याधि विनाशनम् ॥

भृङ्गिराजको रस एक प्रस्थ, अदुवाको रस एक प्रस्थ, सर्सिउँको तेल एक प्रस्थ, गहुँत एक प्रस्थ; दशमूलका सबै ओखती, गहत, सुकेको मूला, सैजनको जरा र चिन्डे १६, १६ तोला लिनू र सबै मिसाएर एक आढक पानीमा हाली पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । त्यसपछि उक्त सबै ओखती, यो काँढापानी, देवदार, बोझो, कूट, सुप, तीन थरी नुन, हिङ, टिमुर, त्रिकटु, ज्वानु, जीरा, कालो जीरा, चितु, पिप्लाको जरा, त्रिफला, भृङ्गिराज, काफल र चितुको धूलो बराबर मिसाउनू । जब तयार हुन्छ तब पिउन र नस्य लिन प्रयोग गर्नू । यो भृङ्गराजतैलले कफ-वातजन्य खोकी, प्रतिश्याय, पिनास, सबै प्रकारका दम र कफजन्य रोग नाश गर्दछ ।

(छ) सुश्रुत संहिता :

मुस्तेङ्गुदीत्वङ्मधुकाह्वमांसीमनःशिलालैश्छगलाम्बुपिष्टैः ॥
विधाय वर्तीश्च पयोऽनुपानं धूमं पिबेद्वातबलासकासी ।

नागरमोथे, चिउलीको बोक्रा, जेठीमधु, जटामसी, मैनशिल र हरितालललाई बाख्रीको मूत्रमा पिसी बत्ती बनाएर त्यसको धूमपान गर्नू यसपछि दूध पिउनू । यसले वातकफजन्य खोकी ठिक हुन्छ ।

(ज) हारीत संहिता :

कट्फलं भूतृणं भार्ङ्गी शुण्ठी पर्पटकं वचा । सुराह्वं च जलशृतमुक्तञ्च पण्डितैस्तथा ॥
मधुना संयुतं पानं कासे वातकफात्मके । ... महाकासे च दारुणे ॥

काफल (रूखको बोक्रा), रोहिष भार, चिण्डे, सुठो, पित्तपापडा, बोभो र देवदारको काँढापानी पकाई त्यसमा मह मिसाएर पिउने गर्नाले वात-कफविकारजन्य खोकी नाश हुन्छ । यो अति भयानक खोकीमा पनि उत्तम ओखती हुन्छ ।

वातपित्तजन्य खोकीको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

दशमूलरसे तद्वत् पञ्चकोलगुडान्विताम् । पिबेत्पेयां समतिलां क्षैरेयीं वा ससैन्धवाम् ॥
मात्स्यकौक्कुटवाराहैर्मांसैर्वा साज्यसैन्धवाम् । वास्तुको वायसीशाकं कासघ्नः सुनिषण्णकः ॥
कण्टकार्याः फलं पत्रं बालं शुष्कं च मूलकम् । स्नेहास्तैलादयो भक्ष्याः क्षीरिक्षुरसगौडिकाः ॥
दधिमस्त्वारनालाम्लफलाम्बुमदिराः पिबेत् ।

दशमूलको काँढापानीमा तयार पारिएको पञ्चकोलको धूलो तथा सक्खर मिसाएर पिउनू । अथवा तिल हालेर पकाइएको पेया सिँधेनुन मिसाएर पिउनू । अथवा माछा, कुखुरा, र सुङ्गुरको मासु मिसाएर तयार पारिएको पेया घिउ र सिँधेनुन मिसाएर पिउनू । बेथेको साग, कवईको साग, कसौंदीको साग, सेतो पुनर्नवा, कण्टकारीका कमला फल तथा पात, कलिला सुकेका मूला र तिलको तेल आदि चिल्लोको प्रयोग गर्नू । दूधको खीर, उखुका रस हालेर बनाइएका पदार्थ, दही, मस्तु, आरनाल काँजी, अनार आदि अमिला फलको रस र सुरा पिउनू ।

... साब्दमरिचः सघृतः सानिले हितः ॥

नागरमोथे, मरिच र घिउ मिसाइएको चटनी लाभदायक हुन्छ ।

वस्तिभिर्बद्धविड्वातं सपित्तं तौर्ध्वभक्तिकैः ॥

वात-पित्तजन्य खोकीमा यदि दिसा रोकिए अथवा अपानवायु अवरुद्ध भए अनुवासन एवं निरूहण वस्तिको प्रयोग गर्नू ।

(ख) वङ्गसेन आयुर्वेद :

पित्तयुक्ते भवेच्छ्रेष्ठं वंशरोचनयायुतम् ॥

वात-पित्तजन्य खोकीमा वंशलोचन मिसाएर (असुरोको रस) पिउने गर्नू ।

(ग) हारीत संहिता :

कासः कण्डूः पिपासा च कुक्षि शूलो विनिद्रता । शुष्ककासः पिपासा च वातपित्तोद्भवः कफः ॥

जीउ चिलाउनु, तिर्खा लाग्नु, कोख दुख्नु, निद्रा नलाग्नु र सुक्खा खोकी लाग्नु : यी वातपित्तजन्य

खोकीका लक्षण हुन् ।

क्षतजन्य खोकीको परिभाषा र कारण

(क) अष्टाङ्ग सङ्ग्रह :

...कफं तेन सशोणितम् । पीतं श्यावं च शुष्कं च ग्रथितं कुथितं बहु ॥
ष्ठीवेत् कण्ठेन रुजता विभीन्नेनेव चोरसा । सूचीभिरिव तीक्ष्णाभिस्तुद्यमानेन शूलिना ॥
पर्वभिद्ज्वरश्वासतृष्णावैस्वर्यकम्पवान् । पारावत इवाकूजन् पार्श्वशूली ततोऽस्य च ॥
क्रमाद्वीर्यं रुचिः पक्तिर्बलं वर्णश्च हीयते । क्षीणस्य सासृङ्मूत्रत्वं स्याच्च पृष्ठकटीग्रहः ॥

यसले गर्दा रगत मिसिएको पहेँलो, कालो, सुक्खा, जमेको, क्लिन्न (आर्द्र) र धेरै कफ निस्कने गर्दछ । सँगसँगै घाँटी दुख्ने, छाती चिरिए जस्तो हुने र छातीमा सियो घोचे जस्तो कडा पीडा हुने गर्दछ । जोर्नी फुस्के जसरी दुख्ने, जरो आउने, दम हुने, तिर्खा लाग्ने, स्वर बस्ने र शरीर काम्ने जस्ता लक्षणहरू देखिन्छन् । घाँटीबाट परेबा घुरेजस्तो अस्पष्ट आवाज निस्कने गर्दछ । कोखा दुख्दछन् । त्यसपछि क्रमशः वीर्य, रुचि, पाचनशक्ति र शरीरको वर्ण नाश हुन थाल्दछ । धेरै गालेपछि पिसाबबाट पनि रगत आउन थाल्दछ । ढाड र कम्मर समेत दुख्न थाल्दछ । यसलाई क्षतजन्य खोकी भनिन्छ ।

(ख) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, गरुड महापुराण :

युद्धाद्यैः साहसैस्तैस्तैः सेवितैरयथाबलम् ॥
उरस्यन्तःक्षते वायुः पित्तेनानुगतो बली । कुपितः कुरुते कासं ...॥

युद्ध आदि जस्ता आफ्ना शारीरिक क्षमताभन्दा बढी परिश्रम गर्नाले छाती भित्र घाउ हुन पुग्दछ । यसले गर्दा शरीर भित्रको वायु पित्तसँग मिलेर बलियो भई उत्तेजित हुँदै खोकी निकाल्न थाल्दछ ।

(ग) चरक संहिता :

अतिव्यवायभाराध्वयुद्धाश्वगजविग्रहैः ।
रूक्षस्योरः क्षतं वायुर्गृहीत्वा कासमावहेत् ॥
स पूर्वं कासते शुष्कं ततः ष्ठीवेत् सशोणितम् ।

अति धेरै ग्राम्यधर्ममा संलग्न हुनाले, शरीरको क्षमताभन्दा बढीका बोझ उठाउनाले, धेरै हिँड्नाले र मत्ता हात्ती वा घोडालाई वशमा पार्ने गर्नाले र यस्तै अन्य यस्तै खालका साहसिला कार्य गर्नाले रुखो भएको पुरुषको छातीमा घाउ हुन पुग्दछ । यसपछि यो घाउमा पुग्ने वायुले गर्दा खोकी लाग्ने गर्दछ । यस्ता व्यक्तिलाई पहिले सुक्खा खोकी लाग्दछ, पछि गएपछि रगत मिसिएको कफ निस्कन थाल्दछ ।

(घ) भावप्रकाश संहिता, माधव निदान :

अतिव्यवायभाराध्वयुद्धाश्वगजविग्रहैः । रूक्षस्योरःक्षतं वायुर्गृहीत्वा कासमाचरेत्॥

अति धेरै स्त्री-सहवास गर्नाले, क्षमताभन्दा बढीको बोझ उठाउनाले, धेरै पैदल हिँड्नाले; दौडिरहेका हात्ती, घोडा रोक्ने गर्नाले र बलियो मानिससँग युद्ध गर्नाले छातीमा जब घाउ हुन्छ तब शरीरको भित्रको वायु त्यो घाउ भएका स्थानमा पुगी खोकी लगाउन थाल्दछ ।

(ङ) भेल संहिता :

साहसं कर्म यः कृत्वा विक्षतं खेदयत्युरः॥ निष्ठीवति सरक्तं च कासे क्षतसमुद्भवे ।

शरीरले नधान्ने खालका साहसिक कार्य गरी छातीमा घाउ हुनाले क्षजन्य खोकी हुन्छ ।
क्षतजन्य खोकीमा रगत मिसिएको कफ निस्कने गर्दछ ।

व्यायामाद्भारहरणान्निग्रहादश्वदन्तिनाम् । निहन्यते यस्य वक्षः क्षतकासः स उच्यते॥

कसरत, भारी बोक्ने कार्य र घोडाहात्ती आदि बलपूर्वक रोक्ने (वा वशमा पार्ने) जस्ता कारण छातीमा आघात भई निस्कने खोकीलाई क्षतजन्य खोकी भनिन्छ ।

(च) वङ्गसेन आयुर्वेद :

अतिव्यवायभाराऽध्वयुद्धाऽश्वगजनिग्रहैः । रूक्षस्योरःक्षतं वायुर्गहीत्वा कासमावहेत्॥

अत्यधिक मैथुनले, धेरै बोझ उठाउनाले, धेरै पैदल हिँड्नाले र भागिरहेका हात्ती र गोडालाई रोक्नाले रुखो मानिसको शातीमा घाउ भई त्यहाँ वायु पुगेर खोकी लाग्दछ ।

(छ) सुश्रुत संहिता :

वक्षोऽतिमात्रं विहतं तु यस्य व्यायामभाराध्ययनाभिघातैः ।
विश्लिष्टवक्षाः स नरः सरक्तं ष्ठीवत्यभीक्ष्णं क्षतजं तमाहुः॥
स गात्रशूलज्वरदाहमोहान् प्राणक्षयं चोपलभेत कासी ।

कसरत, भारी बोक्ने कार्य, अध्ययन (पढ्नु, पढाउनु, बोल्नु, प्रवचन दिनु आदि) वा चोट लागेर जुन् पुरुषको छातीमा विशेष किसिमको पीडा हुन्छ, यस्तो मानिसले छातीमा चोट लागेका कारण खोक्दा पटकपटक रगत मिसिएको खकार थुक्ने गर्दछ । यस्तो अवस्थालाई क्षतजन्य खोकी भनिन्छ ।

(ज) हारीत संहिता :

व्यवायातिप्रसङ्गेन वेगरुद्धाभिघातकः । भारोद्धरणयातेन जायते क्षतजः कफः ॥

अति धेरै सहवास गर्नाले, शरीरको दिसापिसाब आदिको वेग रोक्नाले, चोटपलक लाग्नाले र भारी कुरा बोक्नाले वा उचाल्नाले क्षतजन्य खोकी लाग्दछ ।

क्षतजन्य खोकीको लक्षण

(क) अष्टाङ्ग हृदय, गरुड महापुराण :

पीतं श्यावं च शुष्कं च ग्रन्थितं कुथितं बहु । ष्ठीवेत्कण्ठेन रुजता विभिन्नेनेव चोरसा ॥
सूचीभिरिव तीक्ष्णाभिस्तुद्यमानेन शूलिना । पर्वभेदज्वरश्वासतृष्णावैस्वर्यकम्पवान् ॥
पारावत इवाकूजन् पार्श्वशूली ततोऽस्य च । क्रमाद्वीर्यं रुचिः पक्ता बलं वर्णश्च हीयते ॥
क्षीणस्य सासृङ्मूत्रत्वं स्याच्च पृष्ठकटीग्रहः ।

क्षतजन्य खोकीमा रगत मिसिएको, पहेँलो, कालो, सुक्खा, डल्ला डल्ला परेको, सडेको कफ धेरै निस्कने गर्दछ । घाँटी दुख्दछ, छाती चिरिन लागेको जस्तो हुन्छ, छातीमा सियोले घोचेजसरी दुख्दछ, हरेक जोर्नी फुस्केको जसरी दुख्दछ, जरो आउँदछ, दम निस्कन्छ, तिर्खा लाग्दछ, स्वर बस्दछ, शरीर काम्दछ, रोगी परेबा घुरेजसरी घुर्दै ऐया ऐया गर्न थाल्दछ र कोखा सुन्निन्छ । यसपछि बिस्तारै शक्ति, रुचि, पाचनशक्ति, बल र वर्ण नाश हुँदै जान थाल्दछ । यदि यस्तो किसिमको खोकी अत्यधिक सहवासका कारण शुक्र क्षय भएर वा शुक्र बहने मार्गै वा ग्रन्थीमा घाउ भएर लागेको छ भने पिसाबसँगै सँगै मिसिएर रगत आउने गर्दछ तथा ढाड र कम्मर अररो हुन्छ ।

(ख) चरक संहिता :

रुजमानेन कण्ठेन विरुग्णेनेव चोरसा ॥
सूचीभिरिव तीक्ष्णाभिस्तुद्यमानेन शूलिना । दुःखस्पर्शेन शूलेन भेदपीडाभितापिना ॥
पर्वभेदज्वरश्वासतृष्णावैस्वर्यपीडितः । पारावत इवाकूजन् कासवेगात्क्षतोद्भवात् ॥

क्षतजन्य यस्तो खोकीमा रोगीको घाँटी र छाती दुख्दछ । छातीमा तिखो सियोले घोचेजसरी पीडा हुन्छ । छातीको त्यो भागमा बाहिरबाट छुँदा पनि धेरै दुख्दछ । रोगी छातीमा हुने पीडाले चिरिएको जसरी व्याकुल हुने गर्दछ । शरीरका जोर्नी फुस्कन खोजेजसरी दुख्दछ, जरो आउँदछ, दम हुन्छ, तिर्खा लाग्दछ र परेबा घुरे जस्तो आवाज मुखबाट आइरहने गर्दछ ।

(ग) भावप्रकाश संहिता, माधव निदान, वङ्गसेन आयुर्वेद :

स पूर्वं कासते शुष्कं ततः ष्ठीवेत् सशोणितम् । कण्ठेन रुजताऽत्यर्थं विरुग्णेनेव चोरसा ॥
सूचीभिरिव तीक्ष्णाभिस्तुद्यमानेन शूलिना । दुःखस्पर्शेन शूलेन भेदपीडाभितापिना ॥
पर्वभेदज्वरश्वासतृष्णावैस्वर्यपीडितः । पारावत इवाकूजन् कासवेगात् क्षतोद्भवात् ॥

रोगीलाई शुरुमा त सुक्खा खोकी मात्र लाग्दछ तर अलि पछि गएर खोकी सँगै मुखबाट रगत पनि आउन थाल्दछ । यसबेला घाँटी धेरै दुख्दछ, छाती दुख्दछ, छातीमा सियोले घोचिरहेको जस्तो भान

हुन्छ, शूल निस्कन्छ, हरेक अङ्ग टुटफुट भइरहेको जस्तो लाग्दछ, जरो आउँदछ, दम निस्कन्छ, तिर्खा लाग्दछ, स्वरमा समस्या देखिन्छ र परेबा घुरेको जस्तो स्वर सहित खोकी चलिरहने गर्दछ ।

(घ) रसरत्नाकर :

पर्वभेदो ज्वर श्वास तृषा वैस्वर्य्य पीडितम् । स पूर्वं कासते शुष्कं ततः ष्ठीवेत्सशोणितम्॥
पारावतइवा कूजन्कासवेगात्क्षतोद्भवात्॥

जोर्नी फुटेजसरी दुख्नु, जरो आउनु, दम हुनु, तिर्खा लाग्नु, स्वर बस्नु, पहिले सुक्खा खोकी लागेर पछि रगत मिसिएको कफ निस्कनु तथा परेबा घुरेजसरी आवाज निकाल्नु : यी क्षतजन्य खोकीका लक्षणहरू हुन् ।

(ङ) हारीत संहिता :

तेन हृदि व्यथा रूक्षं कासते च सशोणितम् । श्वासः संक्षीयते गात्रं दीनो मन्दज्वरातुरः॥
वेपते पर्वभेदश्च मोहभ्रमनिपीडितः । एवं क्षतजनिर्दिष्टो नृणां प्राणापहारकः॥

मुटु (वा छाती) दुख्दछ, सुक्खा खोकी लाग्दछ, खोक्दा रगत निस्कन्छ, दम निस्कन्छ, शरीर दुब्लाउन थाल्दछ, मानिस खिन्न हुन्छ, हल्का जरो आउँदछ, शरीर काम्दछ, जोर्नीहरू दुख्दछ, मोह हुन्छ, भ्रम हुन्छ । यी क्षतजन्य ज्यान लिने खोकीका लक्षण हुन् ।

उपचार
अमला आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

चूर्णमामलकानां वा क्षीरपक्वं घृतान्वितम् ।

अथवा क्षतजन्य खोकीमा अमलाको धूलो दूधमा पकाई त्यसमा गाईको घिउ मिसाएर पिउनू ।

अलैंची आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

त्रिजातमर्धकर्षांशं पिप्पल्यर्धपलं सिता । द्राक्षामधूकखर्जूरं पलाशं श्लक्ष्णचूर्णितम्॥
मधुना गुटिका घ्नन्ति ता वृष्याः पित्तशोणितम् ।
कासश्वासाऽरुचिच्छर्दिमूर्च्छाहिध्मामदभ्रमान्॥
क्षतक्षयस्वरभ्रंशप्लीहशोषाढ्यमारुतान् । रक्तनिष्ठीवहृत्पार्श्वरुक्पिपासाज्वरानपि॥

अलैंची, तेजपात र दालचिनी आधा-आधा कर्ष; पिप्ला दुई तोला, मिश्री, दाह, महुवाको फूल र पिण्डखजूर एक-एक पल सबै मिसाएर मिहीन धूलो बनाई महसँग मिसाएर काँडेवयरका जत्रा गोली बनाउनू। यी गोली रति-शक्ति बढाउने, वा वीर्यवर्धक तथा रक्तपित्त, (क्षतजन्य) खोकी, दम, अरुचि, वाकवाकी, बेहोसी, बाडुली, नसा, भ्रम, छातीको घाउ, क्षयरोग, स्वरभेद, फियोका रोग, सुजन, वातरक्त, मुखबाट रगत निस्कने रोग, मुटुको पीडा, कोखको शूल, तिर्खारोग र जरो नाशगर्ने गुणको हुन्छ ।

उखु आदिको प्रयोग

(क) भावप्रकाश संहिता :

इक्ष्विक्षुबालिकापद्ममृणालोत्पलचन्दनम् । मधुकं पिप्पली द्राक्षा लाक्षा शृङ्गी शतावरी ॥
द्विगुणा च तुगाक्षीरी सितासर्वचतुर्गुणा । लिह्यात्तन्मधुसर्पिर्भ्यां क्षतकासनिवृत्तये ॥
(इक्षुबालिका-इक्षुभेदः, चन्द्र इति लोके । पद्मम्-पद्मकाष्ठकम् । मृणालं-बिसम् । उत्पलम्- कमलम् । चन्दनमन भवलम्, चूर्णत्वात् । शृङ्गी-कर्कशृङ्ग । तुगाक्षीरी-वंशरोचना, सा च इक्षोर्द्विगुणा ।)

उखु, एक जातको उखुविशेष, पैयुँ, कमलको डाँठ, कमल, चन्दन, जेठीमधु, पिप्ला, दाख, कर्कटशृङ्गी, कुरिलो, उखुको दोब्बर वंशलोचन र सबैको चौबर मिश्री हाली धूलो बनाएर मह र घिउमा मिसाई चाट्ने गर्नाले क्षतजन्य खोकी नाश हुन्छ ।

(ख) वङ्गसेन आयुर्वेद : इक्ष्वाद्यावलेह

इक्ष्विक्षुवालिकापद्ममृणालोत्पलचन्दनैः । मधुकं पिप्पली द्राक्षा लाक्षा श्रृङ्गी शतावरी ॥
द्विगुणा च तुगाक्षीरी सिता सर्वैश्चतुर्गुणा । लिह्यात्तन्मधुसर्पिर्भ्यां क्षतकासनिवृत्तये ॥

उखु, तालमखाना वा काँस, कमल, कमलको डाँठ, कूट, चन्दन, जेठीमधु, पिप्ला, दाख, लाहा, कर्कटश्रृङ्गी र कुरिलो बराबर लिनू । सबैको दुई गुना वंशलोचन लिनू । सबैको चार गुना मिश्री लिनू । सबै मिसाएर पिसी चटनी बनाउनू । यो चटनीमा मह र घिउ मिसाएर चाट्ने गर्नाले क्षतजन्य खोकी नाश हुन्छ ।

क्षीरपाक

इक्ष्विक्षुवालिकापद्ममृणालोत्पलचन्दनैः । श्रृतं पयो मधुयुतं सन्धानार्थं पिबेत् क्षती ॥

उखु, तालमखाना वा काँस, कमल, कमलको डाँठ, कूट र चन्दन मिसाई दूधमा पकाएर मह मिसाई खाने गर्नाले क्षतजन्य खोकीमा घाउ भरिन्छ ।

काँसझार आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

इक्ष्वारिकाबिसग्रन्थिपद्मकेसरचन्दनैः । शृतं पयो मधुयुतं सन्धानार्थं क्षती पिबेत् ॥

क्षतजन्य खोकीमा काँस झार, कमलको डाँठका गाँठा, कमलकेसर र सेतोचन्दन हाली पकाइएको दूधमा मह मिसाएर पिउनू । यसले छातीको घाउ भरिन्छ ।

घिउ आदिको प्रयोग

(क) चरक संहिता :

रक्ते स्रोतोभ्य आस्याद्वाऽप्यागते क्षीरजं घृतम् । नस्यं पानं यवागूर्वा श्रान्ते क्षामे हतानले॥

मुख वा शरीरका अन्य अङ्गबाट रगत निस्कन्छ भने त्यस्ता क्षतजन्य खोकीका रोगीलाई दूधबाट सोझै निकालिएको घिउको नस्य दिनु वा पिउन दिनु हितकर हुन्छ । यदि रोगी थकित छ र पाचनशक्ति पनि कमजोर छ भने उसलाई यवागू खुवाउनु हितकर हुन्छ ।

स्तम्भायामेषु महतीं मात्रां वा सर्पिषः पिबेत् । कुर्याद्वा वातरोगघ्नं पित्तरक्ताविरोधि यत्॥

अन्तरायाम र बहिरायाममा धेरै मात्रामा घिउ पिउनू । अथवा जुन कुराले पित्तविकार र रक्तविकार बढाउँदैन तर वातविकार नाश गर्दछ त्यस्तो उपचार गर्नू । (पहिले पहिले ८ पल घिउलाई एक मात्र भनिन्थ्यो । आजकल पच्दैन । ५-१० कर्ष घिउ बरु तीन पटक खाने गर्नू) ।

जीवनीयघृतको प्रयोग

(क) चरक संहिता :

हृत्पार्श्वार्तिषु पानं स्याज्जीवनीयस्य सर्पिषः । सदाहं कासिनो रक्तं ष्ठीवतः सबलेऽनले ॥

क्षतजन्य खोकीका रोगीको पाचनशक्ति बलियो हुँदा उसको छाती दुख्ने, कोखा दुख्ने, डाह हुने र रगत मिसिएको कफ थुक्ने अवस्था हुँदा वातरक्त रोगमा बताइएको जीवनीय घृत पिउन दिनु पर्दछ ।

(ख) वङ्गसेन आयुर्वेद :

कासे तु क्षतजे बल्यैर्जीवनीयैर्घृतैरपि । शमनैः पित्तकासघ्नैरन्यैश्च मधुरौषधैः ॥

क्षतजन्य खोकीमा बलदायक, जीवनीय घृत तथा शान्त पार्ने र पित्त नाशगर्ने खालका गुलिया ओखतीको प्रयोग गरी उपचार गर्नुपर्दछ ।

जेठीमधु आदिको प्रयोग

(क) रसरत्नाकर :

मधुकं पिप्पली द्राक्षा लाक्षा श्रृङ्गी शतावरी । द्विगुणा च तुगाक्षीरी सिता सर्वैश्चतुर्गुणा॥
लिह्यात्तं मधुसर्पिर्भ्यां क्षतकासनिवृत्तये ।

जेठीमधु, पिप्ला, दाख, लाहा, कर्कटश्रृङ्ग र कुरिलो एक एक भाग; वंशलोचन १२ भाग र मिश्रीको धूलो चौबर मिसाई पिसेर मह र घिउसँग चाट्ने गर्नाले क्षतजन्य खोकी नाश हुन्छ ।

जौ आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

यवानां चूर्णमामानां क्षीरे सिद्धं घृतान्वितम् । ज्वरदाहे सिताक्षौद्रसक्तून् वा पयसा पिबेत् ॥

क्षतजन्य खोकी सँगसँगै जरो पनि आएको छ शरीरमा डाह पनि हुन्छ भने काँचो जौको पिठो दूधमा पकाएर यसमा घिउ मिसाएर खानू । अथवा जौको सातूमा केही चिनी र मह मिसाएर दूधसँग पिउनू ।

दाख आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद :

द्राक्षोक्षुबालिकापद्ममृणालोत्पलचन्दनैः । श्रृतं पेयां मधुयुतां सन्धानार्थं पिबेत्क्षती ॥

क्षतजन्य खोकीमा दाख, तालमखाना वा काँस, कमल, कमलको डाँठ, कूट र चन्दन हाली काँढापानी पकाएर त्यसले पेया बनाई पेयामा मह मिसाएर घाउ भर्नका लागि पिउने गर्नुपर्दछ ।

दूध आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

क्षामः क्षीणः क्षतोरस्को मन्दनिद्रोऽग्निदीप्तिमान्॥ शृतक्षीरसरेणाद्यात्सघृतक्षौद्रशर्करम्।

यदि क्षतजन्य खोकी लागेको रोगी कमजोर र दुब्लो छ र जसका छातीमा घाउ भएको छ, निद्रा थोरै लाग्दछ तर पाचनशक्ति बलियो छ भने उसले तताएर सेलाएको दूध तर सहित, घिउ, मह र सखर मिसाएर खाना खानू। (यो मिश्रणले मासु र रगत बढाउँदछ)।

(ख) चरक संहिता :

तृष्णार्तानां पयश्छागं शरमूलादिभिः शृतम्॥

रोगीलाई तिर्खा लागेमा तृणपञ्चमूल हालेर पकाइएको बाख्रीको दूध पिउन दिनु हितकर हुन्छ।

धूमपान

(क) चरक संहिता :

निवृत्ते क्षतदोषे तु कफे वृद्ध उरः शिरः । दाल्यते कासिनो यस्य स धूमान्ना पिबेदिमान्॥

क्षतजन्य खोकीमा क्षतविकार नाश भएर कफ बढी छाती र टाउको दरफराएजसरी दुख्दछ भने तल बताइने ओखतीले धूमपान गर्नू ।

द्वे मेदे मधुकं द्वे च बले तैः क्षौमलक्तकैः । वर्तितैर्धूममापीय जीवनीयघृतं पिबेत्॥

मेदा, महामेदा जेठीमधु, बलु र महाबलुलाई पिसी लेदो बनाएर सनपाटको कपडामा लिपी सुकाएर बत्ती बनाई शराबसम्पुटमा राखेर रोगीलाई धूमपान गराउनू । यसपछि जीवनीयघृत पिउन दिनुपर्दछ ।

मनःशिलापलाशाजगन्धात्वक्क्षीरिनागरैः । भावयित्वा पिबेत्क्षौमं शर्करेक्षुगुडोदकम्॥

मैनशिला, पलाँशका बीज, जङ्गली ज्वानु, वंशलोचन र सुठो पिसी लेदो बनाएर सनको कपडामा दली सुकाएर रोगीलाई शरावसम्पुटमा राखी धूमपान गर्नू र त्यसपछि सक्खरको सर्वत वा उखुको रस पिउनू ।

पिष्ट्वा मनःशिलां तुल्यामार्द्रया वटशुङ्गया । ससर्पिष्कं पिबेद्धूमं तित्तिरिप्रतिभोजनम्॥

मनशिला र बरका कलिला पालुवा मिसेर पिसी सनको कपडामा दलेर सुकाई बत्ती बनाउनू । त्यसलाई घिउमा भिजाएर धूमपान गर्नू । त्यसपछि तित्रको मासुको रससँग खाना खानू ।

भावितं जीवनीयैर्वा कुलिङ्गाण्डरसायुतैः । क्षौमं धूमं पिबेत्क्षीरं शृतं चायोगुडैरनु॥

भँगेराको फुलको रस मिसाइएको जीवनीयगणका ओखती पिसेर सनको कपडामा लिपी सुकाएर बत्ती बनाई धूमपान गर्नू । त्यसपछि फलामका डल्ला रातो पारी तताएर डुबाइएको दूध पिउने गर्नू ।

नागरमोथे आदिको प्रयोग

(क) हारीत संहिता :

मुस्ताऽटरूषकफलत्रिकदारुभार्ङ्गी व्याघ्रीसपुष्पफलमूलदलैरुपेता ।
रास्नाविषा च मधुरसालानि चूर्णं निहन्ति क्वथितेन जलेन कासम्॥
बद्धाथवा च गुटिका मधुना गुडेन सिन्धूद्भवेन मगधासमहौषधेन ।
आस्ये धृता निशि विशालगुणा भवन्ति श्वासं क्षयं क्षतजकासमिदं निहन्ति ॥

नागरमोथे, असुरो, त्रिफला, देवदार, चिण्डे, कण्टकारीका पाँच वटै अङ्ग, रास्ना, अतीस र उत्तम तुलसीका पातको धूलोको काँढापानी पकाई पिउनाले खोकी नाश हुन्छ । अथवा यो धूलो मह र सक्खरमा मिसाएर त्यसमा सिँधेनुन, पिप्ला र सुठो समेत मिसाई गोली बनाएर मुखमा राखी रातमा चुस्ने गर्नाले यो उत्तम गुणशाली हुन्छ । यसले दम, क्षयरोग र क्षतजन्य खोकी नाश गर्दछ ।

पारो आदिको प्रयोग

(क) रसरत्नाकर : तालेश्वररसः

रसपादंमृतंतारं शिलातालं चतुर्गुणम् । वासागोक्षुरसत्त्वाभ्यां मर्दयेत्प्रहरद्वयम् ॥
द्वियामं बालुकायन्त्रे स्वेद्यमादाय चूर्णयेत् । गुञ्जाद्वयं निहन्त्याशु कासं श्वासं क्षतोद्भवम् ॥
रसस्तालेश्वरो नाम्ना अनुपानं च कथ्यते । वचाकुष्ठहरिद्राभिः सैन्धवं टङ्कणं विषम् ॥
सपाठालाङ्गलीव्योषं चाक्षं प्रत्येकभागकः । भावितं भृङ्गराजेन दिनैकं तं च भक्षयेत् ॥
माषं तालेश्वरो नाम्ना हिक्कावैस्वर्यकासजित् ॥

पारो एक भाग तथा रतजभस्म, मनशिला र हरिताल चार चार भाग लिई मिसाएर असुरो र ओदानेकाँडाको रसमा दुई प्रहरसम्म घोट्नू । त्यसपछि दुई प्रहरसम्म बालुकायन्त्रमा हालेर पकाउनू । पूरै सेलाएपछि झिकेर धूलो बनाउनू । यसलाई दुई दुई रत्तीका दरले खाने गर्नू । क्षतजन्य खोकी र दम नाश हुन्छ । यसलाई तालेश्वर रस भनिन्छ । यो ओखती खाएपछि बोझो, कूट, हलेदो, सिँधेनुन, स्वाग, वत्सनाभ, गुन्दरगानु, गुन्यामधुरा र त्रिकटु दुई दुई तोला भृङ्गिराजको रसमा हाली एक दिन ढड्याएर पिउने गर्नू । एक महिनासम्म दिनहुँ यो ओखती खानाले बाडुलीरोग, स्वर बसेको र खोकी नाश हुन्छ ।

पित्तजन्य खोकी जसरी गरिने उपचार

(क) चरक संहिता :

क्षतकासाभिभूतानां वृत्तिः स्यात् पित्तकासिकी । क्षीरसर्पिर्मधुप्राया ....।

क्षतजन्य खोकीले पीडित व्यक्तिको उपचार पित्तजन्य खोकीको जसरी गर्नुपर्दछ भनी थाहा पाउनू । यसमा घिउ र महको प्रयोग बढी गर्नुपर्दछ ।

पिप्ला आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

रसायनविधानेन पिप्पलीर्वा प्रयोजयेत्॥

अथवा क्षतजन्य खोकीमा रसायन विधिले पिप्लालाई लामो समयसम्म खानू ।

(ख) चक्रदत्त :

पिप्पली मधुकं द्राक्षा लाक्षा श्रृङ्गी शतावरी॥
द्विगुणा च तुगाक्षीरी सिता सर्वैश्चतुर्गुणा । तं लिह्यान्मधुसर्पिर्भ्यां क्षतकासनिवृत्तये॥

पिप्ला, जेठीमधु, दाख, लाहा, कर्कटश्रृङ्गी र कुरिलो बराबर मिसाई यी सबैको दोब्बर वंशलोचन र चौबर मिश्री मिसाएर त्यसलाई घिउ र मह मिसाई चाट्ने गर्नाले क्षतजन्य खोकी नाश हुन्छ ।

(ग) चरक संहिता : पिप्पल्यादिलेह

पिप्पली मधुकं पिष्टं कार्षिकं ससितोपलम् । प्रास्थिकं गव्यमाजं च क्षीरमिक्षुरसस्तथा॥
यवगोधूममृद्वीकाचूर्णमामलकाद्रसः । तैलं च प्रसृतांशानि तत्सर्वं मृदुनाऽग्निना॥
पचेल्लेहं घृतक्षौद्रयुक्तः स क्षतकासहा । श्वासहृद्रोगकार्श्येषु हितो वृद्धेऽल्परेतसे॥१

पिप्ला, जेठीमधु र मिश्रीको धूलो एक एक कर्ष; गाईको दूध दुई प्रस्थ, बाख्रीको दूध दुई प्रस्थ, उखुको रस दुई प्रस्थ; जौको पिठो, मुनक्काको लेदो, अमलाको रस र तिलको तेल एक एक प्रसृत (दुई दुई पल) हालेर सानो आगोमा पकाउनू । सेलाएपछि घिउ र मह (दुई दुई पल) मिसाउनू र खाने गर्नू । यो चटनीले क्षतजन्य खोकी नाश गर्दछ । दम र मुटुका रोग तथा दुब्लोपनमा फाइदा गर्दछ । वृद्ध र वीर्य कम हुनेलाई पनि हितकर हुन्छ ।

पुनर्नवा आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

वर्षाभूशर्करारक्तशालितण्डुलजं रजः । रक्तष्ठीवी पिबेत् सिद्धं द्राक्षारसपयोघृतैः ॥

क्षतजन्य खोकीमा रातो पुनर्नवा, चिनी, रातोमार्सी चामलको धूलो दाखको रस र घिउ मिसाएर तयार पार्नू र खाने गर्नू ।

मजिठो आदिको प्रयोग

(क) रसरत्नाकर :

मञ्जिष्ठाञ्जनमूर्वाग्निपाठाकृष्णानिशायुतः । क्षतक्षयजकासघ्नं लीढं च मधुनासह ॥

मजिठो, रसाञ्जन, मरुइलहरो, गुन्दरगानु, पिप्ला र हलेदो मिसाई पिसेर धूलो वा लेदो बनाई मह मिसाएर चाट्ने गर्नाले क्षतजन्य र क्षयजन्य खोकी नाश हुन्छ ।

(ख) वङ्गसेन आयुर्वेद :

मञ्जिष्ठमूर्वानतवह्निपाठाः कृष्णां हरिद्रां विलिहेद्विचूर्ण्य ।
क्षौद्रेण कासे क्षतजे क्षयोत्थे पिबेद्घृतं चेक्षुरसे विपक्वम् ॥

मजिठो, मरुइलहरो, तगर, चितु, गुन्दरगानु, पिप्ला र हलेदो मिसाई पिसेर धूलो बनाउनू । यो धूलोमा मह मिसाएर खाने गर्नू । क्षतजन्य र क्षयजन्य खोकी नाश हुन्छ । अथवा उखुको रसमा घिउ पकाएर पिउने गर्नू । क्षतजन्य र क्षयजन्य खोकी नाश हुन्छ ।

मधुरगणका ओखतीको प्रयोग

(क) अष्टाङ्ग हृदय :

कासवांश्च पिबेत् सर्पिर्मधुरौषधसाधितम् ।

क्षतजन्य खोकीका रोगीले जेठीमधु आदि मधुर गणका ओखती हालेर तयार पारिएको घिउ पिउनू ।

(ख) चरक संहिता :

कासमात्ययिकं मत्वा क्षतजं त्वरया जयेत् । मधुरैर्जीवनीयैश्च बलमांसविवर्धनैः ॥

क्षतजन्य खोकी घातक भएको हुनाले जतिसक्दो चाँडै बल र मासु बढाउने खालका मधुरगण र जीवनीय गणका ओखती खुवाएर रोगीको उपचार गर्नुपर्दछ ।

(ग) रसरत्नाकर :

कासे च क्षतजे चान्यैर्जीवनीयैश्च बृंहणैः ॥ शमनं पित्तकासोक्तैरन्यैश्च मधुरौषधैः ।

क्षतजन्य खोकीमा जीवनीयगणका ओखती (कल्छेलहरो, दुधेकल्छेलहरो, जीवक, ऋषभक,ऋद्धि, वृद्धि, मेदा, महामेदा, जीवन्ती र जेठीमधु) तथा पित्तजन्य खोकीमा प्रयोग हुने गुलिया ओखती खानु हितकर हुन्छ ।

महुवा आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

कासी पर्वास्थिशूली च लिह्यात्सघृतमाक्षिकाः । मधूकमधुकद्राक्षात्वक्क्षीरीपिप्पलीबलाः ॥

जसलाई क्षतजन्य खोकी सँगसँगै जोर्नी र हाड दुख्ने गर्दछ उसले महुवाको फूल, जेठीमधु, दाख, वंशलोचन, पिप्ला र बलुको जराको धूलो घिउ र महमा मिसाएर चाट्ने गर्नू ।

मधूकमधुकक्षीरसिद्धं वा तण्डुलीयकम् । यथास्वं मार्गविसृते रक्ते कुर्याच्च भेषजम् ॥

अथवा महुवाको फूल, जेठीमधु र दूधमा तयार पारिएको लुँडेको साग खानू । यो मिश्रण त्यस्ता क्षतजन्य खोकीका रोगीलाई दिनू जसको थुकमा रगत मिसिएर आउने गर्दछ । यदि टाउको, मूत्राशय आदिमा घाउ भई रगत बगिरहेको छ भने उसलाई त्यस अनुसारको लाभदायक उपचार गर्नू ।

माछामासुको प्रयोग

(क) अष्टाङ्ग हृदय :

मूढवातस्त्वजामेदः सुराभृष्टं ससैन्धवम् ।

यदि क्षतजन्य खोकीका रोगीलाई खोकीसँगै वायुको गति उल्टो वा स्थिर छ भने (मूढवात, कतै डल्लो परेर वायु बस्ने) बोकाको बोसो सुरामा भुटी त्यसमा अलिकति सिंधेनुन मिसाएर खानू । (यो मिश्रणले मासु र रगत बढाउँदछ) ।

क्रव्यात्पिशितनिर्यूहं घृतभृष्टं पिबेच्च सः ॥ पिप्पलीक्षौद्रसंयुक्तं मांसशोणितवर्धनम् ।

अथवा यदि क्षतजन्य खोकी लागेको रोगी दुब्लो क्षत र कमजोर भए उसले काँचो मासु खाने खालका जीवको मासुको रस घिउमा फिटेर त्यसमा पिप्ला र मह समेत मिसाई पिउने गर्नू । यो मिश्रणले मासु र रगत बढाउँदछ ।

(ख) चरक संहिता :

मांसोचितेभ्यः क्षामेभ्यो लावादीनां रसा हिताः ।

क्षतजन्य खोकीको रोगी मांसाहारी भए र उसको शरीर केही सुक्खा भए उसलाई लाभे आदि चराको मासुको रस पिउन दिनु पर्दछ ।

मालिशको प्रयोग

(क) चरक संहिता :

...संसर्गे तु विशेषणम्॥
वातपित्तार्दितेऽभ्यङ्गो गात्रभेदे घृतैर्हितः । तैलैर्मारुतरोगघ्नैः पीड्यमाने च वायुना॥

तर अन्य दोष मिसिएको अवस्थामा विशेष उपचार गर्नुपर्ने हुन्छ । वात र पित्तले पीडित भई रोगीको शरीरको कुनै अङ्गमा छेडेजसरी पीडा भएमा घिउ दलेर मालिश गर्नु हितकर हुन्छ । वातविकार पीडित हुँदा तेल दलेर मालिश गर्नु हितकर हुन्छ ।

मिश्री आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

शर्करां यवगोधूमं जीवकर्षभकौ मधु॥
शृतक्षीरानुपानं वा लिह्यात्क्षीणः क्षतः कृशः ।

अथवा यदि क्षतजन्य खोकी लागेको रोगी दुब्लो क्षत र कमजोर भए मिश्री, जौ, गहुँ, जीवक र ऋषभकको धूलो मह मिसाएर चाट्नू । (यो मिश्रणले मासु र रगत बढाउँदछ) ।

यवागू आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद :

यवागूं वा पिबेत्सिद्धां क्षतोरस्कः सुशीतलाम्॥

क्षतजन्य खोकीमा यवागूलाई निकै चिसो बनाएर पिउने गर्नू ।

लाहा आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

उरस्यन्तःक्षते सद्यो लाक्षां क्षौद्रयुतां पिबेत् । क्षीरेण शालीन् जीर्णेऽद्यात्क्षीरेणैव सशर्करान् ॥
पार्श्ववस्त्यादिरुक्चाल्पपित्ताग्निस्तां सुरायुताम् ।
क्षिन्नविट्कः समुस्तातिविषापाठां सवत्सकाम् ॥
लाक्षां सर्पिर्मधूच्छिष्टं जीवनीयं गणं सिताम् । त्वक्क्षीरीसम्मितं क्षीरे पक्त्वा दीप्तानलः पिबेत् ॥

छाती भित्र घाउ समेत भएर खोकी लागेको अवस्थामा तुरुन्त लाहा एक तोला पिसेर महमा मिसाई चाट्नू र त्यसपछि दूध पिउनू । लाहा पचेपछि मिश्री मिसाइएको मार्सी धानको भात दूधसँग नै खानू । जुन रोगीलाई कोख र मूत्राशयमा समेत पीडा हुन्छ तथा पित्त एवं पाचनशक्ति कमजोर हुन्छ उसले लाहा सुरासँग पिउनू । जुन रोगीलाई छेरपटी पनि लागेको छ उसले लाहालाई नागरमोथे, अतीस र गुन्द्रगानुसँग मिसाएर खानू । जसको पाचनशक्ति बलियो छ उसले लाहा, घिउ, मैन, जीवनीय गणका ओखती, मिश्री, वंशलोचन र गहुँको मैदा (केही भुटेर) मिसाई दूधमा पकाएर पिउनू ।

वातविकार नाशक ओखतीको प्रयोग

(क) रसरत्नाकर :

वातानुबन्धे वातघ्नैस्तेन स्वाभ्यञ्जने हितम् ॥

क्षतजन्य खोकीमा वातविकार पनि भए वातविकार नाशक ओखती र मालिसको प्रयोग गर्नू ।

सक्खर आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

गुडोदकं वा क्वथितं सक्षौद्रमरिचं हितम्॥

अथवा क्षतजन्य खोकीमा सखरको काँढापानी सेलाएपछि मह र मरिच मिसाएर पिउनू ।

क्षयजन्य खोकी लाग्ने कारण

(क) अष्टाङ्ग सङ्ग्रह :

वायुप्रधानाः कुपिता धातवो राजयक्ष्मिणः । कुर्वन्ति यक्ष्मायतनैः कासं ...।

क्षयरोग लागेका मानिसमा वायुप्रधान धातु क्षयरोगका कारणले उत्तेजित र विकृत भई खोकी निकाल्ने गर्दछ ।

(ख) अष्टाङ्ग हृदय, गरुड महापुराण :

वायुप्रधानाः कुपिता धातवो राजयक्ष्मिणः ॥ कुर्वन्ति यक्ष्मायतनैः कासं ष्ठीवेत् कफं ततः ।

क्षयरोग लागेको बिरामीको वातविकारले बलियो भएको वात, कफ आदि दोष क्षयरोग सहित, वेगको रोकावट, धातुको क्षय तथा समय समयमा नखाने कारणले गर्दा उत्तेजित भई खोकी लगाउने गर्दछ ।

(ग) चरक संहिता :

विषमासात्म्यभोज्यातिव्यवायाद्वेगनिग्रहात् । घृणिनां शोचतां नृणां व्यापन्नेऽग्नौ त्रयो मलाः ॥ कुपिताः क्षयजं कासं कुर्युर्देहक्षयप्रदम् ।

आफूले आफैंलाई कोस्ने वा घृणा गरिरहनाले, शोकमा डुबिरहनाले, नमिल्दा खानपिन गर्नाले, जबरजस्ती शरीरले नहसने खालका खानपिन गर्नाले, धेरै ग्राम्यधर्ममा संलग्न हुनाले र मलमूत्र आदिको वेग रोक्नाले शरीर भित्र रहेको अग्नि विकृत हुन्छ । यसपछि शरीर भित्रका वात, कफ र पित्त उत्तेजित र विकृत हुन्छन् अनि शरीरलाई खियाउने खालको क्षयजन्य खोकी उत्पन्न हुन थाल्दछ ।

(घ) भावप्रकाश संहिता :

विषमासात्म्यभोज्यातिव्यवायाद्वेगनिग्रहात् । घृणिनां शोचतां नृणां व्यापन्नेऽग्नौ त्रयो मलाः ॥ कुपिताः क्षयजं कासं कुर्युर्देहक्षयपदम् ॥ (घृणिनाम्-विचिकित्सायुक्तानाम् ।)

नमिल्दा वा शरीरले नसहने खालको भोजन, अति मैथुन, मलमूत्र आदिको वेग रोक्ने कार्य, अत्यन्त घृणा गर्ने आदत वा बेलैमा उपचार नगर्ने आदत र जतिखेर पनि शोक गरिरहने आदतले मानिसको शरीरमा भएको अग्नि एवं पचाउने अग्नि विकृत वा खराब हुन पुग्दछ । यस्तो अग्निले गर्दा तिन वटै दोष सहितको शरीरलाई नाश गर्ने खोकी जन्माउँदछ ।

क्षयरोगजन्य खोकीका लक्षण

(क) अष्टाङ्ग सङ्ग्रह :

...ष्ठीवेत् कफं ततः॥ पूतिपूतोपमं पीतं विस्रं हरितलोहितम् ।
लुप्येत इव पार्श्वे च हृदयं पततीव च॥
अकस्मादुष्णशीतेच्छा बह्वाशित्वं बलक्षयः । स्निग्धप्रसन्नवक्त्रत्वं श्रीमद्दर्शननेत्रता॥
ततोऽस्यक्षयरूपाणि सर्वाण्याविर्भवन्ति च ।

यसपछि गनाउने, पीपजस्तो, पहेँलो, सडेको गन्ध आउने, हरियो र रातो कफ निस्कने गर्दछ । रोगीलाई कोख नै छैन कि जस्तो र मुटु वा फोक्सो बन्द भएजस्तो भान हुन्छ । कुनै कारण नै नभए पनि अकस्मात् कहिले चिसो कुरा त कहिले तातो कुराको चाहना हुन थाल्दछ । धेरै खान मन लाग्दछ र बलनाश हुन्छ । अनुहार भने चिल्लो, प्रसन्न र स्वच्छ देखिन्छ । आँखामा पनि चमक देखिन्छ । यसपछि रोगीमा क्षयरोगका सबै लक्षण देखिन्छन् ।

(ख) अष्टाङ्ग हृदय, गरुड महापुराण :

पूतिपूयोपमं पीतं विस्रं हरितलोहितम्॥
लुञ्च्येते इव पार्श्वे च हृदयं पततीव च । अकस्मादुष्णशीतेच्छा बह्वाशित्वं बलक्षयः॥३४॥
स्निग्धप्रसन्नवक्त्रत्वं श्रीमद्दर्शननेत्रता । ततोऽस्य क्षयरूपाणि सर्वाण्याविर्भवन्ति च॥

क्षयजन्य खोकीमा गनाउने, पीप जस्तो, पहेँलो, काँचो मासु गनाए जस्तो गनाउने, हरियो वा रातो कफ आउने गर्दछ । कोखो वा फोक्सो अन्त सरेको जस्तो भान हुन्छ, मुटु पनि अन्त सरेको जस्तो लाग्दछ, कुनै कारण बिना नै कहिले तातो त कहिले चिसो आहारविहारको चाहना हुन थाल्दछ, खानाको परिमाण बढ्दछ, धेरै खान्छ तर बल भने घट्दै जान्छ, मुख चिल्लो र हँसिलो देखिन्छ, आँखा चम्किला र राम्रा देखिन्छन् । यसपछि क्षयरोगका सबै लक्षण देखिन थाल्दछ ।

(ग) चरक संहिता :

दुर्गन्धं हरितं रक्तं ष्ठीवेत् पूयोपमं कफम्॥
कासमानश्च हृदयं स्थानभ्रष्टं स मन्यते । अकस्मादुष्णशीतार्तो बह्वाशी दुर्बलः कृशः॥
स्निग्धाच्छमुखवर्णत्वक् श्रीमद्दर्शनलोचनः । पाणिपादतलैः श्लक्ष्णैः सततासूयको घृणी॥
ज्वरो मिश्राकृतिस्तस्य पार्श्वरुक् पीनसोऽरुचिः । भिन्नसङ्घातवर्चस्त्वं स्वरभेदोऽनिमित्ततः॥

क्षयजन्य खोकी लाग्दा रोगीले गनाउने, हरियो, रातो र पीपजस्तो कफ निकाल्ने गर्दछ । उ खोक्दा आफ्नो मुटु नै अन्तै सर्न थालेको जस्तो अनुभव गर्न थाल्दछ । रोगीलाई कतिखेर अति गर्मी भइरहेको

त कतिखेर अति जाडो भइरहेको महशूष गर्न थाल्दछ । धेरै खान्छ तर कमजोर र दुब्लो हुँदै जान्छ । अनुहार, शरीरको वर्ण र छाला चिल्लो र सफा देखिन्छ । हत्केला र पैँताला पनि चिल्ला हुन्छन् । रोगी हरदम अरुको गुणमा दोष लगाइरहन थाल्दछ । उ घृणायुक्त हुन्छ। उसलाई जरो पनि आउँदछ । त्यो जरोमा त्रिदोषका लक्षणहरू देखिन्छन् । कोखा दुख्ने, पिनास हुने, खानपिन गर्न मन नलाग्ने, कहिले पातलो र कहिले बाक्लो दिसा हुने र त्यत्तिकै (खोकी धेरै नलागे पनि) स्वर बस्ने जस्ता लक्षणहरू देखिन्छन् ।

(घ) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

सगात्रशूलज्वरदाहमोहान् प्राणक्षयं चोपलभेत कासी ।
शुष्यन् विनिष्ठीवति दुर्बलस्तु पक्षीणमांसो रुधिरं सपूयम्॥
तं सर्वलिङ्गं भृशदुश्चिकित्स्यं चिकित्सितज्ज्ञाः क्षयजं वदन्ति॥

क्षयरोगजन्य खोकी लागेका मानिसका हरेक अङ्गमा शूल हुन्छ, जरो आउँदछ, डाह हुन्छ र अन्तमा ज्यान समेत जाने सम्भावना हुन्छ । यसबेला रोगी बिस्तारै सुक्दै जान्छ, बल र मासु घट्दछ तथा खोकीसँगै पीप र रगत मिसिएर आउँदछ । यस्तो त्रिदोषका लक्षण सहितको खोकी प्रायः निको हुँदैन । चिकित्साशास्त्रका विज्ञहरू यसलाई क्षयजन्य खोकी भन्दछन् ।

(ङ) भेल संहिता :

स्त्रीषु सक्तश्च यो जन्तुस्तस्य शुक्लपरिक्षयात्॥
लिङ्गं वाताभिभूतत्वात्सूचीभिरिव तुद्यते । सरक्तं कुरुते मूत्रं तथा शुक्लं च लोहितम्॥

स्त्रीप्रति (मैथुनप्रति) बढी आशक्त मानिसको वीर्य नाश भई जननेन्द्रियमा बायुविकारले गर्दा खोक्दा सियोले घोचेजसरी दुख्ने गर्दछ । पिसाबमा रगत मिसिएर आउन थाल्दछ र रगतमा पनि सेतोपन बढी हुन थाल्दछ । यी क्षयजन्य खोकीका लक्षणहरू हुन् ।

(च) रसरत्नाकर :

गात्रशूलं ज्वरो दाहो मोहः श्वासश्च यस्य वै । शुष्कं निष्ठीवयेत्कृच्छ्रात्स पूयं शोणितं च यः॥
इत्येष क्षयजः कासः साध्यो बलबतां क्वचित् । क्षीणानां देहनाशाय स एकः साध्यतां व्रजेत्॥

शरीरमा शूल हुनु, जरो आउनु, डाह हुनु, भ्रम हुनु, दम निस्कनु, अति कष्टले सुक्खा खोकी लाग्नु र पछि रगत मिसिएको खकार आउनु : यी क्षयजन्य खोकीका लक्षणहरू हुन् । यो खोकी बलियो मानिसलाई लागेको अवस्थामा ठिक हुन सक्दछ तर दुब्लो मानिसलाई लाग्दा ठिक हुन कठिन हुन्छ ।

क्षयरोगजन्य खोकीको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

वातघ्नौषधनिःक्वाथे क्षीरं यूषान् रसानपि ॥ वैष्किरान् प्रातुदान् बैलान् दापयेत्क्षयकासिने ।

क्षयजन्य खोकी हुने रोगीलाई दशमूल आदि वातनाशक ओखतीको काँढापानी हाली पकाइएको दूध, यूष अथवा विष्किर, प्रतुद तथा विलेशय जीवको मासुको रस खानपिउन दिनू ।

क्षतकासे च ये धूमाः सानुपाना निदर्शिताः ॥ क्षयकासेऽपि ते योज्या वक्ष्यते यच्च यक्ष्मणि ।
बृंहणं दीपनं चाग्नेः स्रोतसां च विशोधनम् ॥ व्यत्यासात्क्षयकासिभ्यो बल्यं सर्वं प्रशस्यते ।
सन्निपातोद्भवो घोरः क्षयकासो यतस्ततः ॥ यथादोषबलं तस्य सन्निपातहितं हितम् ॥

घाउजन्य खोकीमा जे जे धूमपान गर्न सकिने भनी बताइएका थिए ती ती धूमपानको प्रयोग क्षयजन्य खोकीमा पनि गर्नू । तथा क्षयरोगको अध्यायमा बताइने बृंहण, अग्नि दीपन र स्रोत विशोधनका उपाय आवश्यकता अनुसार केही परिवर्तन गरी प्रयोग गर्नू । क्षयजन्य खोकी हुनेका लागि सबै खालका बलवर्धक उपचार गर्नू । क्षयजन्य खोकी त्रिदोषका कारण हुने हुनाले अति दर्दनाक हुन्छ त्यसैले दोषको बल अनुसार त्यसको त्यो उपचार गर्नू जो सन्निपातजन्य खोकीका लागि हितकर हुन्छ ।

(ख) भावप्रकाश संहिता :

चूर्णं काकुभमिष्टं वासकरसभावितं बहून्वारान् । मधुघृतसितोपलाभिर्लेह्यं क्षयकासरक्तहरम् ॥
(काकुभं चूर्णम्-ककुभचूर्णम् ।)

शुद्ध लोहभस्मलाई असुरोको रसमा पटकपटक ढड्याएर मह, घिउ र मिश्रीसँग मिसाएर चाट्नाले क्षयजन्य खोकी नाश हुन्छ ।

(ग) भैषज्य रत्नावली :

मुस्तकं पिप्पली द्राक्षा सुपक्वं बृहतीफलम् । घृतक्षौद्रयुतो लेहः क्षयकासनिबर्हणः ॥

नागरमोथे, पिप्ला, दाख र राम्ररी पाकेको बिहीँको फल बराबर मिसाई धूलो बनाएर घिउ र महसँग खाने गर्नाले क्षयजन्य खोकी नाश हुन्छ ।

(घ) रसरत्नसमुच्चय :

इन्द्रवारुणिकामूल भृङ्गीकृष्णातिलैः सह । भक्षयेत्क्षयकासार्तो निष्कमात्रं प्रशान्तये ॥

इन्द्रेनीलहरोको जरा, भृङ्गराज, पिप्ला र तिल बराबर लिई पिसेर कपडछान गर्नू । यो धूलो चार चार मासा खाने गर्नाले **क्षयजन्य खोकी** र त्यसले गर्ने पीडा शान्त हुन्छ ।

(ङ) रसरत्नाकर : अग्निरस

शुद्धसूतं द्विधा गन्धं कुर्याद्यत्नेन कज्जलीम् । तयोः समं तीक्ष्णचूर्णं मर्दयेत्कनकद्रवैः ॥
द्वियामान्ते कृतं गोलं ताम्रपात्रे विनिक्षिपेत् । आच्छाद्यैरण्डपत्रेण यामार्द्धेऽप्युष्णता भवेत् ॥
धान्यराशौ न्यसेत्पश्चाद्वियामान्ते समुद्धरेत् । सम्पेष्य गालयेद्वस्त्रे सद्यो वारितरं भवेत् ॥
त्रिकटुत्रिफला चैला जातीफललवङ्गकम् । एषाञ्च परभागानां समपूर्वरसो भवेत् ॥
सचूर्ण्या लेोडयेत्क्षौद्रैर्भक्ष्यं निष्कद्वयं द्वयम् । अयमग्निरसो नाम्ना क्षयकासनिकृन्तनः ॥
इन्द्रवारुणिकामूलं भृङ्गं कृष्णतिलैः सह । भक्षयेत्क्षयकासार्त्तो निष्कमात्रं प्रशान्तये ॥

प्रशोधित पारोभस्म एक भाग र शुद्ध गन्धक दुई भाग मिसाई घोट्नू । त्यसपछि इस्पातको भस्म मिसाएर धतुराको रसमा दुई प्रहरसम्म पिस्नू । त्यसपछि गोली बनाउनू । ती गोलीलाई तामाको भाँडामा राखी अँडिरमा पातले छोप्नू र चार घडीसम्म त्यत्तिकै रहन दिनू । तातेपछि दुई प्रहरसम्म धानको थुप्रोभित्र राख्नू । पछि निकालेर मसिनो हुनेगरी पिस्नू । कपडछान गर्नू । छानेपछि यो पानीमा तैरने होस् । त्यसपछि त्रिकटु, त्रिफला, अलैँची, जाइफल र ल्वाङको धूलो बराबर मिसाउनू । मह मिसाएर आठ आठ मासाका दरले खाने गर्नू । यो अग्निरसले क्षयजन्य खोकी नाश गर्दछ । यो ओखती खाएपछि इन्द्रेनीलहरोको जरा, दालचिनी र कालो तिल मिसाई चार मासा खाने गर्नू ।

मञ्जिष्ठाञ्जनमूर्वाग्निपाठाकृष्णानिशायुतः । क्षतक्षयजकासघ्नं लीढं च मधुनासह ॥

मजिठो, रसाञ्जन, मरुइलहरो, गुन्दरगानु, पिप्ला र हलेदो मिसाई पिसेर धूलो वा लेदो बनाई मह मिसाएर चाट्ने गर्नाले क्षतजन्य र क्षयजन्य खोकी नाश हुन्छ ।

पिप्पली पद्मकं लाक्षा सुपक्वं बृहतीफलम् ॥ घृतक्षौद्रयुतो लेपः क्षयकासनिबर्हणः ।

पिप्ला, पैयुँ वा पिर्रे, लाहा र पाकेको बिहीँ मिसाएर बनाइएको धूलो घिउ र मह मिसाएर चाट्ने गर्नाले क्षयजन्य खोकी नाश हुन्छ ।

लोकेश्वररस सेवनविधि

रसो लोकेश्वरोप्यत्र पिप्पली मधुना सह । देयं गुञ्जा चतुष्कं च सघृतैर्मरिचैः सह ॥
कासश्वासाग्निमान्द्यञ्च क्षयकासञ्च नाशयेत् ॥

चार रत्ती लोकेश्वर रस पिप्लाको धूलोसँग अथवा महसँग खानाले अथवा कालो मरिचको धूलोसँग घिउ मिसाएर खानाले खोकी, दम, कमजोर पाचनशक्ति र क्षयजन्य खोकी नाश हुन्छ ।

(च) वङ्गसेन आयुर्वेद :

पिप्पलीपद्मकं द्राक्षा सुपक्वंबृहतीफलम् । घृतक्षौद्रयुतो लेहः क्षयकासनिबर्हणः ॥

पिप्ला, पैयुँ वा पिर्रे, दाख र पाकेको बिहीँ मिसाएर पिसेर धूलो बनाई मह र घिउ मिसाएर खाने गर्नाले क्षयजन्य खोकी नाश हुन्छ ।

विषमासात्म्यभोज्यातिव्यवयातिप्रजागरैः । घुणिनां शोचतां नृणां व्यापन्नेऽग्नौ त्रयोऽमलाः ॥
कुपिताः क्षयजं कासं कुर्युर्देहक्षयप्रदम् ॥

विषम र शरीरले नसहने खालका खानपिनले; धेरै मैथुनले, धेरै नसुत्नाले, घृणा गरिरहनाले र चिन्ता गरिरहनाले मानिसको पाचनशक्ति कमजोर भई तीन वटै दोषलाई दूषित पारी शरीरलाई षय गर्ने खालको क्षयजन्य खोकी उत्पन्न हुन्छ ।

सगात्रशूलज्वरदाहमोहान् प्राणक्षयं भोपलभेत कासी ।
शुष्कञ्च निष्ठीवति दुर्बलश्च प्रक्षीणमांसो रुधिरं सपूयम् ॥
तं सर्वलिङ्गं भृशदुश्चिकित्स्यं चिकित्सितज्ञाः क्षयजं वदन्ति ॥

शरीरमा शूल हुनु, जरो आउनु, डाह हुनु, भ्रम हुनु, ज्यान क्षय हुनु, सुक्खा खोकी लाग्नु, कमजोर हुनु, मासु घट्दै जानु, रगत मिसिएको खकार आउनु र सबै दोषका लक्षणहरू देखिनु : यी उपचार गर्न कठिन हुने क्षयजन्य खोकीका लक्षणहरू हुन् ।

पिप्पली पद्मकं लाक्षा सम्पक्वं बृहतीफलम् । घृतक्षौद्रयुतो लेहः क्षयकासनिबर्हणः ॥

पिप्ला, पेयुँ वा पिर्रे र पाकेका बिहीँका फल मिसाई पिसेर घिउ र मह मिसाई चाट्ने गर्नाले क्षयजन्य खोकी नाश हुन्छ ।

चूर्णं काकुभनिष्कं वासकरसभावितं बहून्वारान् । मधुघृतसितोपलाभिर्लेह्यं क्षयकासपित्तहरम् ॥

अर्जुन वा काउलोको बोक्राको धूलो चार मासा (एक निष्क) असुरोको रसमा अनेक पटक ढड्याएर मह, घिउ र मिश्री मिसाएर खाने गर्नाले क्षयजन्य खोकी र पित्तविकार नाश हुन्छ ।

पिप्पलाद्यघृत

पिप्पलीगुडसंसिद्धं छागक्षीरयुतं घृतम् । एतदग्निविवृद्ध्यर्थं सर्पिश्च क्षयकासिनाम् ॥

पिप्ला, सक्खर, बाख्रीको दूध र गाईको घिउ मिसाएर पकाउनू । यो घिउ खाने गर्नाले क्षयजन्य खोकी नाश हुन्छ ।

कुलीराद्यघृत

कुलीरशुक्तींश्चटकैणलावान्निक्वाथ्य: वर्गैर्मधुरैस्तथान्यैः ।
पचेद्घृतं तत्तु निषेव्यमाणं हन्यात् क्षयोत्थं क्षतजञ्च कासम् ॥

गँगटो, सिपी, भँगेरो, ऐण मृग र लाभे चरोको मासुको रसमा मधुर वर्गमा पर्ने ओखती र अन्य ओखती हालेर विधिपूर्वक घिउ पकाउनू । यो घिउ खाने गर्नाले क्षयजन्य र क्षतजन्य खोकी नाश गर्दछ ।

द्विपञ्चमूलाद्यघृत

द्विपञ्चमूलीत्रिफलाभार्ङ्गी शुण्ठी सचित्रकैः । कुलित्थपिप्पलीमूलपाठाकोलयवैर्जले ॥
श्रुते नागरदुःस्पर्शशठीपिप्पलपौष्करैः । कल्कैः कर्कटशृङ्ग्या च समैः सर्पिर्विपाचयेत् ॥
सिद्धेऽस्मिञ्चूर्णितौ क्षारौ द्वौ पञ्चलवणानि च । दत्वा युक्त्या पिबेन्मात्रां क्षयकासनिपीडितः ॥

दशमूल, त्रिफला, चिण्डे, सुठो, चितु, गहत, पिप्लाको जरा, गुन्दरगानु, बयर र जौ हाली पकाइएको काँढापानीमा सुठो, दुरालभा, कचूर, पिप्ला, पुष्करमूल र कर्कश्रृङ्गीको धूलो वा लेदो हाल्नू र घिउ हाली विधिपूर्वक घिउ पकाउनू । पाकेपछि जवाखार, सज्जिखार र पाँच थरी नुनको धूलो मिसाउनू । यसलाई विधिपूवृक खानू । यसले क्षयजन्य खोकी नाश गर्दछ ।

अश्वगन्धाद्यघृत

शुभेऽह्नि सुदेशसम्भूतं मूलशतं सम्यगश्वगन्धायाः ।
पुण्येऽहनि संक्षुण्णं विपचेद्द्रोणेऽम्भसि च विद्वान् ॥
ज्ञात्वाष्टभागसिद्धं गृह्णीयात्तद्धुं सुपरिपूतम् । द्वे चैवात्र पलशते दद्याच्छागस्य मांसस्य ॥
सर्पिः प्रस्थमथैकं गव्यञ्च पयश्चतुर्गुणं दद्यात् । कल्कानक्षसमानानूर्ध्वमतः सम्प्रवक्ष्यामि ॥
काकोलीद्वयमृद्धी मेदे द्वे जीवकं स्वयंगुप्ताम् । वृषभकमेलां मधुकं मृद्वीकां यासपिप्पल्यौ ॥
जीवन्तीमुपकुल्यां बलां विदारीं शतावरीं चात्र । दत्वा सम्यग्निपचेत् सर्पिरथोद्धृत्य स्थित्वा च ॥
मधुशर्करयोः कुडवं दत्वा भाण्डे शुभे स्थितं मृदितम् ।
लीढ्वा तत्पाणितले यथेष्टमहारमश्नीयात् ॥
क्षीणक्षतशिशुवृद्धाः क्षीणेन्द्रिययहीनबलवर्णमांसाश्च ।
प्राश्य प्रकुर्यात् सद्यः पुष्टिबलारोग्यतेजांसि ॥
उपयुज्य सर्पिरेतत्सप्ततिवर्षो युवेव पुनर्भूत्वा । बहुशः स्त्रियोऽधिगच्छेन्न चात्र शुक्रक्षयं लभते ॥
पुत्रार्थिनी च नारी लभते पुत्रान्वयस्यतीतेऽपि । वन्ध्या लभते पुत्रं प्राश्येदङ्गाश्वगन्धाद्यम् ॥
उपयुक्ते यः पुरुषो माषत्रयं द्विमासं वा । नारीशतं स गच्छेन्नैव भजेद्योषितां तृप्तिम् ॥
खालित्यवलीपलितैर्न चास्य देहोऽभिभूतये क्षिप्रम् । वातव्याधिभिरार्त्तस्तथैव हृद्वस्तिरोगार्त्तः ॥
न चिरादपि रोगार्त्ता भुञ्जानाः सर्पिररोगा भवन्ति । अतो जगद्धितार्थिसर्पिरिदं वाजिगन्धायाः ॥

श्रेष्ठं वाजीकरणं निर्दृष्टाश्विभ्यां पूर्वं बहुशः । प्रोक्तं वृक्ष्यं बल्यं क्षयकासहरं पुष्टिकरञ्च ॥

शुभदिनको शुभ नक्षत्रमा उत्तम स्थानमा उम्रेको अश्वगन्धाको जरा सय पल लेराउनू । पिसेर एक द्रोण पानीमा हाली पकाउनू । आठ भाग पानी बाँकी भएपछि झिकेर छान्नू । छानेको पानीमा दुई सय पल बोकाको मासु, एक प्रस्थ घिउ, चार गुना गाईको दूध; कल्छेलहरो, दुधेकल्छेलहरो, ऋद्धि, वृद्धि, मेदा, महामेदा, जीवक, काउसो, वृषभ, अलैंची, जेठीमधु, दाख, दुरालभा, पिप्ला, गजपिप्ला, जीवन्ती, सुकुमेल, बलु, विरालेलहरोको गानु र कुरिलो दुई दुई हाली विधिपूर्वक घिउ पकाउनू । सेलाएपछि १६, १६ तोला मह र मिश्रीको धूलो मिसाउनू र घोल्नू अनि कुनै चिल्लो भाँडामा राख्नू । हरेक दिन एक एक तोला खाने गर्नू । पेटभरी खाना खाने गर्नू । घाउले दुब्लाएका, बालक, वृद्ध, इन्द्रिय कमजोर भएका, बल कम भएका, वर्ण नाश भएका, मासु घटेका मानिसलाई यसले तुरुन्त पुष्टि दिन्छ । बल, निरोगिता र तेज दिन्छ । यो घिउ खाने गर्नाले सत्तरी वर्षको बूढो मानिस पनि पुनः जवान सरह हुन्छ र अनेकौं स्त्रीसँग रमाउन सक्दछ । उसको कहिल्यै वीर्यनाश हुँदैन । पुत्र चाहनेले पनि उत्तम पुत्र जन्माउन सक्दछ । वन्ध्या स्त्रीको बाँझोपन नाश हुन्छ र सबै गुण भएको पुत्र जन्माउन सक्षम हुन्छे । जसले एक महिना वा दुई महिना वा तीन महिनासम्म यो घिउ खान्छ उ सय वटी स्त्रीलाई सन्तुष्ट पार्न सक्षम हुन्छ । उ सहवासबाट कहिल्यै सन्तुष्ट हुँदैन । यसले उमेर नपुगी छाला चाउरी पर्ने र कपाल फुल्ने रोग हुन दिँदैन । वातजनइ रोग, मुटुका रोग र मूत्राशयका रोग हुँदैनन् । लामोसमयसम्म मानिस रोगी हुँदैन । यो अश्वगन्धाघृत संसारको कल्याणका लागि बताइएको हो । यो घिउ उत्तम वाजीकर, वीर्यवर्धक, बलदायक, क्षयजन्य खोकी नाशक र पुष्टिदायक हुन्छ । यसलाई अश्विनीकुमारहरूले बनाएका हुन् ।

पिप्पलाद्यवलेह

पिप्पलीमधुकं वापि कार्षिकञ्च सितोपलम् । प्रस्थिकं गव्यमाज्यञ्च क्षीरमिक्षुरसस्तथा ॥
यवगोधूममृद्वीका चूर्णमामलकाद्रसम् । तैलञ्च प्रसृतांशानि तत्सर्वं मृदुनाग्निना ॥
पचेल्लेहं घृतक्षौद्रयुक्तः स श्वासकासनुत् । क्षयहृद्रोगकासघ्नो हितो वृद्धाऽल्परेतसाम् ॥

पिप्ला र जेठीमधु एक एक तोला, मिश्री एक प्रस्थ, गाईको घिउ एक प्रस्थ, गाईको दूध एक प्रस्थ, उखुको रस एक प्रस्थ तथा जौ र गहुँको पिठो, दाख, अमलाको रस र तिलको तेल आठ आठ तोला मिसाएर सानो आगो बाली लदरो नहुँदासम्म पकाउनू । जब सेलाउँदछ तब घिउ र मह मिसाउनू । यो चटनी खाने गर्नाले दम, खोकी, क्षयरोग र मुटुका रोग नाश हुन्छ । यो वृद्ध र कम वीर्य भएका मानिसका लागि हितकर हुन्छ ।

क्षयकास

सन्निपातभवो ह्येषः क्षयकासः सुदारुणः । सन्निपातहितं तस्मात्कार्य्यमत्र चिकित्सितम् ॥

क्षयजन्य खोकी विशेषगरी सन्निपातले हुने गर्दछ । यसैले सन्निपातका लागि हित हुने खालका सबै उपचार गर्नुपर्दछ ।

(छ) सुश्रुत संहिता :

विदारिगन्धोत्पलसारिवादीन् निष्क्वाथ्य वर्गं मधुरं च कृत्स्नम्॥
घृतं पचेदिक्षुरसाम्बुदुग्धैः काकोलिवर्गे च सशर्करं तत् ।
प्रातः पिबेत् पित्तकृते च कासे रतिप्रसूते क्षतजे च कासे॥

विदारीगन्धादि, उत्पलादि, सारिवादि र काकोल्यादि सबै मधुरगण हाले पकाइएको काँढापानीमा उखुको रस, पानी र दूधमा काकोल्यादि गणका ओखतिको धूलो हालेर घिउ पकाउनू । यो घिउमा मिश्री मिसाएर पित्तजन्य खोकीमा बिहान पिउने गर्नू । क्षयजन्य खोकीमा पनि पिउने गर्नू ।

रक्ताहरिद्राञ्जनवह्निपाठामूर्वोपकुल्या विलिहेत् समांशाः ।
क्षौद्रेण कासे क्षतजे क्षयोत्थे पिबेद् घृतं चेक्षुरसे विपक्वम्॥

क्षतजन्य र क्षयजन्य खोकीमा मजिठो, हलेदो, सौवीराञ्जन, चितू, गुन्दरगानु, मूर्वा (?) र पिप्ला बराबर मात्रामा लिई महसँग चाट्ने गर्नू । अथवा उखुको रसमा पकाइएको घिउ पिउने गर्नू ।

कुलीरशुक्तीचटकैणलावान्निष्क्वाथ्य वर्गं मधुरं च कृत्स्नम् ।
पचेद् घृतं तत्तु निषेव्यमाणं हन्यात् क्षतोत्थं क्षयजं च कासम्॥
शतावरीनागबलाविपक्वं घृतं विधेयं च हिताय कासिनाम् ।

गँगटो, जलसिपी, भँगेरो, एणमृग र लाभेचरोको मासु तथा सबै काकोल्यादि मधुर वर्गका ओखती मिसाएर पकाइएको काँढापानीमा घिउ पकाउनू । यो घिउ खानाले क्षतजन्य र क्षयजन्य खोकी नाश हुन्छ । कुरिलो र नागबलु हालेर पकाइएको घिउ खोकीका रोगीलाई खान दिनू ।

(ज) हारीत संहिता :

तालीसं त्रिफलाप्रियङ्गुमगधामूलञ्च मुस्ता शठी दार्व्येलादलनागकेसरलवङ्गानां तथा नागराः ।
कृष्णाकोलकबालकं सचविला मूर्वा विषा कर्कटं
द्राक्षा कुष्ठनिशाग्निवत्सकवृषं गोकण्टतिक्ता तथा॥
वृक्षाम्लं च सदाडिमाम्लकरसं पक्वबदराणि च एतेषां समभागचूर्णविहितं योज्या समा शर्करा ।
योज्यं चार्द्धपलं निहन्ति क्षतजं कासं तथा श्वासकं
पाण्डूकामलमेदशोषगुदजे शस्तं सदा यक्ष्मिणाम्॥

तालीसपत्र, त्रिफला, दहीगुयैँलो, पिप्लाको जरा, नागरमोथे, कचूर, देवदार, अलैंची,, तेजपात, नागकेसर, ल्वाङ, सुठो, पिप्ला, बयर, सुगन्धवाल, चाँवो, मूर्वा, अतीस, कर्कटशृङ्गी, दाख, कूट, चुत्रो, चितू, इन्द्रजौको बोटको बोक्रा, असुरो, गोखुर, कटुकी,भक्किअमिलो, अनारका दाना र पाकेका बयर बराबर मात्रामा लिई धूलो बनाउनू । धूलै बराबर सक्खर मिसाउनू । यो आधा तोलाका दरले खाएमा

क्षतजन्य खोकी, दम, पाण्डु, कमलपित्त, बोसोविकार, सुकेनास, मलद्वारका रोग र क्षयरोग नाश हुन्छ ।

क्षयकासे मधुयष्टिकया त्रिदोषजाः ।

क्षयजन्य र त्रिदोषजन्य खोकीमा जेठीमधु खानु हितकर हुन्छ ।

आमजन्य खोकीको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदयः

पिबेज्ज्वरोक्तं पथ्यादि सशृङ्गीकं च पाचनम् ।

खोकी लाग्दा यदि आमदोष छ भने ज्वर उपचार अध्यायमा बताइएको पथ्यादि पाचन मिश्रणमा कर्कटशृङ्गीको धूलो समेत मिसाई पिउनू ।

(ख) हारीत संहिता :

आमजे शूलरोगार्त्तिः पर्वभेदी भ्रमः क्लमः ।
शोषः शिरोव्यथा क्लेदो नेत्रे गम्भीरमिच्छति ॥४५॥

आमविकारले लाग्ने खोकीमा शूल हुने, जोर्नीमा पीडा हुने, भ्रम हुने, सुकेनास रोग लाग्ने, टाउको दुख्ने, ग्लानि हुने र आँखा भित्र पस्ने जस्ता लक्षणहरू देखिन्छन् ।

नोट : खाएपिएको कुरा पचेपछि रस बन्दछ । त्यसपछि यो रस पनि पच्दै शरीरभित्र जानु पर्दछ । यो रस पचेन भने अनेक थरी रोग लाग्दछ । “आम” भनेको यही नपचेको अवस्थाको रस हो । आमदोष वा आमविकारले हुने खोकी भनेको यही नपचेको रसले हुने खोकी हो ।

त्रिदोषजन्य खोकीको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

पित्तानुबन्धयोर्वातकफयोः पित्तनाशनीम्॥

यसैगरी वात-कफजन्य खोकीमा पित्तविकार पनि मिसिएको छ भने पित्तनाशक उपचार गर्नू ।

(ख) रसरत्नाकर :

सन्निपात भवोह्येष क्षयकासः सुदारुणः॥ सन्निपात हितं तस्मात्कार्यमत्र चिकित्सितम् ।

सन्निपात भएको डरलाग्दो क्षयजन्य खोकीमा सन्निपात नाशगर्ने खालको उपचार गर्नुपर्दछ ।

(ग) हारीत संहिता :

कण्डूदाहश्वासच्छर्दिशोषारोचकपीडिताः । शिरोऽर्त्तितशोफहल्लासः कासे त्रिदोषसम्भवे॥

जीउ चिलाउनु, डाह हुनु, दम निस्कनु, वाकवाकी लाग्नु, शरीर सुक्नु, अरुचीले दुःख दिनु, टाउको दुख्नु, शरीर सुन्निनु र छाती भारी हुनु वा थुक्न मन लागिरहनु : यी त्रिदोषजन्य खोकीका लक्षण हुन् ।

रक्तजन्य खोकी

(क) हारीत संहिता :

अल्पायासात्क्षतात्क्षीणात्सम्पातात्क्षणभोजनात् । पातनाघातयोगेन जायते रक्तजः कफः ॥

थोरै परिश्रम गर्नाले (अल्छी भएर बस्नाले), चोटपटक लागेर, दुब्लाएर, खसेर, गलत कुरा खाएर, लडेर र काटेर रक्तजन्य खोकी लाग्दछ ।

विस्रगन्धास्यहृच्छूलदीनो वै विकलेन्द्रियः । रक्तनिष्ठीवनोपेत श्वासो वापि मदातुरः ॥
क्षीयते सततं गात्रं मोहस्तृष्णा च जायते । इत्येतैर्लक्षणैर्युक्तं रक्तकासं विनिर्दिशेत् ॥

मुखबाट दुर्गन्ध आउनु, मुटु वा छाती दुख्नु, खिन्न हुनु, इन्द्रिय लोसे हुनु, थुकमा रगत मिसिएर आउनु, दम निस्कनु, नसा लाग्नु, निरन्तर शरीर दुब्लाउन थाल्नु, मोह हुनु र तिर्खा लाग्नु : यी रक्तजन्य खोकीका लक्षण हुन् ।

सबै खालका खोकीको उपचार
खोकीमा अँडिर आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

एरण्डपत्रक्षारं वा व्योषतैलगुडान्वितम्। लेहयेत्...।

अथवा अँडिरका पातको क्षार, त्रिकटु, तेल र सक्खर मिसाएर चाट्नू, **<u>दम र खोकी</u>** नाश हुन्छ ।

अगस्ति आदिको प्रयोग

(क) हारीत संहिता :

अगस्तिपत्रं स्वरसैर्निहन्ति नस्ये च चातुर्थिकरोगमुग्रम् ।
कासं भ्रमं चापि शिरोरुजाञ्च नाशञ्च नस्यं च हितं नराणाम्॥

अगस्ति वृक्षको पातको स्वरस नाकमा हाल्नाले डरलाग्दो चातुर्थिकज्वर पनि नाश हुन्छ । यसले **खोकी**, भ्रम र टाउकाका रोग समेत नाश गर्दछ ।

अजयपाल आदिको प्रयोग

(क) रसरत्नसमुच्चय :

दन्तीमूलस्या धूमं वा निर्गुण्ड्या वा पिबेज्जयेत्॥४२॥

अथवा अजयपालको जरा वा बैजनी रङको फूल फुल्ने सिमालीको रस धूमपान गर्नाले **खोकी** नाश हुन्छ ।

(ख) सुश्रुत संहिता :

...दन्तीं द्रवन्तीं च सतिल्वकाख्याम् ।
भृष्टानि सर्पीष्यथ बादराणि खादेत् पलांशानि ससैन्धवानि॥

खोकी लाग्दा अजयपाल, द्रवन्ती (मुसलिण्डी), तिल्वक (लोधविशेष) र बयर : यी सबैका पात घिउमा भुटी सिँधेनुनसँग खानू ।

खोकीमा अदुवा आदिको प्रयोग

(क) अग्निपुराण :

शृङ्गवेररसश्चैव मधुना सह पाययेत् । ...काशघ्नं ...॥

अदुवाको रसमा मह मिसाएर खानाले **खोकी** नाश हुन्छ ।

(ख) वङ्गसेन आयुर्वेद :

स्वरसं शृङ्गबेरस्य माक्षिकेन समन्वितम् । पाययेत्कासश्वासघ्नं प्रतिश्यायकफापहम् ॥

अदुवाको रसमा मह मिसाएर खाने गर्नाले खोकी, दम, प्रतिश्याय र कफविकार नाश हुन्छ ।

नागरेणाभया तद्वत्कासमाशु व्यपोहति ॥

सुठो र हर्रोको धूलो मिसाएर खाने गर्नाले पनि खोकी र दम नाश हुन्छ ।

(ग) शार्ङ्गधर संहिता :

आर्द्रकस्वरसः क्षौद्रयुक्तो ...कास...हन्ति ...॥

अदुवाको स्वरसमा मह मिसाएर पिउने गरे **खोकी** भगाउँदछ ।

गुडशुण्ठीशिवामुस्तैर्गुटिकां धारयेन्मुखे ।

सुठो, हर्रो र नागरमोथेको धुलोमा दोबर सक्खर मिसाई गोली बनाउनू । यो गोली मुखमा राखी चुस्नाले सबै खालका **खोकी** निको हुन्छ ।

(घ) सुश्रुत संहिता :

खादेद्गुडं नागरपिप्पलीभ्यां ...।

खोकी लाग्दा : सुठो र पिप्लाको धूलोमा सक्खर मिसाएर खानू ।

(ङ) हारीत संहिता :

आर्द्रकस्य रसं नीत्वा मधुना च पिबेत्सुधीः । कासे ... ॥

खोकी लाग्दा विद्वानले अदुवाको रसलाई महमा मिसाएर पिउने गर्नू ।

खोकीमा अनार आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

द्वे पले दाडिमादष्टौ गुडाद्व्योषात्पलत्रयम् । रोचनं दीपनं स्वर्यं पीनसश्वासकासजित् ॥
गुडक्षारोषणकणादाडिमं श्वासकासजित् । क्रमात् पलद्वयार्धाक्षकर्षाक्षार्धपलोन्मितम् ॥

अनारको फलका बोक्रा दुई पल, कम्तीमा एक वर्ष पुरानो सक्खर आठ पल र त्रिकटुको धूलो तीन पल मिसाएर धूलो बनाउनू अथवा यो हालेर पकाई गोली बनाउनू । यो रुचिप्रद, स्वरभेद नाशक, स्वरवर्धक तथा पिनास, **दम र खोकी**लाई जित्ने गुणको हुन्छ । सक्खर दुई पल, जवाखार आधा कर्ष, मरिच एक कर्ष, पिप्ला आधा कर्ष र अनार एक पलको मिश्रणले पनि दम र खोकीलाई जित्दछ ।

द्विगुणे दाडिमरसे सिद्धं वा व्योषसंयुतम् ॥ पिबेदुपरि भुक्तस्य यवक्षारयुतं नरः ।

अथवा जवाखारको लेदो र घिउलाई दोब्बर अनारको रसमा हाली पकाइएको घिउमा त्रिकटूको धूलो मिसाएर खाना खाएपछि पिउनू । (यो घिउ क्षयरोग र **खोकी**मा रोगीको पाचनशक्ति बढाउनका लागि तथा रोगले अवरुद्ध घाँटी र छाती शुद्ध पार्न उपयोगी हुन्छ ।) ।

(ख) शार्ङ्गधर संहिता :

दाडिमी द्विपला ग्राह्या खण्डा चाष्ट पलानि वा (खण्डाद्दशपलानि च) । त्रिगन्धस्य पलञ्चैकं त्रिकटु स्यात्पलत्रयम् ॥ एतदेकीकृतं सर्वं चूर्णं स्याद्दाडिमाष्टकम् । ... कास...पहम् ॥

अस्सी ग्राम (सानो) दारिमका दाना, मिस्री तीन सय बीस ग्राम, त्रिगन्ध चालीस ग्राम र त्रिकटु एक सय बीस ग्राम मिसाई दारिमाष्टक नामक चूर्ण बनाउनू । यो चूर्ण खानाले खोकी नाश गर्दछ ।

दाडिमस्य पलान्यष्टौ शर्करायाः पलाष्टकम् । पिप्पली पिप्पलीमूलं यवा(मा)नी मरिचन्तथा ॥
धान्यकञ्जीरकं शुण्ठी प्रत्येकं पलसम्मितम् । कर्षमात्रा तुगाक्षीरी त्वक्पत्रैलाश्च केशरम् ॥
प्रत्येकं कोलमात्राः स्युस्तच्चूर्णं दाडिमाष्टकम् । ... कासं चूर्णमितद्व्यपोहति ।

दाडिमका दाना तीन सय बीस ग्राम; मिस्री तीन सय बीस ग्राम; पिप्ला, पिप्लाको जरा, ज्वानु, कालो मरिच, धनियाँ, जीरा र सुठो हरेक चालीस चालीस ग्राम; वंशलोचन बीस ग्राम; दालचिनी, अलैंची र नागकेशर छ छ ग्राम लिई मिसाएर धुलो बनाउनू । यसलाई वृहद्दाडिमाष्टक भनिन्छ । यो खानाले खोकी ठिक हुन्छ ।

अमला आदिको प्रयोग

(क) सुश्रुत संहिता :

धात्रीकणाविश्वसितोपलाश्च संचूर्ण्य मण्डेन पिबेच्च दध्नः ॥

खोकी लाग्दा अमला, पिप्ला, सुठो र मिश्रीको धूलो दहीको पानी (मण्ड) सँग खानू ।

चूर्णं पिबेदामलकस्य वाऽपि क्षीरेण पक्वं सघृतं हिताशी ।

खोकी लाग्दा अमलाको धूलोलाई घिउमा पकाएर हितकर खाना खाँदै दूधसँग पिउने गर्नू ।

कल्याणकगुड

प्रस्थत्रयेणामलकीरसस्य शुद्धस्य दत्त्वाऽर्धतुलां गुडस्य ।
चूर्णीकृतैर्ग्रन्थिकचव्यजीरव्योषेभकृष्णाहपुषाजमोदैः ॥
विडङ्गसिन्धुत्रिफलायवानीपाठाग्निधान्यैश्च पिचुप्रमाणैः ।
दत्त्वा त्रिवृच्चूर्णपलानि चाष्टावष्टौ च तैलस्य पचेद्यथावत् ॥
तं भक्षयेदक्षफलप्रमाणं यथेष्टचेष्टस्त्रिसुगन्धियुक्तम् ।
अनेन सर्वे ग्रहणीविकाराः सश्वासकासस्वरभेदशोथाः ॥
शाम्यन्ति चायं चिरमन्तरग्नेर्हतस्य पुंस्त्वस्य च वृद्धिहेतुः ।
स्त्रीणां च वन्ध्यामयनाशनः स्यात् कल्याणको नाम गुडः प्रतीतः ॥

अमलाको रस तीन प्रस्थमा शुद्ध सक्खर पचास पल मिसाउनू । त्यसपछि पिप्लाको जरा, चाभो, जीरा, त्रिकटु, गजपिप्ला, हपुषा, जङ्गली ज्वानु, वायुविडङ्ग, त्रिफला, ज्वानु, गुन्दरगानु, चितू र धनियाँको धूलो एक एक कर्ष मिसाउनू । निसोतको धूलो आठ पल र तेल आठ पल हाली विधिपूर्वक तेल पकाउनू । यसमा दालचिनी, अलैंची र तेजपातको धूलो एक कर्ष मिसाएर खाने गर्नू । केही कुरा बार्नु पर्दैन । यो ओखती खानाले ग्रहणी, **दम, खोकी**, स्वरभेद र सुजन शान्त हुन्छ । यसले लामो समयदेखि नष्ट भएको पाचक-अग्निलाई तथा मैथुन क्षमतालाई बढाउँदछ । स्त्रीको बाँझोपन नाश गर्दछ । यो कल्याणगुड उत्तम ओखती हो । (निसोतलाई तेलमा भुटेर हालिन्छ । सामान्य, मध्यम र कडा खालको पाचनशक्ति विचार गरेर उचित मात्रामा खाने गर्नू ।) ।

अमिली आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

तिन्तिडीपत्रजः क्वाथो हिङ्गुसैन्धवसंयुतः । दुष्टकासं जयत्याशु तृणवृन्दमिवानलः ॥

अमिली (इमली) का पातको काँढापानीमा हिङ र सिँधेनुन मिसाएर पिउने गर्नाले घाँसपातको समूह आगोले नष्ट पारेजसरी खराब खालको **खोकी** चाँडै नै नष्ट हुन्छ ।

(ख) रसरत्नाकर :

तिन्तिडीपत्रजः क्वाथो हिङ्गुसैन्धवसंयुतः ॥ दुष्टकासं जयेदाशु घनवृन्दमिवानिलः ।

अमिली (इमली) का पातको काँढापानीमा हिङ र सिँधेनुन मिसाएर पिउने गर्नाले बादलको समूह बतासले नष्ट पारेजसरी खराब खालको **खोकी** चाँडै नै नष्ट हुन्छ ।

अशोक आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

अशोकबीजक्षवकजन्तुघ्नाञ्जनपद्मकैः ॥
सविडैश्च घृतं सिद्धं तच्चूर्णं वा घृतप्लुतम् । लिह्यात्पयश्चानुपिबेदाजं कासातिपीडितः ॥

खोकीले अति नै पीडित रोगीलाई अशोकका बीज, छिउँके झार, वायुविडङ्ग, रसाञ्जन, पैयुँ र विड्लवण (सौंचरनुन) मिसाएर पकाइएको घिउ चटाउनू अथवा यी ओखतीको धूलो घिउमा मिसाएर खुवाउनू अनि अनुपानमा बाख्रीको दूध पिउन दिनू ।

अष्टाङ्गचूर्ण आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद :

अष्टाङ्गचूर्णसंयुक्तं पक्त्वा क्षीरं प्रयोजयेत् । कासं श्वासान्वितं घोरं हन्यादेतन्न संशयः ॥

अष्टाङ्गचूर्णलाई दूधमा पकाएर पिउने गर्नाले खोकी र दम अवश्य नाश हुन्छ ।

खोकीमा असुरो आदिको प्रयोग

(क) अग्निपुराण :

वासकस्य रसस्तद्वत् समधुस्ताम्रजो रसः ।

यसैगरी बराबर मात्राको असुरोको रस, मह र ताम्रभस्मले पनि यो काम गर्दछ (खोकी ठिक गर्दछ) ।

(ख) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

वृषव्याघ्रीगुडूचीनां पत्रमूलफलाङ्कुरात् ॥ रसकल्कैर्घृतं पक्वं हन्ति कासज्वरारुचीः ।

असुरो, कण्टकारी र गुर्जोका पात, जरा, फल र मुनाको रस र लेदो हाली पकाइएको घिउले **खोकी**, जरो र अरुचि नाश गर्दछ ।

(ग) गरुडमहापुराण :

वासायां विद्यमानायामाशायां जीवितस्य च । रक्तपित्ती क्षयी कासी किमर्थमवसीदति ॥

असुरो पाउँदासम्म बाँच्ने आश भइरहन्छ । त्यसैले रक्तपित्त, क्षयरोग र खोकी लागेकाले किन चिन्ता गर्नू ।

आटरूषकमृद्वीकापथ्याक्वाथः सशर्करः । क्षौद्राढ्यः कासनिःश्वासरक्तपित्तनिबर्हणः ॥

असुरो, मुनक्का, हर्रो र मिश्री हालेर काँढापानी पकाउनू । सेलाएपछि मह मिसाएर पिउने गर्नू । यसले खोकी, दम र रक्तपित्त नाश गर्दछ ।

(घ) भैषज्य रत्नावली :

वासायाः स्वरसं पूतं कणामाक्षिकसंयुतम् । अभ्यासान्मुच्यते पीत्वाप्यसाध्यात्कासरोगतः ॥

असुरोका पातको रसमा पिप्लाको धूलो र मह मिसाएर हरेक दिन खाने गर्नाले असाध्य **खोकी** पनि नाश हुन्छ ।

(ङ) वङ्गसेन आयुर्वेद : बृहद्वासकाद्यघृत

समूलपत्रशाखन्तु श्लक्ष्णं कृत्वाटरूषकम् । तस्य कुर्य्यात्पलशतं द्वौ प्रस्थौ पञ्चमूलयोः ॥
हरीतकीविभीतकक्योर्वल्कलं कुडवद्वयम् । दद्यादामलकानाञ्च कुडवञ्च त्रिभागशः ॥

निःक्वाथ्य सलिलद्रोणे चतुर्भागावशेषिते । भेषजानि सुपिष्टानि तत्रेमानि प्रदापयेत् ॥
द्वे मेदे द्वे हरिद्रे च जीवकर्षभकावुभौ । काकोलीक्षीरकाकोली चन्दनं मधुकं तथा ॥
मुद्गपर्णी, माषपर्णी, पयस्या चापिपिप्पली । मरिचं चाश्वगन्धा च सशुण्ठी काकनासिका ॥
सूक्ष्मैला शतपुष्पा च मृद्वीका च शतावरी । एतैः सर्पिर्विपक्तव्यं गवां क्षीरे चतुर्गुणे ॥
सर्वकासापहं सर्पिः क्षीणक्षतसुखावहम् । हिक्काश्वासहरञ्चैव स्वररक्तप्रसादनम् ॥

जरा, पात र हाँगा सहितको असुरो सय पल; दुई थरी पञ्चमूल दुई प्रस्थ, हर्रो र बर्रोको धूलो दुई दुई कुडव तथा अमला तीन कुडव एक द्रोण पानीमा हाली पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । यो काँढापानीमा मेदा, महामेदा, हलेदो, चुत्रो, जीवक, ऋषभक, कल्छेलहरो, दुधेकल्छेलहरो, चन्दन, जेठीमधु, वनमुगी, वनमास, कल्छेलहरो, पिप्ला, मरिच, अश्वगन्धा, सुठो, कौवाठोरी, सुकुमेल, सुप, दाख र कुरिलो : यी सबैको धूलो हालेर गाईको दूध चौबर मिसाई विधिपूर्वक घिउ पकाउनू । यो घिउ खाने गर्नाले सबै प्रकारका खोकी नाश गर्दछ । घाउ भई दुब्लाएका मानिसलाई सुख दिन्छ । बाडुलीरोग र दम नाश गर्दछ तथा स्वर र वर्णलाई फाइदा गर्दछ ।

(च) शार्ङ्गधर संहिता :

वासकस्वरसः पेयो मधुना ...कास...हरः...॥

असुरोको स्वरसमा मह मिसाएर पिउने गरे **खोकी** ठिक हुन्छ । (असुरोको स्वरस दुई तोला र मह एक तोलाको तीनभागको दुई भाग लिनू) ।

वासाद्राक्षाऽभयाक्वाथः पीतः सक्षौद्रशर्करः । निहन्ति ...कासान्सुदारुणान् ॥

असुरो, दाख र हर्रोको काँढापानीमा मह र मिस्री मिसाएर पिउनाले पुरानो **खोकी** नाश गर्दछ ।

... कासं ... केवलो वासकक्वाथः पीतः क्षौद्रेण नाशयेत् ॥

असुरो मात्र हालेर पकाइएको काँढापानीमा मह मिसाएर पिएमा पनि **खोकी** ठिक गर्दछ ।

वासाक्षुद्राऽमृताक्वाथः क्षौद्रेण ...कासहा ।

असुरो, ठुलो बिही (ठूलो कण्टकारी) र गुर्जो मिसाएर पकाइएको काँढापानीमा मह मिसाएर पिउने गरे **खोकी** ठिक गर्दछ ।

आँक आदिको प्रयोग

(क) रसरत्नसमुच्चय :

अर्कैरण्डस्य पत्राणां रसं पीत्वा च कासजित् ।

आँक र अँडिरका पातको रस पिउनाले पनि **खोकी** नाश हुन्छ ।

इन्द्रेनीलहरो आदिको प्रयोग

(क) रससरत्नसमुच्चय :

इन्द्रवारुणिकामूलं देवदारु कटुत्रयम् । शर्करासहितं खादेदूर्ध्वश्वासप्रशान्तये ॥

अथवा इन्द्रेनी लहरोको जरो, देवदार र त्रिकटु बराबर मात्रामा लिई धूलो बनाएर सखरमा मिसाई खानाले ऊर्ध्वश्वास र **खोकी** दुवै रोग ठिक हुन्छ ।

खोकीमा कण्टकारी आदिको प्रयोग

(क) अर्कप्रकाश :

कण्टकारीयुगद्राक्षावासाकर्चूरनागरैः॥
पिप्पलीखाखसैरर्कः शर्करामधुसंयुतः। शुष्ककासहरश्चैषो महादेवेन भाषिताः॥

कण्टकारी, ठूलो बिही, दाख, असुरो, कचूर, सुठो, पिप्ला र अफिमको अर्क शक्खर र महसँग खानाले सुक्खा खोकी निको हुन्छ भनी भगवान् महादेवले बताउनु भएको छ ।

(ख) अर्कप्रकाश, चक्रदत्त :

कण्टकारी जटार्कस्तु सकृष्णः सर्वकासहा ।

कण्टकारीको जराको अर्कमा पिप्लाको धुलो मिसाएर पिए सबै खालका खोकी निको हुन्छ ।

(ग) अष्टाङ्ग सङ्ग्रह :

कण्टकार्यास्तुलां क्षुण्णां पक्त्वा द्रोणेऽम्भसः पचेत्॥
तेनाढकेन क्वाथस्य घृतप्रस्थं पिचून्मितैः। रास्नादुस्पर्शषड्ग्रन्थापिप्पलीद्वयचित्रकैः॥
सौवर्चलयवक्षारकृष्णामूलैश्च तज्जयेत्। कासश्वासकफष्ठीवहिध्मारोचकपीनसान्॥

एक तुला कण्टकारी टुक्रा पारी एक द्रोण पानीमा हालेर पकाउनू। एक आढक पानी बाँकी भएपछि एक प्रस्थ घिउ तथा फ्याक्सेकन्द, बिहीँ, बोझो, पिप्ला,गजपिप्पली, चितू, सौँचरनुन, जवाखार, पिप्लाको जरा हाली पकाउनू। लद्रो भएपछि झिक्नू। यो घिउ खाने गर्नाले खोकी, दम, कफविकार, बाडुलीरोग, अरोचक र पिनासलाई जित्दछ ।

(घ) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

समूलफलपत्रायाः कण्टकार्या रसाढके। घृतप्रस्थं बलाव्योषविडङ्गशठिदाडिमैः॥
सौवर्चलयवक्षारमूलामलकपौष्करैः। वृश्चीरबृहतीपथ्यायवानीचित्रकर्द्धिभिः॥
मृद्वीकाचव्यवर्षाभूदुरालभाम्लवेतसैः। शृङ्गीतामलकीभार्ङ्गीरास्नागोक्षुरकैः पचेत्॥
कल्कैस्तत्सर्वकासेषु श्वासहिध्मासु चेष्यते ।

कण्टकारीका पाँच वटै अङ्ग मिसाएर एक आढक, गाईको घिउ एक प्रस्थ; बलुको जरा, त्रिकटु, वायुविडङ्ग, कचूर, अनार, सौँचर नुन, जवाखार, पिप्लाको जरा, अमला, पुष्करमूल, पुनर्नवा, बिहीँ, हर्रो, ज्वानु, चितू, ऋद्धि, मुनक्का, चाँवो, अम्लवेत, कर्कटशृङ्गी, भुइँअमला, चिण्डे, फ्याक्सेकन्द र गोखरु सबै मिसाइएको धूलो चौथाई प्रस्थ हाली पकाउनू। पाकेपछि घिउ छानी राख्नू। यो घिउ सबै

प्रकारका खोकी, दम र बाडुली रोगमा लाभदायक हुन्छ ।

पचेद्व्याघ्रीतुलां क्षुण्णां वाहेऽपामाढकस्थिते ॥ क्षिपेत् पूते तु संचूर्ण्य व्योषरास्नाऽमृताग्निकान् ।
शृङ्गीभार्ङ्गीघनग्रन्थिधन्वयासान् पलार्धकान् ॥ सर्पिषः षोडशपलं चत्वारिंशत्पलानि च ।
मत्स्यण्डिकायाः शुद्धायाः पुनश्च तदधिश्रयेत् ॥ दर्वीलेपिनि शीते च पृथग् द्विकुडवं क्षिपेत् ।
पिप्पलीनां तवक्षीर्या माक्षिकस्याऽनवस्य च ॥ लेहोऽयं गुल्महृद्रोगर्दुनामश्वासकासजित् ।

सय पल कण्टकारीलाई कुटेर १६ आढक पानीमा पकाउनू । एक आढक बाँकी भएपछि छान्नू । अनि त्यसमा त्रिकटु, फ्याक्सेकन्द, गुर्जो, चितू, कर्कटशृङ्गी, चिण्डे, नागरमोथे, पिप्लाको जरा र दुरालभा सबै आधा आधा पल पिसेर हाल्नू । यसमा १६ पल गाईको घिउ र मत्स्यण्डिका ४० पल हालेर पुनः पकाउनू । पन्यौमा लेस्याइलो नहुँदासम्म पकाइरहनू । त्यसपछि झिकेर सेलाउन दिनू । सेलाएपछि त्यसमा पिप्लाको धूलो, वंशलोचन र पुरानो मह दुई कुडव हाली राम्ररी घोल्नू । यो चटनी गुल्म, मुटुका रोग, हर्सा, दम र खोकी नाशगर्ने गुणको हुन्छ ।

कण्टकारीरसे सिद्धो मुद्गयूषः सुसंस्कृतः ॥ सगौरामलकः साम्लः सर्वकासभिषग्जितम् ।

कण्टकारीको काँढापानीमा हिङ, जीरा, धनियाँ र नुन सहित राम्ररी पकाइएको मुगीको यूष एवं अमलाको अमिलो रस सबै किसिमका खोकीमा अति उपयोगी ओखती हुन्छ, खान दिनू ।

(ङ) गरुड महापुराण :

कण्टकार्या नागरस्य गुडूच्या पुष्करेण च ।
जग्ध्वा नागबलाचूर्णं श्वासकासादिनुद्भवेत् ॥

कण्टकारी, सुठो, गुर्जो, पुष्करमूल र नागबलुको धूलो खाने गर्नाले दम, खोकी आदि नाश हुन्छ ।

कण्टकारिगुडूचीभ्यां पृथक्त्रिंशत्पले रसे । प्रस्थं सिद्धं घृतं स्याच्च कासनुद्वह्निदापनम् ॥

कण्टकारी र गुर्जोको तीस तीस पल रसमा एक प्रस्थ गाईको घिउ हाली विधिपूर्वक घिउ पकाउनू । यो घिउ खाने गर्नाले खोकी नाश हुन्छ र पाचक-अग्नि बल्दछ ।

(च) चरक संहिता : कण्टकारीघृतम्

समूलफलपत्रायाः कण्टकार्या रसाढके । घृतप्रस्थं बलाव्योषविडङ्गशटिचित्रकैः ॥
सौवर्चलयवक्षारपिप्पलीमूलपौष्करैः । वृश्चीरबृहतीपथ्यायवानीदाडिमार्धिभिः ॥
द्राक्षापुनर्नवाचव्यदुरालम्भाम्लवेतसैः । शृङ्गीतामलकीभार्ङ्गीरास्नागोक्षुरकैः पचेत् ॥
कल्कैस्तत्सर्वकासेषु हिक्काश्वासेषु शस्यते । कण्टकारीघृतं ह्येतत् कफव्याधिनिसूदनम् ॥

जरा, फल र पात सहितको कण्टकारी रस दुई आढक (रस नपाउँदा जरा, पात र फल सहितको

कण्टकारी १ आढक ८ आढक पानीमा पकाएर २ आढक भएपछि झिक्नू) मा बलु, त्रिकटु, वायुविडङ्ग, कचूर, चितू, सौंचरनुन, जवाखार, पिप्लाको जरा, पुष्करमूल, सेतो पुनर्नवा, बिहीँ, हर्रो, ज्वानु, अनारको फलका बोक्रा, ॠद्धि, मुनक्का, रातो पुनर्नवा, चाभो, दुरालभा, अम्लवेत, कर्कटशृङ्गी, भुइँअमला, चिन्डे, फ्याक्सेकन्द र ओदानेकाँडोको मिश्रित धूलो १ शराव ८ पल तथा एक प्रस्थ घिउ हालेर विधिपूर्वक घिउ पकाउनू । यो कण्टकारीघृतले सबै खालका खोकी, बाडुली रोग र दममा हितकर हुन्छ । यसले कफजन्य रोग नाश गर्दछ । (मात्रा-आधा तोला) ।

(छ) चिकित्साकलिका : व्याघ्रीहरीतकी

व्याघ्रीशतं स्यादभयाशतं च द्रोणे जलस्य प्रपचेत् कषायम् ।
तुलाप्रमाणेन गुडेन युक्तं पक्त्वाभयाभिः सह ताभिरत्र ॥
शीते क्षिपेच्छण्मधुनः पलानि पलानि च त्रीणि कटुत्रिकस्य ।
त्वक्पत्रकैलाकरिकेसराणां पलानि पलानि च त्रीणि कटुत्रिकस्य ॥
क्षुद्रावलेहः कफजान् विकारान् सश्वासशोफानपि पञ्चकासान् ।
हिक्कामुरोरोगमपस्मृतिं च हन्याद् विवृद्धिं च करोति वह्नेः ॥

कण्टकारी सय पल र पोको पारिएको हर्रो सय वटा दुई द्रोण पानीमा हालेर पकाउनू । एक चौथाई पानी बाँकी भएपछि छिकेर छान्नू । त्यसपछि एक तुला सक्खर घोल्नू । उसिनेका हर्रो सय वटा हाल्नू । पकाउन थाल्नू । लदरो हुन थालेपछि झिक्नू । सेलाएपछि त्रिकटु तीन पल; दालचिनी, तेजपात, सुकुमेल र नागकेशरको धूलो एक एक पल तथा मह छ पल हाली राम्ररी घोल्नू । यो व्याघ्रीहरीतकीलाई क्षुद्रालेह पनि भनिन्छ । यो विदेहले बताएको ओखती खानाले कफजन्य रोग, दम, सुजन, पाँच प्रकारका खोकी, बाडुली रोग, छातीका रोग र छारेरोग नाश हुन्छ तथा पाचक-अग्नि पनि बल्दछ । (मात्रा-चटनी आधा तोला र हर्रो आधा) ।

व्याघ्रीघृत

क्वाथस्य कंसमुपकल्प्य रसस्य वापि व्याघ्रीलतामृतलताद्वितयोद्भवस्य ।
तन्मूलतः पलचतुष्टयमत्र कल्कः सर्पिः पलानि दश षोडश षट् च सिद्धम् ॥
व्याघ्रीघृतं मधुयुतं विधिवत्प्रयुक्तमेतन्निहन्ति कफकासमपीनसञ्च ।
भार्गीहविर्हरति पूर्ववदेव पक्वं श्वासं वृषस्य च घृतं सहसास्रपित्तम् ॥

कण्टकारी र गुर्जोको रस वा काँढापानी आठ प्रस्थमा गाईको घिउ एक प्रस्थ हालेर पकाउनू । लदरो हुन थालेपछि कण्टकारी जराको धूलो दुई पल र गुर्जोको जराको धूलो दुई पल मिसाउनू । पाकेपछि झिक्नू । यसमा मह मिसाएर खाने गर्नाले कफविकार, खोकी र पिनास नाश हुन्छ । यसरी नै चिण्डे हालेर वा असुरो हालेर घिउ पकाई खाने गर्नाले क्रमशः दम तथा दम र रक्तपित्त रोग नाश हुन्छ ।

(ज) भावप्रकाश संहिता :

कण्टकारीकृतः क्वाथः सकृष्णः सर्वकासहा । कण्टकार्याः कणायाश्च चूर्णं समधु कासहृत् ॥

कण्टकारीको काँढापानीमा पिप्लाको धूलो हाली पिउने गर्नाले सबै खालका खोकी ठिक हुन्छन् । कण्टकारी र पिप्ला मिसाएर पिसी महमा मिसाएर चाट्ने गर्नाले खोकी ठिक हुन्छ ।

भृगुहरीतकी

समूलवल्कच्छदकण्टकार्यास्तुलां ततो द्रो णमितं जलञ्च ।
हरीतकीनां शतमेकपात्रे विपाच्य कुर्याच्चरणाम्बुशेषम्॥
तस्मिन्कषाये तनुवस्त्रपूते हरीतकीभिः सहिते गुडस्य ।
तुलां विनिक्षिप्य पचेत्सुपक्वमेतत्समुत्तार्य सुशीतलञ्च॥
पलं पलञ्चापि कटुत्रयञ्च तथा चतुर्जातपलं विचूर्ण्य ।
पलानि षट् पुष्परसस्य चापि विनिक्षिपेत्तत्र विमिश्रयेच्च॥
प्रयुज्यमानो विधिनैष लेहो यथाबलञ्चापियथानलञ्च ।
वातात्मकं पित्तकृतं कफोत्थं त्रिदोषजातानपि च त्रिदोषम्॥
क्षतोद्भवञ्च क्षयजञ्च कासं श्वासञ्च हन्यात्सह पीनसेन ।
यक्ष्माणमेकादशरूपमुग्रं हरीतकी या भृगुणोपदिष्टा॥
(पुष्परसः-मधु) ।

जरा, बोक्रा र पात सहितको कण्टकारी (सर्वाङ्ग) चार सय तोला र हर्रो सय तोला मिसाएर एक हजार चौबीस तोला पानीमा हालेर पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर कपडछान गर्नू र राख्नू । त्यो छानेको काँढापानीमा अघि पकाएका सय वटा हर्रो र सक्खर चार सय तोला हालेर पुनः पकाउनू । लदरो हुन थालेपछि झिकेर सेलाउन दिनू । त्यसपछि त्यसमा सुठो चार तोला, मरिचको धूलोचार तोला, पिप्लाको धूलो चार तोला, अलैंचीका बीजको धूलो चार तोला, दालचिनीको धूलो चार तोला, तेजपातको धूलो चार तोला, नागकेशर चार तोला र मह चौबीस तोला हालेर घोल्नू । यो चटनी विधिपूर्वक शारीरिक क्षमता र पाचन क्षमता अनुसार खाने गर्नू । यसले वातजन्य, पित्तजन्य, कफजन्य, दुई दोषजन्य, त्रिदोषजन्य, क्षतजन्य र क्षयजन्य खोकी; पिनास र एघार थरी क्षयरोग नाश गर्दछ । यो ओखती भृगु ऋषिले बताएका कारण भृगुहरीतकी नामले प्रख्यात छ ।

कण्टकार्यावलेह

कण्टकारीतुलां नीरद्रोणे पक्त्वा कषायकम् । पादशेषं गृहीत्वा च तत्र चूर्णानि दापयेत्॥
पृथक्पलांशान्येतानि गुडूची चव्यचित्रकौ । मुस्तं कर्कटशृङ्गी च त्र्यूषणं धन्वयासकः॥
भार्ङ्गी रास्ना शटी चैव शर्करापलविंशतिः । प्रत्येकञ्च पलान्यष्टौ प्रदद्याद् घृततैलयोः॥
पक्त्वा लेहत्वमानीय शीते मधु पलाष्टकम् । चतुर्भागं तुगाक्षीर्याः पिप्पल्याश्च चतुःपलम्॥
क्षिप्त्वा निदध्यात्सुदृढे मृण्मये भाजने शुभे । लेहोऽयं हन्ति हिक्कार्त्तिकासश्वासानशेषतः॥

पञ्चाङ्ग कण्टकारी चार सय तोला लेराई एक हजार चौबीस तोला पानीमा हालेर पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । छानेका काँढापानीमा गुर्जोको धूलो चार तोला, चाभोको धूलो चार तोला, चितूको धूलो चार तोला, नागरमोथेको धूलो चार तोला, कर्कटश्रृङ्गीको धूलो चार तोला, सुठोको

धूलो चार तोला, मरिचको धूलो चार तोला, पिप्लाको धूलो चार तोला, दुरालभाको धूलो चार तोला, चिन्डेको धूलो चार तोला, फ्याक्सेकन्दको धूलो चार तोला, कचूरको धूलो चार तोला, मिश्रीको धूलो अस्सी तोला र घिउ बत्तीस तोला हाली पुनः पकाउनू । जब लदरो हुन्छ तब झिकी सेलाउन दिनू । सेलाएपछि बत्तीस तोला मह, वंशलोचनको धूलो आठ तोला र पिप्लाको धूलो १६ तोला मिसाउनू । त्यसपछि उत्तम खालको भित्र घिउ दलिएको माटाको भाँडामा राख्नू । यो ओखती खाने गर्नाले बाडुलीरोग, खोकी र दम नाश हुन्छ ।

(झ) भैषज्य रत्नावली :

कण्टकारीकृतः क्वाथः सकृष्णः सर्वकासनुत् ।

कण्टकारीको काँढापानीमा पिप्लाको धूलो मिसाएर पिउने गर्नाले सबै किसिमको खोकी नाश हुन्छ ।

(ञ) रसरत्नाकर :

कण्टकारिरसे सर्पिर्बुधो यूष सुसंस्कृतम् । सगौरामलकः साम्लः पञ्चकासान् व्यपोहति ॥
(सगौरामलकः परिणताम्लकः) ।

कण्टकारीको रस तथा घिउमा हालेर पकाइएको अमलाको यूष अमिलो रसमा हालेर पिउने गर्नाले पाँच प्रकारका खोकी नाश हुन्छ ।

कण्टकारीकृतः क्वाथः सकृष्णः सर्वकासहा ।

कण्टकारीको काँढापानीमा पिप्लाको धूलो हाली पिउने गर्नाले सबै खालका खोकी ठिक हुन्छन् ।

अथ बृहत्कण्टकारीघृतम्

समूलपत्रशाखायाः कण्टकार्यारसाढके । घृतप्रस्थं बलाव्योषविडङ्गशठिचित्रकैः ॥
सौवर्चलयवक्षारबिल्वामलकपुष्करैः । वृश्चीरबृहतीपथ्यायवानीदाडिमस्तथा ॥
द्राक्षापुनर्नवाचव्यादुरालभाम्लवेतसैः । श्रृङ्गीतामलकीभार्ङ्गीरास्नागोक्षुरकैः पचेत् ॥
कल्कोऽयं सर्वकासेषु हिक्का श्वासे च शस्यते । कण्टकारीघृतं सिद्धं कफव्याधि विनाशनम् ॥

जरा, पात र हाँगा सहितको कण्टकारीको रस एक आढक; एक प्रस्थ घिउ तथा बलु, त्रिकटु, वायुविडङ्ग, कचूर, चितू, सौँचरनुन, जवाखार, बेल, अमला, पुष्करमूल, सेतो पुनर्नवा, बिहीँ, हर्रो, ज्वानु, अनार, दाख, पुनर्नवा, चाभो, दुरालभा, अम्लवेत, कर्कटश्रृङ्गी, भुईअमला, चिन्डे, फ्याक्सेकन्द र ओदानेकाँडोको धूलो बराबर हाली विधिपूर्वक घिउ पकाउनू । यो कण्टकारी घृत सबै किसिमका खोकी, बाडुली रोग र दमको रोगमा हितकर हुन्छ । यसले कफजन्य रोग नाश गर्दछ ।

व्याघ्रीहरीतकी

समूलपुष्पच्छदकण्टकार्यास्तुल्यां जलद्रोणपरिप्लुताञ्च ।
हरीतकीनाञ्च शतं निदध्यादथार्द्रपक्वा चरणावशेषम्॥
गुडस्य दत्त्वा शतमेव चाग्नौ विपक्व मुत्तार्य ततः सुशीते ।
कटुत्रिकञ्च द्विपलप्रमाणं पलानि षट् पुष्परसस्य तत्र॥
क्षिपेच्चतुर्जात पलं यथाग्नि प्रयुज्यमानो विधिनावलेहः ।
वातात्मकं पित्तकफोद्भवद्विदोषकासानपि यत्त्रिदोषम्॥
यक्ष्माणमेकादशमुग्ररूपं भृगूपदिष्टं हि रसायनं स्यात्॥

कण्टकारीको पाँचै अङ्ग मिसाएर १२.५ सेर र हर्रो एक सय वटा ३२ सेर पानीमा हालेर पकाउनू । ८ सेर पानी बाँकी भएपछि १२.५ सेर सक्खर हालेर पकाउनू । पाकेपछि झिकेर सेलाउन दिनू । सेलाएपछि त्रिकटुको धूलो ८ तोला, मह २४ तोला र चतुर्जातकको धूलो ४ तोला मिसाउनू । पाचनशक्ति विचार गरी यो ओखती खाने गर्नू । यसले वातजन्य, पित्तजन्य, कफजन्य, दुईदोष मिलेको र तीन दोष मिलेको खोकी तथा ११ प्रकारका क्षयरोग नाश गर्दछ । यो रसायन भृगुले बनाएका वा बताएका हुन् ।

(ट) वङ्गसेन आयुर्वेद : कण्टकार्यादिक्वाथ

कण्टकारीकृतः क्वाथः सकृष्णः सर्वकासहा । कण्टकार्य्याः कणायाश्च चूर्णं मधुयुतं लिहेत्॥

कण्टकारीको काँढापानीमा पिप्लाको धूलो हाली पिउने गर्नाले सबै किसिमको खोकी नाश हुन्छ । कण्टकारी र पिप्लाको धूलोमा मह मिसाएर खाने गर्नाले सबै किसिमको खोकी नाश हुन्छ ।

कण्टकारीघृत

घृतं रास्ना बला पथ्या श्वदंष्ट्रा कल्कपाचितम् । कण्टकारीरसे सर्पिः पञ्चकासनिषूदनम्॥

घिउ तथा फ्याक्सेकन्द, बलु, हर्रो, ओदानेकाँडो र कण्टकारीको काँढापानी हाली विधिपूर्वक घिउ पकाउनू । यो घिउ खाने गर्नाले पाँच प्रकारका खोकी नाश हुन्छ ।

द्वितीयकण्टकारीघृत

समूलपत्रशाखायाः कण्टकार्य्यास्तुलां शुभाम् । क्षुण्णां पचे पचेजलद्रोणे चतुर्भागावशेषिते॥
मिश्रिते तत्कषायेस्मिन् घृतप्रस्थं विपाचयेत् । कल्कान्बिल्वप्रमाणांश्च तत्रेमानि प्रदापयेत्॥
पिप्पली पिप्पलीमूलं चित्रको हस्तिपिप्पली । सौवर्चलं यवक्षारो रास्नात्रिकटुकं वचा॥
एतत्सर्पिः प्रशसन्ति पञ्चकासनिवारणम् । श्वासं कासं प्रतिश्यायं श्लेष्मकासञ्च नाशयेत्॥
निदग्धिकाघृतमिदं न व्याधिरतिवर्त्तते । जातशूलोऽपि संवृद्धो देवसेनामिवासुराः॥

पाँच वटै अङ्ग सहितको सय पल कण्टकारी पिसेर एक द्रोण पानीमा हाली पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । छानेको काँढापानीमा गाईको घिउ एक प्रस्थ तथा पिप्ला, पिप्लाको जरा, चितू, गजपिप्ला, सौँचर नुन, जवाखार, फ्याक्सेकन्द, त्रिकटु र बोझोको धूलो दुई दुई तोला हालेर विधिपूर्वक घिउ पकाउनू । यो घिउ खाने गर्नाले पाँच किसिमका खोकी, दम, प्रतिश्याय र विशेषगरी कफजन्य खोकी नाश हुन्छ । यसले बढेका रोग र निको पार्न कठिन शूल पनि देवताका सेनाले दानवका सेनालाई नाश गरेजसरी नाश गर्दछ ।

तृतीयकण्टकारीघृत

कण्टकार्य्यास्तुलां क्षुण्णं कृत्वा द्रोणेऽम्भसि पचेत् । तेनाढकेन क्वाथेन घृतप्रस्थं विपाचयेत्॥
रास्नादुःस्पर्शषड्ग्रन्था पिप्पलीद्वयचित्रकैः । सौवर्चले यवक्षारं कृष्णामूलैश्च तं जयेत्॥
कासश्वासकफष्ठीवहिध्मारोचकपीनसान्॥

कण्टकारीको पाँच वटै अङ्ग सय पल लिई कुटेर एक द्रोण पानीमा पकाउनू । एक आढक पानी बाँकी भएपछि झिकेर छान्नू । त्यसपछि उक्त काँढापानीमा एक प्रस्थ घिउ तथा फ्याक्सेकन्द,, दुरालभा, बोझो, पिप्ला, गजपिप्ला,चितू, सौँचर नुन, जवाखार र पिप्लाको जरा सबैको धूलो दुई दुई तोला हालेर विधिपूर्वक घिउ पकाउनू । यो घिउ खाने गर्नाले खोकी, दम, मुखबाट कफ आइरहने रोग, बाडुली, अरुचि र पिनासलाई जित्दछ ।

कण्टकारीलेह

कण्टकार्यास्तुलां सम्यग् जलद्रोणे विपाचयेत् । पादावशेषिते तस्मिन् कल्कानेतान् प्रदापयेत्॥
दुरालभा छिन्नरुहा भार्ङ्गी कर्कटकाह्वया । रास्ना मुस्तं शठी चव्यं चित्रकं त्र्युषणं तथा ॥
पलांशानि पलान्यत्र शर्करायास्तु विंशतिः । घृततैलपलान्यस्मिन्नष्टावष्टौ प्रदापयेत्॥
कल्को कृत्वा घृते शीते मधुनोऽष्टपलं क्षिपेत् । चतुःपलं पिप्लीनां तुगाक्षीर्य्याश्चतुःपलम्॥
एष लेहः शमयति पञ्चकासांश्चिरोत्थितान्॥

कण्टकारीको पञ्चाङ्ग सय पल एक द्रोण पानीमा हालेर पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । त्यसपछि यो काँढापानीमा दुरालभा, गुर्जो, चिण्डे, कर्कटश्रृङ्गी, फ्याक्सेकन्द, नागरमोथे, कचूर, चाभो, चितू र त्रिकटु हरेकको धूलो दुई दुई तोला; मिश्री बीस पल तथा घिउ र तेल आठ आठ पल हालेर पकाउनू । लदरो भएपछि झिक्नू र सेलाएपछि मह आठ पल, पिप्लाको धूलो चार पल र वंशलोचनको धूलो चार पला हाली राम्ररी मिसाउनू । यो ओखती खाने गर्नाले पुरानो भएको पाँच थरी खोकी नाश हुन्छ ।

व्याघ्रीहरीतकी

समूलपुष्पच्छदकण्टकार्य्यास्तुलां जलद्रोणपरिप्लुताञ्च ।

हरीतकीनाञ्च शतं निदध्यादेतत्तु पक्त्वा चरणावशेषम्॥
गुडस्य दत्त्वा शतमेतदग्नौ विपक्वमुत्तार्य्य ततः शुशीते ।
कटुत्रिकञ्च त्रिपलप्रमाणं पलानि षट्पुष्परसस्य चापि॥
क्षिपेच्चतुर्जातफलं यथाग्निप्रयुज्यमानो विधिनावलेहः ।
वातात्मकं पित्तकफोद्भवञ्च द्विदोषकासानपि च त्रिदोषन्॥
क्षतोद्भवं च क्षयजञ्च हन्यात्तत्पीनसश्वासमुरःक्षतञ्च ।
यक्ष्माणमेकादशमुग्ररूपं भृगूपदिष्टं हि रसायनं स्यात्॥

जरा, फूल र हाँगा सहितको कण्टकारी एक तुला (सय पल) र हर्रो सय पल एक द्रोण पानीमा हालेर पकाउनू । पाकेपछि झिक्नू । त्यसपछि त्रिकटुको धूलो १२ तोला, मह २४ तोला, र चातुर्जातकको धूलो ४ तोला मिसाउनू । यो चटनी खाने गर्नाले वातजन्य, पित्तजन्य, कफजन्य, दुई दोषजन्य, त्रिदोषजन्य, क्षतजन्य र क्षयजन्य खोकी; पिनास, दम, उरःक्षत र ११ लक्षणको क्षयरोग नाश हुन्छ । यो उत्तम रसायनका बारेमा भृगुले बताएका हुन् ।

(ठ) वैद्यरहस्य :

लघुभृष्ट कण्टकारी स्वरसं चपलारजोमिश्रम् । यः पिबति तस्य कासाः सश्वासानाशमुपयान्ति॥

कण्टकारीलाई हल्का भुटी रस निचोरेर त्यसमा पिप्लाको धूलो हाली पिउने गर्नाले दम सहितको खोकी नाश हुन्छ ।

(ड) शार्ङ्गधर संहिता :

क्षुद्रा शुण्ठीगुडूचीनां कषायः पौष्करस्य च॥ कास ..हरे ...॥

कण्टकारी, सुठो, गुर्जो र अँडिरको मूल जरोको काँढा पिउनाले खोकी ठिक गर्दछ ।

निदिग्धिकाऽमृताशुण्ठीकषायं पाययेद्भिषक् । पिप्पलीचूर्णसंयुक्तं ...कासा..पहम्॥

ठूलो बिही, गुर्जो र सुठोको काँढामा पिप्लाको धुलो मिसाएर पिए खोकी नाश गर्दछ ।

कासघ्नः पिप्पलीचूर्णयुक्तः क्षुद्राशृतस्तथा॥

ठूलो बिहीको काँढापानीमा पिप्लाको धुलो मिसाएर पिउने गरे पनि खोकी निको हुन्छ ।

क्षुद्राकुल(लि)त्थवासाभिर्नागरेण च साधितः । क्वाथः पुष्करचूर्णाप्त(ढ्य): ...कासौ निवारयेत्॥

ठूलो बिही, गहत, असुरो र सुठो मिसाई पकाइएको काँढापानीमा कूटको जराको धुलो मिसाएर पिउनाले खोकी निको हुन्छ ।

पाचेत्क्षुद्रां सपञ्चाङ्गां पुटपाकेन तद्रसः । पिप्पली चूर्णसंयुक्तः कास...पहः ॥

ठूलो खालको कण्टकारीको बोटै समेत उखेलेर लेराउनू । यसका जरा, डाँठ, पात, फूल र फल सहित पिँधेर पुटपाक गर्नू । यसरी बनाइएको रसमा पिप्ला मिसाएर पिए खोकी नाश हुन्छ ।

(ढ) सुश्रुत संहिता :

निदिग्धिकानागरपिप्पलीभिः खादेच्च मुद्गान्मधुना सुसिद्धान् ॥

कण्टकारी, सुठो र पिप्ला हालेर पकाइएको मुगीको रसमा मह मिसाएर खानू ।

(ण) हारीत संहिता : निदिग्धिकादि क्वाथ

निदिग्धिकानागरिकामृतानां क्वाथं पिबेन्मिश्रितपिप्पलीकम् ।
जीर्णज्वरारोचनकासशूलश्वासाग्निमान्द्यार्दितपीनसेषु ॥

कण्टकारी, सुठो र गुर्जोको काँढामा पिप्लाको धूलो मिसाएर पिउनाले जीर्णज्वर (थाङ्नेजरो), अरुची, खोकी, शूल, दम, कमजोर पाचनशक्ति, अर्दित (पक्षाघात) र पिनास नाश हुन्छ ।

द्वे बृहत्यौ शठी शृङ्गी किरातं कटुरोहिणी । पटोलं पौष्करं भार्ङ्गीवत्सकञ्च दुरालभा ॥
एतद्बृहत्यादिकपाचनं स्यात्कासादिकोपद्रवनाशनञ्च ।
शीघ्रं निहन्ति ज्वरसन्निपातं शूलार्त्तितन्द्राशमने प्रशस्तम् ॥

बिहीँ, कण्टकारी, कचूर, कर्कटश्रृङ्गी, चिराइतो, कुटकी वा पिर्रे, परबर, पुष्करमूल, चिण्डे, इन्द्रजौ र दुरालभाको बृहत्यादि पाचन काँढापानीले खोकी आदिजस्ता ज्वरजन्य सह-रोग, तथा सन्निपातज्वरलाई चाँडो निको पार्दछ तथा तन्द्रा शान्त पार्न अति उत्तम हुन्छ ।

कपूर आदिको प्रयोग

(क) वैद्य रहस्य : कफघ्नीवटी

कर्पूरमर्द्धकर्षं मृगमदमपिदेव कुसुमयुगम् । मरिचकणाक्षकुलिञ्जनमेकैकं शुक्तिपरिमाणम्॥
दाडिमफलबल्कलपलमखिलसमं खदिरसारमवचूर्ण्य ।
वटिका मुद्गसमाना कृता धृतास्ये कफघ्नी स्यात्॥

भिमसेनी कपूर एक तोला, कस्तूरी एक तोला, ल्वाङ दुई तोला, मरिच एक शुक्ति, पिप्ला एक शुक्ति, बर्रो एक शुक्ति, कुलिञ्जन जातको बोझो एक शुक्ति र अनारको फलको बोक्रा एक पल लिनू । सबै बराबर खयरको धूलो लिनू । सबै मिसाएर पानीमा मुछी मुगीका दानाजत्रा गोली बनाउनू । यो गोली चुस्ने गर्नाले कफ नाश हुन्छ ।

कर्कटश्रृङ्गी आदिको प्रयोग

(क) सुश्रुत संहिता :

शृङ्गीवचाकट्फलकत्तृणाब्दधान्याभयाभार्ग्यमराह्वविश्वम् ।
उष्णाम्बुना हिङ्गुयुतं तु पीत्वा बद्धास्यमप्याशु जहाति कासम्॥

कर्कटशृङ्गी, बोझो, काफल, रोहिष झार, नागरमोथे, धनियाँ, हर्रो, चिण्डे, देवदार, सुठो, र हिङको धूलो तातोपानीसँग खानू । यसले लामो समयदेखिको खोकी चाँडै नाश हुन्छ ।

खोकीमा काफल आदिको प्रयोग

(क) अर्कप्रकाश :

कट्फलं पौष्करं शृङ्गी व्योषं यासश्च कारबी॥
एतदर्कः शृङ्गवेर रसयुक्तो गदान् हरेत्। ... कासं विनाशयेत्।

काफल, अरिङको मूल जरो, गुनाभा, त्रिकटु, सिस्नु र कालो जीरा मिसाएर अर्क निकाली अदुवाको रससँग पिउनाले खोकी निको हुन्छ।

(ख) वैद्यरहस्य : कट्फलादिचूर्ण

कट्फलं मुस्तकं तिक्ता सटी श्रृङ्गी च पौष्करम्। चूर्णमेषां मधुयुतं श्रृङ्गवेररसेन वा॥
लिह्याज्ज्वरहरं कण्ठ्यं कासश्वासारुचीर्जयेत्। वायुं छर्दिं तथा शूलं क्षयं चैव व्यपोहति॥

काफल, नागरमोथे, कटुकी, कचूर, कर्कटशृङ्गी र पुस्करमूलको धूलोमा मह वा अदुवाको रस मिसाएर चाट्ने गरिए जरो, घाँटीका रोग, खोकी, दम, अरुची, वातविकार, वाकवाकी, शूल र क्षयरोग समेत नाश गर्दछ।

(ग) शार्ङ्गधर संहिता :

कट्फलाम्बुदभार्ङ्गीभिर्धान्यरोहिषपर्पटैः। वचा हरीतकीशृङ्गीदेवदारुमहौषधैः॥
... कासं ...हन्ति ...।

काफल, नागरमोथे, भारङ्गी, धनियाँ, रोहिष झार (नपाए चिराइतो), पित्तपापडा, बोझो, हर्रो, उत्तिस, देवदारु र सुठोको काँढाले खोकी ठिक गर्दछ।

कट्फलं मुस्तकं तिक्ता शुण्ठी शृङ्गी च पौष्करम्। चूर्णमेषाञ्च मधुना शृङ्गवेररसेन वा॥
लेह्यं ... कास...जयेत्।

काफल, नागरमोथे, कुटकी, सुठो, कर्कटशृङ्गी (गुनाभा) र कमलको जराको चूर्णले मह वा अदुवाको रससँग मिसाएर खाँदा खोकी नाश गर्दछ।

कट्फलं पौष्करं शृङ्गी मुस्ता त्रिकटुकं शठी। समस्तान्येकशो वाऽपि सूक्ष्मचूर्णानि कारयेत्॥
आर्द्रकस्वरसक्षौद्रैर्लिह्यात्...कास..पहम्॥

काफल, कमलको जरा, गुनाभा, नागरमोथे, त्रिकटु र कपुरहलेदोलाई बेग्लाबेग्लै वा मिसाएर कुटी धुलो बनाएर अदुवाको रस वा महसँग खाने गर्नाले खोकी नाश गर्दछ।

कट्फलं पौष्करं कृष्णा शृङ्गी च मधुना सह । ..कास...हरः श्रेष्ठो लेहः ...॥

काफल, कमलको जरा, पिप्ला र गुनाभाको चूर्णमा मह मिसाएर खाए खोकी नाश हुन्छ ।

(घ) हारीत संहिता :

कट्फलं कटुतृणं भार्ङ्गी मुस्ता वचा धान्यकम् । पर्पटं देवदारु स्तथादार्वी विश्वायुतकर्कटम् ॥
कल्कयेत्पानमेतन्मधुसंयुतं मानवम् । कासिनां कासप्रतीकारकासीत्तथा श्लेष्मसम्भूताय ॥

काफल, रोहिष झार, चिण्डे, नागरमोथे, बोझो, धनियाँ, पित्तपापडा, देवदार, चुत्रो, सुठो र कर्कटशृङ्गीको धूलो महमा मिसाएर पिउन दिनु हितकर हुन्छ । यसले खोकी निको हुन्छ र कफ नाश हुन्छ ।

कुभिण्डो आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद : वासाकूष्माण्ड :

पञ्चाशच्च पलं स्विन्नं कूष्माण्डात्प्रस्थमाज्यतः । पक्वं पलशतं खण्डं वासा क्वाथाढके पचेत्॥
शुभ्रा धात्री घना भार्ङ्गी त्रिसुन्धैश्च कार्षिकैः । पिप्पली कुडवञ्चैव मधुमानं प्रदापयेत्॥
कासं श्वासं क्षयं हिक्कां रक्तपित्तं हलीमकम् । हृद्रोगमम्लपित्तञ्च पीनसञ्च व्यपोहति॥
युक्तसर्पिषु कूष्माण्डे पाके गन्धेन मुद्रया॥

बोक्रा ताछेर उसिनेका कुभिण्डोका टुक्रा पचास पल लिई एकप्रस्थ घिउमा हालेर भुट्नू । त्यसपछि यी टुक्रा, सय पल सक्खर एक आढक असुरोको काँढापानीमा हालेर पकाउनू । जब लदरो हुन्छ तब वंशलोचन, अमला, नागरमोथे, चिन्डे, दालचिनी, अलैंची र तेजपातको धूलो दुई दुई तोला मिसाउनू । पिप्ला धूलो १६ तोला पनि मिसाउनू । सेलाएपछि ३२ तोला मह मिसाउनू । यो ओखती खाने गर्नाले खोकी, दम, क्षयरोग, बाडुलीरोग, रक्तपित्त, हलीमक, मुटुका रोग, अम्लपित्त र पिनास नाश हुन्छ । कुभिण्डो घिउमा भुट्दा बास्ना र रङ हेरी पाके नपाकेको थाहा हुने गर्दछ ।

कुरिलो आदिको प्रयोग

(क) आयुर्वेद महोदधि :

शतावरीचूर्णप्रस्थं प्रस्थं गोक्षुरकस्य च । वाराह्या विंशति पलं गुडूच्याः पञ्चविंशतिः ॥
भल्लातकानां द्वात्रिंशच्चित्रकस्य दशैव तु । तिलानां लुञ्चितानां च प्रस्थं दद्यात्सुचूर्णितम् ॥
त्र्यूषणस्य पलान्यष्टौ शर्करायाश्च सप्ततिः । माक्षिकं शर्करार्द्धेन मधुनोर्द्धेन वै घृतम् ॥
शतावरी समं देयं विदारीकन्दचूर्णकम् । एतानि श्लक्ष्णचूर्णानि स्निग्धभाण्डे निधापयेत् ॥
पलार्द्धमुपभुञ्जीत यथेष्टं चाऽत्र भोजनम् । एष मासोपयोगेन रुजां हन्ति जरामपि ॥
वलीपलितखालित्यप्लीहपाण्ड्वाद्यपीनसान् । भगन्दरान् मूत्रकृच्छ्रानश्मरी च भिनत्त्यपि ॥
अष्टादश च कुष्ठानि तथाऽष्टावुदराणि च । प्रमेहं च महाव्याधिं पञ्चकासान् सुदारुणान् ॥
अशीतिर्वातजान् रोगांश्चत्वारिंशाच्चपैत्तिकान् । विंशति श्लेष्मकांश्चैव संसृष्टन् सान्निपातिकान् ॥
एतान् सर्वान् रुजो हन्ति वृक्षमिन्द्रा शनिर्यथा ॥

कुरिलोको धुलो एक प्रस्थ (चौसठ्ठी तोला), गोखुरको धुलो एक प्रस्थ, वाराहीकन्दको धुलो बीस पल (असी तोला), गुर्जोको धुलो पच्चीस पल (सय तोला), भलायोको धुलो एक सय अठ्ठाईस तोला, चितूको धुलो चालीस तोला, केलाइएको तिलको धुलो चौसठ्ठी तोला, सुठो-मरिच र पिप्लाको धुलो बत्तीस तोला, मिश्री वा सक्खर दुई सय असी तोला, मह एक सय चालीस तोला, घिउ सत्तरी तोला, विदारीकन्दको धुलो चौसठ्ठी तोला : यी सबैलाई मसिनो धुलो बनाई चिल्लो भाँडामा राख्नू । यसलाई दुई तोला खानु र मनलागेका (हितकर) खानेकुरा खानु । एकमहिनासम्म यो खानाले रोग र बुढचौली नाश हुन्छ । छाला चाउरी परेको, कपाल फुलेको, तालु खुइलेको, फियोका रोग, पाण्डु, पिनास, भगन्दर, पिसाब रोकिने रोग र पत्थरी ठिक गर्दछ । अठार किसिमका कुष्ठरोग, आठ प्रकारका पेटका रोग, प्रमेह, क्षयरोग, पाँच प्रकारका डरलाग्दा खोकी, अस्सी प्रकारका वातरोग, चालीस प्रकारका पित्तरोग, बीस प्रकारका कफ रोग तथा सन्निपातजन्य रोग यो ओखती खानाले त्यसरी नै नष्ट हुन्छन् जसरी इन्द्रको वज्र प्रहारले वृक्ष नष्ट हुन्छ ।

खजूर आदिको प्रयोग

(क) सुश्रुत संहिता :

खर्जूरभार्गीमगधाप्रियालमधूलिकैलामलकैः समांशैः ।
चूर्णं सिताक्षौद्रघृतप्रगाढं त्रीन् हन्ति कासानुपयुज्यमानम् ॥

खजुर, चिण्डे, पिप्ला, प्रियाल (?), मधूलिका (?), अलैंची र अमला बराबर मात्रामा लिई धूलो बनाउनू । यसमा मिश्री, मह र घिउ मिसाएर प्रशस्त मात्रामा चाट्नू । यसले तीन थरी खोकी नाश हुन्छ ।

खमारी आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

काश्मर्यत्रिफलाव्योषशठीद्राक्षापरूषकम्॥
द्वे पाठे देवदार्वृद्धिस्वगुप्ताग्निकगोक्षुरम्। व्याघ्रीतामलकीमेदाकाकनासाशतावरीः॥
विदारी च घृतप्रस्थः कर्षांशैस्तैर्विपाचितः। क्षीरेण च जयत्याशु ज्वरकासहलीमकान्॥
गुल्मारुचियकृत्प्लीहशिरोहृत्पार्श्ववेदनाः। कामलार्शोनिलाष्ठीलाक्षतशोफक्षयांश्च सः॥

खमारी, त्रिफला, त्रिकटु, कचूर, दाख, फाल्सा, दुई थरी गुर्जो, देवदार, वृद्धि, काउसो, चितू, ओदानेकाँडो, बिहीँ, अमला, मेदा, कौवाठोरी, कुरिलो र बिरालेलहरो एक एक कर्ष एक प्रस्थ घिउ र एक प्रस्थ पानीमा हालेर पकाउनू। यो घिउले जरो, खोकी, हलीमक, गुल्म, अरुचि, कलेजोका रोग, फियोका रोग, टाउकाको पीडा, मुटुको पीडा, कोखको पीडा कमलपित्त, हर्सा, वातविकार, अष्ठीला, चोटपटक, सुजन र क्षयरोग नाश गर्दछ।

खयर आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद :

खादिरवासकपल्लवछायाशुष्कञ्च सञ्चूर्ण्य । त्रिभागपिप्पलीयुक्तं कटुत्रयं मधुनावलिह्यात्॥

खयरको धूलो एक भाग, छायामा सुकाएको असुरोका पातको धूलो दुई भाग, पिप्ला र त्रिकटु तीन भाग मिसाएर धूलो पारी मह मिसाएर खाने गर्नू । सबै किसिमका खोकी नाश हुन्छ ।

खोकीमा खरी आदिको प्रयोग

(क) अर्कप्रकाश :

ककुभस्यत्वचा चूर्णं वासकेण विभावितम्॥ सितोपला घृतमधुसंयुक्तः ...कासहृत् ।

खरी रुखको बोक्राको धुलो असुरोको अर्कमा भिजाएर मिस्री, घिउ र महसँग खानाले ... खोकी ठिक हुन्छ ।

गहत आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद : कुलित्थगुड

कुलित्थानां पलशतं दशमूलपलं तथा । शतं ब्राह्मणयष्ट्याश्च चतुर्गुणजले श्रृतम्॥
पादावशेषे पूते च गुडस्यार्धतुलां पचेत् । पाकं ज्ञात्वावतार्यैव सुशीते श्लक्ष्णचूर्णितम्॥
षट्पलञ्च तुगाक्षीर्य्याः पिप्पल्या द्विपलं तथा । कुडवं मधुनो दद्यात्स्थापयेत्स्निग्धभाजने॥
खादेदग्निबलापेक्षी नाशयेदचिरादयम् । यक्ष्माणं पीनसं कासं श्वासं जीर्णमजीर्णकम्॥
जीर्णज्वरं पाण्डुरोगं हृद्रोगं श्लेष्ममारुतम् । कुलित्थगुड इत्युक्तः सर्वोपद्रवनाशनः॥

गहत सय पल, दशमूल सय पल र चिन्डे सय पल चौबर पानीमा हालेर पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । छानेको काँढापानीमा पचास पल सक्खर, हालेर पकाउनू । लदरो भएपछि झिक्नू । सेलाएपछि ४ तोला वंशलोचन, आठ तोला पिप्लाको धूलो र मह १६ तोला मिसाउनू । त्यसपछि उत्तम चिल्लो भाँडामा राख्नू । पाचनशक्ति विचार गरी यो ओखती खाने गर्नू । यसले अति पुरानो क्षयरोग, पिनास, खोकी, दम, जीर्णरोग, अजीर्णरोग, थाङ्नेजरो, पाण्डु, मुटुका रोग र कफविकार एवं वातविकार नाश गर्दछ । कुलित्थगुड नामको यो ओखतीले सबै प्रकारका रोग नाश गर्दछ ।

गहुँ आदिको प्रयोग

(क) सुश्रुत संहिता :

चूर्णानि गोधूमयवोद्भवानि काकोलिवर्गश्च कृतः सुसूक्ष्मः ॥
कासेषु पेयस्त्रिषु कासवद्भिः क्षीरेण सक्षौद्र घृतेन वाऽपि ।

गहुँ, जौ र काकोल्यादि गणका ओखती मिसाएर मसिनो धूलो बनाई दूध वा मह र घिउसँग तीन थरी खोकी लाग्दा पिउने गर्नू ।

गुन्दरगानु आदिको प्रयोग

(क) सुश्रुत संहिता :

पाठाविडव्योषविडङ्गसिन्धुत्रिकण्टरास्नाहुतभुग्बलाभिः ॥
शृङ्गीवचाम्भोधरदेवदारुदुरालभाभार्ग्यभयाशटीभिः ।
सम्यग्विपक्वं द्विगणेन सर्पिर्निदिग्धिकायाः स्वरसेन चैतत् ॥
श्वासाग्निसादस्वरभेदभिन्नान्निहन्त्युदीर्णानपि पञ्च कासान् ।

गुन्दरगानु, बिरेनुन, त्रिकटु, वायुविडङ्ग, सिँधेनुन, ओदानेकाँडो, फ्याक्सेकन्द, चितू, बलु, कर्कटशृङ्गी, बोझो, नागरमोथे, देवदार, दुरालभा, चिण्डे, हर्रो र कचूरको धूलो घिउ र घिउको दोब्बर कण्टकारीको रसमा हालेर घिउ पकाउनू । यो घिउले दम, कमजोर पाचशनशक्ति, स्वरबस्ने तथा पाँचै प्रकारका खोकी नाश गर्दछ ।

गुर्जो आदिको प्रयोग

(क) अग्निपुराण :

गुडुची वासकं लोध्रं पिप्पलीक्षौद्रसंयुतम् । ...कासा..पहम् ॥

गुर्जो, असुरो, लोध र पिप्लाको धुलो महसँग मिसाएर खानाले खोकी ठिक हुन्छ ।

(ख) वङ्गसेन आयुर्वेद :

अमृता नागरं फञ्जी व्याघ्रपर्णी सुसाधितः । क्वाथः पिप्पलिचूर्णाढ्यः कासश्वासौ जयत्यलम् ॥

गुर्जो, सुठो, चिन्डे र साकिनु हाली काँढापानी पकाएर त्यसमा पिप्लाको धूलो हालेर खाने गर्नाले खोकी र दम नाश हुन्छ ।

घिउ आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

घृतं रसे विडङ्गानां व्योषगर्भं च साधितम् ।

वायुविडङ्ग र त्रिकटु हालेर विधिपूर्वक पकाइएको घिउ खाने गर्नाले खोकीलाई जित्दछ ।

(ख) गरुड महापुराण :

आज्यं पुनर्नवाबिल्वैः पिप्पलीभि साधितम् । हरेद्धिक्कां श्वासकासौ पीतं स्त्रीणाञ्च गर्भकृत् ॥

पुनर्नवा, बेल र पिप्ला हालेर पकाइएको घिउले बाडुलीरोग, दम र खोकी नाश गर्दछ । स्त्रीले खानाले गर्भ रहन मद्दत गर्दछ ।

(ग) वङ्गसेन आयुर्वेद : सिंहामृतघृत

सर्पिर्गुडूचीवृषकण्टकारी क्वाथेन कल्केन च सिद्धमेतत् ।
पेयं पुराणज्वरकासशूलश्वासाग्निमान्द्यां ग्रहणीगदेषु ॥

घिउ तथा गुर्जो र कण्टकारीको काँढापानी हाली विधिपूर्वक घिउ पकाउनू । यो घिउ थाङ्नेजरो, खोकी, शूल, दम, कमजोर पाचनशक्ति र ग्रहणी रोगमा खाने गर्नू ।

(घ) सुश्रुत संहिता :

यत् प्लीह्नि सर्पिर्विहितं षडङ्गं तद्वातकासं जयति प्रसह्य ।
विदारिगन्धादिकृतं घृतं वा रसेन वा वासकजेन पक्वम् ॥

फियोको रोग बताइएको अध्यायमा भनिएको षट्फल घृतले वातजन्य खोकीलाई पनि चाँडै ठिक गर्दछ । विदारिकन्द आदि गणका ओखती हाली पकाइएको अथवा असुरोको रस हालेर पकाइएको घिउले खोकी नाश गर्दछ ।

घिउकुमारी आदिको प्रयोग

(क) रसरत्नाकर : रसेन्द्रगुटिका

कुमारीत्रिफला चूर्णं चित्रक स्वरसैः क्रमात् । शोधयित्वा पुनाराजी गृहधूम हरिद्रया ॥
पक्वेष्टकारजश्चैव जलम्बूष रसेन च । भृङ्गराजरसेनापि शोधयित्वा पुनः पुनः ॥
प्रक्षालयेत्पुनः पश्चाद्गालयेद्वसने घने । कर्षद्वयं रसेन्द्रस्य भावयेद्विजयाद्रवैः ॥
शिलायां खलयेच्चापि यावत्पिण्डत्वमागतम् । जलकर्णी काकमाची रसाभ्यां भावयेत्पुनः ॥
सौगन्धिकपलं शुद्धमर्द्धमरिचटङ्कणम् । माक्षिकं च शिखिग्रीवतालकं चाभ्रकन्तथा ॥
एतांस्तु मिलितान्कृत्वा भावयेच्चार्द्रद्रवैः । रक्तिद्वयप्रमाणेन कारयेद्गुटिकां भिषक् ॥
जीर्णान्नो भक्षयेदेकां क्षीरमांसरसाशनः । पञ्चकासं क्षयं श्वासं रक्तपित्तविनाशनम् ॥
पाण्डुक्रिमिज्वरहरं कृशानां पुष्टिवर्द्धनम् । वाजीकरणनिर्दिष्टमम्लपित्तहरं परम् ॥
वह्नि सन्दीपनं श्रेष्ठमरोचकविनाशनम् । नागार्जुनाख्य मुनिना भाषितं तत्त्ववेदिना ॥

घिउकुमारी र त्रिफलाको धूलोमा, चितूको रसमा; रायो, घरको ध्वाँसो र हलेदोको रसमा; ईँटको धूलोमा, लज्जावती झारविशेषको रसमा र भृङ्गिराजको रसमा क्रमशः बेग्लाबेग्लै पारोलाई ढडयाएर पानीले पखाल्नू अनि कपडछान गर्नू । यस्तो पारोभस्म दुई तोला लिई धतुरोको रसमा ढडयाउनू । त्यसपछि ओखलमा घोटी गोली बनाउनू । त्यो गोलीलाई जलकर्णी (कर्णमोटा, कर्णमोरट, बबुर) को रसमा र कवईको रसमा ढडयाउनू । चार चार तोला प्रशोधित गन्धक, कालो मरिच, स्वाग, सुनामक्खी, निलोतुथो र हरिताल र अभ्रख मिसाएर अदुवाको रसमा ढडयाउनू । त्यसपछि दुई दुई रत्तीको गोली बनाउनू । एक एक गोली दिनहुँ खाना पचेपछि खाने गर्नू । त्यसपछि दूध र मासुको रस पिउने गर्नू । यो रसेन्द्रगुटिका खाने गर्नाले पाँच प्रकारका खोकी, क्षयरोग, दम, रक्तपित्त, पाण्डु, कृमिरोग, जरो, अम्लपित्त र अरुचि नाश गर्दछ । यो उत्तम रसले दुब्लो मानिसलाई पुष्ट बनाउँदछ, वाजीकर हुन्छ र पाचनशक्ति बढाउँदछ । यो रसलाई नागार्जुन ऋषिले बनाएका हुन् ।

चठेल आदिको प्रयोग

(क) गरुडमहापुराण :

कर्कोटकं सवार्ताकं पटोलं कारवेल्लकम्॥ कुष्ठमेहज्वरश्वासकासपित्तकफापहम् ।

चठेल, भन्टा, परबर र करेलोमा कुष्ठ, प्रमेह, जरो, दम, खोकी, पित्तविकार र कफविकार नाश गर्ने गुण हुन्छ ।

चिण्डे आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद :

भार्ङ्गी सनागरासिंही कुलित्थं मूलकं तथा । पिबेत्पिप्पलिचूर्णेन कासश्वासं व्यपोहति ॥

चिन्डे, सुठो, बिहीँ, गहत र मूला हाली काँढापानी पकाएर पिप्लाको धूलो हाली खाने गरिए खोकी र दम नाश हुन्छ ।

चितू आदिको प्रयोग

(क) चिकित्साकलिका : चित्रकहरीतकी

चत्वार्यत्र शतानि चित्रकजटायुक्पञ्चमूलामृता-
धात्रीणामुदकार्मणैस्त्रिभिरपां द्रोणेन च क्वाथयेत् ।
पादस्थे क्वथने गुडस्य च शतं पथ्याढकेनान्वितं
पक्तव्यं श्रृतशीतले च मधुनः प्रस्थार्द्धमात्रं क्षिपेत्॥
व्योषस्य त्रिसुगन्धिकस्य च पलान्यत्रैव षट् प्रक्षिपेत्
क्षारस्यार्द्धपलं रसायनमिदं संसेव्यते सर्वदा ।
शोषश्वासबलासकासवमथुश्लेष्मप्रतिश्यायिभिः
क्षीणोरः क्षतहिक्किभिः कफशिरोरुग्भिः प्रनष्टाग्निभिः ॥

चितूको जरा, दशमूल, गुर्जो र अमला सय सय पललाई (चार) द्रोण पानीमा हालेर पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । सक्खर सय पल र हर्रोको धूलो एक आढक हालेर पुनः पकाउनू । लदरो भएपछि झिक्नू र सेलाउन दिनू । सेलाएपछि त्रिकटु छ पल, त्रिसुगन्ध छ पल जवाखार आधा पल र मह आठ पल हाली घोल्नू । यो रसायन सधैं खान सकिन्छ । यो ओखती सुकेनास, दम, कफविकार, खोकी, वाकवाकी, कफजन्य प्रतिश्याय, उरःक्षत, बाडुलीरोग, कफजन्य टाउको दुखाई र कमजोर पाचनशक्ति हुने मानिसले खानु पर्दछ । (मात्रा- आधा तोला) ।

(ख) गरुडमहापुराण :

समूलचित्रकं भस्मपिप्पलीचूर्णकं लिहेत् । श्वासं कासञ्च हिक्काञ्च मधुमिश्रं वृषध्वज !॥

चितूको जरा सहितको भस्म र पिप्लाको धूलो मह मिसाएर चाट्ने गर्नाले दम, खोकी र बाडुलीरोग नाश हुन्छ ।

(ग) भैषज्य रत्नावली :

समूलं चित्रकं चैव पिप्पलीचूर्णकं हरेत् । कासं श्वासं च हिक्कां च मधुयुक्तं द्विजोत्तम॥

हे उत्तम द्विज ! चितूको जरा र पिप्ला बराबर मिसाई धूलो बनाएर मह मिसाई खाने गर्नाले खोकी दम र बाडुली रोग नाश हुन्छ ।

चिराइतो आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

किरातकटुकीमुस्ताधान्येन्द्रयवनागरैः । दशमूलमहादारुगजपिप्पलिकायुतैः ॥
कृतः कषायः ...कास..नाशनः ॥

चिराइतो, कुटकी, नागरमोथे, धनिया, इन्द्रजौ, सुठो, दशमूल, देवदार र गजपिप्पली मिसाएर पकाइएको काँढापानीले खोकी नाश गर्दछ ।

जीवन्ती आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद : जीवन्त्यादिचूर्ण

जीवन्तीं मधुकं पाठां त्वक्क्षीरं त्रिफलां शठीम् ।
मुस्तैलां पिप्पलीं द्राक्षां द्वौ बृहत्यौ बिभीतकम्॥
शारिवां पौष्करं मूलं कर्कटाख्यां रसाञ्जनम् । पुनर्नवां लोहरजस्त्रायमाणां यवानिकाम्॥
भार्ङ्गीतामलकीमृद्धिं विडङ्गं धन्वयासकम् । क्षारं चित्रकहिंग्वम्लवेतसं देवदारु च ॥
चूर्णीकृत्य पलांशानि लेहयेन्मधुसर्पिषा । चूर्णं पाणितलं पञ्च कासान्नैतद्व्यपोहति ॥

जीवन्ती, जेठीमधु, गुन्द्रगानु, वंशलोचन, त्रिफला, कचूर, नागरमोथे, अलैंची, पिप्ला, दाख, कण्टकारी, बिहीँ, बरौं, अनन्तमूल, पुष्करमूल, कर्कटश्रृङ्गी, रसाञ्जन, पुनर्नवा, लोहभस्म, मुडिलो, ज्वानु, चिन्डे, भुइँअमला, ऋद्धि, वायुविडङ्ग, दुरालभा, जवाखार, चितु, हिङ, अम्लवेत र देवदार चार चार तोला लिई धूलो बनाउनू । यो धूलोमा मह र घिउ मिसाएर हरेक दिन एक एक तोलाका दरले खाने गर्नू । यसले पाँच प्रकारका खोकी नाश गर्दछ ।

जौ आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद : वसिष्ठहरीतकी

यवाढके सप्तजलाढकानि हरीतकीनान्तु शतं गुरूणाम् ।
लौहे कटाहे समधिश्रयित्वा द्रव्याणि चैतानि सामान्यधीत ॥
दन्त्यश्वगन्धा चिरबिल्वमूलं भल्लातकं बिल्वफलं नतञ्च ।
उभे हरिद्रे गजपिप्पली च पत्राणि मूलानि च चित्रकस्य ॥
पिप्पल्यपामार्गमथात्मगुप्ता सर्वाणि कुर्यात्पलसम्मितानि ।
एकत्र सर्वाणि भिषग्विदध्याद् द्विपञ्चमूलीं च यवप्रमाणाम् ॥
मृदूनि सुस्विन्नयवान् विदित्वा शनैः प्रयत्नादवतारयेच्च ।
विस्राव्य तेनैव जलेन सार्द्धं पचेत्पुराणस्य शतं गुडस्य ॥
भूयो गुरूणामपि तत्र दद्याद्धरीतकीनाञ्च सहस्रमन्यत् ।
प्रस्थं पुराणस्य घृतस्य दद्यान्नवस्य तैलस्य च तावदेव ॥
शीते मधुस्नेहसमन्तु दद्यात् पलानि चाष्टावय पिप्पलीनाम् ।
सा कल्कमिश्रा त्वथ सेव्यमाना सर्वाञ्ज्वरान्नशयतीह मासात् ॥
मासद्वयेनैव च नेत्ररोगान्निहन्त्यपूर्वाञ्च करोति दृष्टिम् ।
कुष्ठानि मासत्रयतो निहन्ति प्रभिन्नकर्णाङ्गलिनासिकानि ॥

भगन्दरं श्लीपदवातगुल्मं श्वासं तथा मासचतुष्टयेन ।
सम्भक्षिता पञ्चभिरेव मासैः करोति केशान्भ्रमराञ्जनाभान् ॥
षड्भिस्तु मासैः खलु सापि कुर्य्यात् केशान् सुशीतान् घनकुञ्चिताग्रान् ।
सहस्रपथ्यामथ चोपयुञ्ज्य बलं भवेदुत्तमकुञ्जरस्य ॥
स्वरं मयुरस्य हयस्य वेगं शरच्छशाङ्कस्य पराञ्च कान्तिम् ।
सौभाग्यमेधास्मृतिसत्वयुक्तो बलान्वितः पद्मदलायताक्षः ॥
जीवेत्समानाञ्च सहस्रमग्र्यं प्रयोगकालादिति सत्यवाक्यम् ।
समीक्ष्य कल्पांस्तु चकार योगं हिताय लोकस्य मुनिर्वसिष्ठः ॥

ठूलठूला हर्रो सय वटा र जौ एक आढक उत्तम खालको कराहीमा सात आढक पानीमा हालेर पकाउनू । त्यसमा अजयपाल, अश्वगन्धा, करञ्जको जरा, भलायो, बेलको गुदी, तगर, हलेदो, चुत्रो, गजपिप्ला, चितूको जरा र पात, पिप्ला, दतिवनका बीज र काउसोका बीज दुई दुई तोला हाल्नू । दशमूलको ओखती एक आढक हाल्नू । पकाउन थाल्नू । जौ नरम भएर फुलेपछि बिस्तार झिकी छान्नू । हर्रो झिकेर राख्नू । छानेको काँढापानीमा पचास पल सक्खर, अघि झिकेर राखेको सय वटा हर्रो, हजार वटा काँचो हर्रो एक प्रस्थ पुरानो घिउ र नयाँ तेल एक प्रस्थ हालेर पुनः पकाउनू । पाकेपछि झिकेर सेलाउन दिनू । सेलाएपछि एक प्रस्थ मह र आठ पल पिप्लाको धूलो मिसाउनू । यो ओखती एक महिनासम्म खानाले सबै प्रकारका जरो नाश हुन्छ । दोश्रो महिनामा सबै प्रकारका आँखाका रोग नाश भई अपूर्व दृष्टिक्षमता हुन्छ । तेश्रो महिनामा कुष्ठरोग नाश हुन्छ तथा काटिएको औंला र नाक

स्वच्छ हुन्छ । चौथो महिनामा भगन्दर, हात्तीपाइले, वातगुल्म, र दम नाश हुन्छ । पाँचौं महिनामा कपाल भमराजस्तो वा गाजलजस्तो कालो हुन्छ । छैटौं महिनामा कपाल सुन्दर, बाक्लो र घुमुर्किएको हुन्छ । यी हजार वटा हर्रो खानाले हजारवटा हात्तीको जस्तो बल प्राप्त हुन्छ । मयुरको जस्तो स्वर हुन्छ, घोडाको जस्तो वेग हुन्छ । शरद् ऋतुको चन्द्रमाको जस्तो चमक हुन्छ । यो ओखती खाने मानिसले सौभाग्य, दिमागको ग्रहण गर्ने क्षमता, सम्झनाशक्ति, पराक्रम र बल प्राप्त गर्दछ । आँखा कमलका पत्तिजस्ता हुन्छन् । मानिस विकाररहीत, नवीन जवानीले युक्त भई हजार वर्षसम्म बाँच्दछ । यो ओखती संसारको कल्याणका लागि वसिष्ठ ऋषिले बताएका हुन् ।

ज्वानु आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

यवानी पिप्पली वासा तथा वत्सकवल्कलः । एषां क्वाथं पिबेत् कासे ... ॥

खोकी लाग्दा ज्वानु, पिप्ला, असुरोको पात र ठूलोकुरोको बोक्राको काँढापानी पकाएर पिउनू ।

तामा आदिको प्रयोग

(क) भैषज्य रत्नावली : पित्तकासान्तकरस

भस्म ताम्राभ्रकान्तानां कासमर्दत्वचो रसैः । मुनिजैर्वैतसाम्लैश्च दिनं मर्द्यं सुपिण्डितम् ॥
निष्कार्द्धं पित्तकासार्त्तो भक्षयेच्च दिनत्रयम् । कासश्वासाग्निमान्द्यं च क्षयं चापि निहन्त्यलम् ॥

तामा, अभ्रख र कान्तिसारलोह : यी तिनको भस्म बराबर लिई कसौंदीको बोक्राको रस, अगस्तिको रस र अम्लवेतको रसमा एक एक दिन भिजाउनू । त्यसपछि दुई दुई मासाका गोली बनाउनू । पित्तजन्य खोकी लागेका मानिसले तीन दिनसम्म एक एक गोली खानू । यसले पित्तजन्य खोकी, दम, कमजोर पाचक-अग्नि र क्षयरोग चाँडै नाश गर्दछ ।

(ख) रसरत्नसमुच्चय : कासनाशन रस

सार्कतीक्ष्णाभ्रकोऽगस्त्यकासमर्दवरारसैः । मर्दितो वेतसाम्लेन पिण्डितः कासनाशनः ॥

ताम्रभस्म, लोहभस्म र अभ्रखभस्म बराबर लिई अगस्ति, कसौंदी, त्रिफला र अम्लवेतको रसमा हाली क्रमशः एक एक पटक पिस्नू । त्यसपछि दुई दुई रत्तीका गोली बनाउनू । यी गोली खाने गर्नाले खोकी नाश हुन्छ ।

(ग) वैद्यरहस्य : सोमनाथीताम्र

शुल्बं सूत समं द्वयोरपि समो गन्धस्तदर्धः पुन-
स्तालश्चार्द्धशिलायुतो विरचयेत्पिष्टत्ततः कज्जलीम् ।
लिप्त्वा ताम्रदलानि मार्त्तिकदृढे पात्रे निधायाथतत्-
पाच्यं सैकतयन्त्रकेर्द्ध दिवसं शीतं स्वतो निर्हरेत् ॥
तत्कासश्वसनाग्निमान्दगुदजेनेकार्त्तिपाण्ड्वामय-
प्लीहोरः प्रतिरोधकोष्ठमरुतो युक्तां जयेद्योजितम् ।
वल्लद्वन्द्वमितं कणामधुयुतं क्षारार्द्रवारापि वा
युक्तं सर्वकफामयघ्नमचिराद्यत्सोमनाथाभिधम् ॥

काँडाले छेड्दा छेडिने खालको तामाको पाता ४ तोला लिनू । पारो ४ तोला, गन्धक ८ तोला, हरिताल २ तोला र मनशिला १ तोला मिसाएर पिसी तामाको पातमा लेप दल्नू । एउटा हाँडीमा बालुवा हाली बीचमा यो पाता राख्नू । दुई प्रहरसम्म तताउनू । पूरा सेलाएपछि झिक्नू । यो सोमनाथीताम्र चार रत्ती पिप्लाको धूलो र मह मिसाएर खानाले खोकी, दम, कमजोर पाचनशक्ति, हर्सा, पाण्डु, फियोका रोग, उरःक्षत र बद्धकोष्ठ रोग नाश हुन्छ । अथवा जवाखारसँग वा अदुवाको रससँग खान दिनू । सबै खालका कफजन्य रोग चाँडै नाश हुन्छ ।

तालमखाना आदिको प्रयोग

(क) हारीत संहिता : क्षारामृत

क्षारं मुष्ककिंशुकार्जुनधवापामार्गरम्भातिला
जीवन्तीकनकाह्वयश्च रजनी कूष्माण्डवल्ली तथा ।
वासासूरणमेव तीव्रदहनं प्रज्वाल्य भस्मीकृतं
तोयेन प्रतिसेव्य निभृतपयःपानं विधेयं यकृत् ॥
तथाशूलानाहविबन्धकफजान्रोगाञ्चयेत्कामलान्
विद्रधीन् हृदिशूलपाण्डुग्रहणीशोफार्शसां पीनसान् ।
मन्दाग्नीनामजीर्णकृम्यलसगुदभ्रंशमोहांस्तथा
क्षतजवृद्धिस्तेन सदाहशूलकास्युद्गारता वमिः ॥

तालमखाना, लोधविशेष, पलाँश, काउलो, धयैँरो, दतिवन, केरा, तिल, ऐँफेरु (जीवन्ती), धतुरो, हलेदो, कुभिण्डो, असुरो र ओल : यी ओखती डढाएर खरानी बनाई पानीमा हालेर क्षार बनाउनू । यो क्षार खाने गर्नाले यकृत् गुल्मरोग, शूल, आनाह, कब्जियत, कफविकार, कमलपित्त, विद्रधि, मुटुको शूल, पाण्डु, ग्रहणी, सुजन, हर्सा, पिनास, मन्दाङि, अजीर्ण, कीरा, अलसक, गुदभ्रंश, मोह, घाउजन्य रोग, वृद्धिरोग, डाह, शूल, खोकी, डकार र वाकवाकी, नाश गर्दछ ।

खोकीमा तुलसी आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

...क्षारमेवं वा सुरसैरण्डपत्रजम्॥

अथवा तुलसी एवं अँडिरका पातको क्षार त्रिकटु तेल र सुखर मिसाएर चाट्नू, दम र खोकी नाश हुन्छ ।

खोकीमा त्रिकटु आदिको प्रयोग

(क) अग्निपुराण :

व्योषपद्मकत्रिफलाविडङ्गदेवदारवः॥ रास्नाचूर्णं समं खण्डैर्जग्ध्वा कासहरं ध्रुवम्॥

त्रिकटु, पैयुँ, त्रिफला, वायुविडङ्ग, देवदार र फ्याक्सेकन्द बराबर मात्रामा जम्मा पारी धुलो बनाएर त्यसमा सक्खर मिसाएर खाने गर्नाले निश्चय नै खोकी निको हुन्छ ।

(ख) अष्टाङ्ग सङ्ग्रह :

तद्वदार्द्रकमेतच्च त्रयं त्रिकटुकं जयेत् । स्थौल्याग्निसदनश्वासकासश्लीपदपीनसान्॥

अदुवामा पनि सुठोका जस्तै गुण हुन्छन् । त्रिकटुले मोटोपन, कमजोर पाचनशक्ति हुने रोग, दम, खोकी, हात्तीपाइले रोग र पिनास नाश गर्दछ ।

व्योषकट्वीवराशिग्रुविडङ्गातिविषास्थिराः॥
हिङ्गुसौवर्चलाजाजीयवानीधान्यचित्रकाः । निशे बृहत्यौ हपुषा पाठा मूलं च केम्बुकात्॥
एषां चूर्णं मधु घृतं तैलं च सदृशांशकम् । सक्तुभिः षोडशगुणैर्युक्तं पीतं निहन्ति तत्॥
अतिस्थौल्यादिकान् सर्वान् रोगानन्यांश्च तद्विधान् । हृद्रोगकामलाश्वित्रश्वासकासगलग्रहान्॥
बुद्धिमेधास्मृतिकरं सन्नस्याग्नेश्च दीपनम् । योज्यं तथा यथाव्याधि स्वेदासृक्स्रावणान्यपि॥

त्रिकटु, पिरेँ, त्रिफला, सैजन, वायुविडङ्ग, अतीस, साकिनु, हिङ, सौंचर नुन, जीरा, ज्वानु, धनियाँ, चितु, हलेदो, चुत्रो, कण्टकारी, बिहीँ, हपुषा, गुन्दरगानु र बेतलौरीको जरा : यी ओखती बराबर लिई एक भाग; यति नै मह, यति नै घिउ र यति नै तेल १६ गुना जौको सातु मिसाउनू । यसरी बनाइने मन्थ पिउने गर्नाले अति मोटोपन आदि रोग यस्तै बृंहणजन्य अन्य रोग, मुटुका रोग, कमलपित्त, सेतोकुष्ठ, खोकी र गलग्रह नाश हुन्छ । यो मन्थले बुद्धि, दिमागको ग्रहण गर्ने शक्ति र सम्झनाशक्ति तथा कमजोर पाचनशक्तिलाई बढाउँदछ । यसैगरी बृंहणजन्य रोगहरूमा रोग अनुसार पसिना निकाल्ने, रगत निकाल्ने आदि विधि पनि गर्नुपर्दछ ।

(ग) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

लिह्यात् त्र्यूषणचूर्णं वा पुराणगुडसर्पिषा ।

अथवा त्रिकटुको धूलो पुरानो सखर र घिउमा मिसाएर चाट्नू, दम र खोकी नाश हुन्छ ।

(घ) रसरत्नसमुच्चय : स्वयमग्नि रस

त्रिकटु त्रिफला चैला जातीफललवङ्गकम् । एतेषां समभागानां समपूर्वरसो भवेत्॥
सञ्चूर्ण्याऽऽलोडयेत्क्षौद्रे भक्ष्यो निष्कद्वयं सदा । स्वयमग्निरसो नाम क्षयकासनिकृन्तनः॥

त्रिकटु, त्रिफला, अलैंची, जाइफल र ल्वाङ बराबर लिई सबै बराबर अग्निरस लिनू । सबै मिसाएर घोटी सिसीमा राख्नू । त्यसमध्येबाट हरेक दिन दुई दुई निष्क निकाली मह मिसाएर खाने गर्नू , यो स्वयमग्निरसले क्षयरोग र खोकी जरैसहित नाश गर्दछ ।

(ङ) रसरत्नाकर : चन्द्रामृतरस

त्रिकटुत्रिफलाचव्यधान्यजीरकसैन्धवाः । प्रत्येकं तोलकं ग्राह्यं छागीदुग्धेन घोलयेत्॥
रसगन्धकलोहानि प्रत्येकं कार्षिकं क्षिपेत् । टङ्कणस्य पलं दत्त्वा मरिचस्य पलार्द्धतः॥
नवगुञ्जप्रमाणेन वटिकां कारयेद्भिषक् । प्रातःकाले शुचिर्भूत्वा चिन्तयित्वामृतेश्वरीम्॥
एकैकां वटिकां खादेद्रक्तोत्पलरसप्लुताम् । नीलोत्पलरसेनापि कुलत्थस्य रसेन वा॥
छागीदुग्धेन मण्डेन कैरवस्य रसेन वा । निहन्ति विधिं कासं वातपित्तसमुद्भवम्॥
वातश्लेष्मोत्थितं दुष्टं पित्तश्लेष्मभवं चिरम् । वातिकं पैत्तिकं वापि गरदोषसमन्वितम्॥
सरक्तमथनी रक्तं ज्वरश्वाससमन्वितम् । तृड्दाहभ्रमशूलघ्नी रुच्यावह्निप्रदायिनी॥
बलवर्णकरी वृष्या प्लीहगुल्मोदरापहा । आनाहकृमिपाण्डुघ्नी जीर्णज्वरविनाशिनी॥
इयं चन्द्रामृता नाम चन्द्रनाथेन निर्मिता । वासागुडूचीकाभार्ङ्गीमुस्तकंकण्टकारिका॥
भोजनान्ते प्रयोक्तव्या वटिका वीर्यवर्द्धिनी॥

त्रिकटु, त्रिफला, चाभो, धनियाँ, जीरा र सिँधेनुन : एक एक तोला लिनू । बाख्रीको दूधमा घोट्नू । त्यसपछि पारोभस्म, गन्धक र लोहभस्म दुई दुई तोला तथा कालो मरिच दुई तोला लिनू । अघिको ओखतीमा मिसाउनू र बेस्सरी घोट्नू । त्यसपछि नौ नौ रत्तीका गोली बनाउनू । बिहान पवित्र भई अमृतेश्वरी देवीको ध्यान गर्दै एक एक गोली रातोकमलको रसमा अथवा नीलकमलको रसमा अथवा गहतको झोलमा अथवा बाख्रीको दूधमा अथवा माडमा अथवा नक्तकमलको रसमा मिसाएर खाने गर्नू । यसले अनेक किसिमका खोकी वात-पित्तजन्य खोकी, वात-कफजन्य खोकी, खराब खोकी, पित्त-कफजन्य खोकी, पुरानो खोकी वातजन्य खोकी, पित्तजन्य खोकी, विषविकारजन्य खोकी, रगत मिसिएरको कफ आउने खोकी, रगत नआउने खोकी, जरो र दम सहितको खोकी तथा तिर्खा, डाह, भ्रम, फियोका रोग, गुल्म, उदररोग, आनाह, कृमिरोग, पाण्डु र थाङ्ने जरो नाश गर्दछ । यो रुचिप्रद, पाचनशक्ति बढाउने, बलदायक, वर्णमा निखार लेराउने र वीर्य बढाउने गुणको हुन्छ । यो चन्द्रामृत रस श्रीचन्द्रनाथले बनाएका हुन् । यो खाएपछि असुरो, गुर्जो, चिन्डे, नागरमोथे र कण्टकारीको गोली बनाएर खानाको अन्तमा खानु पर्दछ । यसो गर्नाले वीर्यवृद्धि हुन्छ ।

त्रिकट्वादिचूर्ण

कटुत्रयं पाठक देवदारु रास्ना विडङ्ग त्रिफला वृषाणाम् ।
चूर्णं समांशं सितया विमिश्रं कासं जयेद्विष्णुरिवातिपापम्॥

त्रिकटु, कूट, देवदार, फ्याक्सेकन्द, वायुविडङ्ग, त्रिफला र असुरो बराबर मिसाएर धूलो बनाउनू । यो धूलो बराबर मिश्रीको धूलो मिसाउनू । यो ओखती खाने गर्नाले विष्णुले महापापलाई जितेजसरी खोकीलाई जित्दछ ।

(च) वैद्यरहस्य : व्योषादिगुटिका

व्योषाम्लवेतसं चव्यं तालीसं चित्रकं तथा । जीरकं तिन्तिडीकं च प्रत्येकं कर्षभागिकम्॥
त्रिसुगन्धं त्रिशाणं स्याद्गुडः स्यात्कर्षविंशतिः । सर्वमेकत्र सङ्कुट्य वटिका कर्षसम्मिता॥
भक्षयेत्प्रातरुत्थाय सर्वान्कासान्व्यपोहति । पीनसं श्वासमरुचिं स्वरभेदं नियच्छति॥

त्रिकटु, अम्लवेत, चाभो, लोठसल्लो, चितू, जीरा र चुक अमिलो एक एक तोला; त्रिसुगन्ध तीन शाण र सक्खर बीस कर्ष मिसाई पिसेर एक एक तोलाका गोली बनाउनू । हरेक दिन बिहान एक एक गोली खाने गर्नू । यसरी खानाले सबै खालका खोकी नाश हुन्छ । यसले पिनास, दम, अरुचि र स्वर बसेको पनि ठिक गर्दछ ।

(छ) हारीत संहिता : शुण्ठ्यादिचूर्ण

यदि साक्षात्त्रिकटुकं कुष्ठं तथा पञ्चमकं यवानीम् ।
षष्ठं च सिन्धूत्थविमिश्रितं च सूक्ष्मं च चूर्णं सह रामठेन॥
भक्षेच्च तस्योपरि तक्रपानं निष्क्वाथ्य तोयं च पिबेच्च वाम्लम्॥
सौवीरकं वा विनिहन्ति शीघ्रं यकृद्विधानुदरशूलकासान् ।
विषूचिकाजीर्णकफामयघ्नं पाण्ड्वामयार्त्तिग्रहणीं सगुल्माम्॥
शुण्ठ्यादिचूर्णं त्वरितं निहन्ति ।

सुठो, मरिच, पिप्ला, कूट, ज्वानु, सिँधेनुन र हिङ बराबर मिसाएर राम्ररी धूलो बनाउनू । यो धूलो खाएर त्यसपछि तातोपानी वा अमिलो रस वा काँजी पिउने गर्नू । यो शुण्ठ्यादि चूर्ण नामको ओखतीले कलेजोका रोग, पेटको शूल, खोकी, हैजा, अजीर्ण, कफसम्बन्धी रोग, पाण्डुरोग, ग्रहणी रोग र गुल्मरोग चाँडै नाश गर्दछ ।

त्रिफला आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

त्रिफलापिप्पलीपाठासारिवाबृहतीद्वयम्। मरिचं पद्मकं मुस्तमुशीरं चाक्षसम्मितम्॥
पक्त्वा जलाढके पादशेषे क्षीरपलाष्टकम्। दत्वा गुडस्य च पलं पचेदादर्विलेपनात्॥
लेहः कफोल्बणं कासं सर्वमेव नियच्छति। साधितं क्षीरमेभिर्वा तिलक्षौद्रयुतं पिबेत्॥

त्रिफला, पिप्ला, गुन्दरगानु, अनन्तमूल, बिहीँ, कण्टकारी, मरिच, पिर्रे वा पैयुँ, मोथे र खस : एक एक अक्ष एक आढक पानीमा हालेर पकाई एक चौथाई बाँकी भएपछि दूध आठ पल र एक पल सक्खर मिसाउनू र पुनः पकाउन थाल्नू। लदरो भएर डाडुमा लाग्न थालेपछि भिक्नू। यो अवलेहले सबै खालका कफजन्य खोकी नाश गर्दछ। उल्लेखित ओखती हालेर पकाइएको दूधमा तिल र मह मिसाएर यो ओखती खाएपछि पिउने गर्नू।

(ख) भैषज्य रत्नावली : कासान्तकचूर्ण

त्रिफलाव्योषचूर्णं च सम भागं प्रकल्पयेत्। मधुना सह पानात्तु दुष्टकासं नियच्छति॥

त्रिफला र त्रिकटु बराबर मिसाएर पिसी धूलो बनाएर महसँग खाने गर्नाले खराब खालको खोकी नाश हुन्छ।

(ग) शार्ङ्गधर संहिता :

कास ...हरा(री) त्रिफला पिप्पलीयुता। चूर्णिता मधुना लीढा ...।

त्रिफलामा पिप्ला मिसाएर बनाइएको चूर्णले महसँग मिसाएर खाँदा खोकी निको पार्दछ।

(घ) सुश्रुत संहिता :

फलत्रिकव्योषविडङ्गशृङ्गीरास्नावचापद्मकदेवकाष्ठैः।
लेहः समैः क्षौद्र सिताघृताक्तः कासं निहन्यादचिरादुदीर्णम्॥

त्रिफला, त्रिकटु, वायुविडङ्ग, कर्कटशृङ्गी, फ्याक्सेकन्द, बोझो, पैयुँ र देवदार : यी सबै बराबर मात्रामा लिई धूलो बनाएर मह, मिश्री र घिउमा फिटी चटनी बनाएर खानू। यसले कडा खालको खोकी पनि चाँडै नाश हुन्छ।

खोकीमा दशमूल आदिको प्रयोग

(क) अग्निपुराण :

दशमूलीशटीरास्नापिप्पलीविल्वपौष्करैः । श्रृङ्गीतामलकीभार्गीगुडूचीनागवल्लिभिः ॥
यवाग्रं विधिना सिद्धं कषायं वा पिबेन्नरः । काशः...प्रशान्तये ॥

मानिसले खोकी निको पार्न दशमूल, कपुरहलेदो, फ्याक्सेकन्द, पिप्ला, बेल, अँडिरको मूल जरो (वा कमलको जरो), गुनाभा, भुइँअमला, चिण्डे, गुर्जो र पान मिसाएर विधिपूर्वक पकाइएको काँढापानी वा यवागू पिउनू ।

(ख) चिकित्साकलिका : भार्ग्यभया

युक्पञ्चमूलीतुलया समेतं शतं प्रकल्प्य द्विजयष्टिकायाः ।
हरीतकीनां च शतं जलस्य द्रोणद्वयेन प्रपचेद्विधिज्ञः ॥
क्वाथेन तत्रैव हरीतकीस्ताः स्विन्नाः समेतास्तुलया गुडस्य ।
पक्त्वावलेहः शिशिरे च तस्मिन् क्षौद्रं क्षिपेदष्टपलप्रमाणम् ॥
पलत्रयं च त्रिकटोर्विचूर्ण्य पलं चतुर्जातकभेषजानाम् ।
इत्यश्विनोर्भार्ग्यभयावलेहः प्रयुक्तमात्रोऽयमिहाचरेण ॥

श्वासं जयेत् पञ्चविधं च कासं शोषं षडेकादशरूपमुग्रम् ।
हिक्कां कफं छर्दिमुरोविकारमरोचकं मेहमपस्मृतिञ्च ॥

दशमूल एक तुला, चिन्डे सय पल र पोको पारेर बाँधिएको हर्रो सय वटा दुई द्रोण पानीमा हालेर पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । छानेको काँढापानीमा एक तुला सक्खर र अघि उसिनेको सय वटा हर्रो हाल्नू । पुनः पकाउन थाल्नू । लदरो हुन थालेपछि झिक्नू । सेलाएपछि मह आठ पल, त्रिकटु तीन पल र चतुर्जातक सबै एक एक पल मिसाएर घोल्नू । अश्विनीकुमारहरूले बनाएको यो भार्ग्यभया वा भार्गीहरीतकी खाने गर्नाले चाँडै नै दम, पाँच किसिमका खोकी, एघार थरी कडा खालका सुकेनास, बाडुली रोग, कफविकार, वाकवाकी, छातीका रोग, अरुचि, प्रमेह र छारेरोग नाश हुन्छन् । (मात्रा-चटनी १ तोलादेखि दुई तोलासम्म र एक एक वटा हर्रो ।)

(ग) रसरत्नाकर : दशमूलघृत

दशमूलाढकैः प्रस्थं घृतस्याक्षसमैः पचेत् । पुष्कराह्वशठीबिल्वसुरसाव्योषहिङ्गुभिः ॥
पयोऽनुपानं तत्पेयं कासे वातकफात्मके । श्वासरोगेषु सर्वेषु हिक्कायां च प्रशस्यते ॥
(बिल्वस्यमूलम्)

दशमूल एक आढक, घिउ एक प्रस्थ तथा पुष्करमूल, कचूर, बेलको जरा, तुलसी, त्रिकटु र हिङ एक एक अक्ष हाली विधिपूर्वक घिउ पकाउनू । यो घिउ खाने गर्नाले र त्यसपटि दूध पिउने गर्नाले

वात-कफजन्य खोकी, सबै किसिमका दम र बाडुलीरोगमा खानु हितकर हुन्छ ।

अथागस्त्यहरीतकी

दशमूलं स्वयंगुप्तां शङ्खपुष्पीं शठीं बलाम् । हस्तिपिप्पल्यमामार्ग पिप्पलीमूल चित्रकान्॥
भार्ङ्गी पुष्करमूलं च द्विलांशं यवाढकम् । हरीतकी शतश्चैकं जल पञ्चाढके पचेत्॥
यवैः स्विन्नैः कषायन्तं प्लुतं तच्चाभयाशतम् । पचेद्गुडतुलां दत्त्वा कुडवञ्च पृथग्घृतात्॥
तैलात्सपिप्ल्यां चूर्णात्सिशीते च माक्षिकात् । लेह्याद्व चाभये नित्यमतः खादेद्रसायनात्॥
तद्वलीपलितं हन्याद्वर्णाग्निबलवर्द्धनम् । पञ्चकासान् क्षयं श्वासं हिक्कां सविषमज्वरम्॥
हन्यात्तथा ग्रहण्यर्शो हृद्रोगारुचिपीनसान् । अगस्त्यविहीतं धन्यमिदं श्रेष्ठं रसायनम्॥
(यवहरीतक्योः श्लक्ष्णपोटलीं बद्ध्वा निक्षिपेत् । पश्चात्स्विन्न हरीतकीं घृततैलाभ्यां भर्जयेदिति रसरत्नाकरोक्तम्) ।

दशमूल, काउसोको बीज, शङ्खपुष्पी, कचूर, बलु, गजपिप्ला, दतिवन, पिप्लाको जरा, चितु, चिन्डे र पुष्करमूल हरेक १६, १६ तोला लिनू । ८० सेर पानीमा हालेर पकाउनू । ८ सेर जौ र १०० वटा हर्रो कपडामा पोको पारी त्यो काँढापानीमा हाल्नू । जब २० सेर पानी बाँकी हुन्छ तब झिकेर छान्नू । हर्रो बेग्लै निकालेर त्यसका बीज निकाल्नू । त्यो हर्रोलाई घिउ र तेलमा भुट्नू । त्यसपछि छानेको काँढापानीमा १२.५ सेर सक्खर, केलाइएका हर्रो सय वटा, १६ तोला घिउ, १६ तोला तेल र १६ तोला पिप्लाको धूलो हाली पकाउनू । पाकेर झिकी सेलाएपछि १६ तोला मह मिसाउनू । यसबाट हरेक दिन दुई दुई वटा हर्रो निकाली खाने गरेमा उमेर नपुगी छाला चाउरी पर्ने र कपाल फुल्ने रोग, पाँच किसिमका खोकी, क्षयरोग, दम, बाडुलीरोग, विषमज्वर, ग्रहणी, हर्सा, मुटुका रोग, अरुचि र पिनास नाश हुन्छ । यो उत्तम रसायनका बारेमा अगस्त्यले बताएका हुन् ।

(घ) वङ्गसेन आयुर्वेद :

दशमूली स्वंगुप्ता शङ्खपुष्पी शठी बला । हस्तिपिप्पल्यपामार्गपिप्पलीमूलचित्रकान्॥
भार्ङ्गी पुष्करमूलञ्च द्विपलांशं यवाढकम् । हरीतकी शतश्चैकं जले पञ्चाढके पचेत्॥
यवैः स्विन्नैः कषायन्तु पूतं तच्चाभयाशतम् । पचेद्गुडतुलां दत्त्वा कुडवञ्च पृथग् घृतम्॥
तैलात्पिप्पलिचूर्णाच्च सिद्धे शीते च माक्षिकात् । कुडवं पलमानं च चातुर्जातविचूर्णितम्॥
लिह्याद् द्वे चाभये नित्यमतः खादेद्रसायनम् । तद्वलीपलितं हन्याद्वर्णायुबर्लवर्धनम्॥
पञ्चकासक्षयश्वासान् हिक्काः सविषमज्वरान् । हन्याद्गुल्मग्रहण्यर्शो हृद्रोगारुचिपीनसान्॥
अगस्त्यविहितं धन्यमिदं श्रेष्ठं रसायनम् । सङ्ख्या पलानां शतशो मतागस्त्यहरीतकी॥

दशमूल, काउसोका बीज, शङ्खपुष्पी, कचूर, बलु, गजपिप्ला, दतिवन, पिप्लाको जरा, चितु, चिन्डे र पुष्करमूल : यी हरेक ओखती दुई दुई तोला पाँच आढक पानीमा हालेर पकाउनू । पकाउँदा एक आढक जौर र यि वटा हर्रो पनि कपडामा पोको पारेर हाल्नू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । हर्रो निकालेर घिउ र तेलमा भुट्नू । त्यसपछि छानिएको काँढापानीमा सय पल सक्खर, अघि भुटेको हर्रो १६ तोला, १६ तोला तेल र १६ तोला पिप्लाको धूलो हालेर पुनः पकाउनू । । तयार भएर सेलाएपछि १६ तोला मह र चतुर्जातको धूलो ४ तोला मिसाउनू । यसमध्येबाट हरेक दिन दुई वटा

हर्रो खाने गर्नू । यो रसायनले उमेर नुपुगी छाला चाउरी पर्ने र कपाल फुल्ने रोग नाश गर्दछ । वर्ण, आयु र बल बढाउँदछ । पाँच प्रकारका खोकी, क्षयरोग, दम, बाडुली, विषमज्वर, गुल्म, ग्रहणी, हर्सा, मुटुका रोग र पिनास नाश गर्दछ । यो उत्तम रसायनलाई अगस्त्य ऋषिले बनाएका हुन् ।

यथोद्दिष्टगुणं कुर्वन् पित्तञ्च कुरुते यदि । तथा सायं गुडो योज्य एष एवाल्मात्रया ॥

यो ओखती बनाउँदा सय पल हर्रो लिनु पर्दछ। यदि ओखती खाँदा उल्लेखित लाभ दिएर पनि पित्त बढेमा साँझमा थोरै सक्खर प्रयोग गर्नुपर्दछ ।

आर्द्रद्रव्यद्रवद्रव्यपलैरष्टाभिरेव च । शुष्कद्रव्य चतुष्केण कुडवः समुदाहृतः ॥

गिला र पातला पदार्थका हकमा आठ पलको एक कुडव हुन्छ भने सुक्खा पदार्थ चार पलको एक कुडव हुन्छ ।

यवगोधूममाषाश्च तिलाश्चापि नवा हिताः । पुराणा विरसा रूक्षा न तदर्थकराः स्मृताः ॥
"हरीतक्योऽपि नवा ग्राह्याः" ।

जौ, गहुँ, मास र तिल नयाँ प्रयोग गर्नु उत्तम हुन्छ । यी पदार्थ पुराना भएपछि रसहीन र गुणहीन भई श्रेष्ठ हुँदैनन् । "यहाँ हर्रो पनि नयाँ लिनु पर्दछ" ।

(ङ) शार्ङ्गधर संहिता :

दशमूलकृतः क्वाथः सयवक्षारसैन्धवः । ...कास ... नाशयेत् ॥

दशमूलको काँढापानीमा जवाखार र सिधेनुन मिसाएर पिउनाले खोकी नाश गर्दछ ।

शालिपर्णीपृष्ठपर्णीबृहतीद्वयगोक्षुरैः ॥ विल्वाग्निमन्थश्योनाककाश्मरीपाटलायुतैः ।
दशमूलमिति ख्यातं क्वथितं तज्जलं पिबेत् ॥ पिप्पलीचूर्णसंयुक्तं ...कास...नुत् ।

साकिनु, सतिबयर, ठूलो बिही, सानो बिही, गोखुर, बेल, अरणी, टटेलो, खमारी र पाडरीको जराको "दशमूल" नामक ओखती-समूहको काँढापानी पिप्लासँग पिए खोकी निको पार्दछ ।

(च) सुश्रुत संहिता :

द्विपञ्चमूलेभकणात्मगुप्ताभार्गीशटीपुष्करमूलविश्वान् ।
पाठामृताग्रन्थिकशङ्खपुष्पीरास्नाग्न्यपामार्गबलायवासान् ॥
द्विपालिकान् न्यस्य यवाढकं च हरीतकीनां च शतं गुरूणाम् ।
द्रोणे जलस्याढकसंयुते च क्वाथे कृते पूतचतुर्थभागे ॥
पचेत्तुलां शुद्धगुडस्य दत्त्वा पृथक् च तैलात् कुडवं घृताच्च ।

चूर्णं च तावन्मगधोद्भवाया देयं च तस्मिन्मधु सिद्धशीते॥
रसायनात् कर्षमतो विलिह्यादे द्वे चाभये नित्यमथाशु हन्यात् ।
तद्राजयक्ष्मग्रहणीप्रदोषशोफाग्निमान्द्यस्वरभेदकासान्॥
पाण्ड्वामयश्वासशिरोविकारान् हृद्रोगहिक्काविषमज्वरांश्च ।
मेधाबलोत्साहमतिप्रदं च चकार चैतद्भगवानगस्त्यः॥

दशमूल, गजपिप्ला, काउसो, चिन्डे, कचूर, पुष्करमूल, सुठो, गुन्दरगानु, गुर्जो, पिप्लाको जरा, शङ्खपुष्पी, फ्याक्सेकन्द, चितू, दतिवन, बलु र दुरालभा दुई दुई पल लिनू । जौ एक आढक र पानीमा डुब्ने खालका हर्रो सय वटा लिनू । एक द्रोण र एक आढक पानी सबै थोक हालेर पकाउनू । जब एक चौथाई पानी बाँकी हुन्छ तब झिकेर छान्नू । अनि यो काँढापानीमा एक तुला सक्खर, उसिनेको हर्रो सय वटा, घिउ आठ पल, तेल आठ पल हालेर पुनः पकाउनू । पाक्दै जाँदा जब लदरो हुन्छ तब यसमा पिप्लाको धूलो चार पल र सेलाएपछि मह आठ पल मिसाउनू । यो रसायन आधा पल चाटी दुई वटा हर्रो दिनहुँ खाने गर्नू । यसरी खाने गर्नाले क्षयरोग, ग्रहणी, सुजन, कमजोर पाचक-अग्नि,, स्वरभेद, खोकी, पाण्डु, दम, टाउकाका रोग, मुटुका रोग, बाडुलीरोग र विषमज्वर नाश हुन्छ । यसले दिमागको ग्रहण गर्ने क्षमता, बल, जाँगर र बुद्धि बढाउँदछ । यो रसायनलाई भगवान् अगस्त्यले बनाएका हुन् ।

दाख आदिको प्रयोग

(क) सुश्रुत संहिता :

...द्राक्षां च सर्पिर्मधुनाऽवलिह्यात् । द्राक्षां सितां मागधिकां च तुल्यां सशृङ्गवेरं मधुकं तुगां च ॥

दाख, मिश्री, पिप्ला, सुठो, जेठीमधु र वंशलोचन बराबर मात्रामा लिई धूलो बनाएर घिउ र महसँग लेप बनाई चाट्नू ।

लिह्याद् घृतक्षौद्रयुतां ...

घिउ र महसँग दाखको चटनी चाट्नू ।

द्राक्षाम्बुमञ्जिष्ठपुराह्वयाभिः क्षीरं शृतं माक्षिकसंप्रयुक्तम् ।

खोकी लाग्दा दाख, नागरमोथे, मजिठो र गोकुलधूप हालेर पकाइएको दूधमा मह मिसाएर पिउनू ।

(ख) हारीत संहिता :

द्राक्षामलक्याः फलपिप्पलीनां कोलं सखर्जूरयुतोऽवलेहः । ...कास...नाशकारी ... ॥

दाख, अमला, पिप्ला, चाँवो र खजुरको चटनी बनाई चाट्नाले खोकी नाश हुन्छ ।

दालचिनी आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

त्वगेलाव्योषमृद्वीकापिप्पलीमूलपौष्करैः । लाजमुस्ताशठीरास्नाधात्रीफलविभीतकैः ॥
शर्कराक्षौद्रसर्पिर्भिर्लेहो हृद्रोगकासहा ।

दालचिनी, अलैंची, सुठो, मरिच, पिप्ला, मुनक्का, पिप्लाको जरा, पुष्करमूल, धानका लावा, नागरमोथे, कचूर, फ्याक्सेकन्द, अमला र बर्रोको धूलो मिश्री, मह र घिउमा मिसाएर अथवा चटनी बनाएर चटाउनाले यसले मुटुका रोग र खोकी नाश गर्दछ ।

खोकीमा दुम्सीको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

श्वाविधां सूचयो दग्धाः सघृतक्षौद्रशर्कराः । श्वासकासहरा ...।

दुम्सीका काँढा पोली खरानी बनाएर त्यो खरानी मह वा घिउमा मिसाएर चाट्नू । यसले दम र खोकी नाश गर्दछ ।

खोकीमा दूध आदिको प्रयोग

(क) अर्कप्रकाश :

दुग्धसन्नायखण्डैर्यस्ताम्रं रक्तिद्वयोन्मितम् । पिबेत्तस्य विरेकेण प्राप्तास्ते निर्ययुर्गदाः ॥
...कास ......अपि ॥

दूध, पनीर र मिस्रीसँग दुई रत्ती शुद्ध ताम्रभस्म खाने गरे धेरै रोगहरू दिसा मार्फत निस्केर नाश हुन्छन् । यसले खोकी पनि नाश गर्दछ ।

(ख) आयुर्वेद महोदधि :

गाईको दूधले दम र खोकी निको पार्नुका साथै मन, वचन र शरीरजन्य थकाई मेटाई नशा (मद) को असर भगाउँदछ । बाख्रीको दूध खोकी नाशक हुन्छ । कफ नआउने खालको खोकीमा यस्तो दूध अमृतसमान हुन्छ ।

(ग) गरुडमहापुराण :

छागं रक्तातिसारघ्नं कासश्वासकफापहम् । चक्षुष्यं जीवनं स्त्रीणां रक्तपित्ते च नावनम् ॥

बाख्रीको दूध रक्ततिसार, खोकी, दम र कफविकार नाशगर्ने गुणको हुन्छ । यो आँखाका लागि हितकर, जीवनदायक र रक्तपित्त रोगमा नस्य दिन उपयोग हुन्छ ।

(घ) धन्वन्तरिनिघण्टु :

खोकी लागेका बेलामा दूध नपिउनू ।

खोकीमा देवदार आदिको प्रयोग

(क) अग्निपुराण :

देवदारुबलावासात्रिफलाव्योषपद्मकैः । सविडङ्गैः सितातुल्यं तच्चूर्णं पञ्चकाशजित्॥

देवदार, बलु, असुरो, त्रिफला, त्रिकटु, पैयुँ, वायुविडङ्ग र मिस्री बराबर मात्रामा मिसाई बनाइएको धुलोको काँढापानी पकाएर खानाले पाँच किसिमका खोकी ठिक हुन्छ ।

(ख) वङ्गसेन आयुर्वेद :

देवदारुबलारास्ना त्रिफलाव्योषपद्मकैः । सविडङ्गः शिलातुल्यं तच्चूर्णं सर्वं कासनुत्॥

देवदार, बलु, फ्याक्सेकन्द, त्रिफला, त्रिकटु, पैयुँ वा पिर्रे, वायुविडङ्ग र मैनसिल बराबर मिसाई पिसेर बनाइएको धूलो खाने गर्नाले सबै खालको खोकी ठिक हुन्छ ।

(ग) शार्ङ्गधर संहिता :

**देवदारु वचा कुष्ठं पिप्पली विश्वभेषजम्॥ कट्फलंमुस्तभूनिम्बतिक्तधान्या हरीतकी ।
गजकृष्णा च दुःस्पर्शा गोक्षुरं धन्वयासकम्॥ बृहत्यतिविषा च्छिन्ना कर्कटं कृष्णजीरकम् ।
क्वाथमष्टावशेषं तु ...कास..जित् ।**

देवदार, बोझो, कूट, पिप्ला, सुठो, काफल, नागरमोथे, चिराइतो, कटुकी, धनियाँ, हर्रो, चाभा, सानो बिही, गोखुर, सिस्नु, ठूलो बिही, उत्तिस, गुर्जो, गुनाभा (कर्कटशृङ्गी) र कालो जीरा को आठ भागको एक भाग बाँकी रहने गरी पकाइएको काँढा पिउनाले खोकी ठिक हुन्छ ।

देवदारुशिवावासाशालिपर्णीमहौषधैः । धात्रीयुतं शृतं शीतं दद्यान्मधुसितायुतम्॥ ... कासे ... ।

देवदार, जङ्गी हर्रो, असुरो, साकिनु, सुठो र अमला मिसाई पकाइएको काँढापानी सेलाएपछि मह र मिस्री मिसाएर पिए खोकी ठिक गर्दछ ।

धूपी आदिको प्रयोग

(क) आयुर्वेद महोदधि :

कृष्णागुरुश्चारुतथैकभाग एला च वल्लद्धयमुक्त चूर्णम् ।
षड्भागं कुङ्कुमकेसराणामालोडयेत्पुष्परसेन युक्तम्॥ मासप्रयोगेण सशुष्ककासं ... हन्ति ।

कालो धूपी एक भाग; अलैंची चार भाग र केसर छ भागलाई फूलको रसमा मिसाउनू । चनाका गेडा जत्रा गोली बनाउनू र महिनाभरी खानू । यसले सुक्खा खोकी नाश गर्दछ ।

धूमपान

(क) अष्टाङ्ग सङ्ग्रह :

प्रपौण्डरीकं मधुकं शार्ङ्गेष्टाऽलं मनःशिलाम् ॥ मरिचं पिप्पलीं द्राक्षामेलां सुरसमञ्जरीम् ।
कृत्वा वर्तिं पिबेद्धूमं क्षौमचैलानुवर्तिनीम् ॥ घृताक्तामनु च क्षीरं पिबेत् तद्वत् गुडाम्बु वा ।

आलस वा सनको कपडा लगाएर धूपीविशेष, जेठीमधु, छिउँकेझार, हरिताल, मनसिला, मरिच, पिप्ला, दाख, अलैंची र तुलसीको मञ्जरी र घिउ मिसाएर धूप बाली धूमपान गरी दूध वा सक्खरपानी पिउनाले कफ नाश हुन्छ ।

नेपालीतालमरिचलाक्षाञ्जनकुटन्नटैः ॥
उशीररोहिषफलद्रामिलीवंशलेखनैः । पूर्वकल्पेन धूमोऽयं सानुपानो विधीयते ॥

मनसिला, हरिताल, मरिच, लाहा, सुर्मा, टटेलो वा सेतो मोथे, खस, रोहिष झार, सुकुमेल र वंशलोचन मिसाएर धूमपान गर्नाले कफ बढी हुने खोकी नाश हुन्छ ।

कार्पासास्थ्यश्वगन्धा च धूमः कासविनाशनः । कोशातकीफलान्मध्यैः पिबेद्वा समनःशिलैः ॥

कपासका बियाँ र अश्वगन्धा मिसाएर धूमपान गर्नाले खोकी नाश गर्दछ । अथवा घिरौंलाका बियाँको गुदी र मनसिला मिसाई धूमपान गर्नाले खोकी नाश गर्दछ ।

(ख) गरुड महापुराण :

जातिपत्रं कोलपत्रं तथा चैव मनः शिला । एभिश्चैव कृता वर्तिर्बदर्यग्नौ महेश्वर ।
धूमपानं कासहरं नात्र कार्या विचारणा ॥

हे महेश्वर ! चमेलीका पात, बयरका पात र मनशिला मिसाएर बत्ती बनाई बयरको काठ बालेको आगोमा हाली धूमपान गर्नाले अवश्य नै खोकी नाश हुन्छ ।

(ग) भावप्रकाश संहिता :

ताप्यमानस्य कासेन नासास्रावे स्वरे जडे । क्षवथौ गन्धनाशे च धूमपानं प्रयोजयेत् ॥
मनःशिलालमरिचमांसीमुस्तेङ्गुदैः पिबेत् । धूमं त्र्यहञ्च तस्यानु पयश्च सगुडं पिबेत् ॥
(आलम्-हरितालम् ।)
एष कासान्पृथग्द्वन्द्वसर्वदोषसमुद्भवान् । शतैरपि प्रयोगाणामसाध्यान्साधयेद् ध्रुवम् ॥

रुघाखोकी लागेर नाकबाट पानी चुहिने गर्दछ, स्वर बसेको छ, हाच्छिउँ आइरहन्छ । नाकले गन्ध

थाहा पाउँदैन भने त धूमपान गर्नू । मैनशिला, हरिताल, मरिच, जटामसी, नागरमोथे र चिउली सबै मिसाएर धूलो बनाउनू । यो धूलोलाई बिँडी जस्तो बनाएर चिलिममा राखी धूमपान गर्नू । यसपछि तुरुन्त सक्खर वा खुँदो मिसाएर दूध पिउने गर्नू । यसरी गरिने धूमपानले एक दोषजन्य, दुई दोषजन्य अथवा सबै दोषजन्य खोकी र सैयौँ थरी ओखतीले पनि ठिक हुन नसकेको खोकी समेत अवश्य नै ठिक हुन्छ ।

बदरीदलमालिप्तं शिलयाऽऽतपशोषितम् । तद्धूमपानं सक्षीरं महाकासनिवारणम् ॥

मैनशिलालाई पानीमा पिसेर बयरका पातमा बिँडी बेरे जसरी बेरी घाममा सुकाई सुकेपछि धूमपान गर्नाले डरलाग्दो खोकी पनि नाश हुन्छ ।

(घ) भैषज्य रत्नावली :

मरिचशिलार्कक्षीरैर्वार्त्ताकीं त्वचमाशु भाविताम् ।
शुष्कां कृत्वा विधिना धूमं पिबतः कासाः शमं यान्ति ॥

कालो मरिच, मनशिला र आँकको दूधमा भिजाएर सुकाइएको बिहीँको धूमपान गर्नाले खोकी शान्त हुन्छ ।

(ङ) रसरत्नसमुच्चय :

दन्तीमूलस्या धूमं वा निर्गुण्ड्या वा पिबेज्जयेत् ॥

अनन्तमूलको जरा वा निर्गुण्डी (बैजनी रङको फूल फुल्ने सिमाली) को जराको धूमपान गर्नाले पनि खोकी नाश हुन्छ ।

(च) रसरत्नाकर : कासहरधूमपानविधिः

रम्यमाणस्य कासेन मुखश्वासे च शस्यते । श्वयथूद्गारकासेषु धूमपानं प्रयोजयेत् ॥

रुघाखोकी लागेर नाकबाट पानी चुहिने अवस्थामा, दममा, सुजनमा र डकार आइरहने रोगमा धूमपानको प्रयोग गर्नू ।

मनःशिलालमधुकं मांसी मुस्तैङ्गुदैः पिबेत् । धूमंत्र्यहञ्च तस्यानु सगुडं च पयः पिबेत् ॥
एषकासान्पृथग्द्वन्द्व सर्वदोष समुद्भवान् । शतैरपि प्रयोगाणां साधयेदप्रसाधितान् ॥
(ऐङ्गुदं पुत्रञ्जीवफलम्) ।

मनशिला, हरिताल, जेठीमधु, जटामसी, नागरमोथे र इङ्गुदी मिसाएर तीन दिनसम्म धूमपान गरी त्यसपछि दूध र सक्खर मिसाएर पिउने गर्नाले एक दोषले हुने, दुई दोषले हुने र सबै दोष मिलेर हुने खोकी नाश हुन्छ । सैयौं उपाय गर्दा पनि ठिक नभएको र माया मारिएको खोकी पनि ठीक हुन्छ ।

मनःशिलालिप्तदलं बदर्या उपशोषितम् । सक्षीर धूमपानाच्च महाकास निवारणम्॥ (क्षीरमनुपानम्)

मनशिलालाई पिसी बयरको पातमा दलेर घाममा सुकाउनू । यसको धूमपान गरी त्यसपछि दूध पिउने गर्नाले कडा खोकी नाश हुन्छ ।

अर्कच्छदशिले तुल्ये ततोऽर्द्धेन कटुत्रिकम् । चूर्णितं वह्नि निक्षिप्तं पिबेद्धूमञ्च योगवित्॥
भक्षयेदथ ताम्बूलं पिबेद्दुग्धमथाम्बु वा । कासाः पञ्चविधा यान्ति नाशमाशु न संशयः॥

आँकका पात र मनशिला बराबर लिनू । यसको आधा त्रिकटुको धूलो लिनू । सबै मिसाएर चिलिममा भरी धूमपान गर्नू । यसपछि पान चपाउनू अथवा दूध पिउनू अथवा पानी पिउनू । यसो गर्नाले पाँच प्रकारका खोकी अवश्य नाश हुन्छ ।

मरिचशिलार्कक्षीरैरर्कत्वचमाशु भावितां शुष्काम् ।
कृत्वा विधिना धूमं पिबतः कासाः शमं यान्ति॥

कालो मरिच, मनशिला र आँकका बोक्रा आँकै दूधमा भिजाएर घाममा सुकाउनू । त्यसपछि यसको विधिपूर्वक धूमपान गर्नू , खोकी शान्त हुन्छ ।

(छ) वङ्गसेन आयुर्वेद :

वाम्यमानस्य कासेन नासास्रावे स्वरे जडे । क्षवथौ गन्धनासे च धूमपानं प्रयोजयेत्॥

खोकी लागेका जुन् मानिसलाई बान्ता हुने गर्दछ, नाकबाट पानी बगिरहन्छ, स्वर बसेको छ, हाच्छिउँ हाइरहन्छ र नाक समेत गनाउने गर्दछ भने उसलाई धूमपान गराउनु पर्दछ ।

मनःशिलेलामरिचं मांसी मुस्तं सगुग्गुलम् । धूमं तस्यानु च पयः सुखोष्णं सगुडं पिबेत्॥
पञ्चकासान् क्षयद्वन्द्वसर्वदोषसमुत्थितान् । शतैरपि प्रयोगानां साधयेदप्रसाधितान्॥

मनशिला, अलैंची, मरिच, जटामसी, नागरमोथे र गोकुलधूप मिसाएर धूमपान गर्नू । त्यसपछि मनतातो दूधमा सक्खर मिसाएर पिउनू । यसो गर्नाले पाँच प्रकारका खोकी, क्षयजन्य खोकी, दुई दोषजन्य खोकी, सबै दोष मिले हुने खोकी तथा सैयौं उपचारले पनि ठिक नभएको खोकी पनि यसले अवश्य ठिक गर्दछ ।

मनःशिलालिप्तदलं बदर्य्याघर्मशोषितम् । सक्षीरं धूमपानन्तु महाकासनिवारणम् ॥

मनशिलालाई पिसी बयरको पातमा लेपेर घाममा सुकाई धूमपान गर्नाले र त्यसपछि दूध पिउने गर्नाले अति डरलाग्दो खोकी पनि नाश हुन्छ ।

पिष्ट्वा त्रिकूटधत्तूर मूलव्योषमनःशिलाः । तेन प्रलिप्य वसनं धूमवर्त्तिः प्रयोजयेत् ॥
धूमं तस्याः पिशेद्यस्तु त्र्यहात्कासमुदस्यति ॥

निसोत, धतुरोको जरा, त्रिकटु र मैनसिल मिसाएर पिसी कपडामा लेप दल्नू । यसको धूमपान गर्नाले तीन दिनमा खोकी नाश हुन्छ ।

अर्कक्षीरशिले तुल्ये तदर्द्धञ्च कटुत्रिकम् । चूर्णितं वह्नि निःक्षिप्तं पिबेद्धूमन्तु योगवित् ॥

आँकको दूध र मैनसिल बराबर तथा आधा त्रिकटु मिसाएर पिसी आगोमा बालेर धूमपान गर्नू ।

जातेरुत्तरदिङ्मूलशिलैलागुग्गुलुः समः । अजामूत्रेण पिष्टेयं धूमः कासहरः परः ॥
भक्षयेदथ तच्चूर्णं पिबेदुग्धमथाम्बुना । कासाः पञ्चविधा यान्ति शान्तिमाशु न संशयः ॥

उत्तर दिशामा उम्रेको चमेलीको जरा, मैनसिल, अलैंची र गोकुलधूप मिसाएर बाख्रीको मूत्रमा पिस्नू । यो बालेर धूमपान गर्नाले खोकी नाश हुन्छ । अथवा यी ओखतीको धूलो दूध वा पानीमा मिसाएर पिउनू । पाँच प्रकारका खोकी अवश्य चाँडै शान्त हुन्छ ।

(ज) सुश्रुत संहिता :

...भार्गीवचाहिङ्गुकृता च वर्तिः ॥ धूमे प्रशस्ता घृतसंप्रयुक्ता वेणुत्वगेलालवणैः कृता वा ।

चिण्डे, बोझो र हिङ मिसाएर बनाइएको लेदोमा मुछिएको बत्तीको अथवा बाँसको बोक्रा, अलैंची र सिंधेनुन मिसाएर दलिएको बत्तीको घिउमा मिसाएर बालिएको धूमपान गर्नू । यी बत्ती खोकीका लागि उत्तम हुन्छन् ।

खोकीमा नागरमोथे आदिको प्रयोग

(क) अर्कप्रकाश :

घनकृष्णारुणशृङ्गीजातार्कः क्षौद्रसंयुतः॥ शिशोः ... कासं...हरेत्।

नागरमोथे, पिप्ला, उत्तिस र गुनाभा मिसाई अर्क निकालेर मह मिसाई खुवाउनू । बालकको खोकी ठिक हुन्छ ।

खोकीमा निर्गुण्डी आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

निर्गुण्डीपत्रनिर्यासससाधितं कासजिद् घृतम् । घृतं रसे विडङ्गानां व्योषगर्भं च साधितम्॥

बैजनी रङको फूल हुने सिमालीको (वा नेवारीको) पातको रस र घिउ हालेर पकाइएको घिउले खोकी नाश गर्दछ । वायुविडङ्गको रसको काँढापानी, त्रिकटुको धूलो र घिउ हाली पकाइएको घिउले पनि खोकी ठिक गर्दछ ।

खोकीमा नीम आदिको प्रयोग

(क) अग्निपुराण :

निम्बं पटोलं व्याघ्री च गुडुची वासकं तथा ॥
कुर्य्याद्दशपलान् भागान् एकैकस्य सकुट्टितान् । जलद्रोणे विपक्तव्यं यावत्पादावशेषितम् ॥
घृतप्रस्थं पचेत्तेन त्रिफलागर्भसंयुतम् । पञ्चतिक्तमिति ख्यातं सर्पिः ...॥
... कास ...हन्त्यन्यान् योगराजोऽयं यथार्कस्तिमिरं खलु ।

नीमको बोक्रा, पर्बलको पात, ठूलो कण्टकारी, गुर्जो र असुरो दश दश पल जम्मा पारी बेग्लाबेग्लै राम्ररी कुट्नू । अनि एक द्रोण पानीमा हाली एक चौथाई पानी बाँकी नहुँदासम्म उमाल्नू । यसमा एक प्रस्थ घिउ र एक गर्भ (बीस तोला) त्रिफला घोलेर हाली पुन पकाउनू । एक चौथाई बाँकी भएपछि पञ्चतिक्तघृत नामक ओखती तयार हुन्छ । यो योगराजले खोकी आदि रोग सूर्यले अन्धकार नाश गरेजसरी नै नाश गर्दछ ।

पञ्चकोल आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद :

पञ्चकोलैः श्रृतं क्षीरं कफघ्नं लघु शस्यते । श्वासकासारुचिहरं बलवर्णाग्निवर्धनम् ॥

पञ्चकोललाई दूधमा पकाएर पिउने गर्नाले त्यो दूध पचाउन सहज र कफविकार नाशक हुन्छ । यसले दम, खोकी र अरुचि नाश गर्दछ तथा बल, वर्ण र पाचक-अग्निलाई बढाउँदछ ।

पञ्चमूल आदिको प्रयोग

(क) भैषज्य रत्नावली : पञ्चमूलीक्वाथ

निहन्ति कासं गुरुपञ्चमूलीकृतः कषायो मगधासहायः॥

बृहत् पञ्चमूलको काँढापानीमा पिप्लाको धूलो हालेर पिउने गर्नाले खोकी नाश गर्दछ ।

(ख) शार्ङ्गधर संहिता :

सर्वज्वराणाञ्जीर्णानां क्षीरं भैषज्यमुत्तमम् । कासात्...मुच्यते ... पीत्वा पञ्चमूलीशृतं पयः ।

लघुपञ्चमूल (वनगहते, सतिबयर, बिही, कण्टकारी र ओदानेकाँडो) का जरालाई कुटेर आठ गुना दूध र दूधको चार गुना पानी हालेर उमाल्नू । दूध मात्र बाँकी भएपछि झिकेर छान्नू । यसले खोकी नाश गर्दछ ।

पारो आदिको प्रयोग

(क) भैषज्य रत्नावली : कासान्तकरस

**सुतं गन्धं विषं चैव शालपर्णी च धान्यकम् । यावन्त्येतानि चूर्णानि तावन्मात्रं मरीचकम्॥
गुञ्जाचतुष्टयं खादेन्मधुना कासशान्तये॥**

प्रशोधित पारोभस्म, शुद्ध गन्धक, शुद्ध वत्सनाभ, साकिनु र धनियाँ : सबैको धूलो बराबर लिनू । सबै धूलो बराबर मरिचको धूलो मिसाउनू । पानीमा पिसेर चार चार रत्तीका गोली बनाउनू । हरेक दिन एक एक गोली महसँग खानेगर्नू । खोकी ठिक हुन्छ ।

पुरन्दरवटी

**सूतकाद्द्विगुणं गन्धमेकधा कज्जलीकृतम् । त्रिकटुत्रिफलाचूर्णं प्रत्येकं सूतसम्मितम्॥
अजाक्षीरेण सम्भाव्य वटिकां कारयेत्ततः । आर्द्रकस्य रसैः सेव्या शीतं तोयं पिबेदनु॥
कासश्वासप्रशमनी विशेषादग्निवर्द्धनी । इयं यदि सदा सेव्याः तथा स्याद्योगवाहिका॥
वृद्धोऽपि तरणः शक्तः स्त्रीशतेषु वृषायते॥**

प्रशोधित पारोभस्म १ तोला र शुद्ध गन्धक २ तोला मिसाई भिजाएर पिसी सुठो १ तोला, मरिच १ तोला, पिप्ला १ तोला, हर्रो १ तोला, बर्रो १ तोला र अमला १ तोला मिसाएर बाख्रीको दूधमा पिसी एक एक रत्तीका गोली बनाउनू । हरेक दिन यो एक गोली अदुवाको रससँग खाई त्यसपछि शीतल पानी पिउनू । यसले खोकी र दम नाश हुन्छ । विशेषगरी पाचक-अग्निलाई बाल्दछ । सधैँ खाने गरिए यो योगवाही (दुई वा अनेक ओखतीका गुण मिसाउने) हुन्छ । यसका प्रभावले वृद्ध पनि तरुनो हुन्छ र सैयौँ स्त्रीसँग रमाउन सक्षम हुन्छ ।

(ख) रसरत्नसमुच्चय : भूताङ्कुश रस

**शुद्धसूतस्य भागैकं भागैकं शुद्धगन्धकम् । भागत्रयं मृतं ताम्रं मरिचं पञ्चभागिकम्॥
मृताभ्रस्य चतुर्भागं भागमेकं विषं भवेत् । भूताङ्कुशस्य भागैकं सर्वं चाम्लेन मर्दयेत्॥
यामं भूताङ्कुशो नाम माषैकं वातकासजित् । अनुपानं लिहेत्क्षौद्रैर्विभस्तकफलत्वचः॥
स्वयमग्निरसो वाऽपि भक्ष्योऽनेन द्विशाणकः । पित्तकासारुचिश्वासं क्षयं पाण्डुं च नाशयेत्॥**

प्रशोधित पारोभस्म १ तोला, शुद्ध गन्धक एक तोला, ताम्रभस्म तीन तोला, मरिच पाँच तोला, अभ्रखभस्म चार तोला, शुद्ध वत्सनाभ विष एक तोला र शङ्खभस्म एक तोला मिसाएर पिसी अम्लवेतको रसमा एक प्रहरसम्म घोट्नू । त्यसपछि सुकाएर सिसीमा भरेर राख्नू । यो रस एक मासाका दरले लिई बर्रोको धूलो र मह मिसाएर खाने गर्नू अथवा एक मासा यो रस र एक मासा स्वयमग्निरस महमा मिसाएर खाने गर्नू । यो खाने गर्नाले वातजन्य र पित्तजन्य खोकी, अरुचि, दम, क्षयरोग र पाण्डु रोग नाश हुन्छ ।

बालवद्धरस

रसभस्म विषं तुल्यं गन्धकं द्विगुणं मतम् । बोलतालकबाह्लीककर्कोटीमाक्षिकं निशा ॥
कण्टकारी यवक्षारं लाङ्गलीक्षारसैन्धवम् । मधूकसारं सञ्चूर्ण्य सप्ताहं चार्द्रकद्रवैः ॥
गुटिकां बदराकारां श्लेष्मकासापनुत्तये । भक्षयेद्बोलबद्धोयं रसः सश्वासपाण्डुनुत् ॥

पारोभस्म एक तोला, शुद्ध वत्सनाभ एक तोला, गन्धक दुई तोला तथा बोल, हरिताल, हिङ, बनतोरियाँ, सुनामक्खी भस्म, हलेदो, कण्टकारी, जवाखार, गुन्यामधुराको जरा, सज्जिखार, सिँधेनुन र जेठीमधुको सत्व एक एक तोला लिई सबैलाई मिसाएर राम्ररी पिस्नू । त्यसपछि सात दिनसम्म अदुवाको रसमा घोटी बयरका दाना जत्रा गोलीहरू बनाउनू । यो रस कफजन्य खोकी नाश गर्नका लागि अति उपयोगी हुन्छ । साथै, यो बोलवद्ध रसले दम र पाण्डु रोगलाई पनि चाँडै नाश गर्दछ ।

अग्निरस

रसगन्धकपिप्पल्यो हरीतक्यक्षवासकम् । षडुत्तरगुणं चूर्णं बब्बूलक्वाथभावितम् ॥
एकविंशतिवाराणि शोषयित्वा विचूर्णयेत् । भक्षयेन्मधुना हन्ति कासमग्निरसो ह्ययम् ॥

पारो एक तोला, गन्धक दुई तोला, पिप्ला तीन तोला, हर्रो चार तोला, बर्रो पाँच तोला र असुरो छ तोला मिसाई धूलो बनाएर बबुरको काँढापानीमा २१ पटक ढड्याएर सुकाउनू । त्यसपछि राम्ररी पिसी राख्नू । यो अग्निरस मह मिसाएर खानासाथ खोकी नाश हुन्छ ।

(ग) रसरत्नाकर : सर्वाङ्गसुन्दररस

रसगन्धकतुल्यांशौ द्वौ भागौ टङ्कणस्य च । मौक्तिकं विद्रुमं शङ्खं मारणयाः समांशतः ॥
हेमभस्मार्द्धभां च सर्वं अल्वे विमर्दयेत् । निम्बुद्रवस्य योगेन पिण्डिकां कारयेद्भिषक् ॥
पश्चाद्गजपुटं दद्याच्छीतलं च समुद्धरेत् । हेमभस्मसमं तीक्ष्णं तीक्ष्णार्द्धं दरदो मतः ॥
एकीकृत्य समस्तानि सूक्ष्मचूर्णानि कारयेत् । ततः पूजां प्रकुर्वीत रसस्य दिवसे शुभे ॥
सर्वाङ्गसुन्दरो ह्येष रोगराज निकृन्तनः । वातपित्तज्वरे घोरे सन्निपाते सुदारुणे ॥
अर्शस्सङ्ग्रहणीरोगे मेहे गुल्मे भगन्दरे । हन्ति वातजान् रोगाञ्श्लैष्मिकांश्च विशेषतः ॥
पिप्पलीचूर्णसंयुक्तं घृतयुक्तमथापि च । भक्षयेत्पर्णखण्डेन सितया चार्द्रकेण वा ॥
गुडूचीसत्त्वसहितं प्रमेहेऽपि विशेषतः । रसरत्नाकरे प्रोक्तः सिद्धयोगे रसोत्तमः ॥
राजिकातैल हिङ्ग्वम्ल लवणाढ्यं च वर्जयेत् ॥

पारो र गन्धक बराबर लिनू । स्वाग दुई भाग लिनू । मोती, मुगा र शङ्खको भस्म एक एक भाग लिनू । स्वर्णभस्म आधा भाग लिनू । सबैलाई ओखलमा हालेर कागतीका रस हाली घोट्नू । गोली बनाउनू । गोलीलाई गजपुटमा राखी पोल्नू । जब पकेर सेलाउँदछ तब झिकेर धूलो बनाउनू । त्यसपछि स्वर्णभस्म जति नै तीक्ष्णलोहभस्म र लोहभस्मको आधा हिङ मिसाउनू । बेस्सरी पिसेर

धूलो बनाउनू । यसपछि शुभ दिनमा पूजा गरी पिप्लाको धूलो अथवा घिउ अथवा पानी अथवा मिश्री अथवा अदुवाको रसमा मिसाएर खाने गर्नू । यो सर्वाङ्गसुन्दर रसले राजरोग, वातपित्तजन्य जरो, भयानक सन्निपात जरो, हर्सा, ग्रहणी, प्रमेह, गुल्म, भगन्दर, वातजन्य रोग र कफजन्य रोग नाश गर्दछ । यसलाई गुर्जोको रससँग खानाले सबै खालको प्रमेह रोग नाश हुन्छ । यो ओखती खाँदा रायो, तेल, हिङ, अमिलो र नुनिलो पदार्थ खान हुँदैन ।

रुद्रपर्पटी

शुद्धसूतं द्विधा गन्धं द्रवैः पुनः पुनः पचेत् । वातारि चार्द्रकं भृङ्गी काकमाच्यद्रिकर्णिका ॥
दिनैकं मर्दयेत्खल्वे पाचयेत्पर्पटीं यथा । द्वयोः पादं मृतं ताम्रं पिष्ट्वा मृद्वग्निना पचेत्॥
रक्तवर्णं भवेद्यावत्तावघर्व्या प्रचालयेत् । प्रक्षिपेत्कदलीपत्रेऽथवा स्निग्धपुटे पुनः ॥
अब्दाद्यं तेन योगेन ततश्चोर्द्ध्वञ्च गोमयम् । देयं विचूर्णयेत्पश्चाच्चूर्णपादं विषं क्षिपेत्॥
रुद्रपर्पटिका ह्येषा देयं गुञ्जाद्वयं तथा । चूर्णितं कटुनिर्गुण्ड्यामूलं निष्कद्वयं पिबेत्॥
भृङ्गराजरसेनैव लिहेद्वा मधुना सह । वातकासं निहन्त्याशु रसोवानन्दभैरवः ॥
(कटुस्त्रिकटुः) ।

प्रशोधित पारोभस्म एक भाग र शुद्ध गन्धक दुई भाग मिसाई अँडिर, अदुवा, भृङ्गराज, कवई र सेतो अपराजिताको रसमा एक दिन घोट्नू । त्यसपछि पापड पकाएर जसरी पकाउनू । पारो र गन्धकको एक चौथाई ताम्रभस्म मिसाएर सानो आगोमा पकाउनू । जब रातो हुन्छ तब झिकेर केराको पात मुनि गोबर ओछ्याएर त्यो पातमा वा चिल्लो भाँडामा राख्नू । माथिबाट अर्को केराको पातले थिचेर पापड जस्तो बनाउनू । त्यसपछि यसको धूलो बनाएर धूलोको एक चौथाई शुद्ध वत्सनाभ मिसाउनू । रुद्रपर्पटीरस तयार हुन्छ । यो ओखती खाएपछि त्रिकटु र बैजनी रङको फूल फुल्ने सिमालीको जराको धूलो भृङ्गराजको रसमा वा महमा मिसाएर खाने गर्नू । यो ओखतीले चाँडै वातजन्य खोकी नाश गर्दछ ।

काससंहारभैरवः

रसगन्धकताम्राणां शङ्खटङ्कणलौहकम् । मरिचं कुष्ठतालीशं जातीफललवङ्गकम्॥
कार्षिकं चूर्णमादाय द्रवैरेषाञ्च मर्दयेत् । भेकपर्णी केशराज निर्गुण्डी काकमाचिका ॥
द्रोणपुष्पी च शालञ्ची ग्रीष्मसुन्दर एव च । भार्ङ्गी हरीतकी वासा कार्षिकैः पत्रजैरसैः ॥
वटिकां कारयेद्वैद्यः पञ्चगुञ्जाप्रमाणिकाम् । पित्तजं वातजं कासं द्वन्द्वजं चिरकालजः ॥
श्रीमद्गहननाथेन कासंहारभैरवः । रसोऽयं निर्मितो यत्नाल्लोकरक्षणहेतवे ॥
वासाशुण्ठीकण्टकारीक्वाथेन पाययेद्बुधः । कासनाशन वज्रोऽयं रसः सश्वासपाण्डुजित्॥

पारो, गन्धक, तामा, शङ्ख, स्वाग, लोह, कालो मरिच, कूट, लोठसल्लो, जाइफल र ल्वाङ दुई दुई तोला लिनू । घोडताप्रे, भृङ्गराज, बैजनी रङका फू फुल्ने सिमाली, कवई, द्रोणपुष्पी, शालञ्ची साग (?), ग्रीष्मसुन्दर साग (?), चिन्डे, हर्रो र असुरोको दुई दुई तोला रसमा ढड्याएर पाँच पाँच रत्तीका गोली बनाउनू । यो गोली असुरो, सुठो र कण्टकारीको काँढापानीसँग खाने गर्नू । पित्तजन्य,

वातजन्य, दुई दोषजन्य र धेरै पुरानो खोकी तथा दम र पाण्डुरोग नाश हुन्छ । यो काससंहारभैरव रस श्री गहननाथले संसारको रक्षाका लागि बनाएका हुन् ।

बृहद्रसेन्द्रगुटिका

कर्षं शुद्धरसेन्द्रस्य गन्धकस्याभ्रकस्य च । लौहचूर्णस्य ताम्रस्य तालकस्य विषस्य च ॥
मनःशिलायाः क्षाराणां बीजं धुस्तूरकस्य च । मरिचस्यापि सर्वेषां चूर्णं तुल्यं प्रदापयेत् ॥
जयन्तीचित्रकौमानघण्टाकर्णोऽथ मण्डुकी । शक्राशनं केशराजं भङ्गापामार्गकस्य च ॥
सिन्धुवारस्य च रसैः कर्षमात्रैश्च मर्दयेत् । हन्ति पञ्चविधं कासं श्वासञ्चैव सुदारुणम् ॥
कफवातमयं रोगमानाहं विड्विबन्धताम् । अग्निमान्द्यारुचिञ्चैव उदरं पाण्डुकामलाम् ॥
रसायनी च वृष्या च बलवर्णप्रदायिनी । बृंहणं मधुरं स्निग्धं मत्स्यं मांसञ्च जाङ्गलम् ॥
घृतपक्वं सदा भक्ष्यं रूक्षं तीक्ष्णं च वर्जयेत् ॥

प्रशोधित पारोभस्म, शुद्ध गन्धक, अभ्रखभस्म, लोहभस्म, ताम्रभस्म, हरिताल, वत्सनाभ, मनशिला, जवाखार, सज्जिखार, स्वागभस्म, धतुरोको बीज र कालो मरिचको धूलो दुई दुई तोला लिई जयन्ती, चितू, माने, घण्टाकर्ण (घण्टकक्षुप, लामा कान जस्ता पात हुने सानो बोट), घोडताप्रे, भाङ, भृङ्गिराज, भाङविशेष, दतिवन र सिमालीको दुई दुई तोला रसमा हालेर ढड्याई केराउ जत्रा गोली बनाउनू । यो गोली खाने गर्नाले पाँच किसिमको खोकी, दम, कफविकार, वातरोग, आनाह, कब्जियतविशेष, कमजोर पाचनशक्ति, अरुचि, उदररोग, पाण्डु र कमलपित्त नाश हुन्छ । यो रसायन, वीर्यवर्धक, बलदायक र वर्णमा निखार लेराउने गुणको हुन्छ । योओखती खाएपछि पौष्टिक, गुलिया, चिल्ला, माछा, जाङ्गल जीवजन्तुको मासु घिउमा भुटेर सधैँ खानु पर्दछ । रुखा र तिक्खर पदार्थ खानु हुँदैन ।

विजयभैरवरसः

सूतकं गन्धकं लौहं विषमभ्रकमेव च । विडङ्गं बिल्वकं मुस्तमेलां ग्रन्थिककेशरम् ॥
त्रिकटु त्रिफला चित्रं शुद्धजैपालबीजकम् । एतानि समभागानि गुडोद्विगुण उच्यते ॥
तिन्तिडीबीजमानेन प्रातःकाले तु भक्षयेत् । श्वासं कासं क्षयं गुल्मं प्रमेहं विषमज्वरम् ॥
अजीर्णग्रहणीदोषाञ्छूलं पार्श्वामयांस्तथा । अपाने हृदयेशूले वातरोगे गलग्रहे ॥
अरुचौ चातिसारे च सूतिकाविषनाशनः । जयाक्षनिर्मितो ह्येष ब्रह्मादि त्रिदेवेश्वरैः ॥

पारो, गन्धक, लोहभस्म, वत्सनाभ, अभ्रख, वायुविडङ्ग, बेल, नागरमोथे, अलैंची, पिप्लाको जरा, नागकेशर, त्रिकटु, त्रिफला, चितू र अजयपालका शुद्ध बीज बराबर लिई सबैको दोब्बर सक्खर लिनू । सबै मिसाएर पिसी अमिलीका बीज जत्रा गोली बनाउनू । एक एक गोली हरेक दिन बिहान खानू । दम, खोकी, क्षयरोग, गुल्म, प्रमेह, विषमज्वर, अजीर्ण, ग्रहणी, शूल, कोखाको शूल, अपानवायुजन्य शूल, मुटुको शूल, वातरोग, गलग्रह, अरुचि, छेरपटी, सुत्केरी बिग्रेको र विषविकार नाश गर्दछ । यो विजयभैरव रसलाई ब्रह्मा आदि तीन देवताले बनाएका हुन् ।

(घ) वैद्यरहस्य : पारदादि चूर्ण

पारदं गन्धकं शुद्धं मृतलोहं च टङ्कणम् । रास्नाविडङ्गं त्रिफलादेवदारुकटुत्रयम्॥
अमृतापद्मकं क्षौद्रं विषं तुल्यानि चूर्णयेत् । त्रिगुञ्जः सर्वकासघ्नो ज्वरारोचकमेहनुत्॥

प्रशोधित पारोभस्म, शुद्ध गन्धक, प्रशोधित लोहभस्म, प्रशोधित स्वाग, फ्याक्सेकन्द, वायुविडङ्ग, त्रिफला, देवदार, त्रिकटु, गुर्जो, पैयुँ वा पिर्रे, मह र विष (?) बराबर लिई पिसेर पानीमा फिटी तीन तीन रत्तीका गोली बनाउनू । यो गोली खाने गर्नाले सबै खालका खोकी, जरो, अरुचि र प्रमेह नाश हुन्छ ।

कासकर्त्तरीरस

रसकृष्णाभयाक्षाढरूषभाङ्गर्यः क्रमोत्तराः । तत्समं खादिरं सारं बब्बूलक्वाथभावितम्॥
एकविंशति वारं च मधुना कासकर्त्तरी । कासं श्वासं क्षयं हिक्कां हन्त्येषाकासकर्त्तरी॥

प्रशोधित पारोभस्म, शुद्ध गन्ध, पिप्ला, हर्रो, असुरो र चिन्डे : यी ओखती क्रमशः बढी भाग लिई सबै बराबर खयरको धूलो मिसाउनू । बबुलको बोक्राको काँढापानीमा यो धूलो २१ पटक ढड्याउनू । । त्यसपछि निथारेर दुई दुई रत्तीका गोली बनाउनू । हरेक दिन यो कासकर्त्तरी नामक ओखती एक एक गोली महसँग खाने गर्नाले खोकी, दम, क्षयरोग र बाडुलीरोग नाश हुन्छ ।

खोकीमा पिप्ला आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

पिप्पलीगुडसिद्धं वा छागक्षीरयुतं घृतम्॥
एतान्यग्निविवृद्ध्यर्थं सर्पींषि क्षयकासिनाम्। स्युर्दोषबद्धकण्ठोरःस्रोतसां च विशुद्धये॥

अथवा पिप्ला र सक्खरको लेदो अनि बाख्रीको दूध मिसाएर पकाइएको घिउ खाना खाएपछि खानू। यी सबै घिउ क्षयरोग र खोकीमा रोगीको पाचनशक्ति बढाउनका लागि तथा रोग अवरुद्ध घाँटी र छाती शुद्ध पार्न उपयोगी हुन्छन्।

(ख) अष्टाङ्ग हृदय :

पिप्पलीमूलमधुकगुडगोऽश्वशकृद्रसान्। हिध्माभिष्यन्दकासघ्नान् लिह्यान्मधुघृतान्वितान्॥

पिप्लाको जरा, जेठीमधु, सक्खर, गाईको गोबरको रस, घोडाको लिदीको रस, मह र घिउ मिसाएर चाट्नू। यसले बाडुली, अभिष्यन्द र खोकी नाश गर्दछ।

(ग) चक्रदत्त :

पिप्पली पद्मकं लाक्षा सपक्वं बृहतीफलम्। घृतक्षौद्रयुतो लेहः कासश्वासनिबर्हणः॥

पिप्ला, पैयुँ वा पिर्रे, लाहा र पाकेको बिहीँ मिसाई मसिनो धूलो बनाउनू। यो धूलो घिउ र महसँग खाने गर्नाले खोकी र दम नाश हुन्छ।

(घ) भावप्रकाश निघण्टु :

पिप्ला महसँग मिसाएर खाँदा खोकीलाई हरण गर्दछ। पिप्ला सखरसँग खाएमा खोकी नष्ट हुन्छ। यसरी सखर मिसाएर खाँदा पिप्लाभन्दा सखरको तौल दोब्बर हुनु पर्दछ, यही नै वैद्यको सिद्धान्त छ।

(ङ) वङ्गसेन आयुर्वेद :

सपिप्पलीपुष्करमूलपथ्या शुण्ठीशठीमुस्तकसूक्ष्मचूर्णैः।
गुडेन युक्ता शुटिकाः प्रयोज्याः श्वासेषु कासेषु च वर्धितेषु॥

पिप्ला, पुष्करमूल, हर्रो, सुठो, कचूर र नागरमोथे राम्रैरी पिसी सक्खर मिसाएर गोली बनाउनू। यो गोली खाने गर्नाले सबै खालका खोकी र दम नाश हुन्छ।

(च) वैद्यरहस्य :

सपिप्पली पुष्करमूल पथ्या शुण्ठी सटी मुस्तक सूक्ष्मचूर्णैः ।
गुडेनयुक्ता गुटिका प्रयोज्या श्वासेषु कासेषु विवर्द्धितेषु ॥

पिप्ला, पुष्करमूल, हर्रो, सुठो, कचूर र नागरमोथेको धूलो बराबर लिई यो सबै बराबर सक्खर मिसाएर गोली बनाउनू । यो गोली बढेको खोकी र दमका रोगमा खान दिनू ।

(छ) शार्ङ्गधर संहिता :

त्रिवृद्धया पञ्चवृद्धया वा सप्तवृद्धयाऽथवा कणाः । पिबेत्पिष्ट्वा दशदिनन्तास्तथैवापकर्षयेत् ॥
एवं विंशद्दिनैः सिद्धं पिप्पलीवर्द्धमानकम् । अनेन ...कास...नश्यन्ति...।

आज तीन, पाँच वा सात; भोली छ, दश वा चौध गर्दै बढाउँदै पिप्लाको कल्क बनाउँदै जानू । त्यो कल्कलाई दूध वा पानीमा मिसाएर खाने गर्नू । फेरी जुन क्रमले बढाइएको त्यही क्रममा घटाउँदै दश दिनसम्म खानू । यसरी बीस दिनसम्म पिप्लाको कल्क खानुलाई वर्धमानपीपल भनिन्छ । यसले खोकी नाश गर्दछ ।

मधुना पिप्पलीचूर्णं लिहेत्कास...पहम् ॥

पिप्लाको धुलो एक महिनासम्म महसँग मिसाएर चाट्ने गरे खोकी नाश गर्दछ ।

(ज) हारीत संहिता :

कासाजीर्णे श्वासहृत्पाण्डुरोगे मन्दे वाग्नौ कामलारोचके च ।
तेषां शस्ता पिप्पली स्याद्गुडेन हन्ति नृणां जीर्णमाशु ज्वरञ्च ॥२००॥

सक्खर मिसाएको पिप्लाले खोकी, अजीर्ण, दम, पाण्डु, कमजोर पाचनशक्ति, कमलपित्त, अरुची र थाङ्नेजरो चाँडै नाश हुन्छ ।

खोकीमा पुनर्नवा आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

पुनर्नवशिवाटिकासरलकासमर्दामृतापटोलबृहतीफणिज्जकरसैः पयःसंयुतैः ।
घृतं त्रिकटुना च सिद्धमुपयुज्य सञ्जायते न कासविषमज्वरक्षयगुदाङ्कुरेभ्यो भयम्॥

सेतो पुनर्नवा, रातो पुनर्नवा, सल्लोको खोटो, कसौंदी, गुर्जो, परबरका पात, बिहीँको जरा र मुर्वाका रस वा काँढापानी चार प्रस्थ; दूध एक प्रस्थ, त्रिकटूको धूलो चौथाई प्रस्थ तथा घिउ एक प्रस्थ मिसाई विधिपूर्वक घिउ पकाउनू । यसको प्रयोग गर्नाले खोकी, विषमज्वर, क्षयरोग र हर्साको डर हुँदैन ।

पुष्करमूलको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

पुष्करमूलं हिध्माश्वासकासपार्श्वशूलारुचिहराणाम् ।

बाडुली, दम, खोकी र कोखाको शूल नाश गर्नमा पुष्करमूल श्रेष्ठ हुन्छ ।

खोकीमा पैयुँ आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

पद्मकं त्रिफला व्योषं विडङ्गं देवदारु च॥
बला रास्ना च तच्चूर्णं समस्तं समशर्करम्। खादेन्मधुघृताभ्यां च लिह्यात्कासहरं परम्॥

अथवा पैयुँ, त्रिफला, त्रिकटु, वायुविडङ्ग, देवदार, बलु र फ्याक्सेकन्दको बराबर मात्रामा मिसाइएको धूलोमा त्यति नै बराबर सखर मिसाएर खानू अथवा मह र घिउमा मिसाई चाट्नू। यो मिश्रण खोकी नाश गर्नका लागि उत्तम ओखती हुन्छ।

(ख) वङ्गसेन आयुर्वेद : पद्मकाद्यचूर्ण

पद्मकं त्रिफलां व्योषं विडङ्गं सुरदारु च। चूर्णीकृत्य पलांशानि लेहयेन्मधुसर्पिषा॥
एतैश्चूर्णैः समैः सर्वैः पृथक् क्षौद्रं घृतं सिताम्। लिह्याल्लोहं विपच्यैतत् सर्वकासहरं परम्॥

पैयुँ वा पिर्रे, त्रिफला, त्रिकटु, वायुविडङ्ग र देवदार चार चार तोला बटुली मिसाएर पिसी धूलो बनाउनू। यो धूलो जति नै मह अनि घिउ लिनू। सबै मिसाएर फिट्नू। यो ओखती खाने गर्नाले सबै किसिमको खोकी नाश हुन्छ।

फ्याक्सेकन्द आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

द्रोणेऽपां साधयेद्रास्नादशमूलशतावरीः । पलोन्मिता द्विकुडवं कुलत्थं बदरं यवम्॥
तुलार्धं चाजमांसस्य तेन साध्यं घृताढकम् । समक्षीरं पलांशैश्च जीवनीयैः समीक्ष्य तत्॥
प्रयुक्तं वातरोगेषु पाननावनबस्तिभिः । पञ्चकासान् शिरःकम्पं योनिवङ्क्षणवेदनाम्॥
सर्वाङ्गैकाङ्गरोगांश्च सप्लीहोर्ध्वानिलान् जयेत् ।

फ्याक्सेकन्द, दशमूल र कुरिलो एक एक पल; गहत, वयर र जौ दुई दुई कुडव; आधा तुला बोकाको मासु, एक आढक घिउ, एक आढक दूध र एक द्रोण पानी मिसाएर विधिपूर्वक घिउ पकाउनू । यसमा एक एक पल जीवनीय गणका ओखती मिसाउनू । यो घिउ पिउन, नस्य लिन र वस्ति कर्ममा प्रयोग गर्नू । यसले पाँच प्रकारका खोकी, शिरकम्प रोग, स्त्री जननेन्द्रियको पीडा, तिघ्राका जोर्नीमा हुने पीडा, सबै अङ्गमा वा एउटा अङ्गमा फैलिएका रोगहरू, फियोका रोग र ऊर्ध्ववात रोगलाई जित्दछ ।

(ख) हारीत संहिता : बृहद्रास्नादि क्वाथ

रास्ना गुडूचिघनपर्पटकं पटोली भूनिम्बवत्सकशठीयुतनागराणाम् ।
तिक्तासुराह्वगजमागधिकायवासावासाबलागजबलाक्वथितः समांशः॥
क्वाथो निहन्ति मरुतप्रभवामयानां सश्वास कासजठरार्तिविषूचिकानाम् ।
श्रेष्ठो नृणां भुवि च पाचनसन्निपाते रोगेऽथवा कफसमीरणके प्रदेयः॥

फ्याक्सेकन्द, गुर्जो, नागरमोथे, पित्तपापडा, परबर, चिराइतो, इन्द्रजौ, कचूर, सुठो, कटुकी, देवदार, गजपिप्ला, दुरालभा, असुरो, बलु र महाबलु : यी ओखती समान भाग मिसाएर पकाइएको काँढाले वातविकार, दम, खोकी, पेटका रोग, र हैजा नाश गर्दछ । यो पाचन मानिसका लागि संसारमा श्रेष्ठ पाचन हो । यसलाई कफ-वात रोगमा पिउन दिनु पर्दछ ।

बर्रो आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

सर्वेषु श्वासकासेषु केवलं वा विभीतकम् ।

अथवा केवल बर्रोको बोक्रा चुस्ने गर्नू । यी मिश्रण सबै खालका दम र खोकीमा लाभदायक हुन्छन् । (व्योषादि योगले खोकी नाश गर्दछ ।) ।

(ख) चक्रदत्त, भैषज्य रत्नावली, रसरत्नाकर, वङ्गसेन आयुर्वेद :

विभीतकं घृताभ्यक्तं गोशकृत्परिवेष्टितम् । स्विन्नमग्नौ हरेत्कासं ध्रुवमास्यविधारितम्॥

बर्रोको फललाई घिउ दलेर गाईको गोबरले बाक्लोसँग लिपेर छोपी आगोमा पोल्नू । त्यसपछि फल निकालेर मुखमा लिई चुसिरहनू । खोकी शान्त हुन्छ ।

(ग) वङ्गसेन आयुर्वेद : बिभीतकावलेह

प्रस्थं बिभीतकानामस्थि विहाय साधयेदजामूत्रे । लेहयेदकेहोऽयं मधुयुक्तः श्वासकासघ्नः ॥

एक प्रस्थ बर्रोको गुदी बाख्रीको मूत्रमा हाली पकाउनू । लदरो हुन थालेपछि झिक्नू र सेलाएपछि मह मिसाएर खाने गर्नू । सबै किसिमको खोकी र दम नाश हुन्छ ।

(घ) शार्ङ्गधर संहिता :

बिभीतकफलं किञ्चिद् घृतेनाभ्यज्य लेपयेत् । गोधूमपिष्टेनाङ्गारैर्विपचेत्पुटपाकवत्॥
ततः पक्वं समुद्धृत्य त्वचन्तस्य मुखे क्षिपेत् । कास...जयेत्ततः ॥

बर्रोको फललाई हल्का घिउ दलेर त्यसमाथि गहुँको पिठोको लेप दली पुटपाक बनाउनू । त्यसपछि यसलाई निकालेर टुक्रा पारी मुखमा लिएर रस चुस्ने गरे खोकी ठिक गर्दछ ।

...कासेषु सर्वेषु केवलं वा बिभीतकम् (बिभीतं वापि केवलम्) ॥

अथवा बर्रोको बोक्रा मात्र (वा यसको फलको उपरोक्त विधिले बनाइएको गोली) मुखमा लिई चुस्नाले पनि खोकी निको हुन्छ ।

बिमिरो आदिको प्रयोग

(क) गरुडमहापुराण :

गुल्मवातकफश्वासकासघ्नं बीजपूरकम्॥

बिमिरोमा गुल्म, वातविकार, कफविकार, दम र खोकी नाशगर्ने गुण हुन्छ ।

(ख) हारीत संहिता :

केसरं मातुलुङ्गस्य शृङ्गवेरं ससैन्धवम् । त्रिकटुसंयुतं कृत्वा आकण्ठाद्धारयेन्मुखे॥
दन्तजिह्वामुखं तालुघर्षणं कारयेद्बुधः । कुर्यान्निष्ठीवनं सर्वं वारंवारं विधानतः॥
तेन कण्ठविशुद्धिः स्याच्छ्लेष्माणं चापकर्षति । जिह्वापटुत्वरुचिकृत्कासः श्वासश्च शाम्यति॥
त्रिकटुचव्यकापथ्या चूर्णं सैन्धवसंयुतम् । तेन दन्तांस्तथा जिह्वां घर्षयेत्तालुकामलम्॥
निष्ठीवनं गलशुद्धिरुचिकृत्कफसूदनम् । हृल्लासो नाशमाप्नोति पटुत्वं कुरुते भृशम्॥

बिमिरोको केसर, अदुवा, सिँधेनुन, सुठा, मरिच र पिप्ला मिसाएर (धुलो बनाई) मुखमा लिनू । अलि पछि दाँत, जिभ्रो, मुख र तालुमा रगड्नू वा दल्नू र पटकपटक थुक्दै जानू । यसो गर्नाले घाँटी सफा हुन्छ, कफ नाश हुन्छ, जिभ्रो सफा हुन्छ, रुचि जाग्दछ तथा खोकी र दम शान्त हुन्छ । सुठो, मरिच, पिप्ला, चाभो, हर्रो र सिँधेनुन मिसाएर तयार पारिएको धुलो दाँत, जिभ्रो र तालुमा रगड्नू । यो निष्ठीवन कार्यले घाँटी सफा हुन्छ, खानमा रुचि पैदा हुन्छ, कफ नाश हुन्छ, थुक आइरहने समस्या नाश हुन्छ र जिभ्रोले अचम्मसँग स्वाद थाहा पाउन थाल्दछ ।

खोकीमा बेल आदिको प्रयोग

(क) अग्निपुराण :

बिल्वाग्निमन्थश्योनाककाश्मर्य्यः पाटला स्थिरा॥
त्रिकण्टकं पृश्निपर्णी वृहती कण्टकारिकाः । ...काशनुत् कुशमूलकम्॥

बेलको जरा, गिनेरी, टटेलो, खमारी, पाडरी, साकिनु, ओदानेकाँडो, चाल्ने सिस्नु, ठुलो कण्टकारी, सानो कण्टकारी र कुशको जराको काँढापानीले खोकी निको हुन्छ ।

बेसार आदिको प्रयोग

(क) भावप्रकाश निघण्टुका टीकाकार :

खोकी लाग्दा हलेदो वा बेसारलाई सुक्खा भुटेर मह वा घिउसँग एक दुई मासा (२ मिलिग्राम) का दरले चाट्न दिनू ।

(ख) सुश्रुत संहिता :

उभे हरिद्रे सुरदारुशुण्ठीं गायत्रिसारं च पिबेत् समांशम्॥ बस्तस्य मूत्रेण सुखाम्बुना वा ...

खोकी लाग्दा हलेदो, चुत्रो, देवदार, सुठो र कत्था बराबर मात्रामा लिई बोकाको मूत्रसँग वा मनतातो पानीसँग खानू ।

खोकीमा बोझो आदिको प्रयोग

(क) अग्निपुराण :

वचाविडभयाशुण्ठीहिङ्गुकुष्ठाग्निदीप्यकान्॥
द्वित्रिषट्चतुरेकांशसप्तपञ्चाशिकाः क्रमात्। चूर्णं पीतं ...कासनुत्॥

बोझो, विरेनुन, हर्रो, सुठो, हिङ, कूट, चितू र ज्वानु क्रमशः दुई, तीन, छ, चार, एक, सात, पाँच र चार भाग जम्मा पारी धुलो बनाई खानाले खोकी निको हुन्छ ।

(ख) रसरत्नाकर :

वचा हरिद्रा सिन्दूत्थ बिभीतक कणारजः॥ पुटे बद्धवा मुखे क्षिप्तं कासश्वासापहं निशि॥

बोझो, हलेदो, सिँधेनुन, बर्रो र पिप्ला मिसाइएको धूलो कपडामा सानो पोको पारी रातमा मुखमा हालेर रस चुस्ने गर्नाले दम र खोकी नाश हुन्छ ।

भृङ्गिराज आदिको प्रयोग

(क) रसरत्नसमुच्चय :

भृङ्गराजस्य पत्राणि मधुना चूर्णितानि हि । गोलकं धारयेद्वक्त्रे कासविष्टम्भ शान्तये ॥

भृङ्गिराजका पातलाई राम्ररी पिसेर मह मिसाई गोली बनाउनू । यी गोली मुखमा राखेर चुस्ने गर्नाले खोकी र विष्टम्भ रोग नाश हुन्छ ।

मदिरा आदिको प्रयोग

(क) अर्कप्रकाश :

बर्रो, पिप्ला, चितु, स्थूलग्रन्थि (बोभ्रोविशेष), वंशलोचन, ऋषभ (बूटीविशेष), राजवृक्ष, चाभो, कूट, काफल, चिन्डे, गुर्जो, कण्टकारी, अँडिरविशेष (हपुषा), नीम, कोइरालोको फूल, सिस्नु, अनन्तमूल, भेडासिङ्गी, रुदिलो, वनपरबर, गाईजिभ्रे, सेतो कण्टकारी र राजवारुणीको अर्कमा खोकी नाशगर्ने गुण हुन्छ ।

कण्टकारी जटार्कस्तु सकृष्णः सर्वकासहा ।

कण्टकारीको जराको अर्कमा पिप्लाको धुलो मिसाएर पिए सबै खालका खोकी निको हुन्छ ।

ककुभस्यत्वचा चूर्णं वासर्केण विभावितम्॥ सितोपला घृतमधुसंयुक्तः क्षयकासहृत् ।

खरी रुखको बोक्राको धुलो असुरोको अर्कमा भिजाएर मिस्री, घिउ र महसँग खानाले क्षयरोग र खोकी ठिक हुन्छ ।

कण्टकारीयुगद्राक्षावासाकर्चूरनागरैः॥
पिप्पलीखाखसैरर्कः शर्क्करामधुसंयुतः । शुष्ककासहरश्चैषो महादेवेन भाषिताः॥

ठूलो बिही, सानो बिही, दाख, असुरो, कचूर, सुठो, पिप्ला र अफिमको अर्क शक्खर र महसँग खानाले सुक्खा खोकी निको हुन्छ भनी भगवान् महादेवले बताउनु भएको छ ।

कट्फलं पौष्करं शृङ्गी व्योषं यासश्च कारबी॥ एतदर्कः शृङ्गवेर रसयुक्तो गदान् हरेत् ।
पीनसं स्वरभेदं च तमकं च हलीमकम्॥ सन्निपातं कफं वातं श्वासं कासं विनाशयेत् ।

काफल, अरिडको मूल जरो, गुनाभा, त्रिकटु, सिस्नु र कालो जीरा मिसाएर अर्क निकाली अदुवाको रससँग पिउनाले पिनास, स्वर बसेको, दम, हलीमक नामक पाण्डुरोग, सन्निपात, कफविकार, वातविकार, श्वासप्रश्वासका रोग र खोकी निको हुन्छ ।

(ख) आयुर्वेद महोदधि :

मदिरामा दम र खोकी निको पार्ने गुण हुन्छ । यसलाई उत्तम उपाय लगाई मात्रा मिलाएर पिउने गरे यो मानिसका लागि अमृतसमान हुने गर्दछ । वारुणी (ताड, खयर, कदम वा पुनर्नवाको मदिरा) मा पनि सुराका जस्तै गुण हुन्छन् । यसले खोकी नाश गर्दछ । महको रस हाली पकाइएको मदिरा उत्तम हुन्छ । यसले खोकी निको पार्दछ ।

(ग) सुश्रुत संहिता :

पिबेच्च सीधुं मरिचान्वितं वा तेनाशु कासं जयति प्रसह्य ॥

सीधुमा मरिच मिसाएर पिउनू । यसले बलपूर्वक खोकी निको हुन्छ ।

मनशिला आदिको प्रयोग

(क) भावप्रकाश संहिता :

कुनटीसैन्धवव्योषविडङ्गामयहिङ्गुभिः । लेहः साज्यमधुः कासश्वासहिक्कानिवारणः ॥

मैनसिल, सिँधेनुन, सुठो, मरिच, पिप्ला, वायुविडङ्ग, कूट र भुटेको हिङ पिसी धूलो बनाएर चाट्ने गर्नाले खोकी, दम र बाडुली रोग नाश हुन्छ ।

(ख) रसरत्नाकर :

कुनटी सैन्धव व्योष विडङ्गामयहिङ्गुभिः ॥ लेहः साज्यमधुः कासश्वासहिक्का निबर्हणः ।

मैनसिल, सिँधेनुन, त्रिकटु, वायुविडङ्ग, कूट र हिङ मिसाएर बनाइएको धूलो घिउ र मह मिसाई चाट्ने गर्नाले खोकी, दम र बाडुली रोग नाश हुन्छ ।

(ग) वङ्गसेन आयुर्वेद : कुनटयादिलेह

कुनटीसैन्धवव्योष विडङ्गामलहिङ्गुभिः । लेहः साज्यमधुः कास श्वासहिक्कानिवारणः ॥

मैनसिल, सिँधेनुन, त्रिकटु, वायुविडङ्ग, अमला र हिङ मिसाएर बनाइएको धूलोमा मह र घिउ मिसाएर खाने गर्नाले खोकी, दम र बाडुलीरोग नाश हुन्छ ।

खोकीमा मयुरको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

श्वासकासहरा बर्हिपादौ वा मधुसर्पिषा॥

अथवा मुजुरको पञ्जाको खरानी घिउ र मह मिसाएर खानू, दम र खोकी नाश हुन्छ ।

खोकीमा मरिच आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

तद्वन्मरिचचूर्णं वा सघृतक्षौद्रशर्करम् ।

अथवा मरिचको धूलो घिउ, मह र खुँदो वा चिनी मिसाएर चाट्नू, दम र खोकीमा फाइदा गर्दछ ।

(ख) आयुर्वेद महोदधि :

मरिच, ज्वानु, सुठो, चाँभो, चितु, पिप्ला, पिप्लाको जरा, धनिया, जीरा, सिधेनुन, सौचर नुन, दारिम, हर्रो, अमला र सेतो जीराको धुलो बराबर मिसाई तक्रमा बाक्लो हुनेगरी पकाएर कढी बनाउनु । यसले खोकी र दम निको हुन्छ ।

(ग) भावप्रकाश संहिता :

कर्षः कर्षांशपलं पलद्वयं स्यात्ततोऽर्द्धकर्षश्च । मरिचस्य पिप्पलीनां दाडिमगुडयावशूकानाम्॥
सर्वौषधिभिरसाध्याः कासा ये वैद्यनिर्मुक्ताः । अपि पूयं छर्दयतां तेषामिदमौषधं परमम्॥
(कर्षांशोऽकर्षद्वयम्) ।

मरिच एक तोला, पिप्ला दुई तोला, अनार चार तोला, सक्खर आठ तोला मिसाएर पिसी चाट्ने गर्नाले डरलाग्दो खोकी पनि ठिक हुन्छ । जुन् खोकी अनेक थरी ओखतीले पनि ठिक भएको छैन र जुन खोकीलाई वैद्यले पनि उपचार गर्न छाडेको छ, त्यस्तो खोकी पनि यो ओखतीले चाँडै ठिक गर्दछ । रगत मिसिएको कफ निस्कने खोकीमा यो उत्तम ओखती हुन्छ ।

(घ) भावप्रकाश संहिता, शार्ङ्गधर संहिता :

मरिचं कर्षमात्रं स्यात्पिप्पली कर्षसम्मिता॥
अर्धकर्षो यवक्षारः कर्षयुग्मञ्च दाडिमम् । एतच्चूर्णीकृतं युञ्ज्यादष्टकर्षगुडेन हि॥
शाणप्रमाणां गुटिकां कृत्वा वक्त्रे वि(वक्त्रेण)धारयेत् ।
अस्याः प्रभावात्सर्वेऽपि कासायान्त्येव सङ्क्षयम्॥

मरिच बीस ग्राम, पिप्ला बीस ग्राम, जवाखार दश ग्राम र दारिमका बोक्रा चालीस ग्राम मिसाई धुलो बनाएर एक सय साठी ग्राम सक्खर मिसाउनू । अनि तीन तीन ग्रामका गोली बनाउनू । यो गोली मुखमा लिई चुस्नाले सबै जातका खोकी नाश गर्दछ, कुनै शङ्का छैन ।

(ङ) भैषज्य रत्नावली, रसरत्नाकर : मरिचाद्यं चूर्णम्

कर्षः कर्षार्द्धमथो पलं पलद्वयं तथार्द्धकर्षश्च ।
मरिचस्य च पिप्पलीनां दाडिम गुड यावशूकानाम्॥
सर्वौषधैरसाध्याः कासा ये वैद्यविवर्जिताः । अपि पूयं छर्दयतां तेषामिदमौषधं पथ्यम्॥

कालो मरिच दुई तोला, पिप्ला एक तोला, दारिमको फलका बोक्रा चार तोला, सक्खर आठ तोला र जवाखार एक तोला मिसाएर पिसी धूलो बनाउनू । जुन खोकी अनेक किसिमका ओखतीउपचार गर्दा पनि ठिक भएको छैन, जुन खोकीलाई “यो खोकी ठिक हुँदैन” भनी वैद्यले वा चिकित्सकले समेत वास्ता गर्न छाडेको छ त्यस्तो मुखबाट कफसँग पीप मिसिएर आउने खोकी समेत यो ओखतीले ठिक गर्दछ ।

(च) वङ्गसेन आयुर्वेद : मरिचाद्यचूर्ण

कर्षः कर्षार्द्धमथो पलं पलद्वयं तथार्द्धकर्षश्च ।
मरिचस्य पिप्पलीनां दाडिमगुडयावशूकानाम्॥
सर्वौषधैरसाध्या ये कासाः सर्ववैद्यनिनिर्मुक्ताः । अपि पूयं छर्दयतां तेषामिदमौषधं पथ्यम् ।
“अत्र दाडिमं दाडिमफलत्वक्च ।” ॥

मरिच एक तोला, पिप्ला आधा तोला, अनारको फल चार तोला, सक्खर आठ तोला र जवाखार आधा तोला मिसाएर पिसी गोली बनाउनू । यो गोली खाने गर्नाले सैयौं उपचारले ठिक नभएको र वैद्यले उपचार गर्न छाडेको खोक्दा पीप आउने खालको खोकीमा पनि फाइदा गर्दछ । (यो ओखती बनाउँदा दारिमको फलका बोक्रा पनि मिसाउनु पर्दछ) ।

(छ) वैद्यरहस्य :

कर्षः कर्षांशौ पलं पलद्वयं स्यात्ततोर्द्धकर्षं च । मरीचपिप्पलीनां दाडिमगुडयावसूकानाम्॥
सर्वौषधैरसाध्याः कासा ये वैद्यनिर्मुक्ताः । अपि यूयं छर्दयता तेषामिदमौषधं पथ्यम्॥

कालो मरिच एक कर्ष, पिप्ला एक कर्ष, दारिमको फलका बोक्रा एक पल, सक्खर दुई पल र जवाखार आधा कर्ष मिसाएर (चार चार मासाका) गोली बनाउनू । हरेक दिन बेलुकी सुत्ने बेलामा एक गोली मुखमा लिएर रस चुस्ने गर्नू । कुनै ओखती खाँदा पनि ठिक नभएको र वैद्यले पनि उपचार हुँदैन भनी छाडेको खोकी पनि ठिक हुन्छ ।

कासकेसरीरसः

मरिचमुस्तककुष्ठवचाविषं सममथोपरिगृह्य सुपेष्य च ।
विमलमार्द्ररसेन वटी कृता कसनशूलकफामय नाशिनी॥
प्रसूतिरोगं ग्रहणीन्नाशयेच्चणकोपमा ।

कालो मरिच, नागरमोथे, कूट, बोझो र विष (वत्सनाभ) बराबर लिई पिसेर अदुवाको रसमा फिटी चना आकारका गोली बनाउनू । यो गोली खाने गर्नाले खोकी, शूल, कफजन्य रोग, सुत्केरी रोग र संग्रहणि रोग नाश हुन्छ ।

(ज) सुश्रुत संहिता :

उत्कारिकां सर्पिषि नागराढ्यां पक्त्वा समूलैस्त्रुटिकोलपत्रैः ।
एभिर्निषिवेत कृतां च पेयां तन्वीं सुशीतां मधुना विमिश्राम्॥

खोकी लाग्दा अलैंची, बयरका पात र प्रशस्त सुठो हाली घिउमा उत्कारिका बनाएर खानू । अथवा अलैंची, बयरका पात र सुठो मिसाएर पातलो पेया बनाई सेलाएपछि मह मिसाएर खानू ।

मह आदिको प्रयोग

(क) आयुर्वेद महोदधि :

महले खोकी ठिक गर्दछ ।

(ख) गरुडमहापुराण :

मध्वाज्यपिप्पलीचूर्णं क्वथितं क्षीरसंयुतम् । पीतं हृद्रोगकासस्य विषमज्वरनुद्भवेत् ॥

मह, घिउ र पिप्लाको धूलो दूधमा पकाएर पिउने गर्नाले मुटुका रोग, खोकी र विषमज्वर नाश हुन्छ ।

(ग) शार्ङ्गधर संहिता :

क्षौद्राद् द्विगुणितं सर्पिर्घृताद् द्विगुणपिप्पली ॥ सिता द्विगुणिता तस्याः क्षीरं देयञ्चतुर्गुणम् । चातुर्जातं क्षौद्रतुल्यं पक्त्वा कुर्याच्च मोदकान् ॥ ... कासञ्च ... जयेत् ॥

महको दुई गुना घिउ, घिउको दुई गुना पिप्ला, पिप्लाको दुई गुना मिस्री, मिस्रीको चार गुना दूध तथा महजति दालचिनी, तेजपात, अलैंचीका बीज र नागकेशरको धुलो लिनू । यी मिसाएर पकाउनू र लड्डू बनाउनू । दिनको एउटा एउटा लड्डू खाने गरे खोकी नाश गर्दछ ।

(घ) सुश्रुत संहिता :

क्षौद्रेण लिह्यान्मरिचानि वाऽपि ...

खोकी लाग्दा मरिचको धूलो महमा मिसाएर चाट्नू ।

(ङ) हारीत संहिता :

क्षौद्रेण पिप्पलीचूर्णं लिह्येत्...हन्ति कासः... ॥

पिप्लाको धूलो महमा मिसाएर चाट्नाले खोकी नाश गर्दछ ।

माछामासुको प्रयोग

(क) अर्कप्रकाश :

पर्णमृगको मासुमा खोकी नाशगर्ने गुण हुन्छ ।

(ख) आयुर्वेद महोदधि :

हरिणको मासु खोकी नाशक हुन्छ । मझौला पुच्छर हुने घरतिर पालिने खरायो आदि जनावरको मासुले दम र खोकी निको पार्दछ । वनमा घुमफिर गर्ने सबै पशुपंक्षीको मासु खोकी नाशक हुन्छ । बँदेलको मासुले खोकी नाश गर्दछ ।

(ग) भैषज्य रत्नावली :

तद्वत् क्रव्यादजं मांसं कौलिङ्गं मांसमेव च । असाध्यान्मुच्यते भुक्त्वा कासादभ्यासयोगतः ॥

बाज आदि मांसाहारी चराको तथा कन्याङकुरुङ वा भँगेराको मासुको रस नियमपूर्वक सेवन गर्नाले असाध्य खोकी पनि ठिक हुन्छ ।

मिश्री आदिको प्रयोग

(क) सुश्रुत संहिता :

... समांशां सितोपलां वा मरिचांशयुक्ताम् ।

अथवा (खोकी लागेमा) मरिच र मिश्री मिसाएर खानू ।

मूला आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद : द्वितीयकुलित्थगुड

चतुष्पलं मूलकशुण्ठिकस्य तथैव शुद्धस्य कुलित्थकस्य ।
तुल्यं प्रदद्याद्दशमूलतश्च द्रोणेऽम्भसः सर्वमिदं पचेत्तु ॥
दत्त्वा हविस्तैलपलाष्टकञ्च गुडस्य शुद्धस्य तुलां तथैव ।
तावत्पचेद्यावदिदं समस्तं सङ्घट्टच दार्व्या गुडपामेति ॥
चूर्णीकृतैर्जीरकचव्यश्रृङ्गीभार्ङ्गीत्रिसौगन्धिककट्फलैश्च ।
मुस्तायवानीशठिपुष्करैश्च सव्योषकैरर्धपलप्रमाणैः ॥
सार्धं क्षिपेन्माक्षिकप्रस्थमात्रं दद्यात्सुशीते त्वथ वह्न्यपेक्षाम् ।
मात्रां ततो लेहवदालिहेच्च पथ्याशनश्च द्वययोगकाले ॥
कफोद्भवा ये च विकारजाताः सश्वासकासा हृदयक्षतश्च ।
हृत्पार्श्वशूलज्वरछर्दितृष्णस्वरक्षयारोचकवह्निसादाः ॥
ते नाशमाषन्त्युपयोगतश्च कुलित्थसंज्ञस्य गुडस्य शीघ्रम् ॥

सुकेको मूला १६ तोला, उत्तम खालको गहत १६ तोला र दशमूलका ओखती १६ तोला एक द्रोण पानीमा हालेर पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । छानेको काँढापानीमा आठ पल तेल र शुद्ध सक्खर सय पल हालेर पकाउनू । लदरो हुन थालेपछि जस्रा, चाभो, कर्कटश्रृङ्गी, चिन्डे, दालचिनी, अलैंची, तेजपाल, काफल, नागरमोथे, ज्वानु, कचूर, पुष्करमूल, सुठो, मरिच र पिप्ला : यी ओखती हरेकको धूलो दुई दुई तोला हाल्नू । एकछिन पछि झिक्नू । सेलाएपछि आधा प्रस्थ मह मिसाउनू । पाचनशक्ति विचार गरी बिहानबेलुकी यो ओखती खाने गर्नू । शरीरले सहने खालका खानपिन गर्नू । यो कुलित्थगुड नामक ओखतीले सबै प्रकारका कफजन्य रोग, दम, खोकी, छातीको घाउ, मुटुका रोग, कोखाको शूल, जरो, वाकवाकी, तिर्खारोग, स्वरसमस्या, अरुचि र कमजोर पाचनशक्ति हुने रोग नाश गर्दछ ।

रतजभस्म आदिको प्रयोग

(क) रसरत्नसमुच्चय : कासहर रस

तारे पिष्टशिलां क्षिप्त्वा हरितालाच्चतुर्गुणम् । वासागोक्षुरसाराभ्यां मर्दितः प्रहरद्वयम्॥
प्रस्विन्नो वालुकायन्त्रे गुञ्जाद्वितयसम्मितः । कासं त्रिकटुनिर्गुण्डीमूलचूर्णयुतो हरेत्॥

रतजभस्म एक तोला, हरिताल एक तोला र मनशिला चार तोला मिसाएर असुरोको र ओदानेकाँडोको रसमा तीन तीन घण्टा पिसेर ढड्याउनू । त्यसपछि गोली बनाएर शरावसम्पुटमा बन्द गरी बालुकायन्त्रमा पकाउनू । पूरा सेलाएपछि ओखतीलाई झिकी राम्ररी पिस्नू । यो ओखती दुई दुई रत्तीका दरले लिई त्रिकटु र बैजनी फूल फुल्ने सिमालीको जराको धूलो मिसाएर खाने गर्नू । खोकी नाश हुन्छ ।

रत्नकरण्डरसको प्रयोग

(क) रसरत्नसमुच्चय : रत्नकरण्ड रस

भूनागाभ्रकयोः सत्त्वं कान्तहेमाऽर्करूप्यकम् । मुक्ताफलानि रत्नानि ताप्यं वैक्रान्तमेव च ॥
भस्मीकृतमिदं सर्वं पृथक् माषमितं मतम् । निष्कमात्रमितं शुद्धं राजावर्तरजस्तथा ॥
एतत्सर्वं समं योज्यं मर्दयित्वाम्लवेतसैः । रुद्ध्वा मूषेदरे कोष्ठ्यां धमेदाकाशदर्शनम् ॥
शतवारं मधेदेवं मर्दयित्वाऽम्लवेतसैः । ततः सञ्चूर्णिते चास्मिन्मुक्ताभस्म द्विशाणकम् ॥
मरिचं पञ्च शाणेयं क्षिप्त्वा सम्मर्द्य यत्नतः । रम्ये करण्डके क्षिप्त्वा स्थापयेत्तदनन्तरम् ॥
सोऽयं रत्नकरण्डको रसवरो मध्वाज्यसङ्कामितो
हन्याच्छूलगदं ज्वरं ग्रहणिकां कासं च हिध्मामयम् ।
शूलं शोषमहोदरं बहुविधं कुष्ठं स हन्याद्द्रुदान्
बल्यो वृष्यतमः प्रदीपनकरः स्वस्थोचितो वेगवान् ॥

गँडेउलाको सत्व, अभ्रखको सत्व, कान्तलोह भस्म, स्वर्णभस्म, ताम्रभस्म, रतजभस्म, मोतिभस्म, हीराभस्म, माणिकभस्म, मुगाभस्म, पन्नाभस्म, पुष्पराजभस्म, गोमेदमणिभस्म, वैदुर्यमणिभस्म, नीलमभस्म, सुनामक्खीभस्म र वैक्रान्तमणिभस्म दुई दुई मासा र शुद्ध राजावर्तभस्म एक एक निष्क लिई सबै मिसाएर अम्लवेतको रसमा पिसेर गोली बनाउनू । ती गोलीलाई मूषाको सम्पुटमा बन्दगरी अँगारकोष्ठीमा राखेर आगो बाल्नू वा फुक्नू । जब मूषाबाट सेतो वा आकाशे रङको ज्पाला निस्कन थाल्दछ तबसम्म पकाउनू । त्यसपछि पूरै सेलाएपछि ओखती झिकी अम्लवेतको रसमा घोट्नू । पुनः मूषामा बन्द गरी पकाउनू । यसरी सय पटक अम्लवेतको रसमा घोट्दै पकाउँदै गर्नू । अनि ओखतीलाई झिकेर राम्ररी पिस्नू । मोतीभस्म आठ मासा र मरिचको धूलो बीस मासा हालेर फिट्नू । त्यसपछि सिसीमा भरेर राख्नू । यसलाई रत्नकरण्ड रस भनिन्छ । यो रसहरूमा उत्तम रस हो । यसलाई उचित मात्रामा मह र घिउ मिसाएर खाने गर्नाले जरो, ग्रहणी, खोकी, बाडुलीरोग, शूल, धातु सुक्ने रोग, कडा खालको उदररोग र अनेक थरी कुष्ठरोग चाँडै नाश हुन्छ । यो रस अति नै बलदायक, वीर्यवर्धक, जठराग्निलाई बाल्ने, स्वस्थ मानिसका लागि अति उपयोगी र शरीरमा तुरुन्त फैलिने गुणको हुन्छ ।

लोठसल्लो आदिको प्रयोग

(क) भैषज्य रत्नावली : तालिशाद्यचूर्ण र मोदक

तालीशपत्रं मरिचं नागरं पिप्पली शुभा । यथोत्तरं भागवृद्धया त्वगेले चार्द्धभागिके॥
पिप्पल्यष्टगुणा चात्र प्रदेया सितशर्करा । कासश्वासारुचिहरं तच्चूर्णं दीपनं परम्॥
हृत्पाण्डुग्रहणीरोगप्लीहशोथज्वरापहम् । छर्द्यतीसारशूलघ्नं मूढवातानुलोमनम्॥
कल्पयेद्गुटिकां चैतच्चूर्णं पक्त्वा सितोपलाम् । गुटिका ह्यग्निसंयोगाच्चूर्णाल्लघुतरा स्मृता॥
(पैत्तिके ग्राहयन्त्येके शुभायां वंशलोचनाम् । विशेषणं हि पिप्पल्या अन्यत्र पैत्तिकाच्छुभा॥)

लोठसल्लो एक तोला, कालो मरिच दुई तोला, सुठो तीन तोला, पिप्ला चार तोला, वंशलोचन पाँच तोला, दालचिनी छ मासा, अलैँची छ मासा र मिश्री बत्तीस तोला मिसाएर पिसी मसिनो धूलो बनाउनू । (यसलाई तालीशाद्यचूर्ण भनिन्छ) । अलिकति पानीमा मिश्रीको चास्नी बनाएर यो धूलो हाली लड्डू बनाउने हो भने त्यसलाई तालीशाद्यमोदक भनिन्छ । यो चूर्ण वा मोदक खाने गर्नाले खोकी, दम, अरुचि, कमजोर पाचक-अग्नि, मुटुका रोग, पाण्डु, कब्जियतविशेष, फियोका रोग, सुजन, जरो, वाकवाकी, छेरपटी, शूल आदि रोग नाश हुन्छन् । मूढवातले सही बाटो लिन्छ । पाचक-अग्नि धेरै नै बल्दछ । आगोसँगको सम्पर्क परेका कारण मोदक चूर्णका तुलनामा बढी पचाउन सहज हुन्छ ।

(ख) रसरत्नाकर : व्योषान्तिकागुटिका

तालीशवह्निदीप्यकचविकाम्लवेतसव्योषैः । तुल्यैस्त्रिसुगन्धितयुतैर्गुडेन गुटिका प्रकर्त्तव्या॥
कासश्वासारोचकपीनसयकृत्कण्ठवाङ्निरोधेषु । ग्रहणीगुदोद्भवेषु गुटिका व्योषान्तिकानाम॥
(सर्वचूर्णस्य चतुर्थांशं त्रिसुगन्धिचूर्णं) ।

लोठसल्लो, चितु, ज्वानु, चाभो, अम्लवेत र त्रिकटु बराबर लिनू । यो सबैको एक चौथाई दालचिनी, अलैँची र तेजपात लिनू । सबैको दोब्बर सक्खर लिनू । सबै मिसाएर पिसी गोली बनाउनू । यो गोली खाने गर्नाले खोकी, दम, अरुचि, पिनास, कलेजोका रोग, घाँटी बसेको, स्वर बसेको, ग्रहणि र मलद्वारका रोग नाश हुन्छन् ।

(ग) शार्ङ्गधर संहिता :

तालीसं मरिचं शुण्ठी पिप्पली वंशरोचना॥
एकद्वित्रिचतुःपञ्चकर्षैर्भागान्प्रकल्पयेत् । एलात्वचोस्तु कर्षार्धं प्रत्येकं भागमावहेत्॥
मृतं वङ्गं मृतं ताम्रं समभागानि कारयेत् । द्वात्रिंशत् कर्षतुलिता प्रदेया शर्करा बुधैः॥
तालीसाद्यमिदं चूर्णं रोचनं पाचनं स्मृतम् ।
कास...हरं । पक्त्वा च शर्कराच्चूर्णं क्षिपेत् स्याद् गुटिका ततः॥

लोठसल्लो बीस ग्राम, मरिच चालीस ग्राम, सुठो साठी ग्राम, पिप्ला असी ग्राम, वंशलोचन सय ग्राम; अलैंची र दालचिनी दुबै ८.४६ ग्राम; राङ भस्म र ताम्र भस्म दुवै १६० ग्राम र मिस्री ६४० ग्राम : यी सबै मिसाई धुलो बनाएर बनाइने तालिस चूर्ण मिस्रीसँग खानाले यो खोकी नाशक हुन्छ । अथवा यो चूर्णलाई मिस्रीको चास्नीमा हाली गोली बनाएर खाए पनि समान गुणको हुन्छ ।

(घ) हारीत संहिता :

तालीसपत्रं मरिचञ्च विश्वाश्यामायुतं चोत्तरभागवृद्ध्या ।
त्वक् पत्रकेणापि लवङ्गमेलां पिप्पल्याचाष्टौ गुणितां सिताञ्च ॥
लिह्यात्प्रभाते .. कासे ...निहन्ति... ॥

लोठसल्लो, मरिच, सुठो र पिप्ला क्रमशः बढी लिएर दालचिनी, तेजपात, ल्वाङ र अलैंची मिसाई त्यसमा पिप्लाको आठ गुना मिश्री मिसाउनू । यसलाई बिहानको समयमा खानाले खोकी नाश गर्दछ ।

लोध आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

पत्रकल्कं घृतभृष्टं तिल्वकस्य सशार्करम्॥ पेया वोत्कारिका छर्दितृट्कासाऽऽमातिसारजित्।

लोधका पात धूलो बनाई घिउमा फुराउनू, यसमा खुँदो मिसाई पेया वा पुरी बनाउनू। यसले वाकवाकी, तिर्खारोग, खोकी र आम सहितको छेरपटी नाश गर्दछ।

ल्वाङ आदिको प्रयोग

(क) आयुर्वेद महोदधि :

लवङ्गजातीमृगजाशशीनां भागद्वयं जातिफलं त्रयञ्च
वल्लद्वयं त्वक्च तमालपत्रं कङ्कोल मुस्ता इह तुर्यवल्लाः ।
खैरस्यसारस्य तथाष्टभागं भागद्वयं साधुसु चन्दनस्य ॥
कृष्णागुरुश्चारुतथैकभाग एला च वल्लद्वयमुक्त चूर्णम् ।
षड्भागं कुङ्कुमकेसराणामालोडयेत्पुष्परसेन युक्तम् ॥
मासप्रयोगेण सशुष्ककासं वटी च बद्धा चणकप्रमाणा
एषास्यवैरस्यहराति पथ्या हन्त्यन्नजीर्णं जठरेषु जातम् ।
वातामयं हन्ति सदा नृपाणां ताम्बूलरागं कुरुतेऽति रम्यम् ॥

ल्वाङ, जाइफल, कस्तूरी र कपूर यी दुई भाग (रत्ती); जाईफल तीन भाग; दालचिनी र तेजपात चार भाग (वल्लद्वय); फलकपूर र मोथे आठ भाग; खयरको धुलो आठ भाग; सुन्दर चन्दन दुई भाग; धूपी एक भाग; अलैंची चार भाग र केसर छ भागलाई फूलको रसमा मिसाउनु । चनाका गेडा जत्रा गोली बनाउनु र महिनाभरी खानु । यसले सुक्खा खोकी नाश गर्दछ । निरसता हटाउँदछ । अती नै पथ्य हुन्छ । खाएको अन्न नपच्ने समस्या समाधान गर्दछ, पेटमा उत्पन्न हुने वायुविकार नाश गर्दछ । राजाहरूलाई यसले पानले जस्तै अति नै आनन्दित बनाउँदछ ।

(ख) भावप्रकाश संहिता :

लवङ्गजातीफलपिप्पलीनां भागान्प्रकल्प्याक्षसमानमीषाम् ।
पलार्द्धमानं मरिचं प्रदेयं पलानि चत्वारि महौषधस्य ॥
सिता समस्तेन समाऽथ चूर्णं रोगानिमानाशु बलान्निहन्ति ।
कासज्वरारोचकमेहगुल्मश्वासाग्निमान्द्यग्रहणीविकारान् ॥

ल्वाङ एक तोला, जाइफल एक तोला, पिप्ला एक तोला, मरिच दुई तोला, सुठो १६ तोला र सबै बराबर मिश्री मिसाए पिसी धूलो बनाएर वा गोली बनाएर खाने गर्नाले खोकी, जरो, अरुचि, प्रमेह, गुल्म, दम, कमजोर पाचनशक्ति र ग्रहणी रोग चाँडै नाश हुन्छन् ।

(ग) भैषज्य रत्नावली, रसरत्नाकर, वङ्गसेन आयुर्वेद : समशर्कर चूर्ण

लवङ्गजातीफलपिप्पलीनां भागान् प्रकल्प्याक्षयुतान(समान)मीषाम् ।
पलार्द्धमेकं मरिचस्य दद्यात्पलानि चत्वारि महौषधस्य ॥
सितासमं चूर्णमिदं प्रसह्य रोगानिमानाशु बलान्निहन्यात् ।
कासज्वरारोचकमेहगुल्मश्वासाग्निमान्द्यग्रहणीप्रदोषान् ॥

ल्वाङ, जाइफल र पिप्ला एक एक तोला; कालो मरिच दुई तोला; सुठो १६ तोला लिनू । यो सबै बराबर मिश्रीको धूलो लिनू । सबै मिसाएर राम्ररी पिसी धूलो बनाउनू । यो धूलो खाने गर्नाले खोकी, जरो, अरुचि, प्रमेह, गुल्म, दम, कमजोर पाचक-अग्नि र ग्रहणी (कब्जियतविशेष) आदि रोग चाँडै ठिक हुन्छ । (बढीमा एक चम्चा बिहान बिहान खालिपेटमा मनतातो पानीसँग खाने गर्नू) ।

(घ) वैद्यरहस्य : लवङ्गादिचूर्ण

लवङ्गपिप्पलीजातीफलं कर्षमिदं पृथक् । कर्षद्वयं च मरिचं शुण्ठी षोडशकार्षिकी ॥
सितासर्वैः समादेया चूर्णः कासज्वरं हरेत् । प्रमेहारोचकश्वासवह्निमान्द्यामयानपि ॥
ग्रहणीगुल्मरोगांश्च हन्ति शीघ्रं नसंशयः ॥

ल्वाङ, पिप्ला र जाइफल एक एक कर्ष; कालो मरिच दुई कर्ष र सुठो १६ कर्ष लिनू । सबै बराबर मिश्रीको धूलो लिनू । सबै ओखती मिसाउनू । यो धूलो खाने गर्नाले खोकी, जरो, प्रमेह, अरुचि, दम, कमजोर पाचनशक्ति हुने रोग, ग्रहणी र गुल्मरोलाई पनि अवश्य नै चाँडै नाश गर्दछ ।

वायुविडङ्ग आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

विडङ्गं सैन्धवं हिङ्गु कुष्ठं व्योषं मनःशिलाम् । कासे श्वासे च हिध्मायां लिह्यात् क्षौद्रघृताप्लुतम् ॥

खोकी, दम र बाडुली रोगमा वायुविडङ्ग, सिँधेनुन, हिङ, कूट, त्रिकटु र मनसिलाको धूलो मह र घिउ मिसाएर चाट्ने गर्नू ।

विविध ओखतीहरू

(क) अष्टाङ्ग हृदय :

वर्द्धमान गुडाऽऽर्द्रक योग, महा पञ्चगव्यघृत र शतावरी अवलेहले खोकी नाश गर्दछ ।

(ख) भैषज्य रत्नावली :

त्र्यम्बकाभ्र, भैरवरस, किन्नरकण्ठरस, निदिग्धिकावलेह, व्याघ्रीघृत, सारस्वतघृत (ब्राह्मीघृत), नारायण चूर्ण, धात्र्यरिष्ट, कामलान्तलौह, चन्द्रसूर्यात्मकरस र भृङ्गराजाद्यघृत नामका ओखतीले खोकी नाश गर्दछ । त्रिकत्रयाद्यलौहले पाँच प्रकारका खोकी नाश गर्दछ ।

(ग) शार्ङ्गधर संहिता :

लवङ्गादि चूर्ण, जातिफलादि चूर्ण, महाखाण्डव चूर्ण, नारायण चूर्ण, लवणादि चूर्ण, हिङ्ग्वादि चूर्ण, सितोपलादि चूर्ण, लवणभास्कर चूर्ण, व्योषादिगुटिका, सूरणादिगुटिका, चन्द्रप्रभा, योगराजगुग्गुलु, कैशोरगुग्गुल, कण्टकार्यादि अवलेह, च्यवनप्राश, कूष्माण्ड अवलेह, अगस्त्यहरीतकी, पानीयकल्याणक घृत, लाक्षादि तैल, लोहासव, खदिरारिष्ट, बब्बूलारिष्ट, द्राक्षारिष्ट, दशमूलारिष्ट, धनिया र गुर्जो मिसाई काँढापानी पकाएर त्योसँग खाइने लोकनाथ रस, मृगाङ्कपोट्टली रस, हेमगर्भपोट्टली रस, स्वयमग्नि रस, अमृतार्णव रस, लोहरसायन, अभयादिमोदक र "सुदर्शन चूर्ण" ले खोकी नाश गर्दछ ।

खोकीमा शिरीष आदिको प्रयोग

(क) अग्निपुराण :

शिरीषपुष्पसुरसभावितं मरिचं हितम् ।

शिरीषको फूलको स्वरसमा ढड्याएर मरिचको धुलो खाने गर्नाले पनि खोकी निको हुन्छ ।

शीतलचिनी आदिको प्रयोग

(क) सुश्रुत संहिता :

हरेणुकां मागधिकां च तुल्यां दध्ना पिबेत् कासगदाभिभूतः ।

खोकीले पीडित रोगीले शीतलचिनी र पिप्ला बराबर मात्रामा मिसाएर दहीसँग खानू ।

सक्खर आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

गुडक्षारोषणकणादाडिमं श्वासकासजित् । क्रमात्पलद्वयार्धाक्षकर्षार्धाक्षपलोन्मितम् ॥

सक्खर दुई पल, जवाखार आधा अक्ष, मरिच एक कर्ष, पिप्ला आधा अक्ष र दारिम एक पल मिसाएर खाने गर्नाले दम र खोकीलाई जित्दछ ।

(ख) सुश्रुत संहिता :

गुडोदकं वा क्वथितं पिबेद्धि क्षौद्रेण शीतं मरिचोपदंशम् ॥

खोकी लाग्दा सक्खरको शीतकषाय विधिले कषाय (शीत-काँढापानी) बनाई फेरी केही तताएर सेलाएपछि मह मिसाएर मरिचको धूलो खाएपछि पिउने गर्नू ।

सर्पिर्गुडक

(क) चरक संहिता :

तज्जं वा साधयेत् सर्पिः सक्षीरेक्षुरसं भिषक्॥
जीवकाद्यैर्मधुरकैः फलैश्चाभिषुकादिभिः । कल्कैस्त्रिकार्षिकैः सिद्धे पूतशीते प्रदापयेत्॥
शर्करापिप्पलीचूर्णं त्वक्क्षीर्या मरिचस्य च । शृङ्गाटकस्य चावाप्य क्षौद्रगर्भान्पलोन्मितान्॥
गुडान् गोधूमचूर्णेन कृत्वा खादेद्धिताशनः । शुक्रासृग्दोषशोषेषु कासे क्षीणक्षतेषु च॥

अथवा वैद्यले यस्तो दूधबाट निकालिने घिउलाई दूध र उखुको रस तथा जीवक आदि मधुर गणका (जीवनीय गणका) तथा पेस्ता, मदिसे बदाम, ओखर आदि फल तीन तीन कर्ष धूलो हाली ओखती बनाउनू । पाकेपछि छान्नू । जब सेलाउँदछ तब यसमा सखर, पिप्ला, वंशलोचन, कालो मरिच र सिँगडाको धूलो हाली गहुँकै पीठोमा मिसाउनू । यसपछि एक एक पलका डल्ला बनाउनू । पथ्य खानपिन गर्ने रोगीलाई यी डल्ला खुवाउने गर्नू । यसले वीर्यदोष, रजदोष, सुजन, खोकी, क्षयरोग र छातीको घाउ नाश गर्दछ । (यसलाई सर्पिर्गुडक भनिन्छ) ।

सुकुमेल आदिको प्रयोग

(क) धन्वन्तरिनिघण्टु : अग्निप्रद चूर्ण

सूक्ष्मैला केसरं त्वक् च पत्रं तालीसकं तुगा । पृथ्वीका दाडिमं धान्यं जीरकं च द्विकार्षिकम्॥
पिप्पली पिप्पलीमूलं चव्यचित्रकनागरम् । मरीचं दीप्यकं चैव वृक्षाम्लं साम्लवेतसम्॥
अजमोदाऽजगन्धे च दधित्थं चेति कार्षिकम् । प्रदेयमिह शुद्धायाः शर्करायाश्चतुष्पलम्॥
चूर्णमग्निप्रदं नाम परमं रुचिवर्धनम् । प्लीहाकासामयार्शांसि श्वासं शूलं ज्वरं वमिम्॥
निहन्ति दीपयत्यग्निं बलवर्णकरं परम् । वातानुलोमनं हृद्यं कण्ठजिह्वाविशोधनम्॥

सुकुमेल (सुक्ष्मैला), केसर, दालचिनी (त्वक्), तेजपात (पत्र), सुनपाती (तालीसक), वंशलोचन (तुगा), अलैंची (पृथ्वीका), दारिम (दाडिम), धनियाँ (धान्यम्) र जिरा (जीरकम्) दुई दुई कर्ष (दुई दुई तोला) तथा पिप्ला (पिप्पली), पिप्लाको जरा (पिप्पलीमूलम्), चाभो (चव्य), चितु (चित्रक), अदुवा (नागरम्), मरिच (मरीचम्), ज्वानु (दीप्यकम्), वृक्षाम्ल, अम्लवेत, अजमोदा, अजगन्धा र कैथ (दधित्थम्)गरी एक एक कर्ष (एक एक तोला) तथा मिश्री (शर्करा) सोह्र तोला (चतुष्पल) को धूलो मिसाउनू । यो अति रुचिप्रद धुलोलाई "अग्निप्रद चूर्ण" भनिन्छ । यो धुलोले फियोका रोग, खोकीजन्य रोग, अल्काई, दम, शूल, जरो र वाकवाकी नाश गर्दछ । यसले पाचनशक्ति, बल र वर्ण धेरै नै बढाउँदछ ।

खोकीमा हर्रो आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

प्रस्थोन्मिते यवक्वाथे विंशतिर्विजयाः पचेत् ।
स्विन्ना मृदित्वा तास्तस्मिन्पुराणात्षट्पलं गुडात् ॥
पिप्पल्या द्विपलं कर्षं मनोह्वाया रसाञ्जनात् । दत्त्वाऽर्धाक्षं पचेद्भूयः स लेहः श्वासकासनुत् ॥

एक प्रस्थ जौको काँढापानीमा बीस वटा जङ्गी हर्रो हालेर पकाउनू । हर्रो पाकेर नरम भएपछि त्यसलाई मिचेर पुरानो सखर छ पल, पिप्लाको धूलो दुई पल, प्रशोधित मैनशिला एक कर्ष र रसाञ्जन आधा कर्ष हाली पुनः पकाउनू । चटनी तयार भएपछि आगोबाट निकाल्नू । यो चटनीले दम र खोकी नाश गर्दछ । (यसलाई विजयावलेह वा हरीतकीलेह भनिन्छ) ।

पथ्याशुण्ठीघनगुडैर्गुटिकां धारयेन्मुखे ॥

अथवा हर्रो, सुठो र नागरमोथेको धूलो यसको दोब्बर सक्खरमा पकाएर गोली बनाई मुखमा हालेर चुस्ने गर्नू, दम र खोकीमा फाइदा गर्दछ ।

(ख) गरुडपुराण :

हरीतकी वचा कुष्ठं व्योषं हिङ्गु मनः शिला । कासे श्वासे च हिक्कायां लिह्यात्क्षौद्रं घृप्लुतम् ॥

हर्रो, बोझो, कूट, त्रिकटु र मनशिला मिसाएर पिसी मह मिसाएर खाने गर्नाले खोकी, दम र बाडुली नाश गर्दछ ।

अभयामलकं द्राक्षा पिप्पली कण्टकारिका । शृङ्गी पुनर्नवा शुण्ठी जग्धा कासं निहन्ति वै ॥

हर्रो, अमला, दाख, प्पिला, कण्टकारी, कर्कटशृङ्गी, पुनर्नवा र सुठोको धूलो मिसाएर खाने गर्नाले खोकी नाश हुन्छ ।

(ग) गरुड महापुराण, रसरत्नाकर : हरीतक्यादिमोदकः

हरीतकीकणाशुण्ठीमरिचंगुडसंयुतम् । कासघ्नोमोदकः प्रोक्तस्तृष्णारोचकनाशनः ॥

हर्रो, पिप्ला, सुठो र कालो मरिचको मिसाइएको धूलोमा सक्खर मिसाएर गोली बनाउनू । यो गोली चुस्ने गर्नाले खोकी निको हुन्छ । यसले तिर्खा र अरुचिलाई पनि नाश गर्दछ ।

(घ) चक्रदत्त, रसरत्नाकर : हरीतक्यादिगुटिका

हरीतकीनागरमुस्तचूर्ण गुडेन तुल्यं गुटिका विधेया ।
निवारयत्यास्यविधारितेयं श्वासं प्रवृद्धं प्रबलं च कासम् ॥

हर्रो, सुठो, र नागरमोथेको धूलोमा बरार सक्खर मिसाएर गोली बनाएर मुखमा राखी चुस्ने गर्नाले बढेको दम र बलियो खोकी नाश हुन्छ ।

(ङ) भावप्रकाश निघण्टु :

हर्रोलाई नुनसँग मिसाएर खाए कफ (खोकी) ठीक गर्दछ ।

(च) भावप्रकाश संहिता :

हरीतकीकणाशुण्ठीमरिचं गुडसंयुतम् । कासश्लेष्मापहं प्रोक्तं परं वह्नेः प्रदीपनम् ॥

हर्रो, पिप्ला, सुठो र मरिच पिसेर धूलो बनाई सक्खर मिसाएर खाने गर्नाले खोकी र कफविकार नाश हुन्छ तथा पाचक-अग्नि अति नै बल्दछ ।

(छ) वङ्गसेन आयुर्वेद :

पथ्या शुण्ठीघनगुडैर्गुटिकां धारयन्मुखे । सर्वेषु श्वासकासेषु केवलं वा बिभीतकम् ॥

हर्रो, सुठो, नागरमोथे र सक्खरको धूलो मिसाएर पिसी गोली बनाएर मुखमा लिई चुस्ने गर्नाले सबै खालका खोकी र दम नाश हुन्छ । अथवा बर्रो चुसिरहनाले पनि खोकी र दम नाश हुन्छ ।

बृहदगस्त्यहरीतकी

अभयानां शतं दारु शङ्खपुष्पी मधूलिकाम् । स्वयंगुप्तां पञ्चमूल्यौ द्वे शठीं पुष्कराह्वयम् ॥
पञ्चकोलबला हस्तिपिप्पली साश्मभेदकान् । भार्ङ्गीं पुनर्नवाञ्चैव द्विपलांशां यवाढकम् ॥
पचेत्पञ्चाढके तोये पादशेषं तथोद्धरेत् । विनीय चाभयां तत्र पुनश्चाग्नावधिश्रयेत् ॥
दत्त्वा गुडतुलां तत्र कषाये कुडवं पृथक् । तैलात् पिप्पलिचूर्णाच्च घृतात् क्षौद्रात्तथैव च ॥
पक्त्वा तल्लेहवत् स्थाप्यं घृतभाण्डे विधानतः । पथ्यभुङ् नियताहारः खादेद् द्वे द्वे हरीतकी ॥
हन्याच्च ग्रहणीगुल्मपाण्ड्वर्त्तिविषमज्वरान् । यक्ष्मार्शःप्लीवैस्वर्य्यश्वासकासारुचिक्षयान् ॥
बलवर्णाग्निजननं वलीपलितनाशनम् । रसायनमिदं सिद्धमगस्त्यविहितं मतम् ॥

हर्रो सय वटा, देवदार, शङ्खपुष्पी, मरुईलहरो, काउसोका बीज, दशमूलका ओखती, कचूर, पुष्करमूल, पञ्चकोल, बलु, गजपिप्ला, पाषाणभेद, चिन्डे र पुनर्नवा दुई दुई पल तथा जौ एक आढक पाँच आढक पानीमा हालेर पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । हर्रो झिकेर राख्नू । छानेको काँढापानीमा त्यो हर्रो, सखर सय पल, तेल १६ तोला र पिप्लाको धूलो १६ तोला हालेर पुनः

पकाउनू । लदरो भएपछि झिक्नू । सेलाएपछि १६ तोला मह मिसाएर एउटा घिउ हाल्ने गरेको चिल्लो भाँडामा राख्नू । हरेक दिन यसबाट दुई दुई वटा हर्रो खानू र शरीरले सहने खालको खानपिन गर्नू । यसले ग्रहणी, गुल्म, पाण्डु, विषमज्वर, क्षयरोग, हर्सा, फियोका रोग, स्वरनाश, दम, खोकी, अरुचि र टीबी नाश गर्दछ । यसले बल, वर्ण र पाचनशक्ति बढाउँदछ । उमेर नुपुगी छाला चाउरी पर्ने र कपाल फुल्ने समस्या नाश गर्दछ । यो सिद्ध रसायन अगस्त्य ऋषिले बनाएका हुन् ।

(ज) वैद्यरहस्य :

हरीतकीकणाशुण्ठीमरिचंगुडसंयुतम् । कासघ्नोमोदकः प्रोक्तः परश्चानलदीपनः ॥

हर्रो, पिप्ला, सुठो र कालो मरिचको मिसाइएको धूलोमा सक्खर मिसाएर गोली बनाउनू । यो गोली चुस्ने गर्नाले खोकी निको हुन्छ र पाचक-अग्निलाई बाल्दछ ।

(झ) शार्ङ्गधर संहिता :

अभयामुस्तधान्याकरक्तचन्दनपद्मकैः । वासकेन्द्रयवोशीरगुडूचीकृतमालकैः ॥
पाठानागरतिक्ताभिः पिप्पलीचूर्णयुक्शृतम् । पिबेत्......कास...नुत् ॥

हर्रो, नागरमोथे, धनियाँ, रक्तचन्दन, पैयुँ, असुरो, इन्द्रजौ, खस, गुर्जो, राजवृक्ष, गानेगुर्जो, सुठो र कुटकीको काँढालाई पिप्लाको धुलो मिसाएर पिए खोकी ठिक गर्दछ ।

(ञ) सुश्रुत संहिता :

पथ्यां सितामामलकानि लाजां समागधीं चापि विचूर्ण्य शुण्ठीम्
सर्पिर्मधुभ्यां विलिहीत कासी ससैन्धवां वोष्णजलेन कृष्णाम् ॥

खोकीका रोगीले हर्रो, मिश्री, अमला, लाजा, पिप्ला र सुठोको धूलो मह र घिउमा मिसाएर चाट्ने गर्नू । पिप्ला र सिँधेनुनको धूलो तातोपानीसँग पिउनू । खोकी निको हुन्छ ।

हिङ आदिको प्रयोग

(क) वैद्यरहस्य :

दरदं मरिचं मुस्तं टङ्कणं च समं विषम् । जम्बीरादिश्च सम्मर्द्य कुर्यान्मुद्गनिभां वटीम् ॥
आर्द्रकस्य रसेनैव कासं श्वासं व्यपोहति ॥

हिङ, कालो मरिच, नागरमोथे, स्वाग र विष (वत्सनाभ) बराबर लिई सबैलाई ज्यामिर आदिको रसमा पिसेर मुगीका दानाजत्रा गोली बनाउनू । हरेक दिन एक एक गोली अदुवाको रससँग खाने गर्नू । खोकी र दम नाश हुन्छ ।

(ख) सुश्रुत संहिता :

कोलप्रमाणं प्रपिबेद्धि हिङ्गु सौवीरकेणाम्लरसेन वाऽपि ।

खोकी लाग्दा एक कर्ष हिङ काँजी वा बिमिरोको रसमा हालेर पिउनू ।

हिङ्गुल आदिको प्रयोग

(क) भैषज्य रत्नावली : कासकुठार

हिङ्गुलं मरिचं गन्धं सव्योषं टङ्कणं तथा । द्विगुञ्जामार्द्रकद्रावैः सन्निपातं सुदारुणम् ॥
कासं नानाविधं हन्ति शिरोरोगं विनाशयेत् ॥

हिङ्गुल, मरिच, शुद्ध गन्धक, त्रिकटु र स्वाग बराबर लिई अदुवाको रसमा पिस्नू र दुई दुई रत्तीका गोली बनाउनू । यो ओखती खाने गर्नाले कडाखालको सन्निपात, अनेक प्रकारका खोकी र टाउकाका रोग नाश गर्दछ ।

(ख) रसरत्नाकर : कालान्तकोरसः

हिङ्गुलं मरिचं व्योषं टङ्कणं गन्धकं समम् । जम्बीररससंयुक्तं मर्द्दयेद्याममात्रकम् ॥
कासं श्वासमतीसारं ग्रहणी सान्निपातिकम् । अपस्मारामयं मेहमजीर्णं चाग्निमान्द्यताम् ॥
गुञ्जामात्र प्रदानेन सर्वं नाशयति क्षणात् ॥

हिङ्गुल, मरिच, त्रिकटु, स्वाग र गन्धक बराबर लिनू । ज्यामिरको रसमा एक प्रहरसम्म भिजाउनू र घोट्नू । यो ओखती एक एक रत्तीका दरले खाने गर्नाले चाँडै खोकी, दम, छेरपटी, ग्रहणी, सन्निपातजन्य छारेरोग, प्रमेह, अजीर्ण र कमजोर पाचनशक्तिको रोग नाश गर्दछ ।

नोट : पारो मिश्रित एक खनिज पदार्थलाई हिङ्गुल भनिन्छ ।

॥ समाप्त ॥

केही शब्द र अर्थ
(यसको सङ्कलन र सम्पादन नसकिएपनि यहाँ राखिदिएको छु)

अँडिर :- सातकुने पात भएको, झुप्पामा फल लाग्ने, रातो वा सेतो डाँठ भएको, फूलबाट तेल निकालिने र पातचाहिँ रेसमका कीरालाई खुवाइने एक जातको बोट । त्यसै वनस्पतिको फल । Castor-Oil plant.

अगस्ति :- पन्ध्र बीस हात अग्लो हुने, माटोभैं फुस्रो बोक्रा हुने, सेतो काठ सेता भेट्ना र फिक्का गुलाफी रङको टुप्पा हुने, एक हात लामा कोसा लाग्ने, चार अमल जति लामा चेप्टा खालका घुम्रिएका फूल कार्तिक वा मंसिर महिनामा फुल्ने र फूलको अचार वा तरकारी खाइने एक किसिमको रुख । यसका सेता, राता, पहेंला र काला गरी चार प्रकारका फूल हुन्छन् र यसैका आधारमा यसलाई चार प्रकारका मानिएको छ । यसको फूललाई बकपुष्प भनिन्छ । मुनि । Wisteria tree.

अङ्गुर :- पातलो मिही चिल्लो बोक्रा भएको, ससाना सेता फूल फुल्ने, फिक्का पहेँलो रङ हुने दानादार झुप्पे फल फल्ने एक जातको लहरो; त्यसै खाइने वा रसबाट द्राक्षासव, चिनी, रक्सी आदि बनाइने, त्यसैको फल; दाख । Grape.

अजमोदा :- धनियाँका छाँटको पात हुने, मसिना झुप्पाकार फूल फुल्ने, ज्वानुजस्तै फल हुने एक झार; जङ्गली ज्वानु । Celery fruit.

अतिबलु :- सुठुनीका जस्ता हरिया र चिल्ला पात हुने, गुन्ठुनिएको लहरो भुईंमा लत्रिएर बढ्ने, सेता र पहेँला रङका ससाना फूल फुल्ने र औषधिका निम्ति प्रयोग हुने एक जातको लहरो । यो बलु जातिको एक झार विशेष हो तथा सानो र ठूलो गरी दुई किसिमको हुन्छ । सानो अति गर्मी स्थानमा हुन्छ, बिरुवामा दुई हातको र हुर्केपछि पाँच हात अग्लो बोट हुन्छ । गुर्जोका जस्तै तर किनारा काटिएका पात हुन्छन् भने केही घुम्रिएका र बाटुला फल हुन्छन् । ठूलोका पात, फूल, फल र बोट समेत ठूलो हुन्छ । Country mallow.

अजयपाल :- काभ्राका जस्ता पात हुने, हरियो फूल फुल्ने, खैरो रङको फल फल्ने एक वृक्ष वा त्यसैको फल; जमालगोटा । Wild croton.

अतिसार :- खाएका कुरा नपची पातलो दुर्गन्धी दिसा भइरहने रोग; आउँको रोग । यसका कफजन्य, वातजन्य, पित्तजन्य, आमजन्य, सन्निपातजन्य र शोकजन्य गरी छ किसिम हुन्छ । यो रोगमा सामान्यतः आमाशय सुन्निएर खाएको कुरा नपची पातलो दिसा र डकार आइरहन्छ, अमन हुन्छ र शरीर लखतरान भएर गल्दछ । Diarrhea.

अदुवा :- झण्डै हलेदो जस्तो बोट र पात भई भुईंमनि पिरा गाना फल्ने एक वनस्पति; मसला वा औषधिमा प्रयोग हुने यसैको गानु । Ginger.

अनन्तमूल :- बाटुलो र तीखो टुप्पो भएको पात हुने, मन्दाग्नि अरुचि, दम, खोकी र विषको दोष आदिको उपचारका निम्ति प्रयोग गरिने कालो वा सेतो रङ्गको एक थरी पोथ्रो; सहदेवा बूटी । Sarsaparilla.

अनुपान :- खाना वा ओखती खाएपछि त्यसलाई पचाउन लगत्तै पिइने पेय पदार्थ । A drink taken with or after medicine or food.

अनुलोमन :- कब्जियत भएर पेटभित्र रहेको मल वा रोकिएको मूत्रलाई खुकुलो बनाई आन्द्राभुँडी सफा गर्दै तलतिर धकेलेर दिसापिसाब मार्फत बाहिर निकाल्ने औषधी । जस्तै : हर्रो । Regular gradation, sending or putting in the right direction.

अनूप :- सिमसार क्षेत्र, पानी धेरै हुने स्थान वा देश । Having water near the surface or land.

अपराजिता :- केराउका जस्ता कोसा हुने र सेतो वा नीलो फूल फुल्ने एक खालको लहरो । सेता फूल फुल्नेलाई गिरिकर्णिका र नीलो फूल फुल्नेलाई विष्णुक्रान्ता भनिन्छ । Blue pea.

अभिष्यन्दी :- थलथले गुणले गरुङ्गोपनबाट रस निकाल्ने चौबीस थरी शिरा नामका नसाहरू थुनेर शरीरलाई भारी (गरुङ्गो) बनाउने द्रव्यलाई अभिष्यन्दी द्रव्य भनिन्छ । अथवा शरीर भित्र कफ बढाउने पदार्थ ।जस्तैः रातको दही । Substances which cause obstruction to srotas and are slimy & heavy in nature; e. g. Curd.

अभ्रक :- आगाले नजल्ने पारदर्शी र पत्रेदार खनिज पदार्थ विशेष, अभ्रख, अब्रक । Talc Glimmer.

अमला :- अमिलीका जस्ता मसिना पात हुने र गोलाकार फल फल्ने बोटविशेष । त्यसैको फल; आमलक । Emblic myrobalan.

अमिली :- साना मसिना पात हुने र लामा कोसादार अमिलो फल फल्ने ठूलो जातको रूख; त्यसैको फल; तित्री । Tamarind Tree.

अम्फीफल :- काभ्राका जस्ता पात हुने, ससाना पहेँला रङका फूल फुल्ने र राता रङमा सेता धर्सा भएका फल फल्ने काँडादार एक वृक्ष, त्यसैको फल । असारे । Tlebid Alu Retis.

अम्लवेत :- सहस्रवेधिन्, चुक्र आदि शब्दले अम्लवेतलाई बुझाउँदछ । अम्लवेत शब्दले कोही शङ्खत्रो लिन्छन् , कोही जल्लीबीर लिन्छन्, कोही पदमचाल्नु लिन्छन् । अम्लवेतका पर्याय शब्द देखाउँदा आयुर्वेदीयनिघण्टुमा फलाम्लः, शङ्खद्रावी, मांसद्रावी इत्यादि शब्द लेखेको देखिनाले शङ्खद्रावीको अपभ्रंश हुँदा-हुँदा शङ्खत्रो बन्न गएको हो भन्न पनि सकिन्छ । त्यसमा पनि शङ्ख गलाउनु, मासु गलाउनु इत्यादि गुण देखिन्छन् । यिनै गुण जल्लीबीरमा पनि पर्याप्त देखिन्छन् । अब यी दुईमा विनिगमना (निश्चय गराउने सबुती) नदेखिएपछि अम्लवेतस शब्दले स्पष्ट बुझिने अर्थ (वेतको आकार भएको अमिलो वस्तु) लाई लिएर पदमचाल्नु ठहराउनु अति उचित हुनेछ । कुनै निघण्टुमा ‘भोटदेशे प्रसिद्धः’ यस्तो पनि लेखिएको छ । शङ्खत्रो, जल्लीवीर अन्यत्र पनि पाइन्छ । (पदमचालको स्थानीय नाम केञ्जो हो पनि भनिन्छ) । Citrus.

अरोचक :- अन्न मन नपरी तृप्ति (पेट भरिनु) भएजस्तो अनुभव हुनुलाई “अरोचक” भनिन्छ ।

अलैंची :- एला, ऐन्द्री, कन्या, चन्द्रबाला, निष्कुटि, निष्कुटी, पृथ्वीका, वहुला ।

अल्काई (रोग) :- गुदद्वारको भित्रपट्टि खटिरो आई रगत बग्ने रोग । अर्श, अलकाई, गदगुदज, गुदाङ्कुर, दुर्नामक, दुर्नाम, हर्सा ।

अशोक :- अशोक, वञ्जुल ।

अश्वगन्धा :- लाम्चा पात र खैरो प्यूठाने मूलाकाभैं कन्द हुने एक जातको बूटी वा त्यसैको कन्द । अवरोहक, अश्वकन्द, अश्वगन्धक, अश्वगन्धा, अश्वगन्धिका, अश्वावरोहक, अश्वावरोहका, ऋक्षगन्धा, एलापर्णी, कञ्चुका, कञ्चुकी, कटुका, कम्बुका, कम्बुकाष्ठा, कामरूपिणी, कालकर्णी, कालप्रियकरी, कुलाङ्गना, कुष्ठगन्धा, कुष्ठगन्धिनी, गन्धपत्री, गन्धा, गोकर्ण, घोडालाई बुझाउने शब्दका अन्तमा गन्ध शब्द जोडिएका शब्द, तुरगगन्धा, तुरगी, तुरङ्गाह्वा, पलाशपर्णी, पीता, पीवर, पीवरा, पुण्या, पुत्रदा, पुष्टिदा, बहुगन्धा, बर्हिपिच्छ, बलदा, बल्या, भूतवल्ली, मारुतघ्नी, लोककर्णी, वनजा, वरगात्रकरी, वरदा, वराह, वराहकर्ण, वराहकर्णी, वराहपत्री, वराहिका, वाजिगन्धा, वाजिनी, वाजीकरी, वाजीगन्धा, वातघ्नी, वाराहकर्णी, वृषा, व्रणोज्झित, शिष्टगन्धा,

श्यामला, हयगन्धा, हय शब्दका पर्यायवाची शब्द, हयप्रिया, हया, हयाह्वया, हयाह्वा र हयी । Winter cherry.

अष्ठीला :- मूत्राशयमा गाँठा पलाएर मूत्रत्यागमा अवरोध हुने एक रोग (प्रोस्टेट ग्ल्याण्ड) ।

असुरो :- अटरूष, अट्टरूषक, आटरूषक (हा.सं.), वाजिदन्तक, वासक, वासा, वाशिका, वासिका, वैद्यमातृ, वृष, सिंहास्य, सिंहिका, सिंही । आटरूषक । Malabar Nut.

आँक :- अर्क, अर्कपर्ण, अर्काह्व, आस्फोट, आस्फोत, गणरूप, मन्दार, रवि, वसुक, वसूक, विकिरण, विकीरण ।

आध्मान :- पेट फुल्ने एक रोग, अपानवायु रोकिनाले छालाको थैलो फुले जसरी पेट फुल्ने रोग ।

आनाह :- पचेर अथवा नपची दूषित भएको मलमूत्र पेटमा रोकिएर हुने रोग ।

आम :- खाएपिएका कुरा पचेपछि बन्ने रस । सामान्यतः “आम” पनि रसै हो तर आहार राम्ररी नपाकी वा नपची बनेको रस हो (शार्ङ्गधर) ।

आमदोष :- कमजोर पाचनशक्तिका कारण शरीरमा नपचेका खानेकुरा सडेर बन्ने विषालु तत्व ।

आमवात :- आमरस वा आउँका कारण हुने जोर्नी दुख्ने वातरोग ।

आमातिसार :- आउँ सहितको छेरपटी ।

आस्थापन वस्ति :- विभिन्न औषधीको काँढापानी बनाई त्यो काँढापानीलाई छदाउन वा दिसा पिसाब गराउन प्रयोग गर्ने विधि ।

इक्षुबालिका :- एक जातको उखु । तालमखाना । काँस ।

इन्द्रेनी लहरो :- ऐन्द्री ।

अतीस (सेतो) :- । Atees.

अतीस (विशेष) :- अविषा, प्रतिविषा, प्रत्युपविषा, श्वेतरक्तविषा,

अतीस (कालो) :- अतिसारघ्नी, आर्द्रा, उपविषा, उपविषाणिका, कृष्णा, घुणप्रिया, घुणा, पित्तवल्लभा, प्रतिविषा, बालरोगनाशिनी, भङ्गुरा, माद्री, लघुप्रिया, विरूपा, विश्वा, विषदा, विषामाद्रिक, विषा, शृङ्गिका, शृङ्गीका, शृङ्गी, श्यामकन्दा, श्वेता, सितारुणा,

उदावर्त :- अपानवायु माथितिर सरी मलमूत्रलाई पनि माथिमाथि तान्ने पेटको रोग । अपानवायु, दिसा, पिसाब, हाई आँसु, हाच्छिउँ, डकार, बान्ता, शुक्र, भोक, तिर्खा, निःश्वास र निद्रा आउन लाग्दा जबरजस्ती रोक्ने गरे यो रोग लाग्दछ । रोग लागिसकेपछि दिसा, पिसा र अपानवायु बन्द हुन्छ । पेट कराउने गर्दछ । शरीर कमजोर भई दुख्न थाल्दछ ।

उन्माद :- पागलपन, कडा रिस, मानसिक रोग ।

उशीर (खस) :- गण्डदूर्वा, जल, वीरण, वीरतर, वीरतरु ।

उष्णवीर्य :- (अष्टाङ्ग हृदय) द्रव्यमा हुने गुण विशेष । उष्ण वीर्यले भ्रम पैदा गर्ने, तिर्खा लगाउने, हर्ष नाश गर्ने, पसिना निकाल्ने, डाह गर्ने तथा खाएको कुरा वा घाउआदि चाँडै पकाउने काम गर्दछ । यसले वात र कफ दोषलाई शान्त पार्दछ ।

ऊरुस्तम्भ :- तिघ्रा शिथिल हुने रोग, आढ्यवात ।

ऊर्ध्ववात :- धेरै डकार आउने रोग ।

ऐण :- कृष्णसार मृग ।

ऐरेलु :- **Colocynth.**

ओदाने काँडो :- Land caltrops, Devil’s thorn, Goat head, Puncture vine, Small caltrops, Caltrops.

ओल :- अर्शोघ्न, कन्द, शूरण, सूरण । **Elephant foot.**

औषधी विशेष (काञ्जिक) :- अवन्तिसोम, आरनालक, काञ्चिक, काञ्जिक, काञ्जी, कुञ्जल, कुल्माष, कुल्माषाभिषुत, धान्याम्ल, सौवीर । पानीमा रायो, नुन आदि हाली बनाइएने औषधी विशेष ।

कटसरैया (पहेंलो) :-	कुरण्टक ।
कण्टकारी :-	धावनी, सिंहिका,
कत्तृणः-	नेपाले उशीर वा कुशजस्तो पिर्रे, हरकट्टा ।
कदम :-	कदम्ब, नीप, प्रियक, हलिप्रिय ।
कपुर :-	। Camphor laurel, Camphor Tree.
कपुरहलेदो :-	कर्चूर, कर्वुर, कर्वूर, गन्धपलाश विशेष, गन्धमूली, पलाश, शठी, षड्ग्रन्थिका । यो औषधी हलेदो जस्तो हुन्छ र छ गाँठा हुन्छन् ।
कब्जियत :-	पेटमा मल रोकिएर बस्ने रोग विशेष (आनाह) । विलम्बिका ।
करम :-	गर्मी प्रदेशमा पोखरी वा तलाउमा उम्रने, सखरखण्डको जस्तो पात, खोक्रो डाँठ र सेतो फूल हुने एक साग; करमी । कलम्बिका, कलम्बी, कालशाक ।
करवीर (कँडेल) :-	। **(Common oleander).**
करील :-	करीर, क्रकर, ग्रन्थिल, तीक्ष्णकण्टका ।
करेलो :-	कटीलक, कठिल्लक, कारवेल्ल, वेल्ल, सुशवी, सुषवी, सुसवी ।
कर्कटी (समुद्रकर्कटी) :-	करज, चक्रकारक, व्याघ्रनख, व्याडायुध, व्यालायुध ।
कऱ्याङकुरुङ :-	कङ्क, कुरर, कुलिङ्ग, क्रुञ्च, क्रौञ्च ।
कल्क :-	कुनै नरम वा सुकेको ओखतीलाई पानी मिसाई पिसेपछि बन्ने धुलो वा लेदो । क्रक ।
कल्छे लहरोः-	काकोली । दूध कल्छे लहरो-क्षीरकाकोली । पयस्या ।
कवई :-	काकमाचिका, काकमाची, मत्स्याक्षी, वायसी ।
कषाय : काँढापानी ।	
काँक्रो (गोलकाँक्री) :-	तुण्डिकेरी, तुण्डी, तुण्डीकेशी, पीलुपणी, बिम्बिका, बिम्बी, रक्तफला ।
काँस :-	इक्षुगन्धा, काशम्, काशः, पोटगल ।
काउछो :-	अजहा, अव्यण्डा, आत्मगुप्ता, ऋष्यप्रोक्ता, कण्डुरा, कण्डूरा, कपिकच्छु, कपीकच्छु, कपि (पी)कच्छू, चण्डा, जहा, प्रावृषायणी, मर्कटी, वानरी, व्यण्डा, शूकशिम्बि, शूकशिम्बी, स्वयंगुप्ता । **Cowhage.**
कान्तिसारलौह :-	जुन फलामे भाँडोमा राखेको पानीमा तेल पर्दा फैलिँदैन, तातेको भाँडामा फुराएको हिङमा गन्ध आउँदैन, नीमको रस पर्दा गुलियो बन्दछ, दूध तताउँदा उम्लेर जाँदैन, पानी राखेर चना भिजाउँदा कालो हुन जान्छ, यस्तो गुण भएको फलामलाई कान्तिसारलौह भनिन्छ । कान्तम् ।
काफल :-	कट्फल, कुमुदिका, कुम्भी, कैडर्य, श्रीपर्णिका, श्रीपर्णी ।
कालीकाठ :-	अमोघा, कृमिघ्न, चित्रतण्डुला, तण्डुल, तन्दुल, वरा, वायुविडङ्ग, विडङ्ग, वेल्ल ।
किसमिस :-	प्रायः बीज नहुने सुकेको मीठो दाख; सानो दाख । क्षुद्रद्राक्षा, निर्वीजद्राक्षा ।
कुट :-	कुष्ठ, बुटी विशेष ।
पिर्रे :-	झुप्पा झुप्पा पात लाग्ने, नीलो फूल फुल्ने र कालो फल फल्ने एक भुइँझार वा त्यसको डाँठ अथवा जरा, कटुकी, पिरिया, कतरा । Picrohiza root, Hellebore.
कुबेराक्ष :-	करज, करञ्ज, करञ्जक, चिरबिल्ल, चिरिपबल्व, नक्तमाल, नक्ताह्व, रक्तमाल ।
कुभिण्डो :-	कर्कारु, कूष्माण्डक ।
कुभिण्डो (भुइँकुभिण्डो) :- विदारी ।	
कुरिलो :-	Hundred Husbands.
कुसुम :-	कुसुम्भ, ।
कुश :-	कुथ, कुश, दर्भ, पवित्र ।
	अप्रसूनाः स्मृता दर्भाः प्रसूनास्तु कुशाः स्मृताः-नफुलेको वा सानो जातको कुशलाई दर्भ भनिन्छ भने फुलेको कुशलाई कुश भनिन्छ (श्राद्धमञ्जरी) ।

कुष्ठ :- । Saussurea lappa, Costus, Kuth root.

केसर :- अग्निशिख, काश्मीरजन्मन्, कुङ्कुम, कुसुम्भ, धीर, पिशुन, पीतन, बकुल, रक्त, लोहितचन्दन, वर, वाह्लिक, वाह्लीक, सङ्कोच ।

कैथ :- कपित्थ, कबित्त्थ, ग्राहिन्, दधित्थ, दधिफल, दन्तशठ, पुष्पफल, मन्मथ ।

कोइरालो :- कोविदार, कुद्दाल, चमरिक, युगपत्रक ।

कोदो :- काद्रव, कोद्रव, कोरदूष ।

कौवाठोरी (काकचुचे) :- काकनासिका, काकाङ्गी ।

क्लम :- कुनै परिश्रम नगर्दा पनि शरीर थाकेर मन खिन्न हुनु ।

क्लेद :- **रगतमा कालोपन हुनु, गनाउनु र तनुत्व (पातलोपन ?) हुनुलाई “क्लेद वा रक्तक्लेद” भनिन्छ । मासुमा कालोपन हुनु र गनाउनुलाई “मांसक्लेद” भनिन्छ ।**

क्षतक्षीण :- धेरै परिश्रम वा मैथुनका कारण छाती भित्रको रस वा मासु सुक्ने रोग ।

क्षवथु :- हाच्छिउँ आइरहने एकप्रकारको नाकको रोग ।

खजुर :- खजुर, खजूर, खर्जूर । खजुर (गुलियो) :- मधुरा ।

खमारी :- कम्भारी, काश्मरी, काश्मर्य, गम्भारी, भद्रपर्णी, मधुपर्णिका, श्रीपर्णी, सर्वतोभद्रा । महाभद्रा ।

खयर :- अज्भ्फ, अरुचिकृत्, कण्टकी, कण्टकिद्रुम, कण्टाद्य, कण्टी, कदर, कदिर, कषायपुष्पक, कषायफल, काम्बोजीपत्रक, कार्मुक, कालस्कन्ध, कुञ्जकण्टक, कुटिलकण्टक, कुष्ठघ्न, कुष्ठारि, कृमिघ्न, खदिर, खाद्य, गलरोगनुत्, गायत्री, गीत, गीता, गीति, गोरड, गौराट, जिह्मशल्य, तिक्तसार, दन्तधावन, द्विजप्रिय, नेमिवृक्ष, पत्री, पथिद्रुम, बहुशल्य, बहुशालक, बहुसार, बाल, बालतनय, बालपत्र, बालपत्रक, मरुद्भव, महावल्क, महावृक्ष, महासार, मार्गवृक्ष, मेदोघ्न, मेध्य, यज्ञाङ्ग, यज्ञिय, याज्ञिक, यूपवृक्ष, रक्तसार, रोहिणी, वक्रकण्ट, वक्त्र, शल्य, शल्यक, श्याम, श्यामसार, श्वेतसार, सकण्टक, सारक, सारद्रुम, सारशल्य, सित, सुकण्टकी, सुशल्य, सुसार, सोम, सोमवल्क, सोमवल्कल, संवरण, होमतरु, होमवृक्ष, क्षतक्षम, क्षतिक्षाम, क्षमा, क्षमी, क्षिति, क्षिती, क्षितिद्रुम र क्षितिक्षय । Cutch tree.

खयर (कत्था) :- अखादिर, खदिरसार, खदिरोद्भूत, खादिर, तत्सार, रङ्ग र रङ्गद ।

खरी :- अर्जुन, अर्जुनका पर्यायवाची शब्द, इन्द्रतरु, इन्द्रदु, इन्द्रसाह्व, इन्द्रसूनु, ककुध, ककुभ, कर्णारि, कीकीटविजया, किरीटी, कुरुवीरक, कृष्णसारथि, कौन्तेय, गाण्डीवी, चित्रयोधी, जघनच्छदन, जयोसितकेशुव्रणात्, देवसाल, धनञ्जय, धन्वी, धवल, धूर्तपादप, धूर्तभूरुह, नदीज, नदीसर्ज, पाण्डव, पार्थ, पुष्पफल, पृथाज, फाल्गुन, फाल्गुन अर्थात् अर्जुनका पर्यायवाची शब्द, मधुगन्ध, माधुगन्धिकपुष्पक, राल, वीर, वीरतरु, वीरद्रु, वीरान्तक, वैकान्तक, वैरान्तक, शक्रतरु, शठद्रुम, शम्बर, शिवमल्लक, श्रीफलसञ्ज्ञ, श्वेतवाह, सर्पण, सव्यसाची, साल, सालसार, सेव्य, हीन, हीनपुष्प, क्षत्रियोधी । **Arjuna myrobalan,** White murdah**.**

खोस्रेटो :- काकोदुम्बरि, काकोदुम्बरिका । **(Wild Fig)**

गँगटो :- कर्कट, कुलीर ।

गन्धक :- **(Sulphur)**

गलग्रह : कफ बढेर सास फेर्न असजिलो पार्ने घाँटीको एक रोग ।

गलशुण्डिका :- किलकिले वा लिगलिगे सुन्निने घाँटीको रोग ।

गहत :- कुलत्थिका, कुलाली, कुल्माष, चक्षुष्या ।

गहुँ :- गोधूम, सुमन ।

ग्रहणी- जठराग्निको आधार भएकी नाइटोभन्दा केही माथि ग्रहणी (खानपिन ग्रहण गर्ने) एउटा नाडी हुन्छे । यिनको काम नपचेको कुरा पचाई मलमूत्र मनाएर शरीर बाहिर निकाल्नु हो । यो नाडीमा कुनै विकार भई खाएपिएको नपची बाहिर निस्कने वा पचेपनि पटकपटक गेरेर बाहिर निस्कने रोगलाई ग्रहणी भनिन्छ । अन्य अर्थ : खाएको चिजमा बोसे आन्द्रोले गर्नुपर्ने काम गर्न नसक्दा हुन जाने पेटको रोग । यसले पेट फुल्ने, दुख्ने, दिसा लागिरहने र भोक नलाग्ने समस्या हुन्छ ।

गानुगोला (रोग) :- गुल्म । (क) नसा सुन्निएर गाँठो पर्नु । (ख) वात आदि दोषले छाती वा पेटमा हुने हावाको गोला पर्ने रोग । वात, कफ, पित्त आदिका विकारबाट पेटभित्र वायुको गोला जम्ने रोग; वायुरोग; गानुगोला ।

गानेगुर्जो :- अम्बष्ठा, अम्बालिका, अविद्धकर्णी, एकाष्ठीला, पाठा, पापचेली, प्राचीना, रसा, वनतिक्तिका, विद्धकर्णी, श्रेयसी, स्थापनी, ।

गिठो (वाराही कन्द) :- गृष्टि, घृष्टि, वदरा, वराहकन्द, वाराही, विष्वक्सेनप्रिया ।

गिनेरी :- अग्निमन्थ, कणिका, गणकारिका, गणिकारिका, जय, जयन्ती, श्रीपर्ण ।

गुनाभा :- ऋषभ, लाङ्गुली, वृष, शृङ्गी । हिमालयतिर पाइने लसुनको जस्तो कन्दहुने, निर्बलिया ससाना पात हुने गोरुको सिङजस्तो बोट हुने बुटी विशेष ।

गुनाभा (कर्कटशृङ्गी विशेष)-कूर्चशीर्ष, जीवक, मधुरक, शङ्ग, शिखरी, शृङ्ग, ह्रस्वाङ्ग । हिमालयतिर पाइने लसुनको जस्तो कन्दहुने, निर्बलिया ससाना पात हुने कुचोजस्तो बोट हुने बुटी विशेष ।

गुनालु (बलुविशेष) :- गाङ्गेरुकी, झषा, नागबला, ह्रस्वगवेधुका ।

गुन्यौं मधुरा :- अग्निशिखा, लाङ्गलिकी ।

गुर्जो :- अमृता, कुष्ठ, गुडूची, छिन्नरुहा, छिन्ना, जीवन्तिका, तन्त्रिका, मधुपर्णी, लक्ष्मणा, वत्सादनी, वरा, विशल्या, सोमवल्ली ।

गोकुलधूपको रुख :- उलूखलक, कुम्भ, कुम्भीसार, कुम्भोलू, कुम्भोलूखलक, कौशिक, खलक, गुग्गुल, पुर, श्रीवास ।

गोखुर (सानो ओदाने काँडो)- इक्षुगन्ध, कण्टफल, कण्ठी षडङ्ग, क्षुद्रक्षुर, क्षुर, गोकण्टक, गोक्षुरक, चणद्रुम, त्रिकण्टक, पलङ्कषा, बहुकण्टक, भक्षटक, वनशृङ्गाट, श्वदंष्ट्रा, स्थलश्रृङ्गाट, स्वादुकण्टक ।

गोरखमुण्डी :- अलम्बुषा, मुण्डी, शशमुण्डी । श्रावणी,

गोरोचन :- रोचनम्, रोचना ।

गोहोरो :- गोधा, गोधेय, गौधार, गौधेर,

ग्रहणी (रोग एवं अङ्ग) :-पाचक (खाएको अन्न जल पचाइदिने) अग्नि (जठराग्नि) को आधार भएकी नाभिस्थानभन्दा केही माथि ग्रहणी नाम भएकी (अन्न-जल ग्रहण गर्ने) नाडी रहन्छे । त्यो नाडीले अपक्व अन्न-जल लिएर पक्व गराई मल-मूत्ररूपमा परिणत पारेर अधोमार्गद्वारा निकालिदिन्छे । त्यस नाडीमा दोष सञ्चय हुन जाँदा खाएको अन्न-जल अपक्व नै निस्कन लाग्दछ अथवा पक्क्व भइगयो भने पनि धेरै पटक गरी निस्कन लाग्दछ । यस्तो रोगलाई ग्रहणीरोग भनिन्छ । ग्रहणीरूज्, प्रवाहिका ।

ग्लानि :- थकाइ, सुस्तता, अरुचि, घिन, पछुतो, मानसिक कष्टबाट हुने लाचारीको दुःख ।

घिउकुमारी :- कन्या, कुमारी, तरणि, सहा ।

घिरौंलो :- कोशातकी, घोषक, धामार्गव ।

घिरौंलो (पाटे) :- कोशातकी, महाजाली । कृतवेधना ।

घिरौंलो (झुसे) :- देवदाली ।

घोडतापे्र :- मण्डूकपर्णी, मत्स्याक्षी, मीनाक्षी, वरा (सानो पात हुने), सुवर्चला ।

चठेल :- देवी, नारक, वन्ध्याकर्कोटिका, वन्ध्याकर्कोटिकी, वरा (विषकण्टकिनी, फल नफल्ने चठेल) ।

चना :- चण, चणक, हरिमन्थ, हरिमन्थक ।

चन्दन (श्रीखण्ड) :- गन्धसार, चन्दन, भद्रश्री, मलयज ।

चन्दन (विशेष फरक फरक)- गोशीर्ष, तैलपर्णिक, हरिचन्दन ।

चन्दन (रक्त) :- कुचन्दन, तिलपर्णी, पत्राङ्ग, रक्तकाङ्ग, रक्तचन्दन, रञ्जन ।

चन्दन (गोपी) :- सुराष्ट्रजा ।

चन्दन (विशेष) :- पतङ्ग, बकचन्दन ।

चमेली :- जाति, जाती, मालती, सुमनस्, सुमना ।

चमेलीको फूल :- चम्बेली, मालती ।

चरीअमिलो :- अम्बष्ठा, अम्ललोणिका, अम्ला, चाङ्गेरी, चुक्रिका, दन्तशठा ।

चाँदी :- खर्जूर, तार, दुर्वर्ण, रजत, रुप्य, श्वेत ।

चाँपको फूल :- नागपुष्प, सुवर्णपुष्प ।

चाँभा :- चविक, चविका, चव्य, चव्या ।

चाभा :- कटुवल्ली, कपिवल्ली, करिपिप्पली, कोलवल्ली, गजकृष्णा, गजपिप्पली, चाबो, चाभो, तेजनी, तेजवती, तेजस्विनी, तेजोह्वा, पुष्करमूल, वशिर, वसिर, श्रेयसी, सूर्यावर्त ।

चिउरी :- इङ्गुदी, तापसतरु ।

चितू :- Ceylon leadwort, White flowered leadwort, White leadwort.

चिराइतो :- अनार्यतिक्त, किरातक, किराततिक्त, कैरात, भूनिम्ब ।

चिरौंजी :- धनु, धनुपट, धनुष्पट, पट, पियाल, प्रियाल, राजातन, राजादन, सन्नकद्रु ।

चुक अमिलो :- चुक्र, तितिडि, तितिडीक, तिन्तिडीक, वृक्षाम्ल ।

चुत्रो :- कटङ्कटेरी, कालेयक, कालीयक, दारुहरिद्रा, दार्वी, पचम्पचा, पचम्बचा, पर्जनी, पीतद्रु, हरिद्रु । Indian barberry, Tree turmeric, Nepal barberry.

छगडा :- खर्जूरी ।

छतिवन :- विशालत्वच्, विषमच्छद, शारद, शारदी, सप्तच्छद, सप्तपर्ण ।

छारेरोग :- अपस्मार, अपस्मृति, मृगी ।

छिउँके झार :- छिक्किका । शार्ङ्गेष्टा ।

जटामसी :- Spikenard, Indian Nard, Nardus root, Indian nara, Musk root, Indian valerian, Indian Spikenard

जठराग्नि :- आयुर्वेद अनुसार तीन थरी अग्निमध्ये नाइटो र मुटुको बीचमा रही पित्तरूपले खाएको कुरा पचाउने अग्नि ।

जवाखार :- यावशूक, यवशूक

जाइफल :- जातिकोश, जातीकोश, जातिकोष, जातीकोष, जातीपत्री, जातिफल, जातीफल, शालुकम् ।

जामुनाको फल :- जम्बु, जम्बू, जाम्बव ।

जिम्बु :- हिङ्गुपत्री ।

जिभ्रे (जभ्रेटो) :- दर्विका, दार्विका, गोजिह्वा ।

जिरा :- अजाजी, कणा, जरण, जीरक ।

जिरा (कालो) :- उपकुञ्चिका, कारबी, कारवी, काला, पृथु, पृथ्वी, सुषवी ।

जिरीको साग :- जीवनी, जीवनीया, जीवन्ती, जीवा, जीवन्तीशाक, मधुस्रवा ।

जीर्णज्वर :- आएको १२ वा २१ दिन भइसकेको जरो ।

जीवनीयगण : **जीवक, ऋषभक, मेदा, महामेदा, कल्छे लहरो, दुधे कल्छेलहरो, वनमास, वनमुगी, जीवन्ती र जेठीमधु : यी जीवनीय गणका पदार्थहरू हुन् । जीवनीय गणलाई मधुरगण, रसायन गण, जीवन र जीवनीय पनि भनिन्छ ।**

जेठीमधु :- क्लीतक, मधुक, मधुयष्टिका, यष्ट्याह्वम्, यष्टिमधुक, यष्टीमधुक । Sweetwood, Common licorice, Liquorice Root.

जौ :- Barley.

ज्यामिर :- जम्बिर, जम्बीर, जम्भ, जम्भर, जम्भल, जम्भीर, दन्तशठ ।

ज्वानो :- दीप्यक, ब्रह्मदर्भा, यमानिका, यवानिका, यवानी ।

टटेलो :- अरटु, अरल, अरलु, अरलू, ऋक्ष, कट्वङ्ग, कुटन्नट, टुण्टुक, दीर्घवृन्त, नट, पत्रोर्ण, पीतवृक्ष (सानो जात) , मण्डूकपर्ण, शुकनास, शोणक, शोणाक, शोनक, श्योनाक, स्योनक, स्योनाक ।

टिमुर (सिलटिमुर, सुगन्धि एला) :- एलाबालुक, ऐलेय, बालुक, सुगन्धि, हरिबालुक ।

ठुलो ताप्रे, करौंदी :- अजगर, अरिमर्द, अरिमर्दक, कण्टक, कनक, कर्कश, कर्षक, कातक, काल, कालङ्कत, कालङ्कतक, कासघ्न, कासमर्द, कासमर्दक, कासमर्दिका, कासारि, कासारी, कोलङ्कतक, जरण, जारण तालकतक, दीपक, परिमर्द, पीतपुष्प, पीतपुष्पक, राजवृक्ष, सूक्ष्मशिशिर, स्तुषन्या, । Coffeeweed, Coffee senna, Stinking weed, Weed coffee, Styptic weed.

ठुलो ताप्रे (सेतो) :- चन्दनपुष्प, दरपुष्प , देवपुष्प, भृङ्गाराह्व, लव, श्रीपुष्प, सितकासमर्द ।

डुम्री :- उदुम्बर, जन्तुफल, यज्ञाङ्ग, हेमदुग्धक ।

डुम्री (काठे) :- काकोदुम्बरिका, जघनेफला, फल्गु, मलपू, मलयू ।

तक्रारिष्ट :- मोही, हर्रो, अमलाको धुलो आदि हालेर बनाइएको अरिष्ट ।

तगर :- नतम्, पिण्डीतक ।

तमकश्वास :- दमको रोग विशेष।

ताप्रे वा चकौंते- अण्डगज, अण्डहस्ती, उरणाक्ष, उरणाख्य, एडगज, एलगज, एडगज, ऐडगज, कुष्ठनिकृन्तन, खर्जूघ्न, गजाख्य, चक्रगज, चक्रमर्द, चक्रमर्दक, चक्रमर्दन, चक्राह्व, चक्रिक, चक्री, तरवट, तर्वट, दद्रुघ्न, दृढबीज, पद्माट, पुन्नाट, पुन्नाड, प्रपुन्नट, प्रपुन्नड, प्रपुन्नाट, प्रपुनाड, प्रपुन्नाड, प्रपुन्नाल, मर्दक, मेषकुसुम, मेषलोचन, मेषाक्ष, मेषाह्वय, मेषाक्षिकुसुम, विमर्दक, व्यावर्तक, शुकनाशन । सनाय । टाकली । Foetid cassia.

तालमखाना :- इक्षुगन्धा, इक्षुर, काण्डेक्षु, कोकिलाक्ष, क्षुर । Marsh barbel, Long leaved barleria वा Talmakhana.

तालिसपत्र :- सुनपाती । भूटान, कुमाउँ, अफगानिस्तान, बलुचीस्तान आदि देशको आठदेखि बाह्र हजार फिटसम्म अग्ला पहाडमा हुने मसिनो कैलो भुसे हाँगा हुने, एक सय पचासदेखि दुई सय फिटसम्म अग्लो हुने र तीस फिटसम्म गोलाई हुने रूख । यसको आधा अमल लामो एक लाइन बाक्लो टुप्पामा दुई वटा तीखा चुच्चा परेका र बीचमा धर्का भएका, सुल्टोतिर हरिया र उल्टोतिर सेतो रङका तथा डाँठको दुबैतिर एकनास हुने पात हुन्छ । एक अमल लामो तलमाथि मसिनो, बीचमा फुकेको पाकेपछि बैजनी रङ्गको हुने फल हुन्छ । फलभित्र आधा इञ्च लामा बियाँ हुन्छन् ।

तित्रो चरा :- तित्तिर, तित्तिरि ।

तिन्दु :- कालस्कन्ध, तिन्दुक, तिन्दुकिन्, शितिसारक, स्फूर्जक । अतिमुक्तक ।

तुलसी :- वृन्दा

तेजपात :- दल, पत्र, पत्रक, पत्रज, त्वक्पत्र ।

त्रिकटु :- सुठो, मरिच र पिप्पला बराबर मिसाई तयार पारिएको धुलो । फलत्रिकम्, व्योष ।

त्रिदोष :- वात, पित्त र कफ यी तीन दोष वा यी तीन दोषबाट हुने रोग ।

त्रिफला :- फलत्रिकम्, वरा, श्रेष्ठा ।

दतिउन :- अधामार्गव, अपामार्ग, किणिही, कीशपर्णी, केशपर्णी, खरमञ्जरी, धामार्गव, प्रत्यक्पर्णी, मयूरक, रामठ, शिखरी, शैखरिक ।

दम :- तमक (सामान्य), महाश्वास (गढेको) ।

दशमूल :- बृहद्पञ्चमूल र लघुपञ्चमूलको योगलाई दशमूल भनिन्छ ।

दही (दही र सातुको घोल) :- करम्ब, करम्भ ।

दही (पयौंलो) :- द्रप्स ।

दही (दहीको एक चौथाइ पानी हालिएको) :- तक्र ।

दही (पानी नहालिकन फाएको) :- मथित ।

दही (दहीको पानी) :- मस्तु ।

दारिम :- करक, दाडिम ।

दाह :- शरीरका सबै अङ्गमा व्यापक हुने, कडा खालको सन्तापलाई “दाह” भनिन्छ ।

दीपन :- जुन औषधीले आम (खाएको कुरा पचेर बनेको रस) लाई पचाउँदैन तर पाचकाग्निलाई बाल्दछ त्यस्ता औषधीलाई “दीपन” भनिन्छ । जस्तैः सुप ।

दीपनपाचन :- जुन औषधीले पाचकाग्निलाई पनि बाल्दछ र आमलाई पनि पचाउँदछ त्यस्ता औषधीलाई “दीपनपाचन” भनिन्छ । जस्तै : चितृ, अरिड ।

दुम्सी :- शल्लकि, शल्लकी ।

दूबो (सेतो) :- गण्डाली, गोलोमी, चण्डा, शकुलाक्षक, शतवीर्या, श्वेतदूर्वा, सिता ।

देवदार :- आखु, दारु, दारुभद्र, देवदारु, द्रुकिलिम, पारिभद्रक, पूतिकाष्ठ, पीतदारु, भद्रदारु, शक्रपादप, श्रीवास, सुरा ।

दोलायन्त्र :- कोँढापानी आदि पातला पदार्थ हालिएका कुनै गाग्रा आदिमा भरी शुद्ध हुने ओखतीलाई (त्यसपछि) पोको पारी झुण्ड्याएर पसिना निकाल्ने विधिलाई दोलायन्त्र भनिन्छ ।

धतुरो :- उन्मत्त, कनक, कनकाह्वय, कितव, धत्तूर, धूर्त, मदन, मातुल ।

धतुरोको फल :- मातुलपुत्रक ।

धनियाँ :- कुस्तुम्बरी, कुस्तुम्बरु, कुस्तुम्बुरु, छत्रा, तुम्बुरू, धन्याक, धान्याक, वितुन्नक ।

धान्याम्ल :- चामलको पीठो वा कोदोबाट बनाइएको जाँड ।

धूप (बनाइएको) :- कृत्रिमधूप, वृकधूप ।

धूप (विशेष) :- तुरुष्क, पिण्डक, यावन, लोहवान, सिल्ह ।

धूपी (कालो) :- कालागुरु, अगुरु ।

धूपी (पहेंलो) :- कालानुसार्य, कालीयक ।

धूपी (बेलीफैं बास्ना आउने) :-मङ्गल्या ।

धूपी (विशेष) :- पुण्डर्य, पौण्डर्य, प्रपौण्डरीक ।

धूपी (सामान्य) :- अगुरु, कृमिज, जोङ्गक, राजार्ह, लोह, वंशक, वंशिक,

नागकेसर :- काञ्चन, काञ्चनाह्वय, केसर, नागकेसर, पूतिकेसर । Cobra's Saffron.

नागकेसर (रुख) :- कनकाह्व, चाम्पेय, तुङ्ग, नागपुष्प, नागेश्वर ।

नागबला :- गवेधुका । कङ्कती ।

नागरमोथे :- अब्द, गुन्द्रा, घन, जलधर, देवी, पयोमुच्, भद्रमस्तक, भद्रमुस्त, मुस्त, वारिवाह । भद्रोत्कट । Umbrella edge, Cypriol.

निलोतुथो :- तामाको उपधातु; तामाको नीलो क्षार वा लवण । तुत्थक, नीलाञ्जन, नीलाञ्जना, सङ्ग ।

निशोध (सेतो) :- त्रिपुटा, त्रिभण्डी, त्रिवृत्, त्रिवृत्ता, रेचनी, रोचनी, सरणा, सरला, सर्वानुभूति । Turpethum.

नीम :- अरिष्ट, निम्ब, पिचुमन्द, पिचुमर्द, महानिम्ब (पर्वते नीम), मालक, सर्वतोभद्र, हिङ्गुनिर्यास ।

नीर :- काला, क्लीतकिका, ग्रामीणा, तुत्था, तूणी, दोला, द्रोणी, नील, नीलिनी, नीली, नैपाली (रुख), मधुपर्णिका, रञ्जनी, श्रीफली, सिक्थम् ।

नुन-पटु,

नुन (खारा)-पाक्य, बिड ।

नुन (बिरे)-कतकम्, तिलक ।

नुन (समुद्री)-अक्षिव, अक्षीव, वशिर, वसिर ।

नुन (साँमरी)-रौमक, वसुक, वसूक ।

नुन (सिधे)-मणिमन्थ, शीतशिव, सितशिव, सिन्धुज, सैन्धव ।

नुन (सौंचर)-अक्ष, रुचक, सौवर्चल ।

नुनिलो माटो :- ऊष, ऊषक ।

नेवारी-निर्गुण्डी, नीलिका, शीफालिका, शेफालिका, सुवहा ।

नेवारी (सेतो)-भूतवेशी, श्वेतसुरसा, सिता ।

नौनी-नवनीत ।

नौनी (एकराते दहीको) :-हैयङ्गवीन ।

नौसादर :- एक प्रकारको फस्को र कडा क्षार पदार्थ ।

पञ्चकोल :- पिप्ला, पिप्लाको जरा, चाँभो, चितू र सुठो ।

पञ्चवल्कल :- बर्रो, पिपल, पाखरी, डुम्री, बेत वा शिरीषको बोक्रा ।

पथ्य :- रोग नभड्काउने, रोगीलाई हित गर्ने, फाइदा गर्ने, योग्य, उचित ।

पर्बल :- कुलक, तिक्तक, पटु, पटोल । Pointed gourd, Cubeb.

पलाँस :- किंशुक, पर्ण, पलाश, वातपोत ।

पलाँसको गेडा :- ब्रह्मक्षार्द्य ।

पवै :- पानका जस्ता नरम र कोमल पात हुने, कलेजी रङका फूल फुल्ने, ऋषिपञ्चमीमा व्रत बस्नेहरूले तरकारीका रूपमा खाने एक लहरो । उपोदक, उपोदकी, उपोदिका, उपोदीका, पोतकी ।

पाखरी :- जटिन्, जटी, पर्कटि, पर्कटिन्, पर्कटी, प्लक्ष ।

पाचन :- जुन औषधीले आमलाई पचाउँदछ तर पाचकाग्निलाई बाल्दैन त्यस्ता औषधीलाई “पाचन” भनिन्छ । जस्तै : नागकेसर ।

पाडरी (पाल) :- अमोधा, काचस्थाली, काला, कृष्णवृन्ता, कुबेराक्षी, पाटला, पाटलि, फलेरुहा, मोधा, स्थाली ।

पाण्डु :- सम्पूर्ण शरीर र रौं सेतो हुने एक रोग; श्वेतकुष्ठ; सेतो कोढ ।

पातालयन्त्र :- घोप्टो र उत्तानो पारी मुखमुख जोडेर बनाइने रसादि ओखती पकाइने माटोको यन्त्र (भाँडो) विशेष ।

पातेभुला :- ऋद्धि, योग्य, लक्ष्मी, वृद्धि । (सेतो, भुस, बीच बीचमा प्वाल भएको कन्दलाई ऋद्धि र वृद्धि भनिन्छ । देब्रे बटारिएको कपासको गाँठोजत्रो फल हुनेलाई ऋद्धि र दाहिने बटारिएको फल हुनेलाई वृद्धि भन्दछन् ।

पान :- ताम्बूलवल्ली, ताम्बूली, नागवल्ली ।

पारिसपिप्पल :- कन्दराल, कपीतन,गर्दभाण्ड, पारिश, पारीश, प्लक्ष, सुपार्श्वक ।

पारो :- पारद, शिवबीज, सूत । Mercury.

पार्श्वशूल :- उरोग्रह । छातिका करङ दुख्ने रोग ।

पालुवा वा पाउला :- किशलय, किसलय, पल्लव ।

पाषाणभेद :- अश्मभेद, गिरिभिद्, गिरिभेद, शिलाभेद, वटपत्री । प्रशस्त ।

पित्तपापडा :- पर्पट, पर्पटी ।

पिनास :-	प्रतिश्याय ।
पिप्ला :-	उपकुल्या, उषणा, ऊषणा, कणा, कृष्णा, कोला, चपला, दन्तिफल, पिप्पलि, पिप्पली, मागधी, वैदेही, शौण्डी । Long pepper.
पियङ्गु (दहिगुयेंलो) :-	कारम्भा, गन्धफली, गुन्द्रा, गोवन्दिनी, प्रियक, प्रियङ्गु, फलिनी, फली, महिलाह्वया, लता , वनिता, विष्वक्सेना, श्यामा ।
पिर्रे :-	अशोकरोहिणी, अशोका, कटम्बरा, कटम्भरा, कटु, कटुरोहिणी, कृष्णभेदा, कृष्णभेदी, चक्राङ्गी, मत्स्यगन्धा, मत्स्यपित्ता, मत्स्यादनी, शकुलादनी ।
पुटपाक :-	गिलो वा ताजा वनस्पतिलाई लेराई कुटेर ससाना गोली बनाउनू । त्यो गोलीलाई खमारी, बर्रो, जामुनु वा आँपको पातले बेर्नू । अनि दुई अमल वा बूढी औंलो जति बाक्लो हुने गरी माटोले वरिपरि लिप्नू । त्यसपछि यसलाई आगाको भुङ्ग्रोमा माटो रातो नहुँदासम्म पोल्नू । त्यसपछि बाहिर निकाली माटो र छोपिएको पात हटाई वनस्पतिलाई निचोर्नू । वनस्पति सुकेर रस निचोर्न नसकिने भए पानी अथवा तोकिएको द्रव्यमा मिसाएर पिँध्नू । यस्तो रस एक पल (करिब तीन तोला, ३६ मि.लि.) पिउने गर्नू । यो रसमा मह मिसाउने हो भने एक कर्ष (१२ ग्राम) मात्र मिसाउनू । कल्क, चूर्ण वा द्रव जस्ता कुरा स्वरसमा जति हाल्नू भनिएको छ यसमा पनि त्यति नै हाल्नु पर्दछ भनी विद्वानहरू भन्दछन् ।
पुनर्नवा :-	पुनर्नवा, शोथघ्नी ।
पैयुँ :-	पद्मक, पीतवृक्ष ।
प्रमेह :-	पिसाबसँग मिसिई वीर्य अथवा शरीरका अरू धातु पातलिएर जाने विभिन्न रोगहरू ।
प्रवाहिका (रोग) :-	कुपित भएको वायुले गर्दा सञ्चित भएको कफ मलसहित भई गुदद्वारबाट धेरै पटकपटक गरी निस्कने रोग ।
प्रसह :-	लुछेर वा चिथोरेर मासु खाने पशुपंक्षीको वर्ग ।
प्रसेक :-	मुखबाट र्‍याल वा योनिबाट पानी बहने रोग । बमन, मुखबाट पानी र नाकबाट सिङान झरिरहने रोग, एक निको पार्न कठिन हुने रोग ।
प्लीह :-	फियो वा यसमा हुने रोग ।
फ्याक्से कन्द :-	गन्धनाकुली, छत्राकी, नकुलेष्टा, नाकुली, नागभिन्न, नागसुगन्धा, भुजङ्गाक्षी, सर्पाक्षी, रास्ना, विषनाशिनी, सुगन्धा, सुरसा, सुवहा ।
बबुर :-	पहेंला रङका नरम र बाटुला फूल फुल्ने, लामा कोसा फल्ने काँडैकाँडा हुने एक जातको रूख, बवुल । बब्बूल । जलकर्णी ।
बयरको फल :-	कुवल, कोल, घोण्टा, फेनिल, बदर, सौवीर, सौवीर्य ।
बर्रो :-	अक्ष, कर्षफल, कलिद्रुम, कलियुगालय, तुष, नन्दी, बिभीत, बिभीतक, भूतवास, भूतावास, मृगलिण्डिक, विभीतक, विभीतकम्, विभीतकी, ।
बलास :-	कफ र वायुका प्रकोपले गला र फोक्सो सुन्निई जरो समेत आउने एक रोग ।
बलु :-	बला, वाटयालक । Country mallow.
ब्राह्मी :-	मत्स्याक्षी, वयस्था, सोमवल्लरी ।
बाह्रमासे :-	ओण्ड्रपुष्प, जपा, जपापुष्प, जवापुष्प, वरा ।
बिमिरो :-	फलपूर, बीजक, बीजपूर, मातुलिङ्गक, मातुलुङ्ग, रुचक, लुङ्ग, लुङ्गाम्ल ।
बिराले लहरा :-	इक्षुगन्धा, क्रोष्ट्री, क्षीरशुक्ला, विदारी, विदारीकन्द । Indian kudzu.
बिलेशय :-	दुलोमा बस्ने प्राणी ।
बिहीको फल :-	बार्हत ।
बिही (ठूलो, कण्टकारी)	:-ककण्टकारिका, कुली, क्षुद्रा, क्षुद्रिका, दुःस्पर्शा, निदिग्धिका, प्रचोदनी, बृहती, राष्ट्रिका, वृहती, व्याघ्री, स्पृशी ।

बृहत्पञ्चमूल :-	बेल, गिनेरी, टटलो, खमारी र पाडरीको जराको मिसावटलाई महापञ्चमूल (वा बृहत्पञ्चमूल) भनिन्छ ।
बेतलौरी :-	उत्कट, केबुक, चोच, त्वक्पत्र, त्वच, भृङ्ग, वराङ्गक ।
बेथु :-	वास्तुक, वास्तूक, चिल्ली (बेथे विशेष) ।
बेल :-	बिल्व, मालूर, शाण्डिल्य, शैलूष, श्रीफल ।
बोझो (बोधो) :-	उग्रगन्धा, उग्रा, गोलोमी, वचा, शतपर्विका, ग्रन्था । Sweet calamus, Flag root
भँगेरो :-	कुलिङ्ग, चटक ।
भगन्दर :-	गुदद्वार र अण्डकोशको मध्यमा आउने खटिरा विशेष ।
भण्टा :-	वरा, वृन्ताक, वृन्ताकी ।
भलायो :-	अग्नि, अग्निमुखी, अरुष्कर, भल्लातकम्, भल्लातकी, वीरवृक्ष ।
भाङ :-	उन्मादिनी, भङ्गा, मातुलानी, विजया । शक्राशन ।
भुइँअमला :-	अज्झटा, अमला, उच्चटा, झटा, झटामला, तामलकी, ताली, भूधात्री, वारुणी, शिवा ।
भृङ्गिराज :-	केशराज, भृङ्गराज, मार्कव । Eclipta.
भेडा :-	अवि, उरण, उरभ्र, उर्णायु, एक, एड, मेढ्र, मेष, वृष्णि ।
भेदन :-	वात आदि दोषले पेटभित्र अड्किएका वा गोटा परेर बसेका मलमूत्रलाई टुक्राटुक्रा पारी मलद्वार वा मूत्रनली मार्फत बाहिर निकाल्ने औषधी वा गुण । जस्तै : कटुकी ।
मजिठो :-	कालमेशिका, कालमेषिका, जिङ्गी, फञ्जी, भण्डी, भण्डीरी, मञ्जिष्ठा, मण्डूकपर्णी, योजनपर्णी, योजनवल्ली, रक्तयष्टि, रक्तयष्टिका, विकषा, विकसा, समङ्गा, समङ्गी ।
मञ्जरी :-	मञ्जरि, वल्लरि, वल्लरी ।
मदिरा :-	इरा, कश्य, कादम्बरी, गन्धोत्तमा, परिस्रुत, परिस्रुता, प्रसन्ना, मदिरा, मद्य, वरुणात्मजा, सुरा, हलिप्रिया, हाला ।
मनशिला :-	आयुर्वेदीय औषधीमा प्रयोग गरिने हल्का पहेँलो रङको एक प्रशोधित खनिज पदार्थ, मैनसिल । कुनटी, गोला, नागजिह्विका, नेपाली, नैपाली, मनःशिल, मनःशिला, मनोगुप्ता, मनोह्वा, शिला । Realgar.
मन्थ :-	ओखतीको धुलो वा कुटेर मसिनो पारिएको लेदोलाई चार पल पानी सहित माटाको हाँडीमा हाली मथेर निकाली छानिएको रस ।
मयूर :-	केकिन्, नीलकण्ठ, पत्राढ्य (?), बर्हिण, बर्हिन्, भुजङ्गभुज्, मयूर, मेघनादानुलासिन्, शिखावल, शिखिन्, शिखी ।
मरीच :-	ऊषण, कृष्ण, कोलक, धर्मपत्तन, मरिच, मरीच । Black pepper.
मरुई लहरो :-	गोकर्णी, तिक्ता, तेजनी, देवी, पीलुपर्णी, मधुरसा, मधुश्रेणी, मधूलिका, मूर्वा, मूर्वी, मोरटा, स्रवा, सुवा ।
मह :-	मधु । Honey.
माड :-	मण्ड, चामलभन्दा चौध गुना बढी पानी हालेर पकाइने खाद्य वस्तु ।
माड (भातको) :-	आचाम, निस्राव, मासर, विस्राव ।
मेढाशृङ्गी (भेडासिङ्गी) :-	बाटुला, ठूलठूला पात हुने, राता फूल फुल्ने र लामालामा फल हुने एक वृक्ष वा त्यसैको फल । अजशृङ्गी, मेषशृङ्गी, विषाणी ।
मासको फल :-	माष । Black Gram.
मास :-	कुल्माष ।
मिस्री :-	खण्ड, सिता । sugar candy.

मास (वनमाष) :- काम्बोजी, महासहा, माषपर्णी, मासलहरी, हयपुच्छी ।

मुँडिलो :- त्रायन्ती, त्रायमाणा, बलभद्रिका, वार्षिक ।

मुगी :- वला ।

मुगी (वन) :- काकजङ्घा, काकमुद्गा, मकुष्टक, मकुष्ठ, मकुष्ठक, मुद्गपर्णी, सहा ।

मुङ्ग्रेलो :- ज्वानुका छाँटका काला गेडा हुने एक प्रकारको जीरा; कालो जीरा; कलौंजी । उपकुञ्चिका, स्थूलजीरक ।

मुनक्का :- ठूलो खालको किसमिस वा सुकाइएको अङ्गुर; दाख; मनक्का ।

मुसलीकन्द :- तालमूलिका, मुशली, मुषली, मुसली ।

मोथे :- अब्द, अम्बु, कन्धर, कुरुविन्द, गुन्द्रमूल, घन, पयोमुच्, मुस्तक, मुस्ता, मेघनामन्, वन्दा । Nut-grass, Cocograss, Purple nutsedge.

मोह :- अज्ञान, भ्रम, बेहोसी, चित्तको अशान्ति ।

मोही (मही) :- अरिष्ट, कालशेय, गोरस, दण्डाहत ।

मोही (आधा पानी हालिएको) :- उदश्वित् ।

यवागू :- चामल आदि भन्दा छ गुना बढी पानीमा पकाइने खाद्य वस्तु ।

यूष :- दलहन आदिलाई रुमालमा पोको पारी अठार गुना बढी पानीमा उमालेर पकाउने, आधा पानी बाँकी भएपछि पोको निकाल्ने । यस्तो रसलाई यूष भनिन्छ ।

योगवाही :- शरीर भित्र गर्मी गर्ने पदार्थसँग मिलेर अति गर्मी गर्ने र ठण्डी गर्ने पदार्थसँग मिली अति ठण्डी गर्ने औषधी वा त्यस्तो गुण ।

रक्तपित्त :- मुख, कान, आँखा, नाक, गुदद्वार तथा मूत्रद्वारबाट रगत बहने रोग ।

रसाञ्जन :- चुत्राको काँडा, बोक्रा वा जराको काँढापानीमा त्यति नै दूध मिसाएर खुवा जस्तो हुने गरी पकाइएको ओखती सुकाएर पारिएको धुलो । तार्क्षज ।

रसायनी :- बुढ्यौली आउन नदिने वा बूढालाई तन्नेरी गराउने ओखती वा गुण । जुन औषधीले शरीरको बुढ्यौली (सत्तरी वर्ष पछि) मा हुने रोग र (सबै उमेरका) जरो आदि रोगलाई निको पार्दछ त्यसलाई वा त्यस्तो गुणलाई “रसायन” भनिन्छ । जस्तै : गुर्जो, रुदन्ती (हिमाली सागजातको बूटी विशेष), गोकुलधूप, हर्रो आदि ।

रहर :- आढकी, काक्षी, तुवरिका, तुवरी, तूवरिका, मृतालक, मृत्तालक, मृत्स्ना, सुराष्ट्रज ।

राङ :- वङ्ग ।

राजवृक्ष :- आरग्वध, आरेवत, कृतमाल, कृतमालक, चतुरङ्गुल, रुग्घात, व्याधिघात, शम्याक, शंपाक, सुपर्णक, सुवर्णक, संपाक । (अमलतास)

रेचन :- पेटमा रहेका राम्ररी पचेका वा केही नपचेका खाएका कुरालाई पातलो बनाई मलद्वारतिर धकेल्ने औषधी वा गुण । जस्तै : सेतो निशोध ।

रोहिष झार :- ऐरक,

लङ्घन :- नखाएर, बान्ता गरेर, दिसा गरेर, रगत निकालेर, तातो पानी पिएर, पसिना निकालेर, बान्ता र दिसा दुबै उपायले, पानी नपिएर, हावामा बसेर, घाममा बसेर, खाएको पचाएर, खाना नखाएर, परिश्रम गरेर र शिरो विरेचन गरेर शरीरलाई हलुका बनाउने आयुर्वेदीक तरिका ।

लज्जावती :- लजालु झार, खदिरा, गण्डकारी, गण्डकाली, नमस्कारी, समङ्गा ।

लज्जावती :- राता पात हुने लज्जावती, गोधापदी, सुवहा ।

लसुन :- अरिष्ट, गृञ्जन, महाकन्द, महौषध, रसोन, रसोक, लशून ।

लाभे चरा :- लाव ।

लावा :- अक्षत, लाज । सुकेका अन्नलाई भुटेपछि लावा भनिन्छ, त्यसैले धानको बुझाउन धान्यलाजा भन्नु पर्दछ । parched paddy or puffed rice.

लाहा (माहुर) :- अलक्त, जतु, द्रुमामय, याव, यावक, राक्षा, लाक्षा ।

लुँडे :- अल्पमारिष, तण्डुलीय ।

लेकपाङ्ग्रो :- कलिकारक, कलिमारक, काँडे गिठोली, पुतीक, पूतिक, पूतिकरज, पूतीक, पूतीकरज, पूतीकरञ्ज, प्रकीर्य ।

लेखन :- जुन औषधीले रस आदि धातु वा वात आदि दोषलाई (भित्रभित्रै) सुकाएर (वा घटाएर) शरीरबाट बाहिर निकाली दिन्छ त्यसलाई वा त्यस्तो गुणलाई "लेखन" भनिन्छ । पदार्थमा हुने यस्तो लेखन गुणलाई "लेखनी" भनिन्छ । जस्तै : ठूलो बिही, तातो पानी, बोझो, जौ आदि ।

लोध (सेतो) :- गालब, तिरीट, तिल्व, मार्जन, रोध्र, लोध्र, शावर, सावर । Californian cinchona, Lodh tree, Small bark tree वा Lotur bark

लौका (तुम्बा) :- इक्ष्वाकु, कटुतुम्बी ।

ल्वाङ :- देवकुसुम, **पद्माह्व**, लवङ्ग, श्रीसंज्ञ ।

वत्सनाभ:- सिमालीका जस्ता पात र बाछाको नाइटोजस्तो जरो हुने एक प्रकारको विष-बुटी । तीतेपातीको जस्तो पात, तीनदेखि साढे तीन हात अग्लो बोट, सोझो डाँठको दुबैतिर झुप्पा झुप्पा फूल फुल्ने, पूलको रङ सेतो बैजनी वा छिर्के हुने, स्थावर विष मानिने एक वनस्पति । यसका जरा, पात, बिउ र फूलमा समेत विष हुन्छ । जरो बाच्छाको नाइटोजस्तो देखिने हुनाले यसलाई "वत्सनाभ" भनिएको हो । यसका सय प्रजाति हुन्छन् ।

वमन :- जुन औषधीले नपचेका तर पित्त र कफ बनेर पेटभित्र अड्किएका कुरालाई बलपूर्वक मुख मार्फत (बान्ता गराई) निकाल्दछ त्यसलाई वा औषधीमा हुने त्यस्तो गुणलाई "वमन" भनिन्छ । जस्तै : मैनफल ।

वर :- न्यग्रोध, बहुपाद्, वट ।

वाजीकर :- जुन औषधीले पुरुषको धातु बढाई त्यस मार्फत स्त्रीमा रोमाञ्च सहितको शक्ति सञ्चार (मैथुन सुख) पैदा गर्दछ त्यसलाई "वाजीकरम्" भनिन्छ । जस्तैः गुनालु (एकजातको बलु झार), जाइफल, कुरिलो, दूध, सखर, काउसोका गेडा आदि ।

वायुविडङ्ग :- White flower embelia.

विजयसाल :- अलकप्रिय, अशनक, असन, आसन, कल्याण, काम्य, कार्श्य, काव्य, कृष्णसर्ज, कोश्या, गौर, जीव, जीवक, तवाकार, तिष्य, नीलक, नीलकनाम, नीलका पर्याय, नीलनिर्यास, प्रिय, प्रियक, प्रियकशालक, प्रियशालक, प्रियसारक, प्रियसालक, पीतशालक, पीतसार, पीतसारक, पीतसाल, पीवर, पुष्य, बन्धूकपुष्प, बन्धूकपुष्पक, बीजक, बीजका पर्याय, बीजवृक्ष, मदासर्ज, महासर्ज, महासाल, विंशकपुष्पका, शारि, शौरि, श्याम, सर्जक, सुगन्ध, सुगन्धि, सुनील, सौरि, सौरी, सौरिकाम्य, । **Indian Kinno.**

विदाह :- पित्तप्रकोपले हात, गोडा, छाती आदि पोल्नु । **हात, गोडा वा अंसमूलमा हुने अनेक थरीको सन्तापलाई "विदाह" भनिन्छ ।**

विबन्ध : कब्जियत ।

विष्टम्भ :- दिसा रोकिएर पेट फुल्ने रोग विशेष ।

विष्टम्भी :- मलमूत्र अवरोध गर्ने, विष्टम्भि । दिसा रोक्ने वा कब्जियत गर्ने ।

विषमज्वर :- कहिले चिसो कहिले तातो, कहिले मन्द र कहिले तीव्र भएर अनियमित रूपले आउने जरो; कामजरो ।

विष्किर :- खुट्टाले खोस्रेर अनि फेरी चुच्चाले एकएक गरी टिपेर आहारा खाने खालका चराको वर्ग

वंशलोचन :- तुगा, तुगाक्षीरी, रोचना, सिता ।

शङ्खपुष्पी :- चोरपुष्पी, शङ्खिनी ।

शमी (सानो) :- शमीर ।

शिरीष :- कपीतन, भण्डिल, भण्डील, भण्ढीर, शिरीष ।

शिलाकुङ्कुम :- अष्ष्मपुष्प, कालानुसार्य, वृद्ध, शीतशिव, शैलेय ।

शीतलचिनी :- कपिला, कवाफचिनी, कौन्ती, द्विजा, भस्मगन्धिनी, रेणुका, हरेणु ।

शीत वीर्य :- (अष्टाङ्ग हृदय) द्रव्यमा हुने गुण विशेष । शीत वीर्यले मनलाई प्रसन्न पार्ने, जीवन दिने, जडवत् बनाउने तथा रगत र पित्तलाई प्रशोधन गर्ने काम गर्दछ । कुनै द्रव्यमा उष्ण वा शीत वीर्य गुण हुन्छ भनियो भने यही अनुसार मनन गर्नुपर्ने हुन्छ ।

शूल : - (क) टाउको, हात, गोडा आदि कुनै पनि अङ्गमा हुने ज्यादा दुखाइ । (ख) वायुप्रकोपले हुने पेटको ज्यादा दुखाइ । (ग) वातरोग । गानु, गानो, गानुगोला, गोला ।

शोधन :- जुन औषधीले वात दोषका कारण शरीरभित्र कतै जमेर बसेका मललाई फोरफार गरी माथि नाकमुखबाट वा तल मलमूत्रद्वारबाट बाहिर निकाल्दछ, त्यसलाई वा त्यस्तो गुणलाई “संशोधन” भनिन्छ । जस्तैः देवदार ।

शोफ :- शरीरको कुनै अङ्ग सुन्निनु, शोथ, श्वयथु ।

शोष :- शरीर सुक्नु, छ किसिमका क्षयरोग ।

श्वास :- दम; कमजोरी, रोग, परिश्रम आदिले छिटोछिटो चल्ने सास; धक्ने रोग; धम्कीको रोग ।

श्रीखण्ड :- श्रीवास ।

सखर :- jaggery.

सङ्ग्रहणी :- ग्रहणीरोगले खाएको चिज पच्न नदिँदा हुन जाने ग्रहणीरोगकै लक्षण भएको पेटको रोग । जसका वातसङ्ग्रहणी, पित्तसङ्ग्रहणी, कफसङ्ग्रहणी, त्रिदोषज सङ्ग्रहणी र आमजन्य सङ्ग्रहणी गरी पाँच भेद छन् ।

सजिखार :- सर्जिका, सुवर्चिका ।

सतिबयर :- धावनी, पृष्ठपर्णी । पृश्निपर्णी ।

सर्स्यूँ (सेतो) :- सिद्धार्थ ।

सर्स्यूँ (पहेंलो) :- गौरी ।

सल्लाको खोटो :- वृकधूप, श्रीपिष्ट, श्रीवास, श्रीवेष्ट, सरलद्रव । शिखरी (काँढेसल्लाको खोटो) ।

सल्लो :- पीतद्रु, पूतिकाष्ठ, सरल ।

सल्लो (लोठसल्लो) :- तालीस, तालीसपत्र ।

साँभर नुन :- रोमक, शाकम्भरी, सामरी नुन ।

साकिनु :- अंशुमती, ध्रुवा, विदारिगन्धा, गन्धा, पर्णीपर्णी, शालपर्णी, सालपर्णी, स्थिरा ।

साकिनु (रातो) :- शरपुङ्ख, शरपुङ्खा, शरपुङ्खी ।

सिँधिनुन :- सैन्धव । Halite, Rock salt.

सिउँडी :- मसिना पाटापाटा परेका फूल फुल्ने, तीन वा तीनभन्दा बढी पाटा परेका हरिया डाँठ हुने, डाँठका टुप्पाका मात्र बाक्लो पात हुने र दूध निस्कने काँडादार बोट, स्यूँडी, सिहुँडी । गुडा, वज्र, वज्रदु, समन्तदुग्धा, सिहुण्ड, सीहुण्ड, सुगत, सुधा, सेहुण्ड, स्नुह, स्नुही ।

सिखर्नी :- मार्जिता, रसाला ।

सिप्लिकान :- लाम्चा नरम पात हुने, पहेंला फूल फुल्ने, र गोल फल फल्ने तथा मुन्टाको अचार, तरकारी खाइने एक जातको रूख । कुमारक, तिक्तशाक, वरण, वरुण, सेतु ।
सिलाजित : Mineral Pitch.
सिवाँली (वृक्ष) :- इन्द्रमुरिस, इन्द्रसुरस, इन्द्राणिका, निर्गुण्डी, सिन्दुक, सिन्दुवार, सिन्धुक ।
सिस्नु :- अनन्ता, कच्छुरा, कुनाशक, चोदिनी, जवास, दुरालभा, दुरालम्भा, दुःस्पर्श, धनुर्यास, धन्वयास, धन्वयासक, यवास, यास, रोदनी, समुद्रान्ता, सारिवा ।
सिस्नु (चाल्ने सिस्नु):- अङ्घ्रि, अङ्घ्रिवल्लिका, अङ्घ्रिपर्णी, कलशि, कलशी, क्रोष्टुविन्ना, गुहा, चित्रपर्णी, धावनि, धावनी, पर्णिका, पृथक्पर्णी, पृश्निपर्णी, सिंहपुच्छी ।
सुँगा (रातो) :- हारित, हारीत ।
सुँगुर :- आखु ।
सुकुमेल :- उपकुञ्चिका, ऐन्द्री, कोरङ्गी, तुत्त्था, त्रिपुटा, त्रुटि, त्रुटी, निष्कुटि, निष्कुटी, बाला । Lesser Cardamom, Shelser Cardamom, Malabar Kardamom. Chester Cardamom, Cardamom Fruit, Green cardamom.
सुगन्धवाल :- अम्बु, उदीच्य, केशाम्बुनामन्, बाल, बालक, वर्हिष्ठ, ह्रीवेर ।
सुनिषण्णक :- चारपाते पानी झार विशेष ।
सुप :- अतिच्छत्रा, अवाक्पुष्पी, कारबी, कारवी, मधुरा, मिशि, मिसि, मिसी, शतपुष्पा, सितच्छत्रा ।
सुहागा :- सुन आदि धातु गलाउन प्रयोग गरिने एकथरी खनिज क्षार, स्वाग । टङ्क, टङ्कण ।
सैजन :- अक्षीव, आक्षीवमोचक, कृष्णगन्धा, तीक्ष्णगन्धक, मोचक, मोचिक, शिग्रु, शोभाञ्जन, सौभाञ्जन ।

सामरी नुन :- रोमक ।
सुठो :- खार, चून आदि खनिज पदार्थ मिसाई तयार गरी सुकाइएको अदुवा । सुकेको अदुवा । Dry ginger.
सौराष्ट्रिक :- सौराष्ट्र देशमा पाइने कछुवाको टाउको जस्तो मोटो, कालो गानो र पलाशका जस्तो पात हुने नौ थरी विषमध्येको एक विष ।
सौवर्चल :- प्राचीनकालमा सुवर्चल नामको देशमा हुने नुन विशेष ।
स्टील फलाम :- तीक्ष्णकम् ।
स्वर बस्नु :- स्वरभेद ।
स्वरभ्रंश : स्वर बसेको अवस्था ।
स्वरस :- (क) (किरा, आगो, हावा, पानी आदिले) नबिग्रिएको आलो वनस्पति लेराई तुरुन्त कुटेर सफा कपडामा हाली निचोर्नू । यसरी निचोरिएको रसलाई “स्वरस” वा “अङ्गरस” भनिन्छ । (ख) सुकेको औषधीको सोह्र तोला धुलो बनाउनू । फेरी त्यसको दोबर पानी हालेर त्यो धुलोलाई कुनै भाँडामा भिजाउनू । एक रात र एक दिन बितेपछि मिचेर त्यो पानीलाई सफा कपडाले छान्नू, यसलाई पनि “स्वरस” भनिन्छ । (ग) आलो औषधी नपाउँदा सुकेको औषधी लेराई त्यसलाई त्यसको आठ गुना पानीमा हालेर उमाल्नू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । यो तेश्रो प्रकारको “स्वरस” हो । स्वरस पचाउन कठिन हुने हुनाले बढीमा दुई तोला (२२.१४ ग्राम वा २४ मि.लि.) पिउने गर्नू । राती भिजाएर बिहान खाने स्वरस भए चार तोलासम्म (४४.२८ ग्राम वा ४८ मि.लि.) पिउने गर्नू ।
स्वाग :- टङ्कण, सुहाग । Borax.

हरिताल :-	प्रायः कीराले नखाओस् भनी नेपाली कागजमा दलिने पहेँलो रङ्को विषालु खनिज पदार्थ । अल, आल, ताल, पिञ्जर, पीतन, वारण, विडालक, विडाल, हरितालक । Orpiment.
हरेणु :-	अष्टाङ्ग हृदय कोष : (१) बृहच्चणकः । सतीनः । (२) कौन्ती । रेणुकः । (३) रेणुकः मरिचाकृति सुगन्धिद्रव्यम् । हरेणु । रावणसंहिता : गन्धद्रव्यविशेष । आयुर्वेदीय शब्दकोशः हरेणु : वर्तुलकलायः शिम्बीधान्येष्वेकम् ।
हर्रो :-	अभया, अमृता, अव्यथा, कायस्था, चेतकी, जीवन्ती, देवी, पथ्या, पूतना, रोहिणी, वयस्था, विजया, शिवा, श्रेयसी, हरीतकी, हैमवती । Black myrobalan.
हलेदो (पहेंलो) :-	काञ्चनी, निशा, पीता, रात्रि, वरवर्णिनी, वरा, हरिद्रा । Turmeric.
हिङ :-	जतुक, दरद, रक्षोघ्न, रामठ, वाह्लिक, वाह्लीक, सहस्रवेधिन्, हिङ्गु ।
हिङ्गुल :-	पारो मिश्रित खनिज पदार्थविशेष ।

तौल र नापो (श्रोत : आयुर्टाइम्स डटकम, नेपाली अमरकोश)

आयुर्वेदीक नापो	आधुनिक नापो (करिब)
१ परमाणु	०.००१६ मिलिग्राम
१ ध्वंशी वा वंशी वा त्रसरेणु	०.०५ मिलिग्राम
१ मरीचि	०.३२ मिलिग्राम
१ रक्तसर्षप	१.९५ मिलिग्राम
१ तुण्डल	१५.६२ मिलिग्राम
१ धान्याम्श	३१.२५ मिलिग्राम
१ यव	६२.५ मिलिग्राम
१ रत्ती	१२५ मिलिग्राम
१ अण्डिका	२५० मिलिग्राम
१ माषक वा माषा	१ ग्राम
१ शाण	३ ग्राम
१ कोल	६ ग्राम
१ तोला	१२ ग्राम
१ कर्ष, १ अक्ष	१२ ग्राम
१ शुक्ति	२४ ग्राम
१ पल	४८ ग्राम, ४ कर्ष, ६४ मासा, ५ तोला ४ मासा
१ छतङ्क	६० ग्राम
१ प्रसृति	९६ ग्राम
१ छटक	१८६ ग्राम
१ कुडव	१९२ ग्राम, ४ निकुञ्चक, १ कुरुवा
१ पाउ	२४० ग्राम
१ माणिका	३८४ ग्राम
१ प्रस्थ	७६८ ग्राम, ४ कुडव, ८ माना, १ पाथी
१ सेर	९६० ग्राम
१ आढक	३.७३ किलोग्राम, ४ पाथी
१ तुला	४.८ किलोग्राम, १०० पल, ५३३ तोला र ४ मासा
१ द्रोण	१२.२२८ किलोग्राम, १६ पाथी
१ सु(सू)र्प	२४.५७६ किलोग्राम, २ द्रोण
१ द्रोणी वा गोणी	४९.१५२ किलोग्राम, २ सूर्प
१ भार	९६ किलोग्राम, २० तुला, १०,६६६ तोला र ८ मासा
१ खारी	१९६.६०८ किलोग्राम, १२ मुरी १६ पाथी
१ वाह	२० खारी, २४६ मुरी
१ निकुञ्चक	५ मुठी, आधा माना
१ आचित (मानिसले बोक्न नसक्ने गाडामा हालेर चलाउनुपर्ने भारी)	१ दशभार, १,०६,६६६ तोला र ८ मासा

ओखती खुवाउने मात्रा

उमेर	अन्य ओखतीको अधिकतम मात्रा	कँढापानीको अधिकतम मात्रा
१ महिना	१२५ मिलिग्राम	५०० मिलिग्राम
२ महिना	२५० मिलिग्राम	१ ग्राम
३ महिना	३७५ मिलिग्राम	१.५ ग्राम
४ महिना	५०० मिलिग्राम	२ ग्राम
५ महिना	६२५ मिलिग्राम	२.५ ग्राम
६ महिना	७५० मिलिग्राम	३ ग्राम
७ महिना	८७५ मिलिग्राम	३.५ ग्राम
८ महिना	१ ग्राम	४ ग्राम
९ महिना	१.१२५ ग्राम	४.५ ग्राम
१० महिना	१.२५० ग्राम	५ ग्राम
११ महिना	१.३७५ ग्राम	५.५ ग्राम
१२ महिना	१.५ ग्राम	६ ग्राम
१-२ वर्ष	२.१२५ ग्राम	८.५ ग्राम
२-३ वर्ष	२.७५ ग्राम	११ ग्राम
३-४ वर्ष	३.३७५ ग्राम	१३.५ ग्राम
४-५ वर्ष	४ ग्राम	१६ ग्राम
५-६ वर्ष	४.६२५ ग्राम	१८.५ ग्राम
६-७ वर्ष	५.२५ ग्राम	२१ ग्राम
७-८ वर्ष	५.८७५ ग्राम	२३.५ ग्राम
८-९ वर्ष	६.५ ग्राम	२६ ग्राम
९-१० वर्ष	७.१२५ ग्राम	२८.५ ग्राम
१०-११ वर्ष	७.७५ ग्राम	३१ ग्राम
११-१२ वर्ष	८.३७५ ग्राम	३३.५ ग्राम
१२-१३ वर्ष	९ ग्राम	३६ ग्राम
१३-१४ वर्ष	९.६२५ ग्राम	३८.५ ग्राम
१४-१५ वर्ष	१०.२५ ग्राम	४१ ग्राम
१५-१६ वर्ष	१०.८७५ ग्राम	४३.५ ग्राम
१६-७० वर्ष	१०.८७५ ग्राम	४३.५ ग्राम

नोट : जुन ओखतीको मात्रा तोकिएको हुँदैन त्यसका लागि यो टेबुलको मात्रा प्रयोग गर्नुपर्दछ । विभिन्न आयुर्वेदका ग्रन्थमा दिइएका मात्राका आधारमा करिब करिब मिल्ने किसिमले यो मात्राको तालिका दिइएको हो ।